# सशक्तीकरण

(महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँग सम्बन्धित)

वर्ष १८ पूर्णाङ्क २५ २०७९ असार

# EMPOWERMENT

A journal of MoWCSC

नेपाल सरकार

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**

सिंहदरबार, काठमाडौं, नेपाल

# सशक्तीकरण

(महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँग सम्बन्धित)

वर्ष १८ पूर्णाङ्क २५ २०७९ असार

# EMPOWERMENT

## A Journal of MoWCSC

नेपाल सरकार
**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**
सिंहदरबार, काठमाडौं, नेपाल
**फोन नं.** : ४२१११९०/४२००३३७/४२००४०८, **फ्याक्स नं.** : ४२००११६
**Email** : info@mowcsc.gov.np, **Web** : www.mowcsc.gov.np

## सम्पादक मण्डल

**सल्लाहकार**

हरि प्रसाद मैनाली, *सचिव*

**संयोजक**

लक्ष्मी कुमारी बस्नेत, *सहसचिव*

**सदस्यहरू**

भरतराज शर्मा, *उपसचिव*

ममता बास्तोला, *उपसचिव*

मीना पौडेल, *प्रमुख महिला विकास अधिकृत*

इन्दिरा पन्त, *शाखा अधिकृत*


**प्रकाशक**

नेपाल सरकार

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**

सिंहदरबार, काठमाडौं, नेपाल

**प्रकाशन प्रति**

*३०० प्रति*

**मुद्रण**

एनिटाइम प्रिन्टिङ एण्ड सप्लायर्स प्रा.लि.

# सम्पादकीय

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट सशक्तीकरण जर्नल प्रकाशन गरी पाठकसमक्ष प्रस्तुतगर्न पाउँदा सम्पादक मण्डल खुसी व्यक्त गर्दछ ।

नेपालको संविधानले समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा विभदेरहित, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने सङ्कल्प गरेको छ र यसका लागि लैङ्गिकसमानता अनिवार्य शर्त हो । संवैधानिक प्रावधान, आवधिक योजना र विभिन्न ऐन तथा कानुन लैङ्गिक समानताको दृष्टिकोणले विशेष महत्त्वपूर्णरहेको छ । लैङ्गिक समानतामूलक राष्ट्र निर्माण गर्ने उद्देश्यका साथ लैङ्गिक समानता नीति २०७७ समेत कार्यान्वयनमा आएको छ ।

गरिबी, पछौटेपन, अन्धविश्वास, कुरीति र कुसंस्कारका चक्रबाट अझैपनि समाजलाई पूर्णरूपमा मुक्त गराउन नसकिएको अहिलेको तीतो यथार्थ हो । अझै पनि लैङ्गिक हिंसा, मानव बेचविखन जस्ता जघन्य अपराधका घटना सम्बन्धी समाचारहरू दैनिकरूपमा आइरहेका छन् । प्रतिभावान युवाहरूको विदेशप्रतिको मोहले गर्दा एकल जीवन बिताउन बाध्य भएका ज्येष्ठ नागरिकको व्यवस्थापन राज्यको प्रमुख चुनौती रहेको छ ।ज्येष्ठ नागरिकहरूमा रहेका सीप, ज्ञान तथा अनुभवहरूलाई नयाँ पुस्तामा हस्तान्तरण गर्न सकिएको अवस्था छैन साथै यस्तै चुनौतीहरूको सामना गर्दै समतामूलक समाजको निर्माणमा मन्त्रालयले आफ्नो ध्यान केन्द्रित गरेको छ ।

मन्त्रालयले प्रकाशन गर्ने गरेको सशक्तीकरण जर्नलमा समसामयिक विषयवस्तु,लेखकका निजी अनुभवर महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूसँग सम्बन्धित लेख रचनाहरू समाविष्ट गरिएकाछन ।प्रस्तुत जर्नलमा समाविष्ट लेख रचनाहरू लेखकका निजी धारणा र विचार भएकाले लेखमार्फत प्रस्तुत गरेका तथ्य, तथ्याङ्क र धारणा सरकारको आधिकारिक तथ्याङ्क र धारणा होइनन् । जर्नलमा समावेश भएका लेखरचनाका माध्यमबाट मन्त्रालयको विषयमा जानकारी प्रदान गर्ने र सुसूचित गराउने अवसरका रूपमा लिएका छौं ।

अन्त्यमा, प्रस्तुत जर्नल महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति ज्येष्ठ नागरिक तथा यौनिक तथा लैंगिक अल्पसंख्यकहरूका विषयमा खोज, अनुसन्धान तथा अध्ययन गर्नका लागि सहयोगी हुनेछ भन्ने अपेक्षाका साथ रचनात्मक सुझावका लागिअनुरोध गर्दछौं ।

# विषयसूची


ज्येष्ठ नागरिकसम्बन्धी संवैधानिक र कानूनी प्रावधानको कार्यान्वयन स्थिति
*कृष्णहरि बास्कोटा* ७

गरिबी निवारण र महिला ससक्तिकरणमा सहकारी
*गोपीनाथ मैनाली* ११

स्थानीय निर्वाचन र महिला सहभागिता
*राधिका अर्याल* १९

नेपालमा बालअधिकार संरक्षण: सन्दर्भ र सवाल
*उमेश ढुङ्गाना* ३३

नेपालमा महिला विकास र सहभागिताका चरणहरू
*बबिता बस्नेत* ४३

मन्त्रालयमा सूचना व्यवस्थापन प्रणाली: पहल र प्रयास
*भरत राज शर्मा* ४९

सन्दर्भ महिलाको आर्थिक सशक्तीकरणको चर्चा घरायसी कामको
*निशान राज गौतम* ५३

महिला उद्यमशीलता विकासमा राष्ट्रपति महिला उत्थान कार्यक्रम
*गोमादेवी ढकाल पौडेल* ५७

सामाजिक सुरक्षा र संरक्षणका लागि भएका प्रयास
*विष्णुकुमारी लामिछाने* ६३

गर्भपतनसम्बन्धी कानुन: विश्लेषणात्मक अध्यायन
*सम्झना फुयाल* ७७

जलवायू परिवर्तन तथा यस्को प्रभाव: एक संक्षिप्त जानकारी
*डा. प्रेमबहादुर थापा* ८७

लैङ्गिक सामाजिकीकरण
*उर्मिला ढकाल* ९३

नेपालमा महिला सशक्तीकरणको महत्त्व - समस्या तथा सुझाव
*गम्भीर बहादुर हाडा* ९९

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र सशक्तीकरणमा मन्त्रालयको भूमिका
*गणेश के.सी.* ११९

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को समीक्षात्मक टिप्पणी
*श्याम सून्दर श्रेष्ठ/शिल्पा श्रेष्ठ* १२३

**Elderly Person's vulnerability to crime victimization: Context of Nepal**
***Ms. Laxmi Bakhadyo*** १३३

**Elderly Person's vulnerability to crime victimization: Context of Nepal**
***Manisha Dhakal*** १४५

# ज्येष्ठ नागरिकसम्बन्धी संवैधानिक र कानूनी प्रावधानको कार्यान्वयन स्थिति

कृष्णहरि बास्कोटा*

ज्येष्ठ नागरिक मुलुकका गहना हुन् । यर्थाथमा, उमेरले पाका मानिस साच्चै प्रज्ञा हुन् । यी जीउदा इतिहास हुन् । मात्र देवो भव, पित्र देवो भव अर्थात् माता पिता स्वयं भगवान सरह पुजिन्छन् । जुन मुलुकमा ज्येष्ठ नागरिकको सम्मान हुन्छ, त्यो मुलुक सभ्य कहलिन्छ ।

नेपालको संबिधानको धारा ४१ मा ज्येष्ठ ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ भनिएको छ। यस्को हूबहू कार्यान्वयन हुनुपर्छ। संविधानमा उल्लेखित विशेष संरक्षणको शाब्दिक अर्थ खोज्दा अन्य नागरिकभन्दा भिन्न अर्थात् उच्च प्राथमिकताका साथ सेवा, सुविधा र छुटहरू उपलव्ध गराउने भन्ने नै बुझिन्छ। यसको अर्थ ज्येष्ठ नागरिकका विशेष आवश्यकताहरू पूर्ति गर्नु भन्ने पनि लाग्छ। यसर्थ, राज्यप्रणालीले ज्येष्ठ नागरिकका पक्षमा गर्व गर्न लायक विशेष कार्यक्रमहरू घोषणा गरी लागू गर्नुपर्छ। यस्का लागि सरकारले ज्येष्ठ नागरिकसम्बन्धी नीति जारी गर्नुपर्छ। हाल नेपालमा विभिन्न क्षेत्रलाई सम्बोधन गर्ने ९० वटा नीति जारी भएको भएपनि आजसम्म ज्येष्ठ नागरिकसम्बन्धी नीति घोषणा भएको छैन ।

२०६३ सालमा जारी भएको ज्येष्ठ नागरिकसम्बन्धी ऐनमा ज्येष्ठ नागरिक भन्नाले साठी वर्ष उमेर पूरा गरेका सबै नागरिक हुन् भनिएको छ। यस्मा असहाय ज्येष्ठ नागरिक र अशक्त ज्येष्ठ नागरिकको परिभाषा पनि समेटिएको छ। यसैगरी, ज्येष्ठ नागरिक सम्बन्धी नियमावलीले एकल ज्येष्ठ नागरिकको पनि परिभाषा रहेको छ। साथै, नियमावलीमा बेवारिसे ज्येष्ठ नागरिक भन्ने शव्द पनि परेको छ । यसर्थ, कम्तिमा यी ४ वटा अवस्थाबाट गुज्रिरहेका ज्येष्ठ नागरिकलाई सरकारले विशेष संरक्षणको व्यबस्था गर्नुपर्छ । यसअनुसार यिनीहरूको समुचित लालनपालनका लागि पुग्ने गरी मासिक भत्ता दिनु पर्छ। सबैभन्दा उत्कृष्ट कुरा भनेको यस बर्गिकरणभित्र परेका व्यक्ति स्वास्थ्य सेवासहितको आवासिय भवनमा बस्न चाहन्छन् भने उनीहरूलाई गुणस्तरीय वृद्धाश्रममा राख्नु पर्छ । यस बर्गभित्र ठूलो जनसंख्या पर्दैन । हाल नेपालमासंचालित ११५ वटा वृद्धाश्रममा केबल १८ सय ज्येष्ठ नागरिक रहेका छन् ।

नेपाल सरकारले सामाजिक सुरक्षातर्फ हाल सत्तरी वर्ष पूरा गरेका नागरिकलाई मासिक रूपमा सामाजिक सुरक्षा भत्ता दिईआएको छ, जो अपर्याप्त छ । आगामी आ.ब. २०७९/८० देखि यो उमेरलाई ६८ वर्षमा झारिने सरकारको प्रतिबद्धता छ। तर, मासिक भत्ता न्यूनतम् जीवनयापन गर्न पुग्ने वरावरको हुनुपर्छ। वर्तमान महंगीमा मासिक चारहजार भत्ता हात्तिको मुखमा जिरासरह भएको छ। तत्कालीन समयमा मासिक एकसयको भत्ता पनि ठूलो हो। यो भत्ता बढेर मासिक चारहजार पुग्नु प्रशंसनीय छ। तर, यसलाई समय सापेक्ष वृद्धि गर्दै जानुपर्छ।

यसका लागि नेपाल सरकारले मजदूरको न्यूनतम् ज्याला मासिक रु पन्ध्र हजार तोकेको छ। साथै, रोजगारीको

** सूचना आयोगका पूर्व प्रमुख आयुक्त तथा नेपाल सरकारका पूर्व सचिव हुनुहुन्छ ।*

हकसम्बन्धी ऐन, २०७५ को दफा २२ मा प्रत्येक बेरोजगार नागरिकले वर्षमा सरकारले तोकेको एकसय दिनको पारिश्रमिक रकमको आधा निर्वाह भत्ता पाउने व्यबस्था छ । यस दुई व्यबस्थालाई भत्ता दिने रकम निर्धारणको आधार मान्न सकिन्छ । यसबाट पनि हालको मासिक भत्तालाई दोव्बर तेव्बर तुल्याउनु पर्ने देखिन्छ । यस्मा आर्थिकरूपमा सम्पन्नलाई भत्ता नदिने प्रणाली लागू गर्न अध्ययन गर्न सकिन्छ । शुरुमा आम नागरिकलाई आव्हान गरी यो भत्ता आवश्यक नहुनेले नलिने गरी स्वय घोषणा गर्ने प्रणाली लागू गर्न पनि सकिन्छ । तर, यस्को बिस्तृत सम्भाव्यता अध्ययन नगरी कुनै निर्णयमा पुग्नु भने घातक हुन सक्छ ।

अर्को एउटा महत्वपूर्ण पक्ष भनेको, सामजिक सुरक्षाभित्र मासिक भत्ताको अतिरिक्त न्यूनतम् के के सुविधा पर्छन भनी सरकारले अन्तर्राष्ट्रिय अभ्यास समेतका आधारमा न्यूनतम् प्याकेज सुविधा घोषणा गर्नुपर्छ । हाल संघीय सरकारले अल्जाईमर लगायतका ८ वटा कडा रोगमा एकलाखसम्मको आर्थिक सहायता प्रदान गरेको छ । बसभाडामा ५० प्रतिशत छुट हुने गरी कानून निर्माण गरेको छ । प्रदेश सरकारहरूले पनि निश्चित उमेरसमूहका ज्येष्ठ नागरिकलाई अतिरिक्त भत्ता दिएका छन् । आरोग्य आश्रम निर्माणमा लगानी गरेका छन् । यसैगरी, स्थानीय सरकारहरूले पनि धार्मिक पर्यटनमा लैजाने, स्वास्थ्य शिबिरको आयोजना गर्ने, न्यानो कपडा वितरण गर्ने लगायतका रचनात्मक काम गरिआएका छन् । यसर्थ, एउटा मापदण्ड तोकी ज्येष्ठ नागरिकले पाउने सुविधाको सूची सार्वजनिक गर्न सकिएमा यस्ले ज्येष्ठ नागरिकमा सुरक्षा र विश्वासको वातावरण श्रृजना हुनेछ ।

ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को प्रस्तावनामा ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने, निजहरूमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गर्ने र निजहरूप्रति श्रद्धा, आदर तथा सद्भावको अभिवृद्धि गर्ने कुरा लेखिएको छ, जस्को अक्षरशः कार्यान्वयन गरिनु पर्छ । हनलको अवस्था भनेको फल्स होप अर्थात् आकाशको फल आखातरि मर भन्ने उखान चरितार्थ भैरहेको छ । यसबाट ऐनमा धेरै राम्रा कुरा लेख्नुको सट्टा थोरै तर कार्यान्वयनयोग्य कुरा लेख्न पाए हुन्थ्यो भन्ने अनुभूति भएको छ ।

यसै ऐनको दफा ३ मा ज्येष्ठ नागरिकलाई सम्मान गर्नुपर्ने कुरा लेखिएको छ । यस्का लागि हाल स्कूलको पाठ्यक्रममा यो विषय समेटिईनु खुसीको विषय हो । अब, विश्व विद्यालयहरूमा जेरियाट्रिक संकाय खोलिनु पर्छ । यर्थाथमा, ज्येष्ठ नागरिकको सम्मान गर्नु भनेको सभ्य समाजको परिचय दिनु हो । यस्का लागि प्रत्येक घरपरिवारमा ज्येष्ठ नागरिक देवतासरी पूजिनु पर्छ । समाजमा तिनको उच्च सम्मान हुनुपर्छ । प्रत्येक गाउँ वा टोलको सडकको नामाकरण, सार्वजनिक भवनको नाम राष्ट्रिय नेताको सट्टा पाका मानिसको नाममा रहनु पर्छ । ललितपुर महानगरपालिकाले सत्यमोहन जोशीको नाममा सडक र पार्कको नामाकरण गरेको छ । उहां राष्ट्रिय व्यक्तित्व भएपनि ललितपुरका लागि स्थानीय वासिन्दा हुनुहुन्छ । यस कुराको अनुशरण सबै पालिकाले गरी आआफ्नो स्थानका पाका मानिसको सम्मान गर्नुपर्छ ।

ज्येष्ठ नागरिकहरू आफ्नो परिवारका सदस्यहरूबाट हेलित भएको, दुर्व्यवहारमा परेको सुनिन्छ । यस्ता घटना अति निन्दनीय छन् । यस्तो अवस्थामा ज्येष्ठ नागरिक वा भद्र नागरिकबाट उजूरी परेमा अविलम्ब कारवाही गर्ने र पारिवारिक दायित्व बुझाउने कार्य गर्नुपर्छ । साथै, आम ज्येष्ठ नागरिकलाई आम समाजले जुनसुकै बखत, जुनसुकै स्थान र समयमा उच्च सम्मान गर्ने नैतिक शिक्षामा जोड दिँदै यसका लागि व्यापक प्रचार प्रसार गर्नुपर्छ । सबैले एकदिन म पनि ज्येष्ठ नागरिक हुन्छु भन्ने हेक्का राख्नु पर्छ ।

ऐनको दफा ४ मा ज्येष्ठ नागरिकलाई अर्थिक हैसियत तथा ईज्जत आमद अनुसार पालनपोषण तथा हेरचाह गर्नु परिवारका प्रत्येक सदस्यको कर्तव्य हुनेछ भनिएको छ । यसर्थ, केही प्रदेश सरकारहरूले लागू गरे झैं निश्चित सूचकको आधारमा ज्येष्ठ नागरिकको उचित पालनपोषण गर्ने परिवारलाई पुरस्कृत गर्ने नीति लिनुपर्छ । यस

अतिरिक्त, ज्येष्ठ नागरिक भएको घरमा पालिकाले वार्षिक असुली गर्ने घरधुरी कर, फोहोर संकलन शुल्क लगायतमा छुट दिन सक्छ। यसबाट घरपरिवारमा ज्येष्ठ नागरिकको सम्मान वृद्धि हुनेछ। हाल सरकारले संसदमा ज्येष्ठ नागरिकसम्बन्धी ऐन संशोधनको विधयेक पेश गरेको छ। यस्मा ज्येष्ठ नागरिकलाई निजको सन्तानले आफ्नो मासिक आम्दानीको न्यूनतम् दश प्रतिशत रकम उपलव्ध गराउनु पर्ने प्राबधान राखिएको छ। यो संसदबाट पारित हुनुपर्छ। साथै, ज्येष्ठ नागरिकमध्येबाट पनि योग्य व्यक्ति राष्ट्रिय सभामा पुग्ने र अन्य नियुक्तिमा पनि उनीहरूलाई अवसर दिँदा ज्येष्ठ नागरिकमा भएको ज्ञान, सीप र अनुभवबाट राष्ट्रलाई लाभ पुग्ने हुन्छ।

ज्येष्ठ नागरिकसम्बन्धी ऐनको दफा ५ मा ज्येष्ठ नागरिकलाई मर्का परेमा उजुरी दिन सक्ने व्यबस्था छ। यस्को प्रभावकारी कार्यान्यनका लागि टोलफ्री नम्बर र सहायता कक्ष स्थापनाको पहल गर्नुपर्छ। साथै, प्रत्येक वडामा स्थापना गरिने ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रमा पनि उजूरी दिन सकिने प्रबन्ध गर्नुपर्छ। प्रत्येक वडा कार्यालयले आफ्ना ४ जना वडा सदस्यहरूलाई चार क्षेत्र तोकी ज्येष्ठ नागरिकको हकको संरक्षण गर्ने र सुरक्षा प्रदान गर्ने जिम्मेवारी दिनुपर्छ। यस अतिरिक्त, सबै प्रहरी चौकी, ईलाका प्रहरी कार्यालय, जिल्ला प्रहरी कार्यालय लगायतमा उजूरी गर्न सकिने र ज्येष्ठ नागरिकको पक्षमा निःशुल्क कानूनी सेवा प्रदान गर्न नेपाल वार एशोसियसन जस्ता निकायसँग सरकारले सहकार्य गर्नुपर्छ।

ऐनको दफा ६ मा प्रचलित कानून बमोजिम अंशवण्डा गरी राख्नु नपर्ने, आफ्नो अंशभागको चल, अचल र सोबाट बढे बढाएको सम्पत्ती ज्येष्ठ नागरिकले आफूखुश गर्न पाउने कानूनी व्यबस्था छ। यसरी घरपरिवारमा कलहको विषय बनेको सम्पत्तीमा ज्येष्ठ नागरिकको मात्रै हक लाग्ने र फकाईफुलाई लिएको सम्पत्ती उजूरी परेमा तत्कालै फिर्ता हुने कानूनी व्यबस्था गर्न सकेपनि ज्येष्ठ नागरिकमा न्याय पुग्ने थियो। साथै, यस कानूनी प्रावधानलाई अझै बढि ज्येष्ठ नागरिकको पक्षमा हुने गरी आबश्यक संशोधन गर्नुका साथै हाल जिल्ला प्रशासन कार्यालयहरूले ज्येष्ठ नागरिकको सम्पत्ती बिक्रीमा लगाएको अनाबश्यक रोकलाई खुकुलो तुल्याउनु पर्छ। यस अतिरिक्त, ज्येष्ठ नागरिकले आफ्नो सम्पत्ती ट्रष्टमा राख्न पाउने र सो ट्रष्टले समुचित लालन पालन गरेमा शेषपछि सो सम्पत्ती ट्रष्टकै हुने कानूनी व्यबस्था शीघ्र गर्नुपर्छ।

ऐनको दफा १३ मा ज्येष्ठ नागरिक विषय हेर्ने मन्त्रीको अध्यक्षतामा केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समिति गठन हुने व्यबस्था छ। यस समितिको गठन र सक्रियताले ज्येष्ठ नागरिकको कल्याणका क्षेत्रमा थुप्रै काम गर्न सकिन्छ। साथै, जिल्लास्तरीय समितिलाई पनि सक्रिय एवं क्रियाशील तुल्याउनु पर्छ। यसैगरी, ऐनको दफा १७ मा ज्येष्ठ नागरिक कल्याण कोष खडा गरिने प्रतिबद्धता उल्लेख गरिएको छ। शिघ्र यस्तो कोष खडा गर्नुपर्छ। यस्तो कोष खडा गरी सरकारले वर्षेनी निश्चित रकम राखी दिने, यस कोषमा कुनै व्यापारिक संस्थाले चन्दा रकम राखी दिएमा सो खर्च सरह मानिने र दातृ निकायले पनि सहयोग गर्न सक्ने कानूनी प्रबन्ध गर्नुपर्छ। यस अतिरिक्त, यस कोषमा बैंकमा, बीमामा लामो समयदेखि दावी नभई त्यसै बसेको रकम पनि सार्ने कानून जारी गर्न सकिन्छ।

ऐनको दफा २५ मा ज्येष्ठ नागरिकलाई परिचयपत्र उपलब्ध गराउने प्राबधान छ। यसर्थ, सबै ज्येष्ठ नागरिकलाई परिचयपत्र उपलव्ध गराई सो परिचयपत्रको उपयोगको आचारसंहित, सो परिचयपत्रबाट उपलव्ध हुने सुविधा लगायतको निर्देशिका जारी गर्नुपर्छ। ज्येष्ठ नागरिकसम्बन्धी नियमावली, २०६५ को नियम ८ मा ज्येष्ठ नागरिकको अभिलेख तयार गर्नुपर्ने प्राबधान छ। यस अनुरूप नेपालमा रहेका ज्येष्ठ नागरिकमध्ये कति जना कुन कुन विषय विज्ञ चिकित्सक छन्। कति जना कुन कुन विधाका ईन्जिनियर छन्। कतिजना प्रशासक, कुन कुन क्षेत्रमा विज्ञता हासिल गरेका छन्। कुन क्षेत्रका कलाकार, साहित्यकार पत्रकार लगायत ज्येष्ठ नागरिकको समूहमा छन् भनी राष्ट्रिय प्रोफाईल तयार गर्न सके स्वतः ज्येष्ठ नागरिक मुलुकका बोझ होईनन्, निधि हुन भन्ने प्रष्ट हुने थियो। सो अनुरूप

उनीहरूलाई राष्ट्र निर्माणमा योजनाबद्धढंगले परिचालन गर्न सकिने थियो। यसर्थ, नेपाल सरकारले एउटा गुरुयोजना नै तर्जुमा गरी काम अघि बढाउनु पर्छ।

यसैगरी, नियमावलीको नियम १२ मा हेरचाह केन्द्र र दिवा सेवा केन्द्रको न्यूनतम् पूर्वाधार तथा सुविधाको व्यवस्था किटानी गरिएको छ। यसअनुसार, भए नभएको एकीन गर्न अनुगमनलाई प्रभावकारी तुल्याउनु पर्छ। यसरी, ज्येष्ठ नागरिकसम्बन्धी सम्बैधानिक र कानूनी व्यबस्थाको प्रभावकारी कार्यान्वयन गरी ज्येष्ठ नागरिकको जीवनमा सहजता ल्याउन सकिने हुन्छ।

यर्थाथमा, ज्येष्ठ नागरिक मुलुका भार होईनन्, बरु यी सम्पत्ती हुन्। यी राष्ट्रका निधि हुन्। यी जीउदा इतिहास हुन्। यिनको कतै एक्लो जीवन छ भने त्यसलाई सामूहिकतामा रूपान्तरित गर्नुपर्छ। उनीहरूसँग भएको सम्पत्तिको उपयोग उनीहरूले नै गर्न पाउने वातावरण निर्माण गर्नुपर्छ। यस्का लागि राज्यले यस क्षेत्रको दीर्घकालीन योजना तर्जुमा गरी लागू गर्नुपर्छ। जस अनुसार उनीहरूको हितका कार्यक्रम संचालन गर्नुपर्छ। राज्यले उनीहरूको ज्ञान र सीपको उपयोग गर्नुपर्छ। उनीहरूको विशेष संरक्षण गर्नुपर्छ।

नेपालको इतिहास, नेपाल परिचयमा ज्येष्ठ नागरिकहरूको गाथा लेखिईनुपर्छ। वर्तमान पुस्ताले ज्येष्ठ नागरिकको अपुताली खाने होईन विरासत थेग्नु पर्छ। हामीले ज्येष्ठ नागरिकका हकमा गरेको अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप काम गर्नुपर्छ। वान साईज फिट अल हुदैन, यसर्थ निड वेष्ड पोलिसीमा जानुपर्छ। बाँचुन्जेल मरेजस्तो गर्ने र मरेपछि अमरत्व प्राप्त गरे भन्नुको तुक छैन। कैयौं ज्येष्ठ नागरिकले नागरिकता नभएर मासिक भत्ता पाउन सकेका छैनन्। यस्को तत्काल सम्बोधन गर्नुपर्छ। यसरी ज्येष्ठ नागरिकका लागि संबोधन गरिएका संविधानका प्राबधानहरू, जारी भएका कानूनहरू र सरकारी नीति तथा सामाजिक जिम्मेवारी र जवाफदेहिता पूरा गर्न सरकार, समाज र घर परिवार मन, वचन र कर्मले कार्यक्षेत्रमा खरो उत्रिनु समयको माग हो।

❍❍❍

# गरिबी निवारण र महिला ससक्तिकरणमा सहकारी

गोपीनाथ मैनाली*

**गरिबी निवारणका रणनीति**

गरिबी बहुआयामिक विषय हो र कतिपय सन्दर्भमा स्थान वैशेषिक पनि हुन्छ। कसरी गरिबी निवारण गर्न सकिन्छ भन्ने विषयमा गरिबीको प्रकृति, सघनता र स्थानीय विषयले पनि प्रभाव पार्ने गर्दछ। तर गरिबीका आधारभूत विशेषता प्राय समान रहने भएकाले गरिबी विरुद्धका रणनीतिमा पनि साझा चरित्र पाउन सकिन्छ।

अमर्त्यसेनका अनुसार आफ्नो जीवनको आवश्यकता पूरा गर्न मानिस आफै सबैभन्दा क्रियाशील पात्र हो। गरिबसँग भएको सीप र सम्भावना उपयोग विना वितरणमुखी कार्यक्रमबाट मात्र गरिबी घटाउन सकिँदैन। गरिबको सामर्थ्य विकास गरेर उसको जीवनस्तर उकास्न र राष्ट्रिय विकासमा उसलाई उन्नयन गर्न सकिन्छ। यो नै सामाजिक न्यायको मार्ग हो।

सेनले भने झै मानिसको सामर्थ्य विकासका पाँच आयाम छन् : (क) आर्थिक सामर्थ्य, जसले व्यक्तिको लागि आवश्यक उपभोग क्षमतासँग सम्बन्ध राख्दछ, (ख) मानव पूँजी विकास, जो शिक्षा, सीप, स्वास्थ्य, सरसफाइबाट प्राप्त गर्न सकिन्छ, (ग) राजनैतिक क्षमता, मानव अधिकार र आवाजको अभ्यासकाट नीति र राजनीतिक प्राथमिकतालाई प्रभाव पार्न सकिन्छ, (घ) सामाजिक सांस्कृतिक सामर्थ्य, जसले ब्यक्तिलाई आफू त्यस समाजको मूल्यवान भएको वोध गराई सामुदायिक कार्यमा सहभागी हुन आन्तरिक उर्जा दिन्छ र (ङ) संरक्षणत्मक सामर्थ्य, जसले हरपक्षमा राज्यले आपतको अभिभावकत्व लिन्छ भन्ने ढाडस दिन्छ। सामर्थ्य विकास नै गरिबी निवारण र सामाजिक न्यायको मार्ग हो।

गरिबीविरुद्ध लडिरहेका मुलुक र अन्तर्राष्ट्रिय सहकार्यका आधारमा गरिबी निवारणका लागि लिइएका सामान्य रणनीतिलाई यहा उल्लेख गरिन्छ :

- **आर्थिक वृद्धि/गरिबमुखी आर्थिक वृद्धि** : गरिबमुखी आर्थिक वृद्धिलाई दुई आयामबाट हेर्न सकिन्छ। पहिलो, गरिबहरूको आर्थिकस्तर बढाउने गरी आर्थिक क्रियाकलाप विस्तार गर्ने। दोस्रो, आर्थिक वृद्धि हुँदा समस्त जनसंख्याको आयस्तर भन्दा गरिबहरूको आर्थिक स्तर बढाउनु। पहिलो गरिबमुखी आर्थिक वृद्धिको निरपेक्ष अर्थ हो भने दोस्रो सापेक्ष। आर्थिक वृद्धि मात्र गरिबी घटाउन पर्याप्त हुदैन, त्यो गरिबमुखी र समावेशी पनि हुनुपर्दछ। ल्याटिन अमेरिकी र क्यारेवियन मुलुकमा २० प्रतिशत धनीको आय १७०० अमेरिकी डलर हुँदा गरिब २० प्रतिशतको ९३० अमेरिकी डलर प्रतिवर्ष थियो। २९ विकासशील मुलुकमा यो स्थिति देखिन्छ। नेपाल पनि यस स्थितिबाट अपवाद छैन। नव्वेको दशकबाट सबैजसो विकासशील मुलुकहरू गरिबमुखी आर्थिक वृद्धिको रणनीतिमा छन्। नेपालमा पनि दशौ योजना देखि गरिबमुखी वृद्धिलाई जोड दिन थालिएको पाइन्छ।
- **अवसर विस्तार** : गरिब र विपन्नहरू सबै प्रकारका अवसरका पहूँचबाट टाढा हुन्छन्। अशिक्षा, सामर्थ्य र सामाजिक एवम् सांस्कृतिक अवरोधका कारणबाट गरिब तथा विपन्नहरू आधारभूत सेवा उपभोग गर्न बञ्चितीमा परेका हुन्छन्।

** नीति विश्लेषण, विकास व्यवस्थापन र आर्थिक विधामा सुपरिचित श्री मैनाली नेपाल सरकारका पूर्व सचिव हुन्।*

राज्यका सेवाहरू समन्यायिक रूपमा वितरण हुन सकेको हुँदैन। त्यसैले व्यापक रूपमा अवसर विस्तार र अवसरका पहूँचहरू सहज बनाउने कामबाट गरिबलाई सम्बोधन गर्न सकिन्छ भन्ने रणनीति लिन थालिएको छ।

- **सशक्तीकरण र क्षमता विस्तार** : पूर्ति पक्षबाट गरिएका वितरणमुखी कार्यहरू क्षणिक हुनसक्दछन्, यदि स्वयम् गरिबको क्षमता विकास गरिएन भने। गरिबका अर्थशास्त्रीका परिचित अमर्त्यसेनले गरिबी घटाउन सबैभन्दा सशक्त पात्र स्वयम् गरिब हो। स्ययम् उसलाई सशक्तीकृत गरेर परिचालन नगरेसम्म गरिबी निर्मूल गर्न सकिँदैन। गरिबसँग रहेको सम्भावना र श्रमलाई उपयोग गर्न तालीम, शिक्षा र सचेतना विकासाका कार्यक्रमहरू सञ्चालन, सहजीकरणा जस्ता सशक्तीकरणका औजार उपयोग गर्ने आवश्यक छ।
- **लैङ्गिक समानता र समावेशिता** : क्षेत्रीय, लैङ्गिक र सांस्कृतिक रूपमा पछि परेका/जोखिममा रहेका वर्गहरूमा नै गरिबी र विपन्नता रहेको छ। उनीहरू शसकीय, सामाजिक र आर्थिक क्रियाकलापमा सहभागी नभैकन सामाजिक, आर्थिक र मानवीय पूँजी निर्माण नहुने मात्र होइन, गरिबका आफ्नै सवालहरू संवोधित हुँदैनन्। त्यसैले सामुदायिक एवम् शासकीय समावेशीकरण गरिबी निवारणको सशक्त हतियार हो। नेपालमा नवौ योजनादेखि मूलप्रवाहिकरणको नीति, दशौदेखि समावेशीकरणको नीति अवलम्वन गरिएको छ। नेपालको संविधानले नेपाली समाजमा रहेको विविधतालाई सम्बोधन गर्न राज्यलाई निर्दिष्ट गरेको छ। सामुदायिक क्षेत्रमा फस्टाउँदै गएको सहकारी अभियान समावेशी समाज निर्माण र गरिबी निवारणको आधार बन्दै आएको छ।
- **विस्तृत सहायता प्रणाली** : गरिबी निवारणका लागि सामाजिक सुरक्षा, सामाजिक संरक्षण प्रणाली लगायत सेवा सुविधाका गरिबमुखी नीति र बजार विस्तारका औजारहरू प्रयोगमा ल्याउने गरिएको छ। यो सहायता प्रणाली नगदमा आधारित, नीति सहुलियत, सकारात्मक विभेद विभिन्न प्रकारको हुँदै आएको छ।
- **लक्षित कार्यक्रम सञ्चालन** : पहिचान भएका गरिब तथा विपन्न परिवार लक्षित गरी सशक्तीकरण, सीप, कर्जा, वितरण, सामाजिक परिचालन जस्ता कार्यक्रमबाट गरिबी निवारण कार्यक्रम सञ्चालन गरिँदै आएको छ। नेपालमा महिला विकास कार्यक्रम, साना किसान विकास कार्यक्रम, दुर्गम क्षेत्र विकास कार्यक्रम, कर्णाली क्षेत्र विकास कार्यक्रम, कर्णाली रोजगार कार्यक्रम, पश्चिम तराई गरिबी निवारण कार्यक्रम, सेवा तथा अवसरमा आरक्षण, विशेष क्षेत्र विकास कार्यक्रमहरू, विपन्न क्षेत्र कर्जा कार्यक्रम आदि यसका उदाहरण हुन्।

यी रणनीतिहरूको एकल (Stand alone) उपयोग होइन कि एकसाथ व्यापक उपयोगबाट मात्र गरिबी निर्मूल पार्न सकिन्छ। गरिबीका आयाम अनुसार पनि गरिबी विरुद्धको रणनीति उपयोग गर्नुपर्दछ। नेपाल लगायत विकासशील मुलुकहरूमा गरिबको पहिचान र गरिबीको कारण पहिचान वेगर नै गरिबी निवारणका कार्यक्रम सञ्चालन गरिएकाले पनि गरिबी निवारण हुन नसकेको तथ्य एकातिर छ भने अर्कोतिर गरिब लक्षित कार्यक्रम सञ्चालनको मोडालिटीमा एकरूपता छैन, कार्यक्रमहरू छरिएका छन्, कार्यक्रमहरू सीप र क्षमतामुखी भन्दा पनि वितरणमुखी देखिएका छन्। कार्यक्रमहरू वास्तविक समस्या सम्बोधन गर्नमा भन्दा लोकप्रीयतामा देखिएका छन्। त्यसैले नेपाल सरकारले २०७४ जेष्ठमा गरिबी सम्बन्धी सम्पूर्ण कार्यक्रमको समन्वय र सहजीकरण गर्न सम्पर्क मन्त्रालयको रूपमा साविक सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई तोकेको थियो। पछि मन्त्रालयहरूको पुनसंरचनामा उक्त मन्त्रालय खारेज भै यसबाट सम्पादन गरिआएका कार्यहरू भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट गर्ने गरी नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ मा उल्लेख छ। तर युवा स्वरोजगार कोष लगायत कतिपय कामहरू अन्य मन्त्रालय मातहत राखिएको छ। गैरसरकारी संस्थाहरूले गर्ने गरिब लक्षित कार्यहरूको पनि समन्वय हुन सकेको छैन भने विभिन्न स्थानीय तथा प्रदेश सरकारको काममा समन्वय र उनीहरूको क्षमता विकासको कार्यहरू गर्नुपर्ने अवस्था देखिएको छ।

**गरिबी निवारणको रणनीतिका रूपमा सहकारी**

सहकारी सदस्यहरूको स्वेच्छिक आपसिकता र सहकार्य हो। विपन्नहरू आफ्ना समान आवश्यकता र आकाङ्क्षा पूरा गर्न सामाजिक-आर्थिक प्रक्रियामा आवद्ध हुन चाहन्छन्। किनकी उनीहरूलाई नै आर्थिक संगठन र सामाजिक आवद्धताको

बढी आवश्यकता हुन्छ । समान स्वामित्व, फायदा र जोखिमका कारण सदस्यहरू विश्वासको ऊर्जामा गतिशील हुन्छन् । सामाजिक, आर्थिक र मानवीय तीनै प्रकारको पूँजी निर्माणको कार्य सहकारीले गर्नसक्ने भएकोले यो गरिबी निवारणको माध्यम र आर्थिक समृद्धिको आधार हो ।

आर्थिक प्रतिफल र बजारको सीमितताका कारण निजी क्षेत्र लगानी गर्न नगएको वा नचाहेको ग्रामीण क्षेत्रमा सहकारी नै समुदायस्तरको उत्पादन संगठन र रोजगारी सिर्जनाको माध्यम हो । यसले स्थानीय सम्भावना र ग्रामीण समुदायको सीप एवम् ससानो पूँजीलाई उत्पादन प्रक्रियामा लगी उपयोगिता सिर्जना गर्दछ ।

ग्रामीण क्षेत्र प्रायतः कृषि तथा वन पैदावारमा निर्वाह गर्ने क्षेत्र हो, आधुनिक व्यवसाय र कलकारखाना ग्रामीण क्षेत्रमा कमी हुन्छ । ग्रामीण क्षेत्रमा कृषि सहकारीहरूमार्फत कृषि फसलको उत्पादन तथा उत्पादकत्व बढाउने, प्रशोधन, सञ्चय-भण्डारण गर्ने र बजारीकरणका माध्यमबाट आयस्तर बढाउन सकिन्छ ।

नेपालको कृषि उत्पादन प्रविधि परम्परगत छ र खेती निर्वाहमुखी छ । सीमित कृषियोग्य भूमि खण्डीकरण भैरहेको छ, कृषि साधनको पर्याप्तता छैन । उत्पादित कृषि फसलको व्यवस्थित बजार छैन । उत्पादक र उपभोक्ताबीच सम्बन्ध स्थापित छैन । विचौलियाले उत्पादन-उपभोक्ता सम्बन्धलाई अवरोध गरी दुवैतर्फ ठगिरहेको छन् । सहकारीले कृषिलाई निर्वाहको पेशाबाट व्यवसायको स्तरमा लैजान सक्छ । कृषिमा आधुनिक प्रविधि भित्र्याउन, कृषि उत्पादनको सञ्चय भण्डारण गर्न, बजार व्यवस्थित गर्न, मौलिक बिउबिजन संरक्षण गर्न, कृषिको जोखिम न्यूनीकरण गर्न र कृषकलाई सशक्तीकरण गर्न सक्तछ । पारिवारिक एवम् खण्डीकृत परम्परागत खेतीलाई सामूहिक, व्यावसायिक र आधुनिक खेतीमा बदल्न अभियान चलाउन सक्दछ । केही कृषि सहकारीले यस क्षेत्रमा उल्लेख काम गरी प्रदर्शन प्रभाव पनि पारिरहेका छन् । यसर्थ ग्रामीण कृषिभित्रको गरिबी घटाउन सहकारी आफैँमा रणनीतिक अभियान बन्न सक्छ ।

सहकारी प्रत्यक्ष परोक्ष रूपमा नागरिक सशक्तीकरणको सशक्त माध्यम हो । विस्तारको चरण पूरा गरी सवलीकरणमा पुगेका सहकारीहरू विषयगत व्यवसायमा सदस्यहरूलाई सशक्तीकरण गरी उपभोक्ता बजारमा दरिलो उपस्थिति देखाउन सक्षम हुन्छन् । युरोप तथा एशियाका केही मुलुकमा खाद्य बस्तु, बिजुली, उपोग्य बस्तु, बीमा एवम् वित्तीय सेवामा सहकारीले बजारको उल्लेख्य हिस्सा लिएका छन् । अन्तर्राष्ट्रिय सहकारी संघले केहीअघि प्रतिवेलन अनुसार नेदरल्याण्डमा आलु उत्पादनको १०० प्रतिशत, दक्षिण कोरियामा कृषि उत्पादनको ४० प्रतिशत, फिनल्याण्डमा दैनिक सेवाको ३३ प्रतिशत, अमेरिकामा उर्जा आपूर्तिको १३ प्रतिशत हिस्सा सहकारीको छ । त्यस्तै भारतमा कृषि उत्पादनको ३७ प्रतिशत, माल्टामा माछा आपूर्तिमा ९० प्रतिशत र होण्डुरसमा बीमा सेवाको २७ प्रतिशत सहकारीले ओगटेको छ । नेपालमा वित्तीय सेवाको करिव १९ प्रतिशत सहकारीको हिस्सा छ । यसरी विकसित तथा विकासोन्मुख दुवै प्रकृतिका मुलुकहरूमा सहकारीले आफ्नो कार्यक्षेत्र विस्तार गर्दै गएका छन् ।

सहकारी सामाजिक सशक्तीकरण र नेतृत्व विकास गर्न पनि सफल छन् । सहकारीमा संलग्न सदस्यहरू आफ्ना विषयलाई समूह प्रक्रियामा लैजान र अन्ततः विस्तृत कार्यसूची दिन सफल छन् । करिव ७३ लाख सर्वसाधारण सहकारीमा आवद्ध भै दुईलाखभन्दा बढी व्यवस्थापन तहमा पुगेका छन् । नेपालमा सामाजिक मूल्यसंस्कृतिका कारण महिलाहरू नेतृत्व विकासमा पछि पर्दै आएका छन् । हाल सहकारी संस्थामा महिला सदस्य ५१.५ प्रतिशत छन् । साथै महिला सञ्चालित सहकारी ४२७३ पुगेको छ । यसले महिला सशक्तीकरण एवम् नेतृत्व विकासमा उल्लेख्य योगदान पुऱ्याएको छ ।

गरिबमुखी आर्थिक वृद्धिका लागि सहकारी एउटा सशक्त अभियान हो । आर्थिक वृद्धिका लागि स्वयम गरिब परिचालन र प्राप्त प्रतिफलको समन्यायिक वितरण सहकारी क्रियाकलापमा देख्न सकिन्छ । उत्पादनका प्रक्रियाहरू शहर केन्द्रीत, सुविधा केन्द्रीत र बजार केन्द्रीतमात्र हुँदा नीति कार्यक्रम निमानवीकृत हुने सम्भावना रहन्छ । यो दिगो विकास र आर्थिक वृद्धिको भरपर्दो माध्यम पनि होइन । समानता र न्यायको माध्यम पनि होइन । त्यसो हुननदिन सहकारी जस्ता सामुदायिक अभियान सशक्त हुने गर्दछ । साथै विस्तृततामा आधारित आर्थिक वृद्धि र समावेशी आर्थिक वृद्धिका लागि सहकारी परिचालित हुने गर्दछ । नेपालको

आर्थिक वृद्धि न समावेशी छ न विस्तृत नै। केही आर्थिक क्षेत्र र शहरबजारमात्र सिङ्गो अर्थतन्त्रको आधार बनिरहेको सन्दर्भमा गाउँघरमा स्थापित सहकारीहरूले उत्पादन क्षेत्रको विविधीकरण र विस्तार गरिरहेका छन्।

नेपाली समाज पररम्परागत रूपमा नै लैङ्गिक तथा सास्कृतिक रूपमा विभाजित छ। जन्मसँगै भूमिका र जिम्मेवारी सीमाङ्कीत हुँदै आएका छन्। पुस्तौदेखि हस्तान्तरण हुदै आएको यस प्रकारको कार्यसंस्कृति र मूल्यप्रणालीलाई सहकारील समावेशी बनाउँदै लगेको छ। सहकारीमा महिला, पुरुष, धनी गरीब र अन्य पहिचान नभै केवल सदस्यको पहिचान मात्र हुन्छ। यसले सामाजिक मूल्य पुनसंरचना गरिरहेको छ।

युवाहरू सहकारी मार्फत परिचालित भै स्वरोजगार बन्न सक्दछन्। नेपालमा साँघुरो श्रम बजारका कारण औपचारिक क्षेत्रले रोजगारीका पर्याप्त अवसरहरू सिर्जना गर्न सकेको छैन। युवाहरू सुरक्षित भविष्यका लागि विदेशिने क्रम तीव्र छ। जोखिम र असुरक्षाका बावजुद पनि वैदेशिक रोजगारीमा जान युवाहरू बाध्य छन्। यस अवस्थामा उपलव्ध आर्थिक तथा सामाजिक विप्रेषणको उपयोग गर्न र स्थानीय तवरमा नै श्रमिक कालीगढहरू संगठित भै स्वरोजगारीका अवसहरू सिर्जना गर्न सहकारी उपयुक्त माध्यम हुन्। सहकारी ऐन, २०७४ ले यस्ता सहकारीलाई राज्यस्तरबाट सहुलियत दिने कुरा समेत उल्लेख छ।

सहकार्य र सहउत्पादन राज्य पुनर्वोधका सन्दर्भमा आएको नवीन अवधारणा हो। राज्यका तर्फबाट वितरण हुँदै आएका नागरिक सेवाहरू प्रवाहमा राज्यमात्र एकल प्रदाता नभै विभिन्न सामुदायिक पात्रहरूसँग सहकार्य र सेवाबस्तु उत्पादनमा नै सहकार्य हुन थालेको छ। सहकारी यसको सक्रिय पात्र हो। सहकारी संस्थाहरू स्थानीय आवश्यकताको सेवा (शिक्षा, स्वास्थ्य, आवास, विद्युत, सञ्चय तथा भण्डारण, वितरण, सामाजिक सुरक्षा आदि) आफै उत्पादन गर्दछन्, यस्ता सेवा बस्तु उत्पादन र वितरणमा सहकार्य गर्दछन्। यसबाट सेवा उत्पादन तथा वितरण प्रक्रियामा लागत न्यूनीकरण हुन जान्छ, गुणस्तर बढ्न जान्छ, दिगो सेवा व्यवस्थापन सम्भव पार्दछ र अन्ततः सेवा जवाफदेहिता समेत स्थापित हुन गै सुशासन संस्थागत समेत हुनजान्छ।

परम्परागत आर्थिक संगठन प्रक्रियामा उत्पादनका साधनहरूको अविवेशील उपयोग गरी उत्पादन गरी आर्थिक वृद्धि गरिन्छ। यसलाई रेखीय अर्थतन्त्र भन्न सकिन्छ। तर चक्रीय अर्थतन्त्र त्यस्तो नयाँ अवधारणा हो जसले वातावरणीय विविधता र स्रोतलाई क्षति नगरी/कम क्षति गरी मानवीय आवश्यकता पूरा गर्ने दिगो सोच राख्दछ। चक्रीय अर्थतन्त्रले (क) सामग्रीको निरन्तर उपयोग गरी उच्च मूल्य प्राप्त गर्न सकिन्छ, (ख) सबै उर्जा स्रोतहरू पुनप्रयोज्य छन्, (ग) जैविक विविधताले सबै प्रकारका मानवीय आवश्यकता पूरा गर्न सहयोग पुऱ्याउछ, (घ) मानव समाज र संस्कृतिको सरक्षा गर्नु पर्दछ, (ङ) मानव र अन्य प्रजातिको स्वास्थ्य रक्षा एकअर्कामा अवद्धित छन्, (च) आर्थिक क्रियाकलापको मापन आर्थिक सूचकभन्दा माथि रहेर गर्नु पर्दछ र (छ) आर्थिक प्रणाली वातावरण (जैविक विविधता) मैत्री हुनुपर्दछ भन्ने मान्यता राख्दछ। सहकारी समुदायको लागि समुदायले नै काम गर्ने स्वउत्तरदायी अभियान भएकाले यसले स्रोत साधनको दिगो व्यवस्थापन गर्नमा सघाउ पुऱ्याउछ।

शहर अवसरको केन्द्र हो, गाउँ सम्भावनाको स्थल। गाउले उत्पादन गरेका बस्तुहरू शहरले उपभोग गर्दछ। सहकारी मार्फत गाउ-शहर अन्तरसम्बन्ध मजवूत बनाउन सकिन्छ। उदाहरणका लागि दुग्ध सहकारीलाई लिन सकिन्छ। गाउँमा उत्पादित दूध र दुग्ध पदार्थ सहकारीमार्फत शहर पुग्छ भने कृषकहरू आफ्नो उत्पादनको मूल्य पाउन सक्दछन्। तरकारी, माछा, मासु, फलफूलका क्षेत्रमा कार्यगर्ने सहकारीहरू गाउँ शहर आवद्धताका बलिया सूत्र हुने गर्दछन्।

मुलुक संघीय संरचनामा क्रियाशील छ। संघीय संरचनालाई क्रियाशील गराउने माध्यम स्थानीय तहले आफ्नो पहिलो कार्यकाल सामान्य उपलव्धिसाथ बिदा हुँदै छन्। यस अवधिमा स्थानीय आर्थिक संरचना निर्माण भैसकेका छैनन्। आर्थिक संरचनाहरूको क्रियाशीलताले गाउँ वस्तीसम्म उत्पादन सम्बन्ध स्थापना गर्दछ, वित्तीय मध्यस्थता गर्दछ। स्थानीय स्तरसम्म आर्थिक संरचना विस्तार गरी संघीयतामा प्राण भर्न सहकारी एउटा माध्यम हो। यसले दुई प्रकारले स्थानीय आर्थिक गतिविधि बढाउन सक्छ : पहिलो ससानो परिमाणमा रहेको बचतलाई पूँजीमा रूपान्तरण गरी उद्यमीको सदस्यको हातमा पुऱ्याएर। दोस्रो, उद्यमी व्यवसायी तथा बचतकर्ता सदस्यको जोखिम घटाउँछ। शहरी स्वरूप भएका र सुविधाका घनावस्तीमा बैंक तथा वित्तीय संस्थाको उपस्थिति भएपनि गाउँ र विपन्न स्थान वित्तीय पहुचभन्दा निकै टाढा छन्। बैंक तथा वित्तीय संस्थाहरूको स्वभाव पनि

बजार सङ्केतमा दौडिने हो, तुलनात्मक प्रतिफल दिने क्षेत्रमा दौडिने हो । गाउँवस्तीका सहकारीलाई स्थानीय व्यवसाय विकास, सीप विकास र उत्पादनमा व्यापक उपयोग गर्न सकिन्छ । सहकारीलाई भूमि बैंकको अवधारणामा विकास गरी कार्यान्वयनमा ल्याउन सके उपयोग नगरिएको जमीन निश्चित आधारमा उत्पादनशील हातमा पुऱ्याई त्रिपक्षीय फाइदा लिन सकिन्छ ।

**स्वनिर्भर अर्थतन्त्रको आधार निर्माणमा सहकारी**

सहकारी अर्थतन्त्र विकास भएको मुलुकमा स्वनिर्भर अर्थतन्त्र निर्माणको आधार मजवुत भएको पाइन्छ । स्वनिर्भरको अर्थ सबै कुरा आफै उत्पादन गर्ने भन्ने होइन, आफैमा धानिन सक्ने (Stands on its own feet) भन्ने पनि होइन । यसको व्यावहारिक अर्थ उपलव्ध प्राकृतिक स्रोत साधनको विवेकपूर्ण उपयोग र स्थानीय सम्भावना (पूँजी प्रविधि र श्रमसीप) को अभ्यासमार्फत बस्तु सेवाको उत्पादनमार्फत जीवनस्तर सधार भन्ने हो । आफ्नो स्रोत, साधन र सामर्थ्यप्रतिको विश्वासमा उभिएर वटम अप अवधारणामा विश्वास राख्ने आर्थिक संरचना हो । यस्ता अर्थतन्त्र बाह्य आर्थिक झड्का र प्रभावबाट धेरै प्रभावित हुँदैनन् । यस्ता अर्थतन्त्र सामर्थ्यको सीमामा रहन्छन्, स्वयम् प्रतिरोध शक्ति आर्जन गर्दछन्, विवेकशीलता अवलम्वन गर्दछन्, नैतिक र अध्यात्मिक आचारणमा जोड दिन्छन्, बलियो जग बनाउँछन र सबैभन्दा महत्वपूर्ण पक्ष यसले सिद्धान्त र दर्शनभन्दा व्यावहारिक पक्ष र आचरणमा जोड दिन्छ ।

नेपालको अर्थतन्त्र चरम गरिबीको दुस्चक्रमा छ, व्यापक बेरोजागारी (श्रम बजारमा बार्षिक ५ लाख थपिन्छन्), व्यापार घाटा (१:१३ रूपैया) अत्यासलाग्दो हुदै गएको छ । अनौपचारिक वित्तीय मध्यस्थता चाप पनि भोग्दै आएको छ । अनुत्पादक क्षेत्रमा लगानी र अनौपचारिक अर्थतन्त्रको निर्माणको क्रम रोकिएको छैन । अर्थतन्त्रका प्रमुख पात्रबीच हार्दिक सम्बन्धको अभाव छ । विकास संस्कृतिको अभाव छ । स्वलगानी परिचालनको पनि अभाव छ (सन् २०२२ को लक्ष्य पूरा गर्न तत्कालीन मूल्यमा करिव रु ९६०० अर्व रकम लगानी आवश्यक, दिगो विकास लक्ष्य पूरा गर्न बार्षिक रु १८०० अर्व आवश्यक, विक्रमको २१०० सम्म मध्यम आय मुलुकमा पुग्न बार्षिक खर्वो रूपैया आवश्यक) । लगानी सीमान्त उत्पादन अनुपात : ५.२ : १ छ र खाद्य सुरक्षा खाद्य असुरक्षा (वार्षिक ४३२ केजी प्रतिव्यक्ति खाद्यान्न आवश्यक) भोगिरहेको छ । सार्वजनिक र निजी क्षेत्र अर्थतन्त्रको गतिशीलता विस्तार गरी स्वनिर्भर आर्थिक जग स्थापना गर्न पर्याप्त छैनन् । तर सहकारीमा रहने सामूहिकता, जवाफदेहिता र सशक्तीकरण, लोकतन्त्र एवम् रणनीतिक नेतृत्वले स्वनिर्भर अर्थतन्त्र निर्माण गर्न महत्वपूर्ण पात्र हुन सक्दछन् । प्रमुखतः यी क्षेत्रमा सहकारीले कार्य गर्ने भएकाले स्वनिर्भरताको आधार खडा गर्न सक्दछन् ।

- छरिएर रहेको श्रम, सीप र पूँजी परिचालन
- स्थान विशेष सेवा
- स्वरोजगारी र गरिबी न्यूनीकरण
- सामाजिक अन्तरघुलन र सहकारी संस्कृति विकास
- उत्पादनशील रोजगारी सिर्जना
- वित्तीय शिक्षा र मध्यस्थता
- महिला सशक्तीकरण
- सामाजिक उद्यमशीलता विकास
- कृषिको व्यावसायीकरण मार्फत खाद्य सम्प्रभुता र सुरक्षा
- द्वन्द्व संवेदनशील विकास
- नेतृत्व विकास ।

नेपालजस्तो मुलुकमा ग्रामीण क्षेत्र औपचारिक वित्तीय सेवाको शृङ्खलामा आवद्ध हुँदैन । अनौपचारिक रूपमा वित्तीय कारोवार गर्दा विपन्न मानिसहरू झनै विपन्न हुने गर्दछन् । त्यसैले ससानो बचत परिचालन मार्फत पूँजी निर्माणको कार्य गर्न सकिन्छ । यसले ग्रामीण समुदायकै हितमा उर्जा, हस्तकला, पर्यटन, आवास व्यवसाय सेवा सञ्चालन गर्नसक्छ ।

**सहकारीमा आवद्धता र गरिबी निवारण**

सहकारी श्रम, पूँजी सीप र समय परिचालनको माध्यम हो। त्यसैले सहकारीमा आवद्ध हुनु भनेको उद्यमशील बन्नु हो। मानवीय, सामाजिक र आर्थिक पूँजी निर्माण गर्नु हो। व्यक्ति स्वेच्छिक रूपमा सहकारी उद्यममा संलग्न हुने भएकाले उसको वृत्ति चयन उसको क्षमताको सबैभन्दा सम्भाव्य क्षेत्र पनि हो। यस अवस्थामा आफ्ना आवश्यकता पूरा गर्न आफै परिचालन हुने प्रक्रिया भएकाले गरिबी घटाउन र स्वरोजगारी सिर्जना गर्न यो भरपर्दो माध्यम हो। त्यसैले के विकसित बा विकासशील सबै मुलुकमा सहकारी जनस्तरको आर्थिक अभियान हो। विश्वमा एक अर्व मानिस सहभागी भै ३० लाख सहकारी संस्था खोलेका छन्, जसले २५ करोड मानिसलाई प्रत्यक्ष रोजगारी दिएको छ। अग्र-पृष्ठ सम्बन्धका आधारमा अरु धेरैलाई रोजगारी उपलव्ध गराएको छ।

नेपालको कुरा गर्ने हो भने सहकारीमा संलग्नता र गरिबी निवारणबीच सहसम्बन्ध देखिएको छ। पछिल्ला अध्ययन अनुसार सहकारीका सदस्य भएका व्यक्तिहरू कम गरिब देखिएको छन्। पहिलो अध्ययन सहकारी तथा गरिबी निवारण मन्त्रालयले २५ जिल्लाका १२ लाख २४ हजार ४१७ परिवारमा गरिबी पहिचानका लागि गरेको पहिलो सर्बैक्षणमा प्रतिनिधि मान सूचक (Proxy Mean Test) विश्लेषण गरी निकालिएको निस्कर्षमा सहकारी सदस्य भएकाहरू २२.५ प्रतिशत गरिब र सदस्य नभएका ३४.३ प्रतिशत गरिब रहेको देखिएको छ। उक्त प्रतिवेदन अन्तर्राष्ट्रिय गरिबी निवारण दिवस (अक्टोवर १७) का उपलक्ष्ययमा आयोजित कार्यक्रममा सार्वजनिक गरिएको थियो। सहकारीले आर्थिक सम्बन्धलाई गतिशील बनाउने भएकाले गरिबी घटाउन यो एक सफल माध्यम हो। अमर्त्य सेनले भने झै सहकारी सदस्य आफै परिचालित भै आफनो गरिबी घटानउ सक्छन्। बचत तथा ऋण परिचालन, व्यावसायिक खेती, बजार व्यवस्था, भण्डारण तथा सञ्चय लगायतका क्रियाकलापबाट सहकारीले आय आर्जन र रोजगारी सिर्जनाका काम गर्दछ। सहकारीले बैंकले नसमेटेका, बजार प्रक्रियामा आवद्ध नभएका ससानो श्रम तथा सीपमार्फत सामूहिक हितका लागि उद्यशीलता प्रवर्द्धन गर्दछन्। त्यसैले गरिब जहाँ छ, त्यही सहकारी पुग्छ।

नेपाल सरकार, राष्ट्रिय योजना आयोग र अक्सफोर्ड मानव विकास प्रयासबाट गरिएको अध्ययनका नतिजा विश्लेषण गर्ने हो भने पनि सहकारी संस्था भएको स्थानमा गरिबी बहुसूचकांकको स्तर राम्रो देखिएको छ। स्वास्थ्य, शिक्षा र जीवनस्तरसँग सम्बन्धित दश सूचकका आधारमा विश्लेषण गरिएको गरिबी बहुसूचकाङ्क विधि अनुसार नेपालको राष्ट्रिय औसत एमपीआई २८.६२ हो। कम सहकारी संस्था भएको प्रदेश प्रदेश कर्णालीको एमपीआई स्तर ५१.२२ हो, त्यसपछि थोरै सहकारी भएको प्रदेश मधेश प्रदेशको एमपीआई स्तर ४७.८९ हो, जवकि धेरै सहकारी भएका वाग्मती प्रदेश ३ र प्रदेश लुम्विनीको सूचकांक स्तर क्रमशः १२.२४ र १४.१९ छ। गरिबी बहुसचकाङ्क सुधार गर्न सहकारीले मात्र एकल योगादन गरेको होइन, तर यसले आर्थिक क्रियाकालपमा राख्ने अग्रपृष्ठ सम्बन्धका कारण गरिबमुखी विकासलाई सहयोग पुऱ्याउँछ। त्यसैले चालू पन्ध्रौ योजनाले सहकारीलाई अन्तरसम्बन्धित विषयका रूपमा राखेको छ।

सहकारी दिगो विकासको आधार हो। संयुक्त राष्ट्रसंघको पहलमा सन् २०३० सम्मका लागि विकासको अन्तर्राष्ट्रिय मार्गचित्रका रूपमा आएको दिगो विकास लक्ष्यमा नेपालले पनि प्रतिवद्धता जनाएर १७ वटै लक्ष्यमा विभिन्न पाँच समयसीमामा लक्ष्य सूचक सहितको कार्ययोजना बनाएको छ। सबै प्रकारको गरिबी र बहिस्करण अन्त (लक्ष्य १), भोकमरी र कुपोषण अन्त्य (लक्ष्य २), सबैका लागि सहज स्वास्थ्य सेवा सुविधा (लक्ष्य ३), गुणस्तरीय शिक्षा र जीवनपर्यान्तको सीप (लक्ष्य ४), लैङगिक समानता र महिला तथा किसोरी सशक्तीकरण (लक्ष्य ५), सपैका लागि सुरक्षित पानी र सरसफाइ (लक्ष्य ६), सबैका लागि आधुनिक उर्जा (लक्ष्य ७) लगायत धेरैजसो लक्ष्य कार्यान्वयन गर्न सहकारीले महत्वपूर्ण योगदान दिन सक्दछन्। सरकार एक्लैले यति विस्तृत लक्ष्य पूरा गर्न सक्दैन। त्यसैले दिगो विकासको कार्यान्वयन संयन्त्रका सन्दर्भमा जसलाई लक्ष्य १७ मा उल्लेख छ, को एक महत्वपूर्ण पात्र सहकारी हो। सहकारजिस्ता सामुदायिक अभियानले दिगो विकासको लक्ष्यलई सामुदायीकरण/स्थानीयकरण गर्न योगदान दिनसक्छन्।

**सहकारी र लैङ्गिग सशक्तीकरण**

नेपाली समाज परम्परागत पितृसत्तात्मक छ । गर्भैदेखि महिला र पुरुषको भूमिका सीमाङ्किकत हुँदै आएको छ । आधारभन्दभ बढी संख्यामा रहेका महिलाहरू शक्ति, विकास र अवसर संरचनाको पींधमा छन् । आर्थिक गतिविधि र सम्पत्ति स्वामित्वमा कमजोर छन् । तर घर परिवार व्यवस्थापन देखि घरायसी व्यवसायमा उनीहरूले जिम्मेवारी लिँदै आएका छन् । महिलाहरूलाई घरपरिवारको चौघेराबाट शक्ति, साधन र अवसरमा पुयाउन लैङ्गिक मानकहरू ((क) लैङ्गिक मानक परिवर्तन, (ख) शैक्षिक मानक परिवर्तन, (ग) प्रजनन स्वास्थ्य र यौन मानक परिवर्तन, (घ) अनौपचारिक क्षेत्रका कार्यको मानक परिवर्तन र (ङ) राजनैतिक आवाज एवम् प्रतिनिधित्व प्रणालीका मानक परिवर्तन) परिवर्तन गर्नु आवश्यक छ। जसका लागि सहकारी एक सशक्त माध्यम बन्न सक्छ। सहकारी चेतना र नेतृत्व निर्माणको पनि मञ्च हो भन्ने कुरा स्थानीय तहका ३५०४१ पदाधिकारीमध्ये पहिलो निर्वाचनमा १४३५३ महिला रहेकाहरू अधिकांश सहकारी संस्थामा संलग्न रहेकाबाट सिद्ध हुन्छ।

कतिपय मुलुक र नेपालकै केही सहकारीहरूले देखाएको उपलब्धिबाट सहकारीहरू ससाना आर्थिक गतिविधि मार्फत महिलालाई आफ्नै खुट्टामा उभिन सक्ने बनाउने माध्यम हुन् भन्न सकिन्छ। जस्तो कि जापानका उपभोक्ता सहकारीमा ९५ प्रतिशत महिला भएकाले व्यवस्थापनमा प्रभाव पारी लैंगिक सहभागिता बढाएका छन्। इटालीका ९५ प्रतिशत श्रमिक सहकारी (फेसन उद्योग) र स्पेन सहकारी महासंघमा ३९ प्रतिशत उच्च कार्यकारी महिला छन्। यसले श्रम विभाजन, लैङ्गिक सहभागिता र समावेशी समाज बनाउन योगदान दिएको छ । नेपालमा पनि महिला नेतृत्वमा रहेका धेरैजसो सहकारीले महिला हित र सशक्तीकरण गरिरहेका छन्। स्थापनाको रजत बर्ष बनाउन लागेको महिला साकोस इटहरीले विभिन्न बचत योजना तथा सेवा कार्यक्रममार्फत सफलताको इतिहास रच्दैछ।

**उपसंहार**

'सहकारी आन्दोलनजस्तो सम्पूर्ण रूपले सामाजिक उद्देश्यको शक्तिशाली औजार अरु कुनै छैन' (इन्दिरा गान्धी) । सहकारी आफै आर्थिक संगठन हो, बचत तथा लागनीमार्फत आर्थिक सहभागिता, रोजगारी सिर्जना, आपूर्ति सम्बन्ध र सीप विकास गर्नसक्छ। सहकारी सामाजिक संगठन हो, जसले सुरक्षा, सहयोग, योगदान, सामाजिक हेरचाह, न्याय र समावेशिता मार्फत सामाजिक रूपान्तरणमा योगदान गर्नसक्छ। सहकारी वातावरणीय पात्र हो, प्राकृतिक स्रोत साधन व्यवस्थापन र उपयोगमा दिगोपना प्रवर्द्धन गर्न सक्छ। त्यसैले यो विकास र समृद्धिको आधार बन्नसक्ने सम्भावना भएको अभियान हो। तर हालैका दिनमा कतिपय सहकारीहरूमा सहकारीमा मान्य सिद्धान्तबाट विचलित हुँदै गएका छन्, अन्तरिक सुशासनको अभावका कारण समस्याग्रस्त बन्दै गएका छन्। त्यसैले यसलाई जति व्यवस्थित गर्न सक्यो, त्यति नै विकासलाई संस्थागत गर्न त्यति नै सहयोग पुऱ्याउँदछ।

❍❍❍

# स्थानीय निर्वाचन र महिला सहभागिता

राधिका अर्याल*

## १. विषय प्रवेश

नेपालको इतिहासमा आधुनिक निर्वाचन प्रणालीको शुरुवातको कुरा गर्दा राणाशासनकालको अवधिमा वि.सं. २००४ साल जेठ ३ मा भएको स्थानीय निकाय अन्तर्गत काठमाडौं म्युनिसिपलिटीको निर्वाचन नै पहिलो र ऐतिहासिक निर्वाचन हो। तर यो निर्वाचनमा महिलाहरू माताधिकारबाट वञ्चित थिए। त्यसपछि वि.सं. २०१० साल भदौ १७ गते भएको काठमाडौं नगरपालिकाको निर्वाचनमा महिलाले पहिलो पटक उम्मेद्वार बन्ने र मताधिकार प्रयोग गर्ने अवसर प्राप्त गरेका थिए। त्यसपछि विभिन्न समयमा भएका स्थानीय निकायको निर्वाचनमा महिलाको सहभागिता क्रमशः वढोत्तरी हुदै वि.सं.२०७४ सालमा भएको स्थानीय तहको निर्वाचन महिलाको सहभागिता करिव ४१ प्रतिशतको हाराहारीमा पुगेको थियो। हालै मात्र सम्पन्न भएको स्थानीय तहको निर्वाचनले महिलाको सहभागिता वृद्धि हुनुका साथै नेतृत्व तहमा पनि महिलाको सहभागिता केही बढेको देखिएको छ। यस लेखमा स्थानीय तहमा भएका निर्वाचन र यसले महिलाको अर्थपूर्ण सहभागिता सन्दर्भमा ल्याएको परिणामका वारेमा विश्लेषण गर्ने प्रयास गरिएको छ।

## २. स्थानीय तहमा महिला सहभागिता सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था

### २.१ नेपालको संविधान

नेपालको संविधानको धारा ३०६(ढ) मा स्थानीय तहको परिभाषा गरिएको छ, जस अनुसार स्थानीय तह भन्नाले यस संविधान वमोजिम स्थापना हुने गाउँपालिका, नगरपालिका र जिल्ला सभालाई सम्झनुपर्छ भनिएको छ। सोही संविधानको धारा २१५(४) मा गाउँ सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका चार जना महिला सदस्य र दलित वा अल्पसङ्ख्यक समुदायबाट गाउँ सभाले निर्वाचित गरेका दुई जना सदस्य समेत गाउँ कार्यपालिकाको सदस्य हुने, धारा २१६ (४) मा नगर सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका पाँच जना महिला सदस्य र दलित वा अल्पसङ्ख्यक समुदायबाट नगर सभाले निर्वाचित गरेका तीन जना सदस्य समेत नगर कार्यपालिकाको सदस्य हुने, धारा २२० (घ) मा जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसङ्ख्य सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ भन्ने व्यवस्था गरिएको छ। त्यसैगरी नेपालको संविधानको धारा २२२ (२) मा गाउँ सभामा गाउँ कार्यपालिकाको अध्यक्ष र उपाध्यक्ष, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चार जना सदस्य र दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित गाउँ कार्यपालिका सदस्य रहने र धारा २२२ (३) मा गाउँ सभामा प्रत्येक वडाबाट कम्तीमा दुई जना महिलाको प्रतिनिधित्व हुने व्यवस्था छ। धारा २२३(२)

** उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा सहसचिव हुनुहुन्छ।*

मा नगर सभामा नगर कार्यपालिकाका प्रमुख र उपप्रमुख, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चार जना सदस्य र दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित नगर कार्यपालिकाका सदस्य रहने र धारा २२३(३) मा नगर सभामा प्रत्येक वडाबाट कम्तीमा दुई जना महिलाको प्रतिनिधित्व हुने व्यवस्था छ ।

## २.२ निर्वाचन सम्बन्धी ऐन तथा कानुन

**(क) राजनीतिक दल सम्बन्धी ऐन, २०७३ :** दलको सङ्गठनात्मक संरचना विधान बमोजिम निर्वाचन, मनोनयन वा नियुक्ति गर्दा नेपालको सामाजिक विविधता प्रतिबिम्बित हुने गरी आफ्ना सदस्यहरू मध्येबाट त्यस्ता समितिमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिता हुने व्यवस्था गर्नु पर्ने (दफा १५(३), दलको सबै तहको समितिमा कम्तीमा एक तिहाई महिला सदस्य हुने व्यवस्था गर्नु पर्नेछ (दफा १५उपदफा (४) भन्ने व्यवस्था छ ।

**(ख) स्थानीय तह निर्वाचन ऐन २०७३ :** निर्वाचन प्रणालीमा गाउँपालिका वा नगरपालिकाको वडा समितिका एक जना दलित महिला सहित दुई वडा सदस्य र दुई वडा सदस्यको निर्वाचनमा सबै भन्दा बढी मत ल्याउने दुई दुई जना निर्वाचित हुने निर्वाचन प्रणाली अपनाइने (दफा ६ उपदफा २)।, गाउँ कार्यपालिका तथा नगर कार्यपालिकाका महिला सदस्यको लागि सम्बन्धित गाउँ सभा वा नगर सभाका सदस्यले आफूमध्येबाट गाउँ कार्यपालिकाको हकमा सबैभन्दा बढी मत प्राप्त गर्ने पाँच जना निर्वाचित हुने निर्वाचन प्रणालीको आधारमा गोप्य मतदानद्वारा निर्वाचन गरिने (दफा ६ उपदफा ३)। जिल्ला समन्वय समितिको लागि सम्बन्धित जिल्ला सभाका सदस्यले सम्बन्धित जिल्लाभित्रका गाउँ सभा वा नगर सभाका सदस्यहरू मध्येबाट एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसङ्ख्यक समुदायका व्यक्तिलाई निर्वाचित गर्ने (दफा ६ उपदफा ५)। उम्मेदवारको मनोनयन गर्दा दलले अध्यक्ष र उपाध्यक्ष, प्रमुख र उपप्रमुख तथा जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुखमध्ये पचास प्रतिशत महिला उम्मेदवार रहने गरी मनोनयन पत्र पेश गर्ने व्यवस्था मिलाउनु पर्ने (दफा १७ उपदफा ४)। उम्मेदवार मनोनयन गर्दा महिला र दलित वा अल्पसङ्ख्यक समुदाय वा आर्थिक रूपले विपन्न उम्मेदवारको हकमा पचास प्रतिशत धरौटी छुट हुने (दफा ६२ उपदफा (२)) व्यवस्था छ ।

# ३. स्थानीय तहको निर्वाचन तथा महिला सहभागिता

निर्वाचन आयोगबाट प्रकाशन गरिएको नेपालको निर्वाचन इतिहास तथा निर्वाचन आयोगवाट प्रकाशित दस्तावेज अनुसार नेपालमा हालसम्म सम्पन्न भएका स्थानीय निर्वाचनको विवरण निम्न बमोजिम रहेको छ :

### १. काठमाडौं म्युनिसिपलिटी निर्वाचन (वि.सं.२००४)

नेपालमा सर्वप्रथम राणाशासन कालमा वि.सं.२००४ साल जेठ २९ गते पहिलो पटक स्थानीय तहको निर्वाचन सम्पन्न भएको थियो। यस निर्वाचनमा काठमाडौंका शहरी क्षेत्रका जनताले आफ्नो प्रतिनिधि आफैं छान्नका लागि मताधिकारको प्रयोग गरी प्रतिनिधि छानेका थिए। काठमाडौंमा मात्र निर्वाचित म्युनिसिपलिटी खडा भएको थियो। यस निर्वाचनमा २१ वर्ष नाघिसकेका पुरुषको नाममात्र समावेश गरी मतदाता नमावली तयार गरी सोही बमोजिम निर्वाचन सम्पन्न गरिएको थियो। उक्त निर्वाचनमा महिलाले पनि भोट हाल्न पाउनु पर्छ भनी श्री ३ पद्म शम्शेर समक्ष माग राखेपनि महिलाहरू मताधिकारबाट वञ्चित भएका थिए।

यस निर्वाचनमा काठमाडौं म्युनिसिपलिटीमा २१ वटा ब्लक(वडा) मा २१ जना सदस्य निर्वाचित भएका र सरकारले मनोनित गरेका १० जना भनी ३१ जना सदस्य रहने गरी ३१ जनाको नगरपालिका बोर्ड गठन गरिएको थियो। मनोनित सदस्यबाट सभापति र निर्वाचित सदस्य मध्येबाट उपसभापति छनौट गर्ने व्यवस्था

अनुसार गहेन्द्र शम्शेर थापा सभापति र शंकरदेव पन्त उपसभापति छानिएका थिए। यसै गरी भक्तपुर र ललितपुर नगरपालिकाको निर्वाचन पनि २००४ साल मै सम्पन्न भएको थियो। यी नगरपालिकामा निर्वाचित सदस्य संख्या क्रमशः १० र १२ थिए भने मनोनित संख्या ४ थियो।

**२. काठमाडौं नगरपालिका निर्वाचन (वि.सं.२०१०)**

वि.सं. २००७ सालमा नेपालमा प्रजातन्त्रको स्थापना भएपछि स्थानीय शासनलाई जनप्रतिनिधि मूलक तथा जनमुखी वनाउन नगरपालिका कानून तर्जुमा गरिएको र सोही कानूनको आधारमा काठमाडौं नगरपालिकाको निर्वाचन वि.सं.२०१० साल भाद्र १७ गते सम्पन्न भएको थियो। यस निर्वाचनमा काठमाडौं नगरपालिकामा कायम रहेका २१ वटा वडालाई घटाएर १८ कायम गरिएको थियो। यस निर्वाचनमा २१ वर्ष उमेर पुरा भएका वालिकबाट प्रत्यक्ष गुप्त मतदान गर्ने व्यवस्था गरिएको थियो। यसै निर्वाचनबाट नेपालको निर्वाचन इतिहासमा महिलाहरूले मताधिकार प्राप्त गरी उम्मेद्वार बन्ने अवसरप्राप्त गरेका थिए। यसै निर्वाचनमा काठमाडौं नगरपालिकाको वडा नं. ८ वाट साधनादेवी प्रधान नेपालको पहिलो महिला जनप्रतिनिधि चुनिएकी थिइन। पहिलो पटक महिलाले मताधिकार प्राप्त गरेको यस चुनावमा महिलाले प्रशस्त मात्रामा मतदान गरेका थिए।

**३. नगरपालिकाको निर्वाचन (वि.सं.२०१४)**

प्रत्येक ४ वर्षमा हुने नगरपालिका निर्वाचन वि.सं.२०१४ सालमा विभिन्न नगरपालिकामा सम्पन्न भयो। काठमाडौं नगरपालिकाको निर्वाचन वि.सं.२०१४ माघ ७ गते भएको र यस नगरपालिकामा १८ वटा नै वडा कायम थियो। वि.सं.२०१० सालको नगरपालिका चुनाव भन्दा वि.सं.२०१४ सालको चुनावमा भोट खसाल्ने महिलाको संख्या धेरै देखिएको थियो। अन्य नगरपालिका भक्तपुरको २०१४/७/२३ मा ललितपुरनगरपालिकाको (२०१४/१०/०२), विरगञ्ज नगरपालिकाको निर्वाचन (२०१४/११/३०), भद्रपुर नगरपालिकाको निर्वाचन २०१४ फागुनमा र तानसेन नगरपालिकाको निर्वाचन २०१४/८/११ मा भएको थियो।

## ४. स्थानीय निर्वाचन (वि.सं.२०१८ -२०३१)

**४.१ गाउँ पञ्चायत निर्वाचन ( वि.सं. २०१८ -२०३१)**

नेपालमा वि.सं. २०१७/९/१ मा पञ्चायती शासन व्यवस्था लागु भए पश्चात २०१५ सालको संविधान निलम्बन गरी गाउँ पञ्चायत ऐन,२०१८ र गाउँ पञ्चायत (निर्वाचन सम्बन्धी) नियमहरू, २०१८ जारी गरिएको थियो। उक्त ऐन तथा नियम र श्री ५ को निर्देशन वमोजिम देशभर चार हजार गाउँ पञ्चायत गठन गर्ने लक्ष्य राखी २०१८/११/१७ गते देखि गाउँ पञ्चायतको निर्वाचन गर्ने घोषणा गरिएको थियो। २०१९ जेठ महिनाको पहिलो सातासम्म अधिराज्यभर ४२०० गाउँ पञ्चायतहरूको चुनाव गराउने लक्ष्य रहेको थियो। यस निर्वाचनमा मत दिने तरिका हात उठाइ मत गर्न्ने थियो।

**४.२ गाउँ पञ्चायत निर्वाचन २०२०**

गाउँ पञ्चायत ऐन, २०१८ र नियमावली २०१८ खारेज गरी गाउँ पञ्चायत ऐन, २०२० र गाउँ पञ्चायत (निर्वाचन) नियमावली, २०२० जारी भई निर्वाचन प्रक्रियामा व्यापक सुधार गरी मतदाताको गोप्य मतदान गर्न पाउने अधिकारलाई यस निर्वाचनद्वारा सुनिश्चित गरिएको थियो। यस निर्वाचनमा उम्मेद्वारको निर्वाचन रङ कायम गरी मतदातालाई मतदान पत्र पाएपछि गोप्य कोठामा गई आफूले रोजेको उम्मेद्वारको निर्वाचन रङ राखिएको मतपेटिकामा मतदान पत्र खसाल्ने व्यवस्था गरिएको थियो।

**४.3 नगरपञ्चायत निर्वाचन (वि.सं. २०१९-२०३१)**

पञ्चायती शासन व्यवस्थाको शुरुवातसँगै सरकारले १० हजार वा सो भन्दा बढी जनसंख्या भएको कुनै नगरमा नगरपञ्चायतको स्थापना गर्न सक्ने व्यवस्था वमोजिम अधिराज्यका १४ घोषित नगरपञ्चायतको चुनाव २०१९ साल जेठ महिना भित्र सम्पन्न भएको थियो।

**४.४ जिल्ला पञ्चायत निर्वाचन (वि.सं. २०१९-२०३१)**

जिल्ला सभाको स्थापना भएपछि जिल्ला सभाका सदस्यहरू मध्येबाट गुप्त मदतानद्वारा एक सभापति, एक उपसभापति र नौ जना सदस्यहरू समेत गरी जम्मा ११ जनाको कार्यकारिणी समितिको चुनाव वि.सं.२०१९ सालको माघ महिना देखि फागुन महिना सम्म पहिलो जिल्ला पञ्चायतको निर्वाचन विभिन्न मितिमा सम्पन्न भएको थियो।

**4.5 अञ्चल पञ्चायत निर्वाचन (वि.सं. २०१९–२०३०)**

अञ्चल पञ्चायत ऐन, २०१९ जारी भएपछि प्रत्येक अञ्चलमा अञ्चल सभा स्थापना गरी अञ्चल सभामा सदस्यहरू मध्येबाट गुप्त मतदानद्वारा एक सभापति, एक उपसभापति एवं नौ सदस्यहरू गरी जम्मा ११ जनाको एक कार्यकारिणीको चुनाव गरिने व्यवस्था थियो। अञ्चल पञ्चायतको निर्वाचन २०२० वैशाख देखि शुरु भई अषाढ महिना भित्र विभिन्न मितिमा सम्पन्न भएको थियो।

## ५. स्थानीय निर्वाचन (वि.सं. २०३२-२०३५)

**५.१ गाउँ/नगर र जिल्ला पञ्चायत निर्वाचन (वि.सं.२०३२-२०३५)**

नेपाल अधिराज्यका १४ अञ्चललाई ४ भागमा बाँडी प्रत्येक समूहको निर्वाचन विभिन्न मितिमा सम्पन्न गरीएको थियो। पहिलो समूहको निर्वाचन वि.सं.२०३२, दोश्रो समूहको वि.सं.२०३३, तेश्रो समूहको निर्वाचन २०३४ र चौथो समूहमा परेका जिल्लाहरूको सम्पूर्ण गाउँ पञ्चायत, नगर पञ्चायत र जिल्ला पञ्चायतको निर्वाचन गरिएको थियो। यस निर्वाचनमा अप्रत्यक्ष निर्वाचन पद्दतिबाट जनप्रतिनिधिको छनौट गरिएको थियो।

## ६. स्थानीय निर्वाचन (२०३९)

**६.१ गाउँ पञ्चायत/नगरपञ्चायत निर्वाचन (वि.सं.२०३९)**

अधिराज्यभरका ४,०२२ गाउँ पञ्चायत र २९ वटा नगर पञ्चायतको लागि वि.सं. २०३९ वैशाख २८ र ३१ गते र जेठ ३ र ४ गते गरी दुई समूहमा निर्वाचन सम्पन्न गरेको थियो।

**६.२ जिल्ला पञ्चायत निर्वाचन (वि.सं.२०३९)**

वि.सं.२०३९ असार २ गते ७५ जिल्ला पञ्चायतको सभापति, उपसभापति र सदस्यको लागि निर्वाचन भएको थियो। यस निर्वाचनमा सभापति पदको लागि दुई जना, उपसभापति पदका लागि १२ जना र सदस्य पदको लागि १२ जना महिलाहरू उम्मेद्ववारको रूपमा रहेका थिए। यी मध्ये सभापति पदका एक जना र सदस्य पदमा ६ जना महिला निर्वाचित हुन सफल भएका थिए।

## ७. स्थानीय निर्वाचन (२०४३)

**७.१ गाउँ पञ्चायत/नगर पञ्चायत/जिल्ला पञ्चायत निर्वाचन, २०४३**

वि.सं. २०४३ चैत्र ७ गते र १० गते गरी दुई चरणमा सम्पूर्ण गाउँ पञ्चायत र नगर पञ्चायतको निर्वाचन सम्पन्न भएको थियो। यस निर्वाचनमा देशभर ४,०१५ वटा गाउँ पञ्चायत र ३३ वटा नगरपञ्चायत कायम गरिएको

थियो।  यस निर्वाचनबाट सिन्धुली जिल्लाको ६ गाउँ पञ्चायतमा महिला प्रधानपञ्च निर्वाचित भएका थिए।

### ७.२ जिल्ला पञ्चायत निर्वाचन, २०४४

२०४४/१०/२६ गते हिमाली जिल्ला बाहेकका जिल्लामा जिल्ला पञ्चायतको निर्वाचन भएको थियो। हिमाली जिल्लामा २०४४ जेठ तेश्रो हप्तासम्म निर्वाचन सम्पन्न गरिएको थियो।

## ८. स्थानीय निर्वाचन (२०४९)

### ८.१ गाउँ विकास समिति र नगरपालिका निर्वाचन (वि.सं.२०४९)

नेपालमा प्रजातन्त्रको पुनस्थापना भैसकेपछि भएको यस निर्वाचनमा गाउँ विकास समितिको ३९९५ र नगरपालिकाको संख्या ३६ वटा कायम गरिएको थियो। यी गाउँ विकास समिति र नगरपालिकाको निर्वाचन दुई चरणमा गरी पहिलो चरणको मिति २०४९।१।२४ देखि सुरु भई जेठ १५ सम्म र दोश्रो चरणको निर्वाचन २०४९।१।२७ गतेदेखि जेठ १८ गते सम्म सम्पन्न गरिएको थियो। यस निर्वाचनमा गाउँ विकास समितिका ३९९५ अध्यक्ष र त्यति नै उपाध्यक्ष र ३५९५५ सदस्य र नगरपालिकाका ३६ प्रमुख, त्यति नै उपप्रमुख र ५२२ सदस्यको निर्वाचन भएको थियो।

### ८.२ जिल्ला विकास समिति निर्वाचन (वि.सं. २०४९)

नेपाल अधिराज्यका ७५ जिल्लामा प्रत्येक जिल्लालाई कम्तीमा नौ र बढीमा १७ इलाकामा विभाजन गरि प्रत्येक जिल्ला विकास समितिमा घटीमा ११ जना र बढीमा १९ जनासम्म रहेको कार्यसमिति गठन गर्न मिति २०४९/२/२५ मा जिल्ला विकास समितिको निर्वाचन भएको थियो।

## ९. स्थानीय निर्वाचन,२०५४

### ९.१ गाउँ विकास समिति र नगरपालिका निर्वाचन, २०५४

मिति २०५३/१/२२ मा जारी भएको अध्यादेशमा गाउँ विकास समितिको गठन प्रक्रियामा परिवर्तन गरी प्रत्येक वडामा एकजना वडाअध्यक्ष र १ जना महिला सदस्य पर्ने गरी चार जना वडा सदस्य रहने तथा एकजना महिला सहित पिछडिएका जाति जनजाति मध्येबाट ६ जना व्यक्तिहरू थप हुने गरी गाउँपरिषद् गठन हुने व्यवस्था गरिएको थियो। नगरपालिका निर्वाचित प्रमुख, उपप्रमुख, वडाअध्यक्ष र नगरपालिका सदस्यहरू मध्येबाट एकजना महिला सहित नगरपालिकाद्वारा मनोनित दुई सदस्य रहने व्यवस्था थियो। यस निर्वाचनमा गाउँ विकास समितिको संख्या ३,९१३ र नगरपालिकाको संख्या ५८ कायम गरिएको थियो। यो निर्वाचन मिति २०५४/२/१३ मा भएको थियो। उक्त निर्वाचनबाट गा.वि.स.का ३९१३ जना अध्यक्ष मध्ये २० जना (०.५१प्रतिशत) र उपाध्यक्ष मध्ये १४ जना (०.३६प्रतिशत) मात्र महिला निर्वाचित भएका थिए। त्यसैगरी ३५,२१७ वडा अध्यक्षहरू मध्ये २४० जना महिला थिए। त्यसैगरी नगरपालिका प्रमुख, उपप्रमुख मध्ये एकजना पनि महिला निर्वाचित भएका थिएनन भने वडा अध्यक्षमा तीन जना (०.६९प्रतिशत) महिला निर्वाचित भएका थिए।

### ९.२ जिल्ला विकास समिति निर्वाचन,२०५४

७५ वटा जिल्ला विकास समितिको निर्वाचन २०५४/०३/२७ मा सम्पन्न भएको थियो। जिल्ला विकास समितिको निर्वाचनमा महिला पदमा कोही पनि निर्वाचित भएनन् भने उपसभापति पदमा १जना (१.३ प्रतिशत) महिला निर्वाचित भएका थिए।

## १०. नगरपालिका निर्वाचन, २०६२

२०६१ माघमा राजाले सम्पूर्ण कार्यकारी अधिकार आफूमा लिई शासन सञ्चालन गरेपछि वि.सं.२०६२/१०/२६ मा ५८ नगरपालिकाको निर्वाचन घोषणा गरे वमोजिम निर्वाचन भएको थियो। यस निर्वाचनमा ३ जना प्रमुख पदमा, ७ जना उपप्रमुख पदमा, ५३ जना वडाध्यक्ष र ३४६ जना वडा सदस्य पदमा महिलाहरू निर्वाचित भएका थिए। यस निर्वाचनमा २० प्रतिशत मात्र मतदान भएको र प्रमुख राजनीतिक दलहरूले निर्वाचनमा सहभागी नभएको तथा वि.सं. २०६२/६३ को राजनैतिक परिवर्तनका कारण यस निर्वाचनले संवैधानिक मान्यता प्राप्त गर्न सकेन।

## ११. स्थानीय तहको निर्वाचन, २०७४

वि.सं.२०७२ साल असोज ३ गते नेपालको संविधान जारीसँगै मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको छ। नेपालको संविधान वमोजिम साविकका ३९१३ गाउँ विकास समिति र ५८ नगरपालिकाको सट्टा ७५३ वटा स्थानीय तह रहने व्यवस्था गरिएको छ, जसमध्ये गाउँपालिकाको संख्या ४६० र नगरपालिकाको संख्या २९३ रहेको छ। स्थानीय तहको निर्वाचन २०७४ तीन चरणमा सम्पन्न गरिएको थियो। पहिलो २०७४ साल वैशाख ३१ गते, दोश्रो २०७४ असार १४ गते र तेश्रो चरणको असोज २ गते सम्पन्न भएको थियो। यस निर्वाचनमा स्थानीय तहको कुल ३५,०४१ पदको लागि भएको निर्वाचनमा १४,३५३ (४०.९६प्रतिशत) महिला निर्वाचित भएका थिए जसमा गाउँपालिका अध्यक्ष र नगरपालिकाको प्रमुख पदमा १८ जना (२.३९प्रतिशत),उपाध्यक्ष र उपप्रमुखमा ७००(९२.९६प्रतिशत), वडाध्यक्षमा ६१ जना, महिला सदस्य ६,७४२ र दलित महिला सदस्य ६,५६७ रहेका छन् । महिलाको सहभागिताको दृष्टिकोणले हेर्दा यस स्थानीय तहको निर्वाचनमा महिलाको सम्मानजनक सहभागिता रहेको देख्न सकिन्छ।

त्यसैगरी ७७ वटा जिल्ला समन्वय समितिको निर्वाचन पनि सम्पन्न भएको थियो। यस निर्वाचनमा २ वटा जिल्ला समन्वय समितिमा महिला प्रमुख निर्वाचित भएका थिए भने २८ ओटा जिल्ला प्रमुख र उपप्रमुख दुवै पुरुष निर्वाचित भएका थिए।

## १२. स्थानीय तहको निर्वाचन, २०७९

मुलुकमा सङ्घीय शासन व्यवस्था शुरु भएपछिको दोस्रो स्थानीय तहको निर्वाचन मिति २०७९/१/३० गते एकैपटक देशभर सम्पन्न भएको छ। स्थानीय तह सदस्य निर्वाचन २०७९ मा ५५ हजार ६९९ महिला उम्मेद्वार रहेकोमा १४ हजार ४०२ जना महिला निर्वाचित भएका छन्। देशभरका ३ तीन पालिकामा प्रमुख र उपप्रमुख दुवै जना महिला निर्वाचित भएका छन् भने १३ वटा नगरपालिका र १२ वटा गाउँपालिका गरी २५ वटा पालिका प्रमुखमा महिला निर्वाचित भएका छन् । यसैगरी उपप्रमुख पदमा २३२ जना र उपाध्यक्ष पदमा ३३४ जना गरी ५६६ पालिकाको उपप्रमुख/उपाध्यक्ष पदमा महिला निर्वाचित भएका छन् । पालिकाको महत्वपूर्ण पद वडाअध्यक्ष पदमा ६९ जना महिला निर्वाचित भएका छन् । प्रदेशगत रूपमा हेर्दा प्रदेश १ मा २४७८, मधेश प्रदेशमा २७७०, वागमती प्रदेशमा २३५६, गण्डकी प्रदेशमा १६२३, लुम्विनी प्रदेशमा २१३१, कर्णाली प्रदेशमा १५२७ र सुदुरपश्चिम प्रदेशमा १५६० गरी जम्मा १४,४४५ महिला निर्वाचित भएका छन् । जसलाई तालिकामा निम्मबमोजिम प्रस्तुत गरिएको छ ।

### १. तालिका: स्थानीय तहको निर्वाचन २०७९ मा विभिन्न पदमा निर्वाचित महिलाको संख्या: प्रदेशगत विवरण

| प्रदेश | प्रमुख | | अध्यक्ष | | उप प्रमुख | | उपाध्यक्ष | | वडा अध्यक्ष | | महिला सदस्य | दलित महिला सदस्य | सदस्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | | | म. | पु. |
| १ | २ | ४७ | ४ | ८४ | ४२ | ७ | ५९ | २९ | ५ | ११५२ | ११५७ | ११५१ | ५८ | २२५६ |
| मधेश | ४ | ७३ | - | ५९ | ६८ | ९ | ५९ | - | १२ | १२५९ | १२७१ | १२६५ | ९१ | २४५१ |
| बागमती | ३ | ४२ | ३ | ७१ | २९ | १६ | ४० | ३४ | १२ | ११०९ | ११२१ | १०८४ | ६४ | २१७८ |
| गण्डकी | - | २७ | ३ | ५५ | २१ | ६ | ४१ | १७ | १४ | ७४५ | ७५८ | ७३२ | ५४ | १४६४ |
| लुम्विनी | १ | ३५ | १ | ७२ | ३० | ६ | ५९ | १४ | १४ | ९६९ | ९८३ | ९८३ | ६० | १९०६ |
| कर्णाली | १ | २४ | १ | ५३ | १८ | ७ | ३५ | १९ | ६ | ७१२ | ७१८ | ६८१ | ६७ | १३६९ |
| सुदुर पश्चिम | २ | ३१ | - | ५४ | २४ | ९ | ४२ | १२ | ६ | ७१८ | ७२४ | ७१४ | ४८ | १४०० |
| जम्मा | १३ | २७९ | १२ | ४४८ | २३२ | ६० | ३३५ | १२५ | ६९ | ६६६४ | ६७३२ | ६६१० | ४४२ | १३०२४ |
| कूल जम्मा | २९२ | | ४६० | | २९२ | | ४६० | | ६७३३ | | ६७३२ | ६६१० | १३४६६ | |

*स्रोत: निर्वाचन आयोग २०७९-२-२३ गते सम्मको तथ्याङ्क (https://result.election.gov.np/LocalElectionResultDetails.aspx)*

माथिको तथ्याङ्कमा १ वटा स्थानीय तह बाजुरा जिल्लाको बुढीगंगा नगरपालिकाको प्रमुख तथा उपप्रमुख र यसका १० वटा वडाका पदाधिकारीको निर्वाचन विवरण समावेश भएको छैन । यस नगरपालिकाको निर्वाचन पछि प्राप्त विवरण यसमा समावेश गरिने छ । यसले गर्दा माथि प्रस्तुत गरिएका तथ्याङ्कमा केही फरक पर्न सक्छ तर समग्रमा महिलाको प्रतिनिधित्वको तस्विर यो निर्वाचनले प्रस्तुत गरिसकेको छ।

### २. तालिका: स्थानीय तहको निर्वाचन २०७४ र स्थानीय तहको निर्वाचन २०७९ मा महिला सहभागिताको तुलनात्मक अवस्था

| स्थानीय तहको निर्वाचन | लिङ्ग | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष | महिला सदस्य | दलित महिला सदस्य | सदस्य खुला | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| २०७४ | महिला | १८ (२.३९ %) | ७०० (९२.९६%) | ६१ (०.९०%) | ६७४२ | ६५६७ | २६४ | १४३५३ (४०.९६%) |
| | पुरुष | ७३५ (९७.६१%) | ५३ (७.०४%) | ६६८१ (९९.०९%) | - | - | १३२२० | २०६८९ (५९.०४%) |
| २०७९ | महिला | २५ (३.३२%) | ५६७ (७५.३%) | ६९ (१.०२%) | ६७३२ | ६६१० | ४४२ | १४४४५ (४१.२३%) |
| | पुरुष | ७२७ (९६.६८%) | १८५ (२४.७%) | ६६६४ (९८.९८%) | - | - | १३०२४ | २०६०० (५८.७८%) |

*स्रोत: निर्वाचन आयोग, स्थानीय तहको निर्वाचन २०७४ र २०७९ को निर्वाचन नतिजा*

माथिको तालिकामा स्थानीय तहको निर्वाचन २०७४ भन्दा समग्रमा स्थानीय तहको निर्वाचन २०७९ मा महिला सहभागिताको संख्या बढेको छ । तर पछिल्लो निर्वाचन २०७९ मा उपप्रमुख तथा उपाध्यक्ष तहमा महिलाको सहभागिता घटेको देखिन्छ ।

३. तालिकाः विभिन्न समयमा सम्पन्न स्थानीय निर्वाचनमा महिला सहभागिताको संख्या

| सि.नं. | निर्वाचन | तह | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| १ | काठमाडौं म्युनिसिपलिटी निर्वाचन, २००४ | काठमाडौं म्युनिसिपलिटी | - | ३१ | ३१ |
| २ | काठमाडौं नगरपालिका निर्वाचन, २०१० | काठमाडौं नगरपालिका | १ | १७ | १८ |
| ३ | नगरपालिकाको निर्वाचन, २०१४ | काठमाडौं नगरपालिका | - | १८ | १८ |
| ४ | स्थानीय निर्वाचन,२०१८ -२०३१ | गाउँ पञ्चायत<br>नगर पञ्चायत<br>जिल्ला पञ्चायत<br>अञ्चल पञ्चायत | प्राप्त नभएको | प्राप्त नभएको | प्राप्त नभएको |
| ५ | स्थानीय निर्वाचन, २०३२-२०३५ | गाउँ पञ्चायत<br>नगर पञ्चायत<br>जिल्ला पञ्चायत<br>अञ्चल पञ्चायत | प्राप्त नभएको | प्राप्त नभएको | प्राप्त नभएको |
| ६ | स्थानीय निर्वाचन, २०३९ | गाउँ पञ्चायत<br>नगर पञ्चायत<br>जिल्ला पञ्चायत | १ | ७४ | १८९०३४<br>२५००<br>७५ |
| ७ | स्थानीय निर्वाचन, २०४३ | गाउँ पञ्चायत<br>नगर पञ्चायत<br>जिल्ला पञ्चायत | प्राप्त नभएको | प्राप्त नभएको | प्राप्त नभएको |
| ८ | स्थानीय निर्वाचन, २०४९ | जिल्ला विकास समिति | ७<br>(०.६९%) | १,०६७<br>(९९.३१%) | १,०७४ |
| ९ | | गाउँविकास समिति र नगरपालिका | २४१<br>(०.५४ %) | ४४,२२१<br>(९९.४६%) | ४४,४६२ |
| १० | स्थानीय निर्वाचन, २०५४ | जिल्ला विकास समिति | ७५<br>(६.७%) | १,०४२<br>(९३.३ %) | १,११७ |
| | | गाउँविकास समिति र नगरपालिका | ४७१९<br>(८.६%) | ५०,२८५<br>(९१.४%) | ५५,००४ |
| | | वडा समिति | ३५२०८<br>(२०%) | १४०८२३<br>(८०%) | १७६०३१ |

| सि.नं. | निर्वाचन | तह | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| ११ | नगरपालिका निर्वाचन, २०६२ | नगरपालिका | ४१८ | ३७२८ | ४१४६ |
| १२ | स्थानीयतहको निर्वाचन, २०७४ | स्थानीय तह | १४३५३ (४०.९६%) | २०६८८ (५९.०४%) | ३५०४१ |
| १३ | स्थानीयतहको निर्वाचन, २०७९ | स्थानीय तह | १४,४४५ (४१.२३%) | २०,६०० (५८.७८%) | ३५,०४५ |

*स्रोत: नेपालको निर्वाचन इतिहास, २०७३*
*स्थानीय तहको निर्वाचन, २०७४*
*स्थानीय तहको निर्वाचन, २०७९*

## ४. स्थानीय निर्वाचनले महिलाको सहभागिताको सन्दर्भमा दिएको सन्देश

स्थानीय तह नेपालको राजनैतिक पदसोपानको शुरुको तहको रूपमा रहेको छ। यसलाई प्रजातान्त्रिक अभ्यास गर्ने महत्वपूर्ण थलोको रूपमा लिन सकिन्छ। महिलाको सहभागिता र सशक्तीकरणको बहुआयामिक पक्षलाई हेर्दा राजनीतिक आयाम महत्वपूर्ण हुन्छ। यसले महिलाको प्रतिनिधित्व बढाउन, नीतिगत हस्तक्षेप मार्फत यसको कार्यान्वयनमा प्रभावकारी भूमिका निर्वाह गर्दछ। त्यसैले स्थानीय तहको निर्वाचनलाई महिला सशक्तीकरण र सहभागिता अभिवृद्धि गर्ने राजनैतिक संयन्त्रको रूपमा लिन सकिन्छ। स्थानीय तहको निर्वाचनले महिलाको सहभागिता संख्यात्मक तथा गुणात्मक अभिवृद्धि गर्न मद्दत गर्छ।

नेपालको इतिहासमा वि.सं.२००४ साल देखि वि.सं.२०७९ सालसम्म करिव ७५ वर्षको अवधिमा १२ पटक स्थानीय निर्वाचन सम्पन्न भएको देखिन्छ। निर्वाचनको शुरुवाती चरणमा महिलाहरू मताधिकारबाट वञ्चित थिए। त्यसपछि भएका निर्वाचनमा महिलाले मताधिकार प्राप्त गर्नुका साथै महिला उम्मेद्वार भई निर्वाचित पनि भएका थिए। पछिल्लो समयमा भएको स्थानीय तहको निर्वाचनमा महिलाको सहभागिता करिव ४१ प्रतिशत पुगेको छ। यो सहभागिताले नेतृत्व तथा नीति निर्माण तहमा महिलाको उपस्थिति आशालाग्दो देखिएको छ।

नेपालको इतिहासको विभिन्न शासनकालमा भएको स्थानीय निर्वाचनको परिणाम र यसको अनुभवले महिलाको सहभागिता सन्दर्भमा निम्न सन्देश स्पष्ट रूपमा दिएको छः-

### १.महिला अधिकार वास्तविक रूपमा अनुभूत गर्न महिला आन्दोलनलाई निरन्तरता दिई अझै सशक्त बनाउनुपर्ने

वि.सं.२००४ मा भएको पहिलो निर्वाचनमा २१ वर्ष पुरा भएका पुरुषले मात्र मतदान गर्न पाउने गरी मतदाता सूची तयार गरिएको र पुरुषमात्र उम्मेद्वार भई निर्वाचनबाट छानिएका थिए। वि.सं.२००४ सालमा गठन गरिएको नेपाल महिला संघको दवावमूलक आन्दोलनको परिणाम स्वरूप नेपाली महिलाले मताधिकार प्राप्त गरे। वि.सं. २०१० सालमा भएको काठमाडौं नगरपालिकाको निर्वाचनमा श्री साधना देवी प्रधान काठमाडौं नगरपालिकाको वडा नं. ८ को अध्यक्ष पदमा निर्वाचित भएकी थिइन। त्यसपछि विभिन्न समयमा भएका महिला आन्दोलनले महिलाको हक अधिकार सुनिश्चित गर्न महत्वपूर्ण योगदान दिएको पाईन्छ। वि.सं. २००८ साल फागुनमा गठित अखिल नेपाल महिला संघको स्थापना वि.सं. २०१४ सालको प्रजा परिषद र नेपाली काङग्रेसको भद्र अवज्ञा आन्दोलन, त्यसैगरी पञ्चायतकालको अवधिमा भएको आन्दोलन, २०४६ तथा २०६२/६३ को जन आन्दोलनले महिलाको अधिकार स्थापित गर्नुका साथै महिला समानता अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ। वि.सं. २०४६ को आन्दोलनले नेपाल अधिराज्यको संविधान, २०४७ मा राजनैतिक दलले प्रतिनिधि सभाको निर्वाचनमा ५ प्रतिशत महिला उम्मेद्वार उठाउनुपर्ने अनिवार्य व्यवस्था गरेको, राष्ट्रिय

सभामा एकल संक्रमणीय मतको आधारमा निर्वाचित हुने कम्तिमा ३ जना महिला सहित ३५ जना सदस्य हुनु पर्ने व्यवस्था गरिएको। वि.सं.२०६२/६३ को जनआन्दोलन पछिको नेपालको अन्तरिम संविधान २०६३ मा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व संसदमा हुनु पर्ने व्यवस्था गरिएको र नेपालको संविधान,२०७२ मा महिला सहभागिताको लागि महत्वपूर्ण व्यवस्था भएको छ। यी सबै प्रयासहरूलाई महिला आन्दोलनको उपलब्धिको रूपमा लिन सकिन्छ। अझै पनि नेपालको संविधान लगायत कानूनमा भएका व्यवस्थाहरूको पूर्ण कार्यान्वयनको लागि निरन्तर दवाव, खबरदारीको लागि पनि महिला आन्दोलनलाई अझै सशक्त बनाउनुको साथै यसको निरन्तरता पनि जरूरी देखिएको छ।

**२. महिला अधिकार सहित सहभागिताको विषय कानूनमा नै स्पष्टरूपमा व्यवस्था गर्नु पर्ने**

वि.सं.२०१० को काठमाडौं नगरपालिकाको निर्वाचनमा महिला उम्मेद्वार भई निर्वाचित भएका र यसपछि विभिन्न समयमा भएका स्थानीय निर्वाचनमा पनि महिलाहरूले उम्मेद्ववारी दर्ता गरी निर्वाचनमा सहभागी भएको देखिन्छ। तर कानूनमा नै महिलाको सहभागिता सम्बन्धी स्पष्ट व्यवस्था गरिदा महिलाको सहभागिता देख्न सकिने गरी वृद्धि भएको छ। वि.सं.२०५३ सालमा जारी भएको अध्यायादेशबाट गाउँ विकास समिति गठन प्रक्रियामा परिवर्तन भई प्रत्येक वडामा एक जना वडाध्यक्ष र एक जना महिला सदस्य पर्ने गरी चार जना वडा सदस्य रहने व्यवस्था गरिए वमोजिम वि.सं. २०५४ सालमा भएको स्थानीय निर्वाचनमा महिलाको सहभागिता २० प्रतिशत पुगेको थियो। त्यसैगरी स्थानीय निर्वाचन ऐन,२०७३ को दफा १७ बमोजिम दलहरूले उम्मेद्वारको मनोनयन दर्ता गर्दा प्रमुख वा उपप्रमुख, अध्यक्ष वा उपाध्यक्ष, जिल्ला समन्वय समितिको प्रमुख वा उपप्रमुख मध्ये पचास प्रतिशत महिला उम्मेद्वार रहने गरी मनोनयन पत्र पेश गर्नु पर्ने व्यवस्था गरेको छ।

त्यसैगरी गाउँपालिका वा नगरपालिको वडा समितिमा १ जना दलित महिला सहित दुई महिला वडा सदस्य र दुई वडा सदस्यको निर्वाचन गर्नु पर्ने व्यवस्था गरिएको, जिल्ला समन्वय समितिको लागि एक जना प्रमुख, एक जना उपप्रमुख कम्तीमा तीनजना महिला र कम्तीमा एकजना दलित वा अल्पसंख्यक समुदायका व्यक्तिलाई निर्वाचित गर्नु पर्ने व्यवस्था गरिएको छ। यस किसिमले ऐनमा नै स्पष्टरूपमा गरिएको अनिवार्य व्यवस्थाले पछिल्लो दुई वटा स्थानीय निर्वाचनमा महिलाको सहभागिता करिव ४१ प्रतिशत पुगेको छ।

**४. स्थानीय तहको निर्वाचन २०७९ मा प्रमुख उपप्रमुख पदमा महिला उम्मेद्वार मनोनयनमा कमी देखिएको**

स्थानीय निर्वाचन ऐन, २०७३ मा मनोनयन पत्र पेश गर्दा राजनीतिक दलले स्थानीय तहको प्रमुख/उपप्रमुख वा अध्यक्ष/उपाध्यक्ष मध्ये पचास प्रतिशत महिला उम्मेद्वार रहने गरी मनोनयन पत्र पेश गर्नु पर्ने व्यवस्था गरेको तर एकजना मात्र उम्मेद्ववारी दिएमा उल्लिखित प्रावधान लागु नहुने गरी प्रतिवन्धात्मक व्यवस्था गरेको छ। तर उक्त ऐनमा दलको गठवन्धन वा पार्टी एकीकरण वा कुनै दलले एउटा मात्र पदमा उम्मेद्वारी दिंदाको अवस्थालाई परिकल्पना गरेन। यस सम्वन्धमा निर्वाचन आयोगवाट मिति २०७८/१२/१६ गते नेपालको संविधान, राजनीतिक दल सम्बन्धी ऐन, २०७३, स्थानीय निर्वाचन ऐन, २०७३, निर्वाचन आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७६/७७-२०८०/८१) र निर्वाचन व्यवस्थापनमा लैंगिक तथा समावेशी नीति, २०७७ मा भएको व्यवस्था बमोजिम स्थानीय तह २०७९ को निर्वाचनको व्यवस्थापन र सञ्चालनलाई लैंगिक तथा समावेशी बनाई महिला तथा समावेशी समूहका व्यक्तिहरूलाई निर्वाचन प्रक्रियामा बढी भन्दा बढी सहभागिता तथा प्रतिनिधित्व गराउन राजनैतिक दलहरूलाई १७ वटा बुँदामा निर्देशन दिएको थियो । यो निर्देशनवाट यस पटकको निर्वाचनमा महिलाको सम्मानजनक सहभागिता हुन सक्ने अपेक्षा पनि गरिएको थियो। मुख्यतः उक्त निर्देशनको बुँदा नं. ६ मा उल्लेखित "स्थानीय तहको

प्रमुख र उपप्रमुख वा अध्यक्ष र उपाध्यक्षको पदमध्ये कुनै एक पदमा मात्र उम्मेद्वारी दिने राजनैतिक दलले महिलाको मनोनयनको व्यवस्था गर्ने" भन्ने निर्देशनलाई निर्वाचन आयोगको मिति २०७८/१२/१९ को प्रेस विज्ञप्ति मार्फत सच्याएर 'स्थानीय तहको प्रमुख र उपप्रमुख वा अध्यक्ष र उपाध्यक्षको पदमध्ये कुनै एक पदमा मात्र उम्मेद्वारी दिने राजनैतिक दलले महिलालाई उम्मेद्वार मनोनयनमा प्राथमिकता दिने' भन्ने निर्देशन जारी गर्‍यो । यसरी कानूनमा स्पष्टरूपमा उल्लेख नभएको विषयमा कानूनी छिद्र र प्रतिवन्धात्मक व्यवस्थालाई टेकेर राजनैतिक दलले स्वविवेक प्रयोग गरी गठवन्धन तथा पार्टी एकीकरणको नाममा कतिपय पदमा महिलाको उम्मेद्वारी नै पेश गरेनन् साथै एक जनाको मात्र मनोनयन दर्ता गर्दा पुरुषको मात्र मनोनयन दर्ता गरे। यसरी सानो कानूनी छिद्रको प्रयोग गर्दै फरक - फरक राजनीतिक दलहरूले गरेको मनोनयनको नतिजा जिल्ला समन्वय समितिको निर्वाचन, २०७४ मा स्पष्ट देख्न सकिन्छ। जम्मा ७७ जिल्ला मध्ये २८ वटा जिल्ला समन्वय समितिको प्रमुख तथा उपप्रमुख दुवै पदमा पुरुषहरू निर्वाचित भएका थिए। साथै २०७९ को स्थानीय तहको निर्वाचनमा प्रमुख र उपप्रमुख वा अध्यक्ष र उपाध्यक्षको पदमा महिलाको मनोनयन दर्ता नै कम भयो। फलस्वरूप उपप्रमुख वा उपाध्यक्षमा निर्वाचित हुने महिलाको संख्या स्थानीय तहको २०७४ को तुलनामा निकै कम रहेको छ।

### ४. राजनीतिक दलहरूमा कानून परिपालनामा इमान्दारिता नदेखिएको

स्थानीय निर्वाचन ऐन, २०७३ तथा सो समेतका आधारमा निर्वाचन आयोगले दिएको निर्देशन बमोजिम राजनीतिक दलले स्थानीय तहको प्रमुख र उपप्रमुख वा अध्यक्ष र उपाध्यक्षको पदमा मनोनयन गर्दा महिलालाई प्राथमिकता दिएनन्। मनोनयन गर्दा नै महिलाको संख्या कमी हुँदा यसले समग्रमा महिलाको संख्या घट्ने सम्भावना प्रति दलहरू सचेत र सम्वेदनशील देखिएनन् । यसले गर्दा दलहरू आफ्नो राजनैतिक घोषणापत्र र राजनैतिक दलसम्बन्धी ऐन कार्यान्वयनप्रति इमान्दार देखिएको पाइएन। महिलाको सहभागिता तथा प्रतिनिधित्व भए पनि ठिकै नभएपनि ठिकै भन्ने रूपमा लिएको जस्तो देखिएको छ । कतिपय राजनीतिक दलहरूले वि.सं. २०७४ को स्थानीय तहको निर्वाचनमा विजयी भई पाँच वर्षको नेतृत्व सफलतापूर्वक सम्पन्न गरेका महिलालाई वि.सं. २०७९ स्थानीय तहको निर्वाचनमा मनोनयन नै गरेनन् । यसको कारण कतिपय स्थानीय तहले सक्षम र अनुभवी महिला नेतृत्वकर्ता गुमाउन पुगे भने त्यस्ता ठाउँमा मनोनयन गरेका महिला उम्मेद्वार निर्वाचनमा पराजित हुन पुगे। यसरी दोहोरो किसिमबाट महिलाहरू नेतृत्वमा पुग्नबाट बञ्चित हुन पुगेको देखियो।

### ५. प्रमुख पद लगायत अन्य पदमा महिलाको सहभागितामा क्रमशः वृद्धि भएको तर उपप्रमुख र उपाध्यक्ष पदमा महिलाको सहभागिता घटेको

स्थानीय तहको निर्वाचन, २०७९ ले नेतृत्व तथा नीति निर्माण तहमा महिलाको सहभागिता विगतको तुलनामा वढोत्तरी भएको देखाएको छ। यस निर्वाचनमा प्रमुख तथा अध्यक्ष पदमा २५ जना महिला निर्वाचित भएका छन् । यो केवल ३.३४ प्रतिशत हो तर अघिल्लो निर्वाचनमा यो प्रतिनिधित्व करिब एक प्रतिशत मात्र थियो। उपप्रमुख तथा उपाध्यक्षको पदमा महिला संख्या ५६७ पुगेको छ, जुन ७५.३ प्रतिशत हो। यो पदमा अघिल्लो निर्वाचनमा महिलाको सहभागिता ७०० थियो जुन ९२.९६ प्रतिशत थियो। स्थानीय निर्वाचन, २०५४ मा भएको व्यवस्थाले वडा समितिमा महिलाको सहभागिता २० प्रतिशत रहेको थियो भने स्थानीय निर्वाचन ऐन, २०७३ मा भएको व्यवस्थाले वडा समितिमा एक जना महिला वडा सदस्य र एक जना दलित महिला अनिवार्य हुनु पर्ने व्यवस्थाले गर्दा वडा समितिमा महिलाको संख्या चालीस प्रतिशत नाघेको छ ।२०७९ को निर्वाचनमा कूल महिला सहभागिता ४१.२३ प्रतिशत पुगेको छ ।

### ६. आम नागरिकले प्रमुख तथा उपप्रमुख दुवै पदमा पुरुषलाई नरुचाएको देखियो

वि.सं. २०७९ को निर्वाचनमा गठवन्धनले महिला उपप्रमुखको मनोनयन नगरेपनि कतिपय स्थानीय तहमा जनताले अर्कै दलले उठाएका महिला उम्मेद्वारलाई मतदान गरी जिताएको पनि पाइएको छ । यस किसिमको नतिजाले आमजनताले दुवै पदमा पुरुषलाई विजयी होउन भन्ने चाहना पनि नराखेको देखिन्छ ।

### ७. केही प्रदेशका पालिकाको प्रमुख वा अध्यक्ष पदमा महिला नेतृत्व शुन्य रहेको

स्थानीय तहको निर्वाचन, २०७९ को निर्वाचन परिणामले मधेश प्रदेशको गाउँपालिकाको अध्यक्ष पदमा, गण्डकी प्रदेशको नगरपालिकाको प्रमुख पदमा र सुदुरपश्चिमाञ्चल प्रदेशको गाउँपालिकाको अध्यक्ष पदमा महिला नेतृत्व शुन्य नेखिएको छ । यस परिणामले नेपालको संविधान प्रदत्त महिलाको हक - राज्य संयन्त्र तथा नीति निर्माण तहमा महिलाको समानुपातिक सहभागिता हुनुपर्ने व्यवस्थाको कार्यान्वयनमा सरकार र प्रमुख राजनीतिक दललाई चुनौति दिएको छ ।

### ८. महिला सशक्तीकरण तथा क्षमता विकासका थप क्रियाकलाप आवश्यक देखिएको

वि. सं. २०७४ को निर्वाचनमा उपप्रमुख पदमा महिलाको सहभागिता करिव ९३ प्रतिशत थियो । पाँच बर्षको अनुभवसहित राजनैतिक सशक्तीकरणको माध्यमवाट यसपटकको निर्वाचनमा धेरै महिलाहरू प्रमुख नेतृत्व पदमा निर्वाचित हुने आशा गरिएको थियो । तर सोही पदमा पुनः मनोनयन भएका महिलाले पनि निर्वाचनमा सफलता हासिल गर्न सकेनन् भने कतिपय माथिल्लो पदमा टिकट प्राप्त गरेका महिला विजयी हुन सकेनन् । त्यसैले यस पटकको निर्वाचनको परिणामले महिला सशक्तीकरण तथा क्षमता विकासको लागि थप प्रयास तथा योजनावद्ध कार्यक्रम आवश्यक देखिएको छ । यसको लागि मुख्यतः तीनवटा रणनीति रहनुपर्ने विज्ञहरूको राय रहेको छ। एक, राजनीतिक दलको नीति र विधिमा महिला सहभागिताको आवश्यकताको अनुभूति र त्यसको कार्षान्वयनको लागि प्रतिवद्ध नेतृत्व, मुख्य कारणहरूमा पितृसत्तामा आधारित शासन प्रणाली, सम्पत्तिमा महिलाको न्यून पहुँच। दुई, पार्टि सदस्य विस्तार, कार्यकर्ता निर्माण र नेतृत्व विकासको व्यवहारिक योजना निर्माण र कार्यान्वयन। तीन, वैधानिकरूपमा महिला सहभागिताको कोटा निर्धारण एवम् प्रणालीगत रूपमा सोंच र व्यवहार रूपान्तरणको गतिविधि सञ्चालन। यी रणनीतिको कार्यान्वयनवाट महिलालाई स्थानीयतहदेखि नै महिलाको सहभागिता बलियो बनाउन सकिन्छ ।

अन्त्यमा, नेपालको संविधान वमोजिम नेपालमा प्रत्येक पाँच बर्षमा आवधिक निर्वाचन हुने व्यवस्था छ। अबको स्थानीय तहको निर्वाचन पाँच बर्षपछि वि.सं. २०८४ सालमा हुनेछ । उक्त निर्वाचनमा नेपालको संविधानका साथै नेपालले महिला सहभागिताको लागि अन्तर्राष्ट्रिय स्तरमा गरेको प्रतिवद्दता बमोजिमको महिला सहभागिता सुनिश्चित गर्न निर्वाचन सम्बन्धी कानूनमा देखिएका अस्पष्टताहरूलाई कानून संशोधन गरी महिला सहभागितासम्बन्धी प्रावधानलाई स्पष्ट बनाउने र अझै केही वर्षसम्मको लागि महिला कोटा कानूनमा नै स्पष्टरूपमा उल्लेख गर्नु पर्दछ। राजनीतिक दलहरूले आफ्नो विधान तथा घोषणापत्रमा संविधान तथा कानूनमा उल्लेख भए बमोजिम नै महिला सहभागिता गराउने विधि सबैभन्दा तल्लो तहदेखि नै अनिवार्यरूपमा अवलम्बन गर्नु पर्दछ। महिला सहभागिता बढाउने सन्दर्भमा निर्वाचन आयोगको भूमिका झनै महत्वपूर्ण हुन्छ। तसर्थ निर्वाचन आयोगले नेपालको संविधान र महिला हक अधिकार सम्बन्धी नेपालको अन्तर्राष्ट्रिय प्रतिवद्धताको आधारमा महत्वपूर्ण निर्णय गरी महिलाको सहभागिता अभिवृद्धिमा सहयोग पुर्याउन सक्दछ। साथै राजनीतिक दलहरूको घोषणापत्र लगायत निर्वाचन कानून कार्यान्वयनको अनुगमनमा पनि आयोगले मजवुत दृष्टि राख्नुपर्ने हुन्छ। यसको अतिरिक्त महिलाको राजनैतिक लगायत नीति निर्माणमा सहभागिताको बाधकको रूपमा देखिएको पितृसत्ताको अन्त्य, महिलाको लैंगिक भूमिकाको रूपान्तरण, महिला उपर हुने विभिन्न किसिमका हिंसाको

अन्त्य, स्थानीयस्तर देखिनै महिलाको नेतृत्व विकास र नेतृत्वको अवसर सिर्जना गर्न क्षमता विकास केन्द्रित जनचेतना तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने र मुख्यरूपमा महिलाको शिक्षा, स्वास्थ्यको स्तर अभिवृद्धि गरी सशक्तीकरणको सूचक वृद्धि गर्न सकेमा स्थानीय तहदेखि नै सबै तह र क्षेत्रमा महिलाको सहभागिता क्रमिक रूपमा सुधार हुन्छ र सहभागिता गुणस्तरीय हुनुको साथै अर्थपूर्ण हुनसक्छ ।

OOO

## सन्दर्भ सामग्री


१. नेपालको संविधान, २०७२

२. निर्वाचन आयोग (२०७३), नेपालको निर्वाचन इतिहास, निर्वाचन आयोग, कान्तिपथ, काठमाडौं ।

३. निर्वाचन आयोग (२०७३), निर्वाचनमा लैंगिक तथा सामाजिक समावेशीकरण २०७४, निर्वाचन आयोग, कान्तिपथ काठमाडौं ।

४. पाण्डे, बिन्दा (२०७६), समानताका पाइलाहरू राजनीतिक आन्दोलनको महिलावादी विश्लेषण, फाइन प्रिन्ट बुक्स काठमाडौं ।

५. निर्वाचन आयोगका दस्तावेजहरू

# नेपालमा बालअधिकार संरक्षण: सन्दर्भ र सवाल

उमेश ढुङ्गाना*

## विषय प्रवेश

बालबालिकाले आफ्नो शारीरिक, बौद्धिक, सामाजिक तथा नैतिक विकासका लागि उपभोग गर्न पाउने विभिन्न हक र अधिकारलाई बाल अधिकार भनिन्छ ।जुन बालबालिकाको नैसर्गिक तथा जन्मसिद्ध अधिकार पनि हो । हिंसा, शोषण, दुर्व्यवहार र उपेक्षाबाट सुरक्षित हुनु सम्पूर्ण बालबालिकाको अधिकार हो । बाल अधिकारलाई चार समूहमा राखेर विश्लेषण गर्ने गरिन्छ ।

(१) बाँच्न पाउने अधिकारअन्तर्गत बालबालिकाको स्याहारसुसार, पौष्टिक आहार, आवास, खोप, प्राथमिक उपचारलगायतका कुराहरू पर्दछन् ।

(२) संरक्षण पाउने अधिकारअन्तर्गत बालबालिकालाई भेदभाव, सबै प्रकारका हिंसा, शोषण, दुर्व्यवहार, दुर्व्यसन, बेचबिखन, बलात्कारलगायतका कुराहरूबाट संरक्षण गर्नु पर्दछन् ।

(३) विकास गर्न पाउने अधिकारअन्तर्गत बालबालिकाको शिक्षा, खेलकूद, मनोरञ्जन, माया...ममतालगायतका कुराहरू पर्दछन् ।

(४) सहभागी हुन पाउने अधिकारअन्तर्गत विभिन्न सामाजिक, सांस्कृतिक, रचनात्मक, सिर्जनशील क्रियाकलापहरूमा सहभागिताका कुराहरू पर्दछन् ।

नेपालमा बालबालिका (१८ वर्ष मुनिको) जनसङ्ख्याको हिस्सा ४१.८२% छ। संवैधानिकरूपमा बालअधिकारको प्रत्याभूति गरेअनुसार नेपालले ३० भन्दा बढी कानुनद्वारा बालबालिकाको हक संरक्षण गरेको छ ।

नेपालले बालबालिकाको खोप, नवजात शिशुको बचावट, मातृ स्वास्थ्य, प्राथमिक विद्यालय शिक्षामा करिब ९७% नेट भर्नामा उल्लेख्य वृद्धिसँगै उल्लेखनीय प्रगति गरेको छ। नेपालले सन् २०१२ मा अनुमानित १६ लाख बालश्रमको सङ्ख्या एक तिहाइले घटाउन सफल भएको छ। बालविवाह र बालविवाहका घटना अनुपातमा उल्लेख्य कमी आएको छ । बाल हेल्पलाइन (१०९८), बेपत्ता बालबालिका खोजतलास सेवा (१०४), अस्थायी सुरक्षा सुविधा, सुधारिएको न्याय सम्पादन प्रणालीको विकास र बाझिएका कानुनहरूको संशोधन गरी बालबालिकाको संरक्षणलगायत बाल सुरक्षा सेवाहरू विस्तार गरेको छ। जोखिममा रहेका अधिकतम बालबालिकालाई समेट्न बालबालिकालक्षित सामाजिक सुरक्षा योजनाहरू विस्तार गरिएको छ ।

नेपालले संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धि, १९८९ र महासन्धिअन्तर्गतका दुईवटा ऐच्छिक प्रलेखहरू सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगविरुद्ध बालअधिकारसम्बन्धी महासन्धिको ऐच्छिक प्रलेख, २००० तथा

*नेपाल सरकारका सहसचिव हुनुहुन्छ।*

बालबालिकाको बेचबिखन, बालबेश्यावृत्ति र अश्लिल चित्रणविरुद्ध बालअधिकारसम्बन्धी महासन्धिको ऐच्छिक प्रलेख, २००० अनुमोदन गरी नेपाल सरकार बालबालिकाका अधिकार प्रत्याभूतिको सबालमा प्रतिबद्ध रहेको सन्देश अन्तर्राष्ट्रिय समुदायलाई दिएको छ ।

नेपालको संविधान (२०७२) ले बालअधिकारलाई मौलिक हककारूपमा प्रत्याभूति गरेको छ र बालबालिकाको सर्वोत्कृष्ट हितलाई राज्यको नीतिकारूपमा मान्यता दिएको छ । त्यसैगरी कुनै पनि बालबालिकालाई कुनै पनि सशस्त्र बल वा समूहमा भर्ती गर्न निषेध गरेको छ र त्यसलाई दण्डनीय कार्यकारूपमा मान्यता दिएको छ। मुलुकी देवानी संहिता, २०७४, बालबालिकासम्बन्धी ऐन, २०७५ ले बालबालिकाका अधिकार तथा बालन्यायका सम्बन्धमा थुप्रै व्यवस्थाहरू गरेको छ । बालबालिकासम्बन्धी ऐन, २०७५ को कार्यान्वयन गर्नेगरी सर्वोच्च अदालतबाट बालन्याय सम्पादन कार्यविधि नियमावली, २०७६ जारी भइसकेको छ भने नेपाल सरकारबाट बालबालिकासम्बन्धी नियमावली जारी हुन बाँकी रहेको छ ।

नेपालले संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धि, १९८९ अन्तर्गतको सञ्चार प्रक्रियासम्बन्धी तेस्रो ऐच्छिक प्रलेख, २००० अनुमोदन गर्न बाँकी छ । महासन्धिको समितिको समापन टप्पणीमा उठाइएका विषयहरू हुन् वा देशभित्रका बालबालिकाको क्षेत्रमा क्रियाशील राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था वा विद्वत् वर्गबाट उठाइएका विषयहरू हुन् बालअधिकार तथा बालन्यायको प्रत्याभूतिका लागि सरकारले गर्नुपर्ने अझै थुप्रै नीतिगत तथा कार्यक्रमिक कामहरू बाँकी देखिन्छन् ।

## बाल अधिकार संरक्षणसँग सम्बन्धित प्रमुख राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरू

नेपालले संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धि, १९८९ लाई अनुमोदन गरी बालअधिकार संरक्षणको लागि प्रतिबद्धता जनाएअनुरूप नेपालको संविधान, मुलुकी संहिता तथा बालबालिकासम्बन्धी विशेष कानुनहरू तर्जुमा गरी कार्यान्वयन गर्दै आइरहेको देखिन्छ ।बाल अधिकार संरक्षणसम्बन्धी प्रमुख राष्ट्रिय नीतिगत दस्तावेजहरू देहायअनुसार छन्-

- नेपालको संविधान (२०७२);
- मुलुकी देवानी संहिता, २०७४;
- बालबालिकासम्बन्धी ऐन, २०७५;
- बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६;
- बालबालिकासम्बन्धी राष्ट्रिय नीति,२०६९;
- बालबालिकासम्बन्धी नियमावली,२०५१;
- बालन्याय सम्पादन कार्यविधि नियमावली, २०७६;
- बालश्रम (निषेध र नियमित गर्ने) नियमावली, २०६२;
- आपतकालीन बाल उद्धार कोष (सञ्चालन) नियमावली, २०६७ ;
- बालबालिकासम्बन्धी १० बर्षे रणनीति परिमार्जनको मस्यौदा;
- प्रारम्भिक बालविकाससम्बन्धी १० बर्षे राष्ट्रिय रणनीति (वि.सं.२०७७–८८);
- बालविवाह विरुद्धको रणनीति, २०७२;
- बालसुधार गृह सञ्चालन निर्देशिका, २०५७;
- बाल संरक्षण आर्थिक राहत सहयोग कार्यविधि, २०७६;

- बाल हेल्प लाइन १०९८ सञ्चालन कार्यविधि, २०७६;
- बालबालिका खोजतलास १०४ सञ्चालन कार्यविधि, २०७६;
- सडक बालबालिकाको व्यवस्थापन खर्च कार्यविधि, २०७५;
- अपाङ्गता भएका बालबालिकाको संरक्षणको लागि स्थापना भएका बालगृहलाई अनुदान उपलब्ध गराउनेसम्बन्धी कार्यविधि, २०७७;
- बाल गृह सञ्चालन नमुना कार्यविधि, २०७५;
- बाल उद्यान तथा मनोरञ्जनस्थल निर्माण तथा सञ्चालन नमुना मापदण्ड, २०७८;
- आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९;
- दिवा शिशु स्याहार केन्द्र सञ्चालन कार्यविधि, २०७१;
- अनलाइन बाल सुरक्षा कार्यविधि,२०७८;
- सिर्जनशील बाल प्रतिभा प्रोत्साहन कार्यविधि, २०७७ र
- संयुक्त राष्ट्रसंघको बाल अधिकार समितिमा नेपालको आवधिक प्रतिवेदनहरू ।

बाल अधिकार संरक्षणसम्बन्धी प्रमुख अन्तर्राष्ट्रिय नीतिगत दस्ताबेजहरू देहायअनुसार छन्-

- वेश्यावृत्तिको लागि महिला तथा बालबालिकाको जिउ मास्नेबेच्ने काम रोकथाम गर्ने र सो विरुद्ध संघर्ष गर्नेसम्बन्धी सार्क महासन्धि, २००२;
- दक्षिण एसियामा बालकल्याण प्रबर्धनका लागि क्षेत्रीय व्यवस्थासम्बन्धी सार्क महासन्धि, २००२;
- संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९;
- सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगविरुद्ध बालअधिकारसम्बन्धी महासन्धिको ऐच्छिक प्रलेख, २०००;
- बालबालिकाको बेचबिखन, बालवेश्यावृत्ति र अश्लिल चित्रणविरुद्ध बालअधिकारसम्बन्धी महासन्धिको ऐच्छिक प्रलेख, २०००;
- बालबालिका स्वयंले आफूविरुद्ध भएको क्रियाकलापको गुनासो सञ्चार गर्न पाउने बालअधिकारसम्बन्धी महासन्धिको ऐच्छिक प्रलेख, २०००;
- बालश्रमका निकृष्ट स्वरूपसम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि, १९९९ र
- बालबालिका रोजगारीमा संलग्न हुन पाउने न्यूनतम उमेरसम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि, १९७३ ।

**बाल अधिकार संरक्षणका कार्यक्रमहरू कार्यान्वयनसँग सम्बन्धित प्रमुख स्थापित संरचनाहरू**

नेपाल सरकार कार्यविभाजन नियमावली, २०७६ अनुसार बालअधिकार र संरक्षणका विषय कार्यान्वयनमा मूलतः सात वटा मन्त्रालयहरू- (१) महिला बालबालिका तथा ज्येष्ठ नागरिक, (२) शिक्षा विज्ञान तथा प्रविधि, (३) स्वास्थ्य तथा जनसङ्ख्या, (४) श्रम रोजगार तथा सामाजिक सुरक्षा, (५) सङ्घीय मामिला तथा सामान्य प्रशासन, (६) गृह र (७) सञ्चार तथा सूचना प्रविधि मन्त्रालय क्रियाशील हुनुपर्ने देखिन्छ । यी मध्ये पनि विशेषगरी बाल बचाउमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय; बाल विकासमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय; बाल

संरक्षणमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय तथा बाल सहभागितामा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको अहम् भूमिका रहनुपर्ने देखिन्छ ।

- सङ्घीय सरकारका निकायहरूमा
  - ✓ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय;
  - ✓ शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय;,
  - ✓ स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय;
  - ✓ श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय;
  - ✓ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय;
  - ✓ गृह मन्त्रालय र
  - ✓ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय ।
  - ✓ राष्ट्रिय बाल अधिकार परिषद्;
  - ✓ केन्द्रीय बाल न्याय समिति;
- प्रदेश सरकारका निकायहरूमा
  - ✓ बालबालिकाको विषय हेर्ने मन्त्रालय र
  - ✓ प्रदेश बालकल्याण समिति ।
- स्थानीय तहका निकायहरूमा
  - ✓ पालिकाको सम्बन्धित शाखा वा इकाइ र
  - ✓ स्थानीय बालकल्याण समिति ।

**बाल अधिकार संरक्षणसँग सम्बन्धित विद्यमान चुनौती तथा प्रमुख सबालहरू**

हिंसा, शोषण, दुर्व्यवहार र उपेक्षाबाट सुरक्षित हुनु सम्पूर्ण बालबालिकाको अधिकार हो। तथापि, सबै प्रकारका आर्थिक-सामाजिक पृष्ठभूमि, उमेर समूह, धर्म तथा संस्कृतिका कैयन बालबालिका हिंसा, शोषण र दुर्व्यवहारबाट पीडित छन्। बालविवाह, बाल श्रम, बेचबिखन, महिला र बालिका विरुद्धको हिंसा, बालबालिकालाई अनावश्यक रूपमा अनाथालय वा सुधार गृहमा राखिनु, बालमैत्री तथा लैङ्गिक संवेदनशील न्याय सेवामा अपुरो पहुँच जस्ता बाल संरक्षणसँग सम्बन्धित मुद्दाहरू नेपालमा विद्यमान रहेको देखिन्छ ।

- **बाल विवाह :** बालविवाहमा हुने सङ्ख्यामा गिरावट आए पनि बालिकाहरूलाई उचित स्थान नदिने खालका सामाजिक रीतिरिवाजहरू, र बलियो पितृसत्तात्मक समाजका कारण बालविवाहको गिरावट दरलाई बढाउन र दिगो राख्न ठुलो चुनौती छ। बालिका बधुहरूले विद्यालय छोड्नुपर्ने, समयअगावै गर्भवती हुनुपर्ने, दाइजोजस्ता समस्याहरूका कारण घरेलु हिंसा र दुर्व्यवहारको सिकार हुनुपर्ने अवस्था विद्यमान देखिन्छ ।
- **बाल श्रम:** बाल श्रम तुलनात्मक हिसावमा घटेको छैन। आज पनि इँटाभट्टा, कारखाना, मनोरञ्जनको क्षेत्र, घरेलु कामलगायतमा बालबालिका जोखिमयुक्त श्रममा क्रियाशील भएको पाइन्छ ।
- **बालगृह:** बाल-गृहहरूमा राम्रो हेरचाह हुन्छ र उचित शिक्षाको अवसर पाइन्छ भन्ने जस्ता गलत

बुझाइ हुनु जस्ता कारणले तथा वैकल्पिक स्याहार आवश्यकताका कारणले बालबालिकाहरू बालगृहमा आइपुग्दछन्। नेपाल सरकारको स्वामित्व वा व्यवस्थापनमा हाल कुनै पनि बालगृहहरू छैनन् । राष्ट्रिय निर्देशक ऐन, २०१८ अनुसार स्थापना भएको नेपाल बाल संगठनको व्यवस्थापनमा रहने गरी केही बाल मन्दिरहरू सञ्चालनमा रहेका छन् भने निजी क्षेत्रको स्वामित्वमा विभिन्न कानुनबमोजिम दर्ता भई वा नभई सञ्चालनमा रहेका करिव ४५० भन्दा बढी बाल गृहहरू सञ्चालनमा रहेका छन् ।वैकल्पिक हेरचाहका अन्य व्यवस्था हुन नसकेमा र अति आवश्यक भएका अवस्थामा मात्र मापदण्ड पूरा गरेका बालगृहमा बालबालिकाको सर्वोत्तम हित कायम हुनेगरी बालबालिका राख्न दिनेगरी निःसंस्थाकरणको नीति लिइएको भए पनि सोअनुरूप संस्था घटाउन सकिएको देखिँदैन ।

संस्था दर्ता ऐन, २०३४ अनुसार दर्ता भई समाजकल्याण परिषद्सँग आबद्धता र राष्ट्रिय बाल अधिकार परिषद्सँग सञ्चालन अनुमति र नियमित नवीकरण हुनुपर्ने बाल गृहहरू कंपनी ऐनअनुसार समेत दर्ता भई सञ्चालनमा रहेका देखिन्छन् ।मानव सेवा र संवेगसँग प्रत्यक्ष जोडिएका यस्ता संस्थाका कतिपय सञ्चालकहरूले अनुचित लाभ लिने पेशाको रूपमा समेत लिने गरेको पाइन्छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले बालगृह सञ्चालन तथा व्यवस्थापनको मापदण्ड त स्वीकृत गरेको छ तर अनुगमनका क्रममा कुनै बालगृह स्वीकृत मापदण्डअनुकूल नभएमा नवीकरण नगर्ने वा दर्ता खारेजी गर्ने विषयमा कानुनको अभाव छ ।अर्कोतिर नेपाल बाल संगठन आफूलाई मन्त्रालयभन्दा भिन्न स्वायत्त रहेको भन्दै आफूमातहतका बाल मन्दिरहरू सञ्चालनका लागि समाजकल्याण परिषद्सँग आबद्धता र राष्ट्रिय बाल अधिकार परिषद्सँग सञ्चालन अनुमति लिन, नवीकरण गर्न तथा नेपाल सरकारका सम्बन्धित निकायहरूलाई अनुगमन गर्न दिन तयार देखिँदैन ।

- **न्यायमा बालबालिकाको सीमित पहुँच तथा कमजोर बाल न्याय सम्पादन:** न्यायमा बालबालिकाको पहुँच सीमित छ। कानुनीरूपमा समस्यामा परेका, पीडित तथा घटनाका साक्षी बालबालिकाहरूका लागि सामाजिक सेवाहरूमा पहुँच र सिफारिस सेवा सीमित छ। विद्यमान प्रक्रियाका सबै खण्डहरू बालबालिकाप्रति संवेदनशील छैनन्। बालबालिका पीडित तथा साक्षी भएका अवस्थासहित बालबालिकासँग सरोकार राख्ने सबै मुद्दाहरू बाल इजलासमा हेर्ने गरेको पाइँदैन। कानुनको बिजाइँमा परेका बालबालिकाहरूलाई बाल न्याय सम्पादन गर्दा अन्तर्राष्ट्रिय बाल अधिकार महासन्धि र अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूले प्रत्याभूति गरेका आधारभूत मान्यताहरूको परिपालना हुनुपर्ने हुन्छ । हाम्रो सबालमा त्यस्तो कानुनको बिजाइँमा परेका बालबालिकाहरूलाई निजले गरेका कसुरको मात्रा र प्रकृतिअनुसार देशान्तर गरी न्यूनतम बालबालिकाहरूलाई मात्र अदालती प्रक्रियामा लैजानुपर्ने, पुर्पक्षको अवधि अत्यन्तै न्यून हुनुपर्ने तथा सङ्क्षिप्त कार्यविधिअनुसार तोकिएको म्यादभित्र मुद्दा टुङ्ग्याउनुपर्नेमा सो हुन सकेको देखिँदैन ।देशान्तरको भूमिकामा रहनुपर्ने प्रोवेसन अधिकारीको नियुक्ति हुन नसक्नु, छुट्टै बाल अदालत स्थापना हुन नसक्नु, छुट्टै निगरानी कक्ष स्थापना गर्न नसकिनु, मुद्दाका फैसला समयमा हुन नसक्नु आदि कारणहरूले एकातिर बालसुधार गृहमा बालबालिकाहरूको चाप बढेको छ भने अर्कोतिर बालबालिकामा नकारात्मक मनोवैज्ञानिक असरसमेत परेको छ ।
- **कानुनी विवादमा परेका बालबालिकाको आश्रय व्यवस्थापन :** कानुनी समस्यामा परेका बालबालिकाको हकमा कानुनी प्रावधानहरू र वैकल्पिक तथा कारावासको बिकल्पसहितको सजायको प्रावधान आदिको व्यवस्थापन भइसकेको छैन । पुनर्स्थापना केन्द्रित सेवा एकदमै सीमित छ।नेपालमा हाल आठवटा बालसुधार गृहहरू सञ्चालनमा रहेकोमा तीनको भौतिक संरचना तथा

क्षेत्रफल मापदण्डको तुलनामा अत्यन्त नाजुक रहेको छ । बालअधिकारका सबालहरू त कुरै छोडौं न्यूनतम आधारभूत मापदण्डसमेत पुर्याउन समस्या भएको देखिन्छ ।तनहुँको आबुँखैरेनीमा करिव २७ रोपनी क्षेत्रफलमा बन्दै गरेको बालसुधार गृह पनि लागत स्टमेटको तुलनामा विनियोजन अत्यन्तै न्यून भएकोले छिट्टै सम्पन्न नहुने अनुमान लगाउन गाह्रो पर्दैन । सञ्चालनमा रहेकामध्ये चारवटामा मन्त्रालयले सालबसाली अस्थायी दरबन्दी सिर्जना गरेर सञ्चालन गर्दैआएको छ भने बाँकी चार वटाको सञ्चालन पनि मन्त्रालयले नै गर्नेगरी दरबन्दी स्वीकृत भए पनि अझै गैरसरकारी संस्थामार्फत नै सञ्चालन भइरहेका छन् ।यी गृहहरूको जनशक्ति व्यवस्थापन महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट, रासन सिदा गृह मन्त्रालयबाट, स्वास्थ्य सेवा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको समन्वयमा, र पठन पाठन सेवा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको समन्वयमा हुने गरेबाट बालसुधार गृह प्रमुखले व्यवस्थापन गर्दा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, कारागार व्यवस्थापन विभाग, अदालत, प्रमुख जिल्ला अधिकारी, जिल्ला शिक्षा समन्वय इकाइ, जिल्ला प्रहरी कार्यालय, जिल्ला जनस्वास्थ्य कार्यालयलगायतका बहुसरोकार निकायहरूप्रति समन्वय राख्नुपर्ने तथा उत्तरदायी हुनुपर्ने जटिल अवस्था रहेको देखिन्छ ।

- **अस्थायी संरक्षण तथा पुनर्थापना केन्द्र :** सडकबाट उद्धार गरिएका बालबालिकाहरू तथा विभिन्न कारणले जोखिम र बेवारिस अवस्थामा परेका बालबालिकालाई उद्धार गरी अल्पकालीन आश्रय दिने, सामाजिकीकरण गर्ने तथा मनोसामाजिक विमर्श, अनौपचारिक शिक्षा, अतिरिक्त क्रियाकलाप र तालिमलगायतका सेवा प्रदान गर्ने उद्देश्य राखी गैरसरकारी क्षेत्रबाट करिव डेढ दर्जन सङ्ख्याको हाराहारीमा अस्थायी संरक्षण सेवा केन्द्र तथा पुनःस्थापना केन्द्रहरू सञ्चालनमा रहेका छन् । यस्ता केन्द्रहरूमा बालबालिका संरक्षण गरेबापत केस बेसिसमा (मुद्दाका आधारमा?) राष्ट्रिय बाल अधिकार परिषद्बाट अनुदान भुक्तानी हुने गरेको छ । ती केन्द्रहरूबाट बालबालिकाका लागि उपलव्ध गराउनु पर्ने सेवा, सुविधा तथा त्यस्तो केन्द्रको व्यवस्थापन, सञ्चालन, अनुगमनलगायतका विषयमा कानुनको अभाव खड्किएको देखिन्छ ।
- सरकारी वा गैरसरकारी दुबै क्षेत्रमा स्रोत र साधनको सीमितता रहेको देखिन्छ। सूचना अभिलेखीकरण र सूचना व्यवस्थापन प्रणालीका साथसाथै समस्याको पहिचान, सूचना सम्प्रेषण र उपयुक्त निकायमा सिफारिस गर्ने प्रणाली पनि अपुग छन्।
- अनुशासनका सकारात्मक विधिबारे अभिभावकलाई आवश्यक ज्ञान छैन । समाजमा हिंसा स्वीकृत छ, र यसका नकारात्मक असरहरूबारे सर्वसाधारणलाई सचेत गराउनुपर्ने देखिन्छ ।
- बालबालिकामाथि हुने हिंसा भने धेरैजसो दर्ता हुने गरेका छैनन्;
- मानव तस्करीको लागि नेपालबाट बालबालिकाको ओसार-पसार बढदै गएको देखिन्छ।

बालबालिकासम्बन्धी ऐन जारी भए लगत्तै नियमावली स्वीकृत हुन नसक्दा मूलतः निम्न विषयहरू अझै स्पष्ट छैन :–

राष्ट्रिय बाल अधिकार परिषद्को संगठन संरचना, काम, कर्तव्य र अधिकार तथा जनशक्ति व्यवस्थापनलगायतका विषय;

✓ अनाथ, अपाङ्गता भएका, द्वन्द्व पीडित, विस्थापित, जोखिममा परेका वा सडकमा बस्ने बालबालिका

लक्षित विशेष संरक्षण सेवाको आधार र प्रक्रियाको विषय;

- ✓ विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको वैकल्पिक हेरचाहसम्बन्धी व्यवस्था गर्दा उच्चतम हित निर्धारण प्रक्रिया र आवश्यकतानुसार उद्धार, अस्थायी संरक्षण्, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन, पुनःस्थापना, परिवार सहयोग, सामाजिक सुरक्षा र सामाजिकीकरणलगायत अन्य सेवा तथा सहयोगसम्बन्धी विषय;
- ✓ बाल गृहको स्थापना, सञ्चालन मापदण्ड, सञ्चालन अनुमति, नवीकरण, अनुगमन र कारवाहीको विषय;
- ✓ अस्थायी संरक्षण सेवा वा पुनर्स्थापना केन्द्रमा उपलव्ध गराउनु पर्ने सेवा, सुविधा तथा त्यस्तो केन्द्रको व्यवस्थापन, सञ्चालन, अनुगमनलगायतका विषय;
- ✓ बालसुधार गृहको स्थापना, सञ्चालन मापदण्ड, सञ्चालन विधि, अनुगमनलगायतका विषय;
- ✓ कानुनको बिजाइँमा परेका बालबालिकाको निगरानी प्रयोजनका लागि आवश्यक निगरानी कक्षको स्थापना, सञ्चालन, व्यवस्थापन तथा अनुगमनसम्बन्धी व्यवस्थाको विषय;
- ✓ स्थानीय तहमा बालकल्याण अधिकारीको नियुक्ति, समाजसेवी तथा बालमनोविज्ञको सूचीकरण तथा नियुक्ति, निजहरूको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्तलगायतका विषय;
- ✓ स्थानीय तहमै हुनुपर्ने बालक्लब वा संस्थाको स्थापना, सञ्चालन, नवीकरण तथा विघटनसम्बन्धी प्रक्रियाको विषय;
- ✓ स्थानीय तहमा स्थापना गर्नुपर्ने बाल कोषको व्यवस्थापन, सञ्चालन र प्रयोगसम्बन्धी विषय र
- ✓ स्थानीय तहले आफ्नो क्षेत्रका बालबालिकाको अधिकार संरक्षणका लागि बनाउनुपर्ने बाल संरक्षण कार्यविधिको लागिसमेत नीतिगत मार्गदर्शनको विषय ।

**बाल अधिकारको प्रभावकारी संरक्षणका लागि गर्नुपर्ने कामहरू**

बाल अधिकार संरक्षणसँग सम्बन्धित विद्यमान चुनौती तथा प्रमुख सबालहरूलाई विश्लेषण गर्दै संयुक्त राष्ट्र संघीय बाल अधिकार महासन्धिमा नेपालले गरेको प्रतिबद्धता, नेपालको संविधानको प्रत्याभूति गरेको बाल अधिकारका व्यवस्थाहरू, बालबालिकासम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनहरूमा बालबालिकाका सबालमा गरिएका व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कार्यविधिगत तथा संरचनात्मक पूर्वाधारहरू तयार गरी पर्याप्त वित्तीय तथा मानवीय स्रोत साधनसहितको आवधिक तथा वार्षिक योजना र कार्यक्रम विनियोजन हुनुपर्ने हुन्छ ।यसका लागि :–

- राष्ट्रिय बाल अधिकार परिषद्को क्षमता अभिवृद्धि गरी अन्तरमन्त्रालय तथा अन्तरसरकार समन्वय, बाल अधिकारका विषयमा अध्ययन तथा अनुसन्धान गर्न र नीतिगत पैरवी गर्न सक्ने निकायका रूपमा विकास गर्नुपर्ने ।
- बालबालिकालाई सबै प्रकारका हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षित गरी बाल संरक्षण प्रणालीको सुदृढीकरण गर्न सरकारी, गैरसरकारी (नीजि क्षेत्र तथा नागरिक समाजका संस्था) तथा विकास साझेदारहरूको स्रोत, साधन तथा भूमिकालाई एकिकृत एवम् समन्वयत्मक ढंगले परिचालन गर्नुपर्ने ।
- बालबालिकामाथि हुने हिंसा (हिंसात्मक अनुशासन, लैङ्गिक हिंसा र बाल-विवाह) र शोषण (बाल श्रम तथा बालबालिका बेचबिखन) को रोकथाम र सम्बोधन गर्ने ज्ञान, सीप र क्षमतामा अभिवृद्धिका लागि स्थानीयस्तरसम्म पर्याप्त र निरन्तर कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने ।

- बाल न्याय निरूपण छिटो छरितो हुनेगरी बाल न्यायसम्पादन प्रणालीको सुदृढीकरण गर्ने । यसका लागि दिशान्तरलाई प्रभावकारी बनाउने, बाल इजलासलाई अर्थपूर्ण बनाउने, न्यायप्रणालीको सम्पर्कमा आएका बालबालिकाहरूको बाल अधिकार संरक्षण गर्न, बालमैत्री तथा लैङ्गिक संवेदनशील सेवाहरू प्रदान गर्न तथा कानुनले संरक्षण गरेका विषयहरूको व्यवस्थापन गर्नका लागि सम्बन्धित सरोकारवालाहरूको ज्ञान र क्षमता अभिवृद्धि गर्नेगरी पर्याप्त तालिम तथा शिक्षाको व्यवस्था गर्ने । बाल सुधारगृहहरूको स्तरोन्नति गरी त्यहाँ आश्रित बालबालिकाको बाल अधिकार सुनिश्चित हुन सक्ने अवस्थामा पुर्‍याउनु पर्ने ।
- विशेष संरक्षणको आवश्यकता भएका वैकल्पिक स्याहार गर्नुपर्ने बालबालिकाका लागि परिवारमा आधारित संरक्षण प्रणालीलाई उत्प्रेरित गरी आवासीय बालगृहहरूमा बालबालिका राख्ने व्यवस्थालाई निरुत्साहित गर्ने । सबै बालगृहहरूलाई समाजकल्याण परिषद्सँग आबद्धता र राष्ट्रिय बाल अधिकार परिषद्सँग सञ्चालन अनुमति अनिवार्य गर्ने । स्वीकृत मापदण्डअनुकूल नभएका बालगृहहरू नवीकरण नगर्ने वा दर्ता खारेजी गर्ने विषयलाई कडाइका साथ लागु गर्ने ।अनुगमन प्रणालीलाई शीघ्र, चुस्त र दुरुस्त राख्नुपर्ने ।
- अस्थायी संरक्षण तथा पुनर्स्थापना केन्द्रहरूबाट बालबालिकाका लागि उपलव्ध गराउनु पर्ने सेवा, सुविधा तथा त्यस्तो केन्द्रको व्यवस्थापन, सञ्चालन, अनुगमनलगायतका विषयमा कानुनमा स्पष्टता हुनुपर्ने तथा त्यस्ता केन्द्रहरूको लगत सूचीकृत हुनुपर्ने ।
- बाल अधिकारको संरक्षणसँग प्रत्यक्ष जोडिएका र जोडिन सक्ने बालकल्याण अधिकारी, बालविज्ञ वा समाजसेवी, स्थानीय अगुवा एवम् सामाजिक कार्यकर्ता, न्याय सम्पादनसँग सम्बन्धित व्यक्तिहरू, नीति निर्माणसँग सम्बन्धित व्यक्तिहरू, केस व्यवस्थापनसँग सम्बन्धित व्यक्तिहरू, शिक्षाको क्षेत्रमा काम गर्नेहरू, स्वास्थ्यकर्मीहरू, कानुनी सेवा, मानव अधिकार, मनोसामाजिक सहयोग तथा उद्धारलगायतका बाल संरक्षणको क्षेत्रमा क्रियाशील व्यक्तिहरूसँग निरन्तर संवाद तथा पैरवी हुनुपर्ने ।
- बालबालिकाको स्थिति एवम् बाल अधिकार संरक्षणको एकीकृत र खण्डीकृत तथ्याङ्क प्राप्त हुन सक्ने बाल अधिकार संरक्षण सूचनाप्रणाली स्थापना गर्नुपर्ने ।
- प्रादेशिक तथा स्थानीय तहमा बाल श्रम, बालविवाह, बालबालिकामाथि हिंसा, मानव बेचबिखन तथा बालगृहमा रहेका बालबालिकाको सङ्ख्या न्यूनीकरण तथा रोकथाम गर्ने क्षमताको सुदृढीकरण गर्नुपर्ने।
- समाजमा जरा गाडेका कुप्रथाहरूको अन्त्य गर्न, धार्मिक तथा सामुदायका नेतृत्वमा रहेका तथा अगुवा व्यक्तिहरूको पहिचान गरी सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने ।
- मानव वेचबिखनलाई नियन्त्रण गर्न छिमेकी तथा गन्तव्य राष्ट्रहरूसँगको कूटनीतिक सम्वाद र सहकार्यमा विस्तार हुनेगरी सरोकारवाला निकाय तथा पदाधिकारीहरूको क्षमता वृद्धि गर्नुपर्ने ।
- कस्ता कार्यक्रमहरू प्रभावकारी हुन सक्छन भनी निरन्तर अध्ययन अनुसन्धान एवम् प्रमाण सङ्कलन गर्ने र नवीनतम विधिहरूको प्रयोग गर्नुपर्ने आदि ।

## निष्कर्ष

सारमा भन्नुपर्दा बालबालिकासम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ ले घोषणा गरेका बाल अधिकारको संरक्षणका मान्य सिद्धान्तको परिपालनामा नेपालले निरन्तर प्रयास गर्दै आइरहेको छ । मानव अधिकारसम्बन्धी नौ वटा

मुख्य महासन्धिमध्ये नेपाल सात वटाको पक्ष हो। त्यसैगरी अन्तर्राष्ट्रिय श्रम संगठनको सातवटा मौलिक महासन्धि, एउटा शासन महासन्धि र तीनवटा प्राविधिक महासन्धिसहित ११ वटा महासन्धिको नेपाल पक्ष राष्ट्र हो ।नेपालको संविधान, मलुकी देवानी संहिता, बालबालिकासम्बन्धी ऐन तथा अन्य थुप्रै बालबालिकासँग सम्बन्धित कानुनहरू हामीकहाँ क्रियाशील छन् ।कानुनी तथा नीतिगत प्रबन्धहरू कार्यान्वयनका लागि सङ्घीय सरकारका बालबालिकासँग सरोकार रहेका मन्त्रालयहरू तथा निकायहरू, सात वटै प्रादेशिक सरकारहरू तथा ७५३ वटा स्थानीय तहहरू योजना तथा कार्यक्रमसहित क्रियाशील रहेका छन् । तथापि सामाजिक कुरीति तथा धार्मिक अन्धविश्वास, परम्परागत सोच मूल्य एवम् मान्यताहरू, समाजमा व्याप्त गरिबी एवम् पछौटेपन, सरकारको सीमित वित्तीय तथा मानवीय स्रोत तथा साधन, कमजोर योजना तथा विनियोजन अकुशलता, प्रभावकारी सूचनाप्रणाली तथा सुझबुझको कमी जस्ता कारणहरूले गर्दा सोचेअनुसारको नतिजा प्राप्त हुन सकेको छैन । त्यसैले उपलब्ध स्रोत साधनको महत्तम सदुपयोग हुनेगरी गैर सरकारी, नीजि एवम् विकास साझेदारहरूसँग स्रोत, साधन एवम् प्रविधिमा सहकार्य, साझेदारीसहित एकीकृत एवम् समन्वयी कार्यक्रमहरू गर्न सकेमा अपेक्षित परिणाम हासिल गर्न सकिने देखिन्छ ।सबै तहका सरकारहरू, राजनीतिक दलहरू, पेशा व्यवसायीहरू, अधिकारकर्मीहरू, अभियन्ताहरू, समाज, परिवार, बालबालिका स्वयंलगायत बालबालिकाको हक हित र सर्वाङ्गीण विकाससँग जोडिएका सबै सरोकारवालाहरूले निरन्तर आफ्नो कर्तव्य तथा दायित्वलाई बोध गरी आ–आफ्नो तहबाट बालबालिकाको बचाउ, संरक्षण, विकास र सहभागितामा सचेतनापूर्ण, विवेकी, सहयोगी एवम् सकारात्मक भूमिका निर्वाह गर्नु जरुरी देखिन्छ ।

ooo

**सन्दर्भ सामग्रीहरू**


- नेपालको संविधान, नेपाल सरकार, कानुन किताब व्यवस्था समिति काठमाडौं ।
- बालबालिकासम्बन्धी ऐन, २०७५ नेपाल सरकार, कानुन किताब व्यवस्था समिति काठमाडौं ।
- संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धि, १९८९ ।
- बालसुधार गृह सञ्चालन कार्यविधि, २०५७ नेपाल सरकार, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, काठमाडौं ।
- बाल सुधारगृहको स्थिति अध्ययन, २०७१, केन्द्रीय बालकल्याण समिति, ललितपुर ।
- बालबालिकासँगसम्बन्धीत विभिन्न प्रकाशित लेख रचनाहरू ।

# नेपालमा महिला विकास र सहभागिताका चरणहरू

बबिता बस्नेत*

विभिन्न कालखण्डको अध्ययन गर्दा महिलाको अस्तित्व पुरुषसँग जोडेर अघि बढेको देखिन्छ । प्राचीनकाल, किँरातकाल, लिच्छवीकाल, मल्लकाल, शाहकाल र राणाशासनकालीन घटनाक्रमहरू, बाइसे चौबिसे राज्यहरू र तिनको व्यवस्थापनका लागि अपनाइने रणनीतिहरूमा महिलालाई राजनीतिक शासन सत्ताको लागि कुनै न कुनैरूपमा प्रयोग गरिएको छ । तर आफ्नै हैसियत बनाउनका लागि तयार गरिएको या वातावरण बनाएको भने देखिँदैन । रानीको रूपमा वा राजकुमारीको रूपमा महिलाहरूले कुनै न कुनै पक्षबाट राष्ट्रलाई योगदान पुर्याएका छन् ।

नेपालको इतिहासमा स्वर्णयुग भनिने लिच्छवीकालमा राजकुमारी भृकुटीको विवाह तिब्बतका राजा स्रङ्गचङ्ग गम्पोसँग गरियो । नेपाल र तिब्बतबीचको सम्बन्ध सुमधुर बनाउनका लागि गरिएको एउटा रणनीतिक विवाह थियो त्यो । न भाषा मिल्ने न संस्कार मिल्ने, न भेषभुषा न खाना, भृकुटीको जीवन कति कठिन भयो होला अनुमान गर्न सकिन्छ । देशको परराष्ट्र नीतिमा महिलाको योगदान भृकुटीकै पालादेखि भएको हो । मुलुकको हितका लागि आफ्नो जीवन दाउमा राख्नु चानचुने कुरा होइन ।

लिच्छवीकालीन इतिहासको अध्ययन गर्दा त्यतिबेला सतीप्रथा अनिवार्य थिएन । स्वेच्छाले कोही सती जान चाहन्छ भने रोकिदैनथ्यो तर जानै पर्छ भन्ने थिएन । पतिको देहान्तपछि महिलाले अर्को विवाह गर्न पाउँथे । बालविवाह थिएन । लिच्छवीकालमा विवाहपछि सँगै बस्न नसक्ने अवस्थामा पुगेका पति पत्नीका लागि सम्बन्ध विच्छेदको व्यवस्था थियो । विवाह र सम्बन्ध विच्छेदका मुद्दालाई हेर्नका लागि अड्डा नै खडा गरिएको थियो जसलाई माप्चोक भनिन्थ्यो ।

शाहवंशीय राजा रणबहादुर शाहकी माता राजेन्द्र लक्ष्मीले रणबहादुर शाहको र पत्नी राजराजेश्वरीले आफ्ना छोरा गृवाणयुद्ध विक्रम सानै छँदा नायवी लिई शासन गरेका थिए । रणबहादुर शाहले राजाको रूपमा उत्तरदायी भूमिका निर्वाह नगरेकाले राजराजेश्वरीले छोरालाई गद्दीमा राखेर शासन गरेकी थिइन । यद्दपि तात्कालीन जालझेलपूर्ण राजनीतिले रणबहादुर शाहको हत्या गरेर राजराजेश्वरीलाई सती पठायो ।

शाहवंशीयकाल र राणाकालमा बहुविवाह र सतीप्रथाले निरन्तरता पायो । त्यतिबेला महिलाको दोस्रो विवाहलाई हेयका भावले हेर्ने गरिन्थ्यो । महिलाहरूले दोस्रो विवाहका बारेमा सोच्दैनथे । भोजपुरकी योगमायाँको दोस्रो विवाह हुँदा तात्कालीन समाजमा ठूलो चियोचर्चो भएको थियो भनिन्छ । राणाकालमा राणाहरूका मात्र नभई सर्वसाधारणका पनि एकभन्दा बढी पत्नीहरू हुनु स्वाभाविक मानिन्थ्यो । राणाकालको सबै भन्दा ठूलो उपलब्धि सतीप्रथाको उन्मूलन हो । सन् १९२० जुन २८ तारिखका दिन राणा प्रधानमन्त्री चन्द्र शम्शेरले सतीप्रथाको

** बरिष्ठ पत्रकार बबिता बस्नेत घटना र विचार तथा मिडिया एड्भोकेसी ग्रूपसँग सम्बद्ध हुनुहुन्छ*

उन्मूलन गरेका थिए । यो तात्कालीन समाजका लागि क्रान्तिकारी कदम थियो । त्यसअघि आफ्नो पतिको मृत्युमा महिलाहरू लाइन लागेर (बहुविवाह छुट भएकाले एक जनाका धेरै पत्नी हुन्थे) सती जाने चलन थियो ।

**नालापानीमा सहभागिता**

राष्ट्रका लागि महिलाको प्रत्यक्ष सहभागिताको कुरा गर्दा नालापानी युद्धमा महिलाको सहभागिता रहेको थियो भन्ने विभिन्न दस्ताबेजहरूमा उल्लेख भएको पाइन्छ । तर ती महिलाहरू को थिए भनेर नाम चाहिँ उल्लेख गरेको पाइएको छैन । सार्वभौमिकता, अखण्डता र मुलुकको राष्ट्रिय सुरक्षासँग जोडिएको नालापानी युद्ध नेपालले बृटिशसँग लडेको ऐतिहासिक युद्ध थियो । अमरसिंह थापाको पालामा (सन् १८१४, अक्टुबर २२) भएको यो युद्धमा बलभद्रसिंह कुँवर कमाण्डर थिए । अंग्रेजले त्यतिबेला शत्रुलाई पनि वीर भनेर सम्बोधन गरिएको युद्धका रूपमा पनि नालापानीलाई लिइन्छ । अंग्रेजले 'हाम्रा वीर शत्रु बलभद्र कुँवर' भनी लेखेको दस्ताबेज अहिले पनि भारतीय लाइब्रेरीहरूमा भेटिएलान । आफ्ना कमाण्डरलाई वीर बनाउन यो देशमा धेरै महिलाले युद्ध लडे । कहिले घर परिवारसँग, कहिले समाजसँग, कहिले राज्यसँग त कहिले आफैसँग । नालापानीदेखि माओवादीसम्मको इतिहास हेर्दा यस्तै देखिन्छ । वीरहरूले महान बन्दै इतिहास रचे र रच्ने क्रममा छन । महिलाहरूको योगदानलाई छायामा पार्ने गरिएको छ । नेपालको राजनीतिक इतिहासमा महिलाको योगदान हिजो पनि छायाँमा थियो आज पनि छ ।

**राजनीतिमा सहभागिता**

सन १९४७ मा स्थापित नेपाली काँग्रेस र सन् १९४९ सालमा स्थापना भएको नेपाल कम्युनिष्ट पार्टी नेपालको प्रजातान्त्रिक राजनीतिमा अहिलेसम्म प्रभाव पारिरहने राजनीतिक दल हुन् । सन् १९३७ मा स्थापना भएको प्रजा परिषद् प्रजातन्त्र प्रप्तिका लागि लड्न भनी गठन भएको पहिलो राजनीतिक दल हो । सन् १८४६ देखि १९५१ सम्म १ सय ४ वर्ष चलेको राणा शासनका विरुद्ध आवाज उठाई मुलुकमा प्रजातन्त्र ल्याउन स्थापना भएका यी दलहरूमा सुरुदेखि नै महिलाको सहभागिता थियो । सन् १९४७ जनवरीमा कलकत्तामा सम्पन्न नेपाली काँग्रेसको भेलामा कुमारी लक्ष्मीको सहभागिता थियो भनी बिन्दा पाण्डेले आफ्नो पुस्तक ‘वीमेन इन पोलिटिक्स’ मा उल्लेख गर्नुभएको छ । सन् १९५१ मा विराटनगरमा राणा शासन विरुद्ध प्रदर्शन गरेबापत दिव्या कोइराला, नलिनी उपाध्याय, नोना कोइराला र इन्दिरा आचार्य धनकुटाको जेलमा दुई साता बसेको कुरा पुस्तकमा उल्लेख छ । मोतीदेवी शर्मा पुष्पलालको नेतृत्वमा गठन भएको नेकपाको संस्थापक सदस्य हुनुन्थ्यो । नेपाली काँग्रेस र नेकपा दुबै दलले आफ्नो विधानमा महिला सहभागिताको कुरा उल्लेख गरेका थिए ।

नेपाली काँग्रेसको स्थापनासँगै सोही वर्ष सन् १९४७ (वि. सं २००४ साल) मा मंगलादेवी सिंहको नेतृत्वमा नेपाल महिला संघको स्थापना भएको हो । यसैगरी सन् १९४९ (वि.सं २००६) मा अखिल नेपाल महिला संघको स्थापना भएको हो । यसअघि १९४६ ( वि.सं. २००३) मा रेवन्त कुमारी आचार्यको नेतृत्वमा आदर्श महिला समाज गठन भएको थियो भनी विभिन्न दस्ताबेजहरूमा उल्लेख छ । रेवन्त प्रजापरिषद्का अध्यक्ष टंक प्रसाद आचार्यकी श्रीमती हुनुहुन्थ्यो । सन् १९५५ मा काठमाण्डौ नगर प्रतिनिधिको रूपमा साधना प्रधानको नाम अंकित छ । यसैगरी सन् १९५८ (वि.सं २०१५) मा बीपी कोइरालाको मन्त्री मण्डलमा उपमन्त्री भएकी द्वारिका देवी ठकुरानी नै नेपालको इतिहासमा पहिलो महिला मन्त्री हुन् । उनी त्यतिबेला स्वास्थ तथा स्वायत्त शासन उपमन्त्री बनेकी थिइन् ।

**पञ्चायतकालमा महिला**

सन् १९६० देखि १९९० सम्म ३० बर्षे शासनकालमा पञ्चायतले महिलाको सबालमा केही सुधारात्मक व्यवस्थाहरू ल्यायो । स्थानीय विकास मन्त्रालयअन्तर्गत महिलाका लागि तालिमका कार्यक्रमहरू अगाडि बढाइयो । महिलाको पेवा बढाउने कार्यक्रमले पनि त्यतिबेला निकै चर्चा पायो । मुलुकी ऐनलाई संशोधन गरी बहुविवाहमा रोक लगाइयो । सन् १९७५ मा मेक्सिकोमा सम्पन्न पहिलो महिला विश्व सम्मेलनमा नेपाली महिलाको प्रतिनिधित्व थियो । कमल राणा, पुण्य प्रभादेवी ढुंगानालगायतका महिलाहरू उक्त सम्मेलनमा सहभागी थिए भन्ने छ । सन् १९८० मा कोपन हेगनमा भएको दोस्रो र सन् १९८५ मा नैरोबीमा भएको तेस्रो विश्व महिला सम्मेलनमा नेपाली महिलाको सहभागिता रहेको थियो । नैरोबीमा भएको तेस्रो विश्व महिला सम्मेलनमा चाँदनी जोशीलगायतको सहभागिता रहेको थियो । तात्कालीन बडामहारानी ऐश्वर्य समाजकल्याण परिषद्को अध्यक्ष हुने प्रचलन थियो जसले महिला विकासका कामहरू हेर्ने गर्थ्यो ।

छैटौं पञ्चवर्षीय योजनामा महिला विकासको अवधारणा राखियो । पञ्चायतमा स्थानीय विकास मन्त्रालय शाखाको स्थापना गरेर मुलुकभरि महिला विकासका कार्यक्रमहरू अगाडि बढाइयो ।

पञ्चायतकालमा राजनीतिमा पनि महिलाको सक्रियता बढेको देखिन्छ । सुशिला थापा, शारदा मल्ललगायतका महिलाहरू मन्त्री बनेका थिए । यता प्रजातन्त्रको माग गर्दै पञ्चायतको विरुद्धमा लडेर विद्रोही महिलाका रूपमा शैलजा आचार्य, मंगलादेवी सिंह, सहाना प्रधान, साधना प्रधान, लीला कोइराला, लक्ष्मी कार्की, सुशीला श्रेष्ठ, सीता खड्काहरू आफ्नै नाम पहिचान बनाई रहेका थिए ।

**महिलाको दृष्टिकोणबाट सन् १९९० को प्रजातन्त्र**

सन १९९० अर्थात २०४६ सालको प्रजातन्त्रले नेपाली महिलाहरूको आफ्नै हैसियत निर्माण गर्नका लागि महत्त्वपूर्ण मानिन्छ । राजनीतिकरूपमा शैलजा आचार्य, साहना प्रधान, लीला कोइराला लगायतका महिलाहरू पदीय दायित्वमा आए । मंगलादेवी सिंहले कुनै पदीय दायित्व लिन पाउनु भएन तर नेपाल महिला संघलाई सशक्तरूपमा अघि बढाउनु भयो । सन् १९९० को संविधानमा महिलाका लागि ५ प्रतिशत आरक्षणको व्यवस्था गरियो । नेपालमा राजनीतिमा महिलाको सहभागिता बढाउनका लागि पहिलो संवैधानिक व्यवस्था थियो त्यो । यद्यपि साहना प्रधान, शैलजा आचार्य जस्ता सशक्त नेतृहरूलाई पनि राजनीतिक दलहरूले यही पाँच प्रतिशत कोटा मित्र राखेर टिकट दिए । जुन राजनीतिक दलहरूले गरेको ठूलो गल्ती थियो । कोटाको व्यवस्था राजनीतिमा पुरुषसँगै एउटै थलोमा लड्न भिड्न नसक्ने महिलाहरूका लागि थियो तर यसलाई सबै महिलाका लागि झैं गरी प्रयोग गरियो । त्यतिबेला देखिको यो रोग नेपालको राजनीतिमा अहिलेसम्म कायम छ ।

**निजी तथा गैरसरकारी क्षेत्रमा महिला सहभागिता**

सन १९९० को प्रजातन्त्रले सर्वसाधारणका लागि राजनीतिमा मात्र होइन निजी क्षेत्र, गैरसरकारी संघसंस्थाहरू, मिडिया सबैतिर सम्भावनाका ढोकाहरू खोलिदियो । राज्यका विभिन्न संयन्त्रमा महिलाको सहभागिताका कुरा जोडदाररूपमा उठ्यो । महिला आन्दोलनले सशक्त रूप लियो । व्यापकरूपमा गैरसरकारी संघसंस्थाहरूको स्थापना भयो जसमध्ये धेरैले महिला समानतालाई प्रवर्धन गर्नु आफ्नो लक्ष्य बनाए । मिडियाको विकाससँगै सञ्चार माध्यममा महिलाको सहभागिता बढ्यो । निजी क्षेत्रमा महिलाहरूले सक्रियता बढाए । नागरिक समाजका तर्फबाट महिलाहरूले आवाज उठाउन थाले । कानुन तथा अन्य क्षेत्रका महिलाहरूले महिलाका सबालमा नीति, कानुनहरू परिवर्तनको कुरा गरे । महिलाको अंश र वंश अधिकारको कुरा सन् १९९० को प्रजातन्त्रपछि नै उठेको हो ।

**चौथो विश्व महिला सम्मेलनको उपलब्धि**

यसैबीच सन् १९९५ मा चीनको राजधानी बेइजिङमा चौथो विश्व महिला सम्मेलन भयो । सम्मेलनले महिला सरोकारका १२ बुँदाहरू पारित गर्यो । जसमा महिला र गरिबी, महिला शिक्षा र तालिम, महिला र स्वास्थ, महिला विरुद्धको हिंसा, महिला र सशस्त्र संघर्ष महिला र अर्थतन्त्र, नीति निर्माण तहमा महिला, महिला उत्थानका लागि संस्थागत संरचना, महिला र मानव अधिकार, महिला र सञ्चार, महिला र वातावरण र बालिका रहेका थिए । चौथो विश्व महिला सम्मेलनमा ठूलो सङ्ख्यामा नेपाली महिलाको सहभागिता रहेको थियो । प्रतिनिधिमण्डलको नेतृत्व तात्कालीन मन्त्री सहाना प्रधानले गर्नुभएको थियो । चौथो विश्व महिला सम्मेलनपछि सन् १९९५ मैं (वि.सं२०५२ साल) नेपालमा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको स्थापना भयो । जुन महिला विकासको सबालमा ठूलो उपलब्धि थियो । पछि सन् २००२ को मार्च महिनामा राष्ट्रिय महिला आयोगको गठन भयो । चोथो विश्व सम्मेलनले उठाएका १२ वटै सरोकारका बुँदाहरूमा कामहरू अघि बढे । महिला मन्त्रालयदेखि सञ्चारिका समूह जस्ता संस्थाहरूसम्म बेइजिङ सम्मेलनको उपलब्धि हुन् ।

**महिलाको अवधारणाबाट माओवादी आन्दोलन**

सन् १९९६ देखि सन् २००६ सम्म भएको दश वर्षे माओवादी आन्दोलनले मुलुकलाई निकै पछाडि धकेल्यो । विकास बजेट सुरक्षामा खर्च भयो । लामो समय (२० वर्ष) सम्म स्थानीय निर्वाचन हुन सकेन । नेतृत्वमा एउटा ठूलो खाडलको सिर्जना भयो तर महिला सशक्तीकरणका दृष्टिकोणले यो कालखण्ड निकै महत्त्वपूर्ण रह्यो । माओवादीभित्र लडाकुकारूपमा महिलाको सहभागिताले महिलाले पनि हतियार बोक्न सक्छन् भन्ने मान्यता स्थापित गरिदियो । जसका कारण नेपाली सेनाले आफ्नो नीतिमा परिवर्तन गरी महिलाहरू पनि प्रतिस्पर्धाबाट कुनै पनि तहमा जान सक्ने नीति बनायो । सन् २००५ (वि.सं२०६२) सालमा तात्कालीन शाही नेपाली सेनाले भर्ना नीतिमा परिवर्तन गरेको हो । त्यतिबेला युद्धरत माओवादीले आफुहरूसँग ४० प्रतिशत महिला लडाकु रहेको बताउने गरेको थियो । यद्यपि पछि सेना समायोजनका बेला ४० प्रतिशत महिला लडाकु थिएनन् तापनि नेपालको इतिहासमा महिला लडाकुसहितको युद्ध थियो माओवादी युद्ध । सेना समायोजन गर्ने क्रममा माओवादी शिविरमा रहेका १९ हजार ६ सय २ लडाकुमध्ये ३ हजार ९ सय २० जना महिला थिए । १९६०२ मध्ये १५ हजार ६ सय ३० जना केही रकम लिएर स्वेच्छिकरूपमा घर फर्किए भने १ हजार ४ सय २ जना नेपाली सेनामा समायोजनमा परे ।

माओवादी आन्दोलनले एकातिर महिलाले हतियार उठाउन सक्छन् भन्ने कुरा स्थापित गर्‍यो भने अर्कोतिर राजनीतिकरूपमा पनि महिलाको बलियो उपस्थितिलाई प्रमाणित गर्‍यो । सामाजिकरूपमा पनि महिला सशक्तीकरणमा वृद्धि भयो । गाउँ गाउँबाट पुरुषहरू कि त यद्धमा लागे कि त युद्धबाट बँच्नका लागि घर छोडेर हिंडे । घर छाउने देखि हलो जोत्ने हुँदै मानिसहरू मर्दा लास बोक्ने कामसमेत महिलाले गर्नु पर्‍यो । बाध्यताले महिलाको लैङ्गिक भूमिकालाई परिवर्तन गरिदियो । घर छाउने, हलो जोत्ने, लास बोक्ने कामहरू विगतमा पुरुषले मात्रै गर्दैं आएका थिए । गाउँघरका ससाना बैठकदेखि, पुल पुलेसो, बाटोघाटो निर्माण लगायतका काममा महिलाहरूको सहभागिता रहन थाल्यो । महिलाहरू सामाजिक कामका साथै राजनीतिमा पनि सहभागी हुन थाले ।

**अन्तरिम संविधानले ल्याएको परिवर्तन**

सन् २००६ (वि.सं२०६३) को राजनीतिक आन्दोलनपछि मुलुक अर्कै चरणमा प्रवेश गर्यो । भूमिगत युद्धमा रहेका माओवादीहरू मूलधारमा आए । वि.सं. २०६३ सालको अन्तरिम संविधानमा राज्य संरचनाका सबै तहमा महिला सहभागिताको कुरा उल्लेख गरियो । जसअन्तर्गत बनेको संविधानसभा निर्वाचन ऐन, २०६३ ले संविधानसभामा महिलाको ३३ प्रतिशत सुनिश्चित गर्यो । त्यसपछि वि.सं. २०६४ सालमा निजामती सेवा

ऐन संशोधन भयो । यस ऐनमा निजामती सेवाका खुला प्रतियोगिताबाट पद पूर्ति हुने पदहरूमध्ये ४५% पदमा विभिन्न समुदाय, वर्ग र क्षेत्रका व्यक्तिहरूका लागि आरक्षित गरिएको छ । त्यसरी आरक्षण गरिएको ४५% लाई १००% मानेर त्यसमध्ये ३३% पद महिलाको लागि आरक्षित गरिएको छ । निजामती सेवा प्रवेशका लागि आवश्यक अधिकतम उमेर ३५ वर्ष भए पनि महिलाका लागि ४० वर्ष कायम गरी विशेष व्यवस्था गरिएको छ । महिला कर्मचारी बढुवाका लागि पुरुषको तुलनामा एक वर्ष कम सेवा अवधि भए पनि सम्भाव्य उम्मेदवार हुने व्यवस्था छ । सेवाप्रवेश गरेका नयाँ कर्मचारीहरूको परीक्षणकाल १ वर्ष रहेकोमा महिलाहरूको लागि ६ महिना मात्र हुने व्यवस्था गरिएको छ ।

अन्तरिम संविधानको मूल्यमान्यताअनुरूप प्रहरी ऐन, सशस्त्र प्रहरी ऐन तथा सरकारी निकायका सम्पूर्ण ऐनहरूको संशोधन गरी महिलाको सहभागिता वृद्धि गरियो ।

**पुनर्स्थापित प्रतिनिधिसभाको त्यो घोषणा**

जनआन्दोलन २०६२/०६३ पछि पुनःस्थापित प्रतिनिधिसभाले राज्यका हरेक निकायमा महिलाको ३३% सहभागिता सुनिश्चित गरिने घोषणा गर्यो । सन् २००६ को मे ३० (वि.सं. २०६३ साल जेठ १६ गते) गरिएको महिलासम्बन्धी महत्त्वपूर्ण घोषणा तात्कालीन सांसद् विद्यादेवी भण्डारी प्रस्तावक र सांसदहरू कमलादेवी पन्त तथा नारायणप्रकाश साउद (एनपी साउद) समर्थक रहेको जरुरी सार्वजनिक महत्त्वको प्रस्तावमा आधारित थियो । विद्या भण्डारी नेकपा एमालेकी सांसद् हुनुहुन्थ्यो भने कमला पन्त र नारायणप्रकाश साउद नेपाली काँग्रेसका सांसद् हुनुहुन्थ्यो । संसद् सचिवालयमा दर्ता गरिएको उक्त जरुरी सार्वजनिक महत्त्वको प्रस्तावमा लेखिएको थियो 'आमा वा बाबुमध्ये कसैको नामबाट पनि सन्तानले नागरिकता पाउन सक्ने कुराको सुनिश्चितता गर्न, समानुपातिक सहभागिताको लक्ष्यमा पुग्ने कुरालाई ध्यानमा राखी हाललाई कम्तीमा एक तिहाइ महिलालाई राज्यका सबै संरचनामा सहभागिताको सुनिश्चितता गर्ने, त्यस्तै विभेदकारी कानुनको खारेजी गर्न र महिलाप्रति हुने गरेका हिंसाको अन्त्य गर्न जरुरी भएकाले यो जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव पेश गरेको छु ।' साथै छलफल गर्नु पर्नाको कारण भनी 'समान नागरिकको हैसियतले महिलाको समान स्थान हासिल गर्न आवश्यक भएकोले' उल्लेख गरिएको थियो ।

संसद्को उक्त घोषणाका आधारमा कतिपय कानुनहरू बनेर लागु भइसकेको अवस्था छ भने उक्त घोषणाको भावना नेपालको संविधान २०७२ मा समेत प्रतिबिम्बित भएकाले सम्बन्धित कानुनहरू बनेका या बन्ने क्रममा छन् । त्यसैले वि.सं. २०६३ साल जेठ १६ गते संसद्को उक्त घोषणा नेपालको महिला आन्दोलनका निम्ति निकै महत्त्वपूर्ण रहेको छ ।

**महिलाको पक्षमा नीति तथा कानुनहरू**

नीति, कानुनको कुरा गर्दा मुलुकमा अहिले लैङ्गिक उत्तरदायी नीति तथा कानुनहरूको खासै खाँचो छैन । लैङ्गिक उत्तरदायी नीतिहरूमा राष्ट्रिय नीतिहरूमा युवा, सहकारी, अनौपचारिक शिक्षा, स्वास्थ, लागु औषध, सूचना प्रविधि, निर्वाचन, निजामती सेवा, सूचनाको हक, नेपाली सेना, भूमि, स्थानीय स्वायत्त शासन, वैदेशिक रोजगारलगायत रहेका छन् । यसैगरी मानव बेचबिखन तथा ओसारपसार ऐन, घरेलु हिंसासम्बन्धी ऐन तथा मुलुकी देवानी संहिता र मुलुकी अपराध संहिता रहेका छन् । देवानी र अपराध संहितामा बलात्कार, वैवाहिक बलात्कार, छाउपडी, एसिड आक्रमण, भेदभाव, बाल विवाह, अपमानजन्य व्यवहारलगायतका कुराहरूमा सजायको व्यवस्था गरिएको छ । यसरी हेर्दा हामीलाई कानुनको अब खासै खाँचो छैन । भइरहेका कानुनको कार्यान्वयन अहिलेको आवश्यकता हो ।

**संविधानसभादेखि प्रदेशसभासम्म**

संविधानसभा निर्वाचन ऐनमा नै व्यवस्था गरेका कारण दुईवटै संविधानसभामा महिलाको ३३ प्रतिशत सहभागिता रहेको थियो । त्यसपछि मुलुक सङ्घीय गणतन्त्रात्मक प्रणालीमा गइसकेपछि सातवटै प्रदेशमा महिलाको ३३ प्रतिशत सहभागिता रहने गरी निर्वाचन ऐनलेनै व्यवस्था गरेअनुरूप अहिले सङ्घीय संसद्लगायत मुलुकका सातवटा प्रदेशमा महिलाको ३३ प्रतिशत सहभागिता रहेको छ । संवैधानिक व्यवस्थाअनुरूप सङ्घीय संसद् र सातवटै प्रदेशसभाका उपसभामुखमा महिला रहेका छन् । सभामुख या उपसभामुखमध्ये एक जना महिला हुनु पर्ने संवैधानिक व्यवस्था रहेको छ ।

स्थानीय तहमा अहिले ४१ प्रतिशत महिला सहभागिता रहेको छ । जसमा ९१ प्रतिशत महिला उपमेयर र उपाध्यक्षहरू रहेका छन् । स्थानीय निर्वाचन ऐनले प्रमुख या उपप्रमुखमध्ये एक महिला हुनुपर्ने व्यवस्था गरेको छ । साथै मिडिया, कानुनलगायतका विभिन्न क्षेत्रमा महिलाको सहभागिता बढ्दो छ । निजामती र सुरक्षा क्षेत्रमा नीति नै परिवर्तन गरेर महिलाको सङ्ख्या बढाइँदै लगिएको छ ।

अन्त्यमा, पतिको नाम, पद र गुणअनुसार महिलाको मान मर्यादा भर पर्ने पृष्ठभूमिबाट मुलुकको सर्वोच्च पद राष्ट्रपतिसम्म हुँदा महिलाको हैसियतमा निश्चय नै परिवर्तन आएको छ । महिलाको आफ्नै नाम, पहिचान, पद, प्रतिष्ठा र आत्मसम्मानमा वृद्धि हुँदैगएको छ । तथापि समान हैसियत कायम गर्नका लागि भने अझै पनि गर्नुपर्ने धेरै छ । मूलतः दोस्रो दर्जाका नागरिकबाट समान हैसियतका नागरिक बनाउनका लागि महिलालाई हेर्ने दृष्टिकोण र गर्ने व्यवहारमा परिवर्तनको आवश्यकता छ ।

OOO

# मन्त्रालयमा सूचना व्यवस्थापन प्रणाली: पहल र प्रयास

भरत राज शर्मा*

## भूमिका

तथ्याङ्कको ऐतिहासिक पृष्ठभूमिमा ढिलो सुरु भएको लैङ्गिक तथ्याङ्कको अवधारणाले हालसम्म पनि परिपक्वता पाइसकेको अवस्था छैन तर पछिल्ला वर्षहरूमा सशक्तरूपमा विकसित भने भइरहेको छ । लैङ्गिक तथ्याङ्कै पुरककारूपमा रहेको हिंसा, बेचबिखनजस्ता हिंसा, दुर्व्यवहार, विभेद जस्ता तथ्याङ्कहरू भने हालसम्म पनि न्यूनरूपमा उपलब्ध छन् । यी तथ्याङ्कहरू आपराधिक प्रकृतिका भएकाले यस्ता तथ्याङ्कहरूको मुख्य स्रोत भनेको अभिलेख नै हो । घरेलु हिंसा कसूर (सजाय) ऐन, बालबालिका सम्बन्धि ऐन, ज्येष्ठ नागरिक ऐन, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन, मानब बेचबिखन तथा ओसार पसार नियन्त्रण ऐन र यिनका नियमावलीहरूले तथ्याङ्कहरूलाई अद्यावधिक गर्ने सबालमा केही व्यवस्था गरेको छ तर व्यवहारमा उतार्न बाँकी नै छ । सबै सरोकारवालाहरूको समन्वयविना यस्ता कार्यको परिकल्पना गर्न कठिन छ । राष्ट्रिय जनगणना, २०७८ को प्रारम्भिक तथ्याङ्कअनुसार ५१.०४ प्रतिशत रहेका महिला तथा राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार १८ वर्षभन्दा मुनिका करिब ४२ प्रतिशत बालबालिका, ६० वर्षभन्दा माथिका ८.१३ प्रतिशत तथा ज्येष्ठ नागरिक १.९४ प्रतिशतको हाराहारीमा रहेका अपाङ्गता भएका व्यक्तिहरूको स्थितिमा सुधार ल्याउन महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले यसको स्थापनाकालदेखि नै विभिन्न प्रयासहरू गरिरहेको छ ।

महिला, बालबालिका, ज्येष्ठ नागरिक, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक तथा अपाङ्गता भएका व्यक्तिहरूको विकास, हित, प्रवर्धन, संरक्षण एंव सामाजिक रूपान्तरण तथा आर्थिक सशक्तीकरण तथा समाजका लक्षित एंव सीमान्तकृत वर्गको संरक्षण र सशक्तीकरण गर्ने र प्रत्येक ब्यक्तिलाई समाजको महत्त्वपूर्ण सदस्यकारूपमा हेरिने र व्यवहार गरिने प्रणालीसहितको समतामूलक समाजको निर्माण प्रक्रियामा संलग्न रहँदै उपर्युक्त लक्ष्य प्राप्तिप्रति प्रतिबद्ध रहने मन्त्रालयको दृष्टि रहेको छ । त्यसैगरी सामाजिक-आर्थिक सशक्तीकरणसहितको रूपान्तरण, सबै प्रकारका हिंसा र विभेदको अन्त्य, सामाजिक हानिकारक अभ्यास र कुरीतिको अन्त्य, समानता, समावेशिता, समान अवसर, सेवामा सबैको पहुँच, सम्मानजनक जीवन निर्वाह, सामाजिक संरक्षणसहितको सुरक्षित वातावरण, विकास, दिगो आर्थिक वृद्धि र समृद्धिका लागि योगदानजस्ता विषयहरू मन्त्रालयको गन्तब्य रहेका छन् ।

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको मुख्य कार्यक्षेत्र समाजकल्याण, लक्षित वर्ग (महिला, बालबालिका, ज्येष्ठ नागरिक, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक तथा अपाङ्गता भएका व्यक्तिहरू) केन्द्रित सामाजिक सुरक्षा र सहयोगका कार्यक्रमहरू सञ्चालन गर्ने, रोजगारी र आय आर्जनका लागि

* *महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा उपसचिव हुनुहुन्छ ।*

सीपमूलक तालिम कार्यक्रम सञ्चालन र समन्वय गर्ने, लक्षित वर्गमथि हुने सबै खाले हिंसा, विभेद अन्त्य एवं लैङ्गिक सचेतनाका कार्यक्रमहरू सञ्चालन गर्ने तथा मन्त्रालयसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय गर्ने रहेका छन् ।

तर एकीकृत तथ्याङ्कहरूको अभावमा मन्त्रालयलाई प्रभावकारीरूपमा कार्य सञ्चालन गर्न, अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुसार प्रतिवेदन गर्न तथा नीति निर्माण गर्न समेत कठिनाई परेको देखिन्छ । अत छरिएका तथ्याङ्कहरूलाई एकीकृत गरी स्थानीय तहदेखि केन्द्रतहसम्म तथ्याङ्कको बहाबको कायम गर्न सूचना व्यवस्थापन प्रणाली स्थापना गर्नु जरुरी छ ।

## उद्देश्य

छरिएका तथ्याङ्कहरूलाई एकीकृत गरी स्थानीय तहदेखि केन्द्रतहसम्म तथ्याङ्कको बहाब कायम गरी नीति निर्माण तथा कार्यान्वयनमा सहयोग पुर्‍याउने सूचना ब्यवस्थापन प्रणालीको मुख्य उद्देश्य हो । यसको अतिरिक्त सूचना व्यवस्थापन प्रणालीले तपसिल बमोजिमको कार्यमा समेत मद्दत पुर्याउँछ ।

- सूचना र कार्यप्रवाहलाइ व्यवस्थित गर्न;
- कागजातको समयमै पहुच पुर्याउन;
- अनुगमनलाइ सजिलो बनाउन;
- प्रतिवेदन तथा नतिजा सजिलै हेर्न सकिने बनाउँछ र
- लैङ्गिक तथ्याङ्कमा भएको रिक्ततालाई परिपूर्ति गर्न ।

## सूचना व्यवस्थापन प्रणालीको लागि विगतमा भएका प्रयासहरू:

लैङ्गिक र सामाजिक समावेशी तथ्याङ्कमा भएको रिक्तता परिपूर्ति गर्न विगतमा पनि केही प्रयासहरू भएको देखिन्छ । यसै सन्दर्भमा तत्कालीन UNIFEM नेपाल (हाल UNWOMEN) र सार्क सचिवालयको समन्वयमा सार्क राष्ट्रहरूका लैङ्गिक सूचनाहरू एकै ठाउमा राख्ने र तुलनात्मकरूपमा हेर्न मिल्ने गरी सार्क जेन्डर इन्फो बेस (saarckgenderinfobase) को सुरुआत भएको थियो । करिब एक दशकसम्म प्रभाकारीरूपमा सञ्चालनमा आएको सो प्रणालीले दक्षिण एसियाली राष्ट्रहरूका लैङ्गिक तथ्याङ्कको तुलनात्मक अध्ययनमा राम्रो सहयोग पुगेको नीति निर्माता र अध्ययन अनुसन्धानमा काम गर्नेहरूको अनुभव रहेको थियो । तथापि पछि सर्भर व्यवस्थापनको समस्याले गर्दा सो प्रणाली बन्द हुन पुग्यो । यसबाहेक मन्त्रालयले आफ्नै पहलमा कहिले लैङ्गिक सम्पर्क बिन्दुहरूले तथ्याङ्क पठाउने सूचकको ढाँचामा सूचना व्यवस्थापन प्रणालीलाई अगाडि बढायो भने राष्ट्रिय महिला आयोगले पनि संयुक राष्ट्रसंघको सहयोग र गैरसरकारी संस्थाहरूको समन्वयमा GBVIMS मार्फत लैङ्गिक हिंसाका घटनाहरूका सूचना व्यवस्थापन गर्ने कार्य अगाडि बढाएको छ । तर समन्वयको अभाव, दोहोरोपना र पूर्णताको हिसाबले यो प्रणालीले पूर्णरूपमा काम गर्न सकेको देखिँदैन । पछिल्लो चरणमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले आफूमातहतका ७७ वटै महिला तथा बालबालिका कार्यालयमार्फत सूचनाहरू अद्यावधिक गर्ने तथा अपाङ्गता र ज्येष्ठ नागरिक परिचयपत्र विद्युतीय माध्यमबाट वितरण गर्ने गरी प्रक्रिया सुरु गरेको थियो तर सङ्घीयता कार्यन्वयनसँगै महिला तथा बालबालिका कार्यालय खारेजीमा परेपछि उक्त कार्यले निरन्तरता पाउन सकेन । अतः हालसम्म मन्त्रालयको आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित सूचनाहरूलाई व्यवस्थित गर्नेगरी हालसम्म सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा आउन सकेको छैन ।

## हालको अवस्था र सान्दर्भिकता

सङ्घीयता कार्यान्वयनसँगै मन्त्रालय अन्तर्गत रही काम गर्दै आएका महिला तथा बालबालिका कार्यालय खारेज भएपछि उक्त काम प्रदेश तथा स्थानीय तहहरूले गर्दै आएका छन् । अतः मन्त्रालयलको दैनिक काम तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुसार प्रतिवेदनका लागि आवश्यक पर्ने अधिकांश तथ्याङ्क स्थानीय तहमा रहेको अवस्था छ । अहिले मन्त्रालयसँग सम्बन्धित लैङ्गिक तथा सामाजिक क्षेत्र (अपाङ्गता परिचय पत्र वितरण, ज्येष्ठ नागरिक परिचय पत्र वितरण समेत) का सूचना तथा तथ्याङ्कहरू केही स्थानीय तहहरूले चिठीपत्रमार्फत पठाउने गरेका छन् । यस्ता तथ्याङ्क समयमा आइनपुग्ने, सन्दर्भ अवधि फरकफरक हुनेजस्ता समस्याले तथ्याङ्कहरू सङ्कलन, प्रशोधन, विश्लेषण, प्रकाशन एवं भण्डारण गर्ने कार्य व्यवस्थितरूपमा हुन सकेको छैन ।मन्त्रालयमा कुनै सूचना व्यवस्थापन प्रणालीको (Information management system) विकास भएको छैन।यसले गर्दा दैनिक कार्य प्रगतिमा समेत असर परेको छ भने अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुसार आवधिकरूपमा प्रतिवेदन पठाउने कार्यमा समेत असहज भएको छ । मन्त्रालयले स्थानीय तहहरूलाई सशर्त अनुदान पठाई मन्त्रालयसँग सम्बन्धित तथ्याङ्कहरू पठाउन अनुरोध गरेको छ । त्यसका लागि एक कार्यविधि निर्माण गरी पठाउनु पर्ने सूचना तथा तथ्याङ्क समेत यकिन गरिएको छ । तर तथ्याङ्क पठाउने प्रणाली प्रतिवेदन प्रणाली भएकाले ७५३ स्थानीय तहहरूबाट मन्त्रालयमा नियमित र भरपर्दो तरिकाले तोकिएको समयमा तथ्याङ्कहरू प्राप्त हुन सकेको छैन । अतः तथ्याङ्क एवं सूचना सङ्कलन तथा प्रशोधन गर्ने कार्य नियमित र व्यवस्थितरूपमा हुन सकेको छैन भने एकीकृत प्रतिवेदन बनाउनसमेत असहज भएको छ । जसले गर्दा स्रोत साधन खर्च भएर पनि अपेक्षाकृत नतिजा हासिल हुन सकेको छैन । साथै लैङ्गिक तथा सामाजिक क्षेत्रसँग सम्बन्धित सूचना तथा तथ्याङ्कको सङ्कलन, प्रशोधन, विश्लेषण, प्रकाशन एवं भण्डारणका लागि मन्त्रालयमा हालसम्म सूचना व्यवस्थापन प्रणाली (Information management system) नभएकाले दैनिक कार्य सम्पादन र आवधिकरूपमा अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप गर्नुपर्ने प्रतिवेदन प्रणालीमा समेत यसले असर परिरहेको छ ।

हालको समस्यामा सुधारको लागि स्थानीय तहबाट हाल प्रतिवेदन प्रणालीमार्फत प्राप्त तथ्याङ्क एवं सूचनाहरू नियमित सङ्कलन तथा प्रशोधन गर्ने, भण्डारण गर्न मन्त्रालयमा स्थायी संरचनाको विकास गर्नुपर्ने हुन्छ | हाल प्रतिवेदन प्रणालीबाट तथ्याङ्क तथा सूचना पठाउँदा स्थानीय तहहरूलाई सूचना सङ्कलन गरी प्रतिवेदनसमेत बनाई पठाउनु पर्ने भएकाले कार्यबोझ पनि कम गराउनु पर्ने भएकोछ । अतः हालको प्रतिवेदन प्रणालीलाई विद्युतीय माध्यमबाट तथ्याङ्क तथा सूचना आदानप्रदान गर्ने व्यवस्था गर्दा प्रतिवेदन प्रणालीमा सहज र छिटोछरितो भई आवश्यकतानुरूपका तथ्याङ्क समयमा उपलब्ध हुने हुन्छ । यसका लागि महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकसँग सम्बन्धित सूचना तथा तथ्याङ्कको सङ्कलन, प्रशोधन, विश्लेषण, प्रकाशन एवं भण्डारणका लागि सम्बन्धित स्थानीय तह तथा अन्य सरोकारवाला निकायहरूसँग नियमित बैठक तथा छलफल अगाडि बढाउने र सूचना व्यवस्थापन प्रणालीको (Information management system) को विकाससम्बन्धी कार्यहरू गर्नु आवश्यक पर्दछ।

## समेट्नु पर्ने विषयहरू

मन्त्रालयको कार्यक्षेत्रअनुसार स्थानीय तहमा उपलब्ध तथ्याङ्कहरू समेटेर सूचना व्यवस्थापन प्रणालीलाई अगाडि बढाउनु पर्ने हुन्छ । स्थानीय तहमा कार्यबोझ धेरै रहेकाले तथ्याङ्क सङ्कलन गरेर पठाउनेभन्दा पनि सेवा दिंदा प्राप्त हुने तथ्याङ्कहरू समेटेर सूचना व्यवस्थापन प्रणाली निर्माण गर्दा स्थानीय तहले स्वामित्व लिने तथा मन्त्रालयले पनि सूचनाहरू सहजरूपमा प्रकट गर्ने हुन्छ । त्यसैले निम्नानुसारको क्षेत्र समेटेर सूचना व्यवस्थापन प्रणाली बनाउँदा बढी प्रभाबकारी हुने देखिन्छ ।

१. महिला सशक्तीकरणसँग सम्बन्धित सूचनाहरू;

२. बालबालिका तथा किशोरकिशोरी ;

३. लैङ्गिक हिंसासँग सम्बन्धित सूचनाहरू;

४.ज्येष्ठ नागरिकसँग सम्बन्धित सूचनाहरू;

५. अपाङ्गता भएका ब्यक्तिसँग सम्बन्धित सूचनाहरू र

६. यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकसँग सम्बन्धित सूचनाहरू ।

## गर्नुपर्ने कार्यहरू

सूचना व्यवस्थापन प्रणाली स्थापना गर्ने कार्य स्थानीय तहमा कार्य बोझ थपिने कार्य हो । यो प्रणाली स्थानीय तहदेखिका तथ्याङ्क केन्द्रसम्म ल्याउने उद्देश्य बोकेकोले स्थानीय तहमा सेवा प्रवाह गर्दा प्राप्त हुने र प्रथम चरणमा अत्यावश्यक सूचना मात्र राखेर सुरुआत गरिनु पर्दछ । हतारमा सञ्चालनमा ल्याउँदा स्थानीय तह तथा अन्य सरोकारवालाहरूले स्वामित्व नलिने र प्रणालीले काम नगर्ने हुन सक्छ । अतः प्रणाली स्थापनामा पूर्ण तयारीका साथ स्थानीय तह, प्रदेश सरकार र सबै सरोकारवालाहरूसँग छलफल तथा परामर्श गरी अगाडि बढाउनु पर्ने हुन्छ । त्यसका लागि समन्वय र मार्गदर्शनका लागि सहजीकरण समिति तथा दैनिक आइपर्ने कार्य गर्नका लागि कार्यदल गठन गर्दा कार्य प्रारम्भ गर्न सहज हुनसक्छ । त्यसैगरी प्रदेशस्तरीय तथा स्थानीय तहस्तरीय परामर्श गोष्ठीहरू गरी प्रक्रिया तथा प्रारम्भिक सूचकहरूमा छलफल गर्ने तथा सुचकहरूमा सम्बन्धित सरोकारवालाहरूसँग समेत परामर्श गर्नु पर्ने हुन्छ । प्रणाली स्थापना भइसकेपछि स्थानीय तहको क्षमता बिकासका कार्यक्रम समेत सञ्चालनमा ल्याउनु पर्ने हुन्छ ।

❍❍❍

# सन्दर्भ महिलाको आर्थिक सशक्तीकरणको चर्चा घरायसी कामको

निशान राज गौतम*

## विषय प्रवेश

महिलाको आर्थिक सशक्तीकरणविना मुलुक समृद्धिको दिशामा अघि बढ्न सम्भव छैन । यही तथ्यलाई बुझेर पछिल्लो समयमा नीतिनिर्माता तथा विकासका पण्डितहरूले महिलाको आर्थिक समुन्नतिलाई विश्वव्यापी एजेन्डा बनाएका छन् । नेपालको संविधानले लैङ्गिक विभेदको अन्त्य गर्ने सङ्कल्पसहित मौलिक हकको प्रत्याभूति गरेको छ । दिगो विकास लक्ष्यमा लैङ्गिक समानता तथा बालिकाको सशक्तीकरणको विषय समावेश गरिएको छ । पन्ध्रौं योजनाले लैङ्गिक समानतामूलक राष्ट्रको परिकल्पना गर्दै स्रोतसाधन, अवसर तथा लाभमा महिलाको समान पहुँच सुनिश्चित गर्ने उद्देश्य लिएको छ । नेपाल सरकारले महिला सशक्तीकरणका लागि विभिन्न कार्यक्रमसमेत सञ्चालन गरिरहेको छ । प्रदेश र स्थानीय तहबाट पनि महिलाको आयआर्जनलक्षित तालिम तथा स्वरोजगारका कार्यक्रमहरू अगाडि बढाइएका छन् । यति हुँदाहुँदै पनि पुरुषको तुलनामा महिलाको आर्थिक प्रतिफल र उत्पादकत्व क्षमता कमजोर रहेको छ । साधनस्रोत, रोजगार, अवसर र शक्तिको पहुँचबाट महिला टाढा रहेका छन् ।आर्थिकरूपमा महिलालाई सबल र आत्मनिर्भर बनाउन मूल्य नपाउने घरायसी काम (Unpaid Household work) मा बढी संलग्न हुनुपर्ने अवस्थाको अन्त्य गर्न सकिएको छैन । यस विषयमा नीति निर्माण तहबाट चासो राख्ने, छलफल गर्ने र अध्ययन अनुसन्धान गर्ने परिपाटीको विकास हुन सकेको छैन । आर्थिकरूपमा सबल बनाउने उपायहरूको समीक्षा गर्दा महिलाको घरायसी बोझलाई गम्भीरतापूर्वक लिने गरेको पाइँदैन । महिलाको घरेलु श्रम र हेरचाह कार्यलाई मूल्य कायम गर्ने, यस कार्यमा पुरुषको पनि संलग्नता र चासो बढाउनुका साथै पारिश्रमिक नपाउने घरायसी कार्यहरूलाई राष्ट्रिय आर्थिक आयमा गणना गर्ने कार्यमा नीतिनिर्माताहरूको ध्यान पुग्न जरुरी देखिएको छ । यसो हुन सकेमा मात्रै महिलाको आर्थिक सशक्तीकरणमा देखिएका अवरोधहरूको सही पहिचान गरी नीतिगत गन्तव्य पहिल्याउन सहज हुनेछ ।

## घरायसी काममा महिलाको संलग्नता

पारिश्रामिक नपाउने घरायसी काममा महिला तथा बालिकाले पुरुषको तुलनामा तीन गुणा बढी समय व्यतीत गर्ने गरेको OECD को अध्ययनले देखाएको छ । घरायसी कामअन्तर्गत खाना पकाउने, भाँडा माझ्ने, लुगा धुने, सरसफाइ गर्ने, बच्चा हुर्काउने वृद्धवृद्धाको लालनपालन गर्ने इत्यादि पर्दछन् । घरायसी कामहरू गर्दा श्रम र समयको धेरै लगानी हुने तर पारिश्रामिक नपाउने, कामको योगदानको कदर नहुने एवं राष्ट्रिय आयमा गणना नहुने अवस्था विद्यमान रहेको छ । यद्यपि यी काम तेस्रो पक्षमार्फत गर्न लगाउँदा चर्को शुल्क भुक्तानी गर्नुपर्ने हुन्छ । विश्व बैंकको २०१७ मा प्रकाशित प्रतिवेदनअनुसार महिला र पुरुषको श्रम शक्ति सहभागिता

* *प्रमुख प्रशासकीय अधिकृत कालिका नगरपालिका ।*

दर क्रमशः ५४% र ८१% रहेको छ । यसको अर्थ पुरुषको तुलनामा आयआर्जन हुने औपचारिक श्रम बजारमा महिलाको कम सहभागिता रहेको छ ।

दश वर्षका बालबालिकामा गरिएको अध्ययनले घरायसी काममा बालकले २४ मिनेट समय व्यतीत गर्दा बालिकाले ४४ मिनेट समय बिताउने गरेका छन् । पाँचदेखि नौ वर्ष उमेर समूहका बालबालिकामध्ये बालिकाले बालकको भन्दा ३०% बढी समय घरायसी कार्यमा खटिनु परेको छ । एक अध्ययनअनुसार पेरुका १५ वर्षे बालकले एक घण्टा घरायसी काम गर्दा सोही उमेरकी बालिकाले दुई घण्टा काम गर्ने गरेकी छन् । महिलाहरूको विवाहपश्चात् घरायसी कामको बोझ बढ्ने र बच्चा जन्मेपछि आमाको भूमिका निर्वाह गर्नुपर्दा उनीहरूको कामको बोझ थप बढ्ने गरेको छ । तर पुरुषहरूका हकमा विवाहपश्चात् र बच्चा जन्मेपछि घरायसी कामको बोझ घट्ने गरेको देखिएको छ । उच्च शिक्षा अध्ययन गरेका महिलाहरूको घरायसी काममा बिताउने समय कम हुने गरेको तर आधारभूत शिक्षा लिएका महिलाहरूको घरायसी बोझ कम नहुने गरेको अध्ययनले देखाएको छ ।

विश्वका अधिकांश मुलुकले घरायसी कामलाई आर्थिक क्रियाकलापको रूपमा स्वीकार गरेको पाइँदैन । आफैंले उपभोग गर्ने गरी परिवारका सदस्यले उत्पादन गरेका वस्तु तथा सेवालाई कुल ग्राह्यस्थ उत्पादनमा समावेश गर्ने गरिएको छैन । विशेषगरी पितृसत्तात्मक सोच भएको समाजमा मूल्य कायम नभएका र पारिश्रमिक नपाउने कामहरूमा महिलालाई संलग्न गराउने प्रवृत्ति प्राचीन समयदेखि विद्यमान रहेको पाइन्छ । महिलाको आर्थिक सशक्तीकरणको दिशामा यो प्रमुख अवरोधक अवस्था हो । अनौपचारिक कुराकानीका क्रममा एक जना महिलाले पैसा नआउने घरभित्रको पुजापाठका कर्म महिलाले गर्नुपर्ने तर मूल्य प्राप्त हुने जजमानको काम पुरुषले गर्ने संस्कार महिला विभेदको भद्दा रूप भएको बताएकी थिइन् ।

रोजगार र स्वरोजगार क्षेत्रमा संलग्न महिलाहरूमा घरायसी कामको समेत बोझ थपिएको र यसबाट कतिपय महिला मानसिक रोगको सिकार हुने गरेका छन् । । कार्यालय र घरायसी कामको दोहोरो बोझका कारण महिलाले सङ्गठनमा पर्याप्त समय र ऊर्जा दिन सक्दैनन् । यसले कामको गुणस्तर कम हुने, कार्यसम्पादन कमजोर हुने, व्यक्तिगत र साङ्गठनिक नतिजा तथा उत्पादकत्वमा असर पुग्ने गर्छ । कार्यालयमा पर्याप्त समय र नतिजा  दिन नसक्दा सुपरिवेक्षक तथा व्यवस्थापकबाट विभिन्नरूपमा दण्डित हुनुपर्ने, रोजगारबाट हात धुनुपर्ने, शारीरीक र मानसिक हिंसा सहनुपर्ने अवस्था रहोकोछ । ILO ले सन् २०१८ मा गरेको एक अध्ययनले ५ वर्षमुनिका बच्चा भएका आमाको रोजगार दर जम्मा ४८% मात्रै रहेको देखाएको छ । दोहोरो कामको बोझका कारणबाट कार्यसम्पादन कमजोर हुँदा जागिर र जीवनबीचको सन्तुलन खलबलिने र यसले लैङ्गिक हिंसा र पारिवारिक विखण्डनसम्मका घटनाहरू हुने सम्भावनालाई बढाउने गरेको छ । घरायसी तथा हेरचाहमूलक काममा बालिकाको अधिक संलग्नताले उनीहरूको विद्यालय उपस्थितिमा नकरात्मक प्रभाव पार्ने गरेको छ ।

महिलाहरूले घरायसी काममा खर्चिनु पर्ने समय उत्पादनमूलक र आयआर्जनका काममा लगाउन सकेमा उनीहरूको आम्दानी र अवसर बढ्न गई आर्थिक सशक्तीकरणमा टेवा पुग्छ । महिलाहरूको श्रम सहभागिता दर बढाउने र आर्थिक अवसर बढाउने हो भने दिगो र समावेशी विकासमा समेत योगदान पुग्दछ । त्यसैगरी महिलामाथि हुने विभेदको उन्मूलन गर्न सकेमा उनीहरूको शिक्षा र श्रममा सहभागिता दर बढ्न गई विश्व अर्थतन्त्र १२ ट्रिलियन डलरले बढ्ने फेरेण्ट र कोलेभ,२०१६ को अध्ययनले देखाएको छ ।

## नीतिगत सम्बोधन कसरी

महिला र पुरुषबीच पारिश्रमिक नपाउने घरायसी काममा बिताउने समयमा विद्यमान विभेद सम्बोधनका लागि डायन एल्सनले '3Rs' ढाँचाको विकास गरेका छन् । यस ढाँचाले महिलाको घरायसी कामको पहिचान

(Recognition), न्यूनीकरण(Reduction) र पुनःवितरण (Redistribution) गर्नुपर्ने तीनवटा रणनीतिमा केन्द्रित हुन नीतिनिर्मातालाई सुझाएको छ । पहिचान रणनीतिअन्तर्गत पारिश्रमिक नपाउने घरायसी कामलाई आर्थिक क्रियाकलाप र व्यक्तित्व विकासका लागि महत्त्वपूर्ण पक्षका रूपमा लिने, यस्ता क्रियाकलापको मूल्य कायम गर्ने, राष्ट्रिय आयमा गणना गर्ने र कुल ग्राहस्थ उत्पादनको रूपमा लेखाङ्कन गर्ने कार्यहरू पर्दछन् । तथापि घरायसी कामको मापन गर्ने कार्य चुनौतीपूर्ण रहेको छ । महिलाको बच्चा र बुढाबुढीको स्याहार गर्ने काम भावनात्मक संवेगसँग पनि जोडिएको हुन्छ । भावनाको मूल्य मापन गर्न कठिन हुन्छ । साथै महिलाले एउटै काम धेरै पटक गरिरहनुपर्ने हुन्छ र यी सबै कामको अभिलेखीकरण गर्न सजिलो हुँदैन । हुन त आजकल घरायसी कामको मापन गर्न समय उपयोग सर्वेक्षण (Time Use Survey) गर्ने प्रचलन सुरु भएको छ । अर्कोतर्फ घरायसी काम गर्दा महिलाले आयआर्जनका अवसर, मनोरञ्जन, फुर्सदिलो समय, सामाजिक भेटघाट र छलफल आदि कति गुमाउनु पर्यो भन्ने कुराको मापन गर्न त्यति सजिलो छैन ।

न्यूनीकरण रणनीतिअन्तर्गत घरायसी काममा महिलाले व्यतीत गर्ने समय र कठिनता कटौती गर्ने उपायहरू पर्छन् । यसका लागि गुणस्तरीय पूर्वाधारहरूको विकास र विस्तारमा लगानी गर्ने, घरायसी कार्य सम्पादनमा आधुनिक प्रविधिको अवलम्बन गर्ने जस्ता कार्यनीति अपनाउनुपर्छ । उदाहरणको रूपमा प्रत्येक घरमा स्वच्छ खानेपानी पुर्याउन 'एक घर एक धारा' खानेपानी परियोजना सञ्चालन गर्न सकेमा महिलाले घरभन्दा टाढाबाट खानेपानी लिएर आउनुपर्ने बाध्यता हटी उनीहरूको समय र कठिनतामा कमी ल्याउन सहयोग पुग्छ । हातले लुगा धुने कार्यमा समय धेरै लाग्ने र चिसो पानी धेरै खेलाउदाँ महिलाको स्वास्थ्यमा समेत समस्या हुन सक्ने भएकाले यस्तो परम्परागत अभ्यासलाई प्रतिस्थापन गरी लुगा धुने मेशिनको प्रयोग गर्न सकिन्छ । अर्कोतर्फ बच्चाको हेरचाहका लागि समुदायमा बच्चा तथा ज्येष्ठ नागरिक स्याहार केन्द्रको स्थापना गर्न सकेमा महिलाको हेरचाहमा बित्ने समयमा उल्लेखनीय कटौती गर्न सकिन्छ । माथि उल्लिखित कार्यक्रमहरूको कार्यन्वयनमा स्थानीय तहको भूमिका अत्यन्तै महत्त्वपूर्ण हुन्छ । किनभने पारिवारिक तहबाट यी कार्यहरू गर्न असम्भव नै नभए पनि त्यति सहज भने हुँदैन । अझ गरिब घरपरिवारका लागि पूर्वाधार र प्रविधिमा पहुँच स्थापित गर्न सक्ने अवस्था पनि हुदैन । त्यसैले घरायसीरूपमा प्रयोग हुने प्रविधिहरूको प्रयोग बढाउन सरकारले आर्थिक क्षमताअनुसार कमजोर परिवारलाई अनुदानसमेत दिनुपर्ने हुन सक्छ ।

तेस्रो रणनीतिक उपायका रूपमा घरायसी कामलाई परिवारका सदस्य, समुदाय र सरकारमा पुनः वितरण गर्ने हो । उदाहरणका रूपमा पतिपत्नीबीचमा खाना पकाउने,सरसफाइ गर्ने, किनमेल गर्नेलगायतका कार्यहरू बाँडफाँड गर्दा महिलाको कार्यबोझ आधाले कटौती हुन्छ र उक्त समय उत्पादनमूलक कार्य र आयआर्जनमा लगाउन सकेमा महिलाको आर्थिक सशक्तीकरणमा टेवा पुग्छ। तर गहिरोरूपमा जरा गाडेर बसेका लैङ्गिक भूमिका एवं सामाजिक मान्यतालाई चिर्दै घरायसी कामको पुनःवितरण गर्ने कार्य चुनौतीपूर्ण हुन जान्छ । त्यसैले यस कार्यमा नीतिनिर्माता र महिला अभियन्ताहरूको भूमिका बढी महत्त्वपूर्ण हुन्छ ।

महिला र पुरुषबीच पारिश्रमिक नपाउने घरायसी काममा बिताउने समयमा विद्यमान विभेदलाई कसरी सम्बोधन गर्ने भन्ने सम्बन्धमा नीति निर्माताहरूले लामो समयसम्म चासो राखेको पाइँदैन । यस विषयलाई उनीहरूले नितान्त व्यक्तिगत तथा पारिवारिक मामिलाका रूपमा लिने गरेको अवस्था रह्यो । नेपाल सरकारका नीति तथा कार्यक्रमले पनि पारिश्रमिक नपाउने घरायसी कामलाई मूल्य कायम गर्ने सम्बन्धमा पछिल्लो समयमा आएर मात्रै सम्बोधन गर्न सुरु गरेका छन् । पन्ध्रौं योजनाले महिलाको घरेलु श्रम तथा पारिवारिक हेरचाहसम्बन्धी क्रियाकलापको मूल्य कायम गरी राष्ट्रिय आयमा महिलाको योगदानको गणना गरिने कार्यनीति लिएको छ तर कार्यान्वयनको ढाँचाबारे खासै बहस र छलफल हुन सकेको छैन । लैङ्गिक समानता नीति, २०७७ ले लैङ्गिकतामा आधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरी श्रम बजारमा

महिलाको सहभागिता वृद्धि गर्दै अर्थतन्त्रमा महिलाको योगदानको मूल्याङ्कन गर्ने रणनीति अङ्गीकार गरेको छ । यसअन्तर्गतको कार्यनीतिमा घरेलु कामकाज र हेरचाह कार्यको आर्थिक पक्षको मूल्याङ्कन गर्ने, घरेलु कामकाज, हेरचाह कार्य र अभिभावकीय भूमिकामा महिला र पुरुषको समान भूमिकालाई प्रवर्द्धन गर्न कार्यक्रम सञ्चालन गर्ने, महिलाहरूलाई औपचारिक क्षेत्रमा रोजगारीउन्मुख गराउन, घरेलु तथा हेरचाहजन्य कार्यबोझ घटाउन प्रविधिको प्रयोग गर्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने, महिलाको पारिवारिक तथा व्यावसायिक जीवनबीचको सन्तुलन कायम गर्ने गरी पारिवारिक काममा पुरुषको भूमिका बढाउन प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने जस्ता प्रावधानहरू समेटिएका छन् ।

निष्कर्षमा महिलाको घरेलु कामकाज, हेरचाह कार्य र अभिभावकीय भूमिका सम्बोधनमा तर्जुमा गरिएका नीति तथा कार्यनीतिलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नको लागि सङ्घले प्रदेश तथा स्थानीय तहसँग समन्वय तथा सहजीकरण गर्ने, प्रदेश तथा स्थानीय तहले नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी लैङ्गिकमैत्री बनाउने तथा महिलाको क्षमता बढाउन र सहभागिता अभिवृद्धि गर्न पहल गर्नुपर्ने हुन्छ । बजेट तथा कार्यक्रमलाई यस कार्यतर्फ मार्गनिर्देश गर्न स्थानीय तहले कार्यविधि र निर्देशिका तर्जुमा गर्ने, क्रियाकलापहरू पहिचान गरी बजेट व्यवस्था गर्ने, कार्यान्वयन कार्ययोजना बनाउने साथै महिला सशक्तीकरणमा संलग्न संस्था र शाखाहरूको क्षमता विकासतर्फ पनि जोड दिनुपर्छ ।

ooo

## सन्दर्भ सामग्री


नेपालको संविधान, २०७२, कानुन किताबखाना ।

पन्ध्रौं योजना, राष्ट्रिय योजना आयोग ।

दिगो विकास लक्ष्य, स्थानीयकरण स्रोत पुस्तिका, राष्ट्रिय योजना आयोग ।

महिलाको आर्थिक सशक्तीकरणको मापन, OECD Gender Policy Paper.

विश्व बैंकका प्रतिवेदनहरू ।

अन्तराष्ट्रिय श्रम संगठनका प्रतिवेदनहरू ।

# महिला उद्यमशीलता विकासमा राष्ट्रपति महिला उत्थान कार्यक्रम

**गोमादेवी ढकाल पौडेल***

श्रम, सीप र पुँजीको समिश्रणद्वारा नयाँ व्यवसाय सिर्जना गर्नु उद्यमशीलता हो । उद्यमशीलता मुनाफाको लागि आफ्नो समय र स्रोतको लगानी गरी आर्थिक जोखिम उठाउन सक्ने एक कला, क्षमता वा कुशलता पनि हो । अंग्रेजी भाषामा entrepreneur भनिने यस शब्दलाई 'नाफाको अपेक्षा लिई पुँजी लगानीको जोखिम मोल्ने क्रियाकलाप हो' भनी परिभाषित गरिएको पाइन्छ ।

उद्यमशीलता नयाँ व्यवसाय सिर्जना गर्ने गर्ने प्रक्रिया हो । नयाँ विचार र पुँजी लगानीमार्फत शारीरिक, मानसिक र आर्थिक परिश्रम, मेहनत, समय, जोखिम बहन, उच्च उपलब्धिको चाहना, सिर्जनशीलता तथा नवप्रवर्तन र नाफाको अपेक्षा आदि उद्यमीका महत्त्वपूर्ण विशेषताभित्र पर्दछन्।

नेपालमा उद्यमशीलता विकासका लागि नेपाल सरकार तथा अन्य विभिन्न संघसंस्थाहरूले समयसमयमा विभिन्न तालिम अभिमुखीकरण तथा सिकाइहरू गरिरहेको पाइन्छ । तथापि अपेक्षितरूपमा उद्यमशीलताको विकास भर्इ रोजगारी सिर्जना हुन सकेको भने पाइँदैन । त्यसमाथि पनि महिला उद्यमीको सङ्ख्या हातमा गन्न सकिने मात्रै छन् । यिनै तथ्यलाई मध्येनजर गरी महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयद्वारा लागु गरिएको राष्ट्रपति महिला उत्थान कार्यक्रमले महिला उद्यमशीलताको विकास र प्रवर्धनमा जोड दिएको छ ।

संवत् २०७३ साल फागुन २५ गते (मार्च ८, २०१७) अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा कपिलवस्तुमा महिला उद्यमीहरूद्वारा उत्पादित सामग्रीको प्रर्दशनी र मेला आयोजना गरिएको समारोहमा सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीबाट 'राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालन कार्यविधि, २०७३' को विमोचन गरी यस कार्यक्रमको शुभारम्भ गर्नुभएको थियो । हाल राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालन कार्यविधि २०७६ कार्यान्वयनमा रहेको छ ।

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयअन्तर्गत रहेको यस कार्यक्रमलाई हाल पन्ध्रौं आवधिक योजनाले सामाजिक क्षेत्रको रूपान्तरणकारी परियोजनाका रूपमा (राष्ट्रपति महिला सशक्तीकरण परियोजना) समेत उल्लेख गरेको छ । यसरी सञ्चालनमा आएको राष्ट्रपति महिला उत्थान कार्यक्रमका मुख्यतः निम्न उद्देश्यहरू रहेका छन्- जसले प्रत्यक्ष वा अप्रत्यक्षरूपमा महिलाको सशक्तीकरण र आर्थिक रूपान्तरणमा योगदान पुर्‍याउने अपेक्षा गरिएको छ ।

- उद्यमशीलताको माध्यमबाट जीविकोपार्जनमा सुधार, वित्तीय पहुँच तथा महिलाहरूको आर्थिक सशक्तीकरण गर्दै दिगो विकासको लक्ष्य हासिल गर्न सहयोग पुर्‍याउनु ।

** कम्पनी रजिष्टारको कार्यालयमा उपरजिष्टार हुनुहुन्छ ।*

- लैङ्गिक विभेद, हिंसा र सबै प्रकारका कुरीति अन्त्यका लागि सामाजिक रूपान्तरणको अभियान सञ्चालन गर्नु।
- हिंसापीडित तथा प्रभावितहरूका लागि राहत, उद्धार र पुनर्स्थापना सेवा उपलब्ध गराउनु।
- दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूलाई हवाई उद्धार सेवा सञ्चालन गरी मातृ मृत्युदरमा कमी ल्याउन सहयोग पुर्याउनु।

यी प्रमुख उद्देश्यका साथ सुरुआत गरिएको राष्ट्रपति महिला उत्थान कार्यक्रमले हालसम्मका ५ वर्ष पूरा गर्दा महिला उद्यमशीलताका क्षेत्रमा विशेष उल्लेखनीय भूमिका खेलेको पाइन्छ । राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत रही महिला उद्यमशीलता विकासका लागि उल्लेखनीय भूमिका खेलेका केही प्रमुख कार्यक्रमहरू तपसिलबमोजिम रहेका छन्-

- जीविकोपार्जन सुधार कार्यक्रम;
- उद्यमशीलता विकास सहजीकरण केन्द्र सञ्चालन;
- वित्तीय पहुँच, टेवा पुँजी र प्रविधि कार्यक्रम;
- बहुआयामिक नमुनाग्रामको स्थापना र सञ्चालन;
- राष्ट्रपति महिला समुन्नति पुरस्कार;
- हवाई उद्धार कार्यक्रम;
- कुरीति विरुद्धको अभियान र अभिमुखीकरण र
- हातैमा उद्यम एप ।

### १. जीविकोपार्जन सुधार कार्यक्रम

जीविकोपार्जन सुधार कार्यक्रममार्फत महिलाहरूको आर्थिक उन्नति, प्रतिष्ठा तथा सम्मान वृद्धि गरी समृद्ध राष्ट्र र सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षामा टेवा पुर्याउन, सबै किसिमको भेदभाव उन्मूलन गर्न, असहाय र एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिन; मधेसी समुदाय, मुस्लिम र पिछडिएको वर्गलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण गर्न; त्यस्ता समुदायभित्रका विपन्न महिलाको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्ति गर्न र सामाजिक सुरक्षा तथा सामाजिक न्याय प्रदान गरी राष्ट्रिय विकासमा मूलप्रवाहीकरण गर्नका लागि राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालनमा ल्याइएको हो । मानव विकास सूचकाङ्कमा पछाडि परेका जिल्लाहरूमा केन्द्रित हुने गरी यो कार्यक्रमको सुरुआत गरिएको थियो ।

यो कार्यक्रम सञ्चालन गर्नका लागि हाल जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ कार्यान्वयनमा ल्याइएको छ । देशका अतिविपन्न तथा पछाडि परेका समुदायका महिलाहरू (कोभिडबाट प्रभावित समेत) का लागि जीविकोपार्जन सुधार तथा स्वरोजगार कार्यक्रमलाई प्रभावकारीरूपमा सञ्चालन गर्ने आ.व २०७७/७८ मा मानव विकास सुचकाङ्कमा पछाडि परेका ५५ जिल्लाका १०० वटा स्थानीय तहमा प्रति स्थानीय तह रु. ८९०,०००/- का दरले विनियोजन गरी जम्मा ९ करोड रूपियाँ सशर्त अनुदानका रूपमा पठाइएकोमा यस आ.व. मा ११ वटा स्थानीय तहहरू थप गरी १११ वटा स्थानीय तहमा यो कार्यक्रमलाई कार्यान्वयनमा ल्याइएको छ । यसले विकासका दृष्टिकोणबाट पछाडि परेका र विपन्न समुदायका महिलाहरूलाई आफ्नो जीविकोपार्जनमा सघाउ पुर्याउँदै भविष्यमा ती महिलाहरूलाई एक उद्यमी महिला बन्न प्रेरणा र आधारशीला तय गर्नेछ ।

## २. महिला उद्यमशीलता विकास सहजीकरण केन्द्र स्थापना र सञ्चालन

महिलालाई उद्यमशीलता विकासको माध्यमबाट स्वरोजगार तथा रोजगारमा संलग्न गराई आर्थिकरूपमा सम्पन्न र आत्मनिर्भर बनाउने उद्देश्यले राष्ट्रपति महिला उत्थान कार्यक्रममार्फत प्रत्येक स्थानीय तहमा महिला उद्यमीको सूचनामा पहुँच, सीप तथा सिर्जनाको उपयोग, बजार प्रवर्धन, वित्तीय पँहुच, प्रविधिमा सहयोग, टेवा पुँजी लगायतका प्राविधिक पक्षमा सहजीकरण गरी महिला उद्यमशीलता सहजीकरण केन्द्र स्थापना गर्न लागिएको हो । जसका उद्देश्यहरू निम्नानुसार छन्ः

- स्थानीयस्तरमा सञ्चालन हुन सक्ने उद्यमहरूको पहिचन तथा अभिलेखीकरण गर्न स्थानीय सरकार तथा मन्त्रालयलाई सहजीकरण गर्ने ।
- उद्यमशीलताको माध्यमबाट महिलाहरूको आर्थिक सशक्तीकरण गर्दै दिगो विकास हासिल गर्न स्थानीयस्तरमा उपयूक्त वातावरण सिर्जना गर्ने ।
- उद्यम सञ्चालन गर्न इच्छुक तथा उद्यम सञ्चालन गरेका महिलाहरूको ज्ञान सीप र क्षमतामा अभिवृद्धि गर्दै महिला उद्यमीको सङ्ख्यामा उल्येख्यरूपमा वृद्धि गर्ने ।

यी उद्देश्यका साथ स्थापना र सञ्चालन गरिएका उद्यमशीलता सहजीकरण केन्द्रहरू आ.व. २०७७/७८ मा ७० वटा स्थानीय तहमा स्थापना गरिएकोमा यस आ.व. मा यो सङ्ख्यालाई बढाएर १०० वटा स्थानीय तह पुर्‍याइएको छ । यसरी क्रमशः सबै स्थानीय तहहरूमा महिला उद्यमशीलता सहजीकरण केन्द्र स्थापना गर्दै महिलाहरूको आर्थिक सशक्तीकरणमा जोड दिइएको छ ।

## ३. वित्तीय पहुँच टेवा पुँजी र प्रविधि कार्यक्रम

उद्यमशीलता र सीपमूलक तालिम प्राप्त गरेका उद्यमी बन्न चाहने महिलाहरूलाई प्रोत्साहन गर्न र उद्यमीहरूलाई स्तरोन्नतिका लागि उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पुंजी र प्रविधि सहयोग प्रदान गरी सफल महिला उद्यमी र व्यवसायी बन्न सहयोग पुर्‍याउने लक्ष्यका साथ राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पुँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन गरिएको छ । उद्यमशीलताको माध्यमबाट महिलाहरूको आर्थिक सशक्तीकरण गर्न यो कार्यक्रमको अवधारणा ल्याइएको हो । यसका लागि मन्त्रालयले महिला उद्यमशीलता विकास, वित्तीय पहुँच र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७७' स्वीकृत गरी लागु गरेको छ ।

यस कार्यक्रमका प्रमुख उद्देश्यहरू निम्नानुसार छन्-

- महिला उद्यमीलाई आवश्यक टेवा पुँजी र उपयुक्त प्रविधि सहयोगमार्फत उद्यम र व्यवसायतर्फ आकर्षित गर्दै महिला उद्यमीको सङ्ख्यामा बढोत्तरी ल्याउनु;
- उद्यम र व्यवसाय प्रवर्द्धनका लागि पुँजी र प्रविधि सहयोग गरी महिला उद्यमी तथा उद्यमको क्षमता अभिवृद्धि गर्नु;
- छनौटमा परेका महिला उद्यमीलाई वित्तीय पहुँचसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नु र
- रोजगार, स्वरोजगार र उद्यमशीलताको माध्यमबाट महिलाको आर्थिक सशक्तीकरणमा टेवा पुर्याउनु ।

**४. बहुआयामिक नमुनाग्राम**

राष्ट्रपति महिला उत्थान कार्यक्रमको अर्को एक महत्त्वपूर्ण कार्यक्रम हो बहुआयामिक नमुनाग्रामको स्थापना । मानव विकास सूचकाङ्कमा पछाडि परेका स्थानीय तहमा विपन्न, सीमान्तकृत समुदायलाई समेटेर लैङ्गिक समानता उन्मुख नमुना गाउँ स्थापना गर्दै लैजाने उद्देश्यले सात प्रदेशका सात स्थानीय तहको लक्षित समुदायको बाक्लो बस्ती रहेको स्थानलाई बहुआयामिक नमुनाग्रामका रूपमा सरकारले स्थापना गर्ने लक्ष्य लिएको छ । जसका लागि बहुआयामिक नमुनाग्राम स्थापना तथा सञ्चालनको अवधारणा पत्र स्वीकृत भई सम्बन्धित स्थानीय तहबाट नमुनाग्राम स्थापना तथा सञ्चालनको लागि आवश्यक लागत अनुमानसहितको DPR (Detailed Project Report) तयारीसम्बन्धी अभिमुखीकरण कार्यक्रम समेत सञ्चालन गरिएकोमा हालसम्म ३ वटा स्थानीय तहबाट सो को DPR प्राप्त भइसकेको छ।

**नमूना ग्राम स्थापना तथा संचालन गर्न DPR तयार गर्न अनुरोध गरिएका सात स्थानीय निकायहरु**

| क्र.स | प्रदेश | छनौट भएको स्थानीय तह | लक्षित समुदाय |
|---|---|---|---|
| १ | प्रदेश १ | उर्लाबारी नगरपालिका वडा नं.८बहादुरबाबा मोरङ्ग | सन्थाल समुदाय |
| २ | प्रदेश २ | गोलबजार नगरपालिका वडा नं. ११बलकावा सिराहा | मुसहर डोम विपन्न दलित समुदाय |
| ३ | बाग्मती प्रदेश | राप्ती नगरपालिका वडा नं.१०, ११ ,१२ ,१३ चौघारा थाकलटार चितवन | चेपाङ्ग आदिवासी |
| ४ | गण्डकी प्रदेश | रघुगंगा गाउँपालीका वडा नं. ७ चिमखोला म्याग्दी | दलित जनजाती |
| ५ | लुम्बिनी प्रदेश | नेपालगञ्ज उपमहानगरपालिका वडा न. फुलटेका बाँकि | विपन्न मुस्लिम |
| ६ | कर्णाली प्रदेश | नारायण नगरपालिका वडा नं. २ जरकोट दैलेख | विपन्न ब्राम्हण क्षेत्री |
| ७ | सुदुरपश्चिम प्रदेश | धनगढी उपमहानगरपालीका वडा नं. १६ धुरजन्ना र हिम्मतपुर कैलाली | विपन्न मुक्तकमैयाकमलहरी |

बहुआयामिक नमुनाग्रामका गरिब तथा सीमान्तकृत वर्गका लागि यसै वर्षदेखि सरकारले विभिन्न आयआर्जन तथा रोजगारमूलक कार्यक्रमहरू कार्यान्वयन गरेको छ । जसअनुसार स्थानीयस्तरबाट प्राप्त हुने कच्चा पदार्थलाई प्रयोग गरी हस्तकलाका सामग्रीहरूको निर्माणसम्बन्धी तालिमहरू प्रदान गरिएको छ ।

बहुआयामिक नमुनाग्रामको DPR प्राप्त भइसकेपछि ती गाउँहरूमा शिक्षा, स्वास्थ्य, रोजगारी, पूर्वाधार निर्माणलगायतका सम्पूर्ण विकासको एकीकृत योजना लागु गरिनेछ । जसबाट ग्रामिण स्तरमा रहेका महिला, दलित, अल्पसंख्यक, सीमान्तकृत वर्गलगायत सबैको विकास र उत्थानमा टेवा पुग्ने विश्वास लिइएको छ ।

**५. राष्ट्रपति महिला समुन्नति पुरस्कार**

स्थानीय स्रोत, साधन, सीपहरूको समुचित प्रयोग गर्दै स्थानीय उत्पादनलाई प्रवर्धन गरी उद्यमशीलतामार्फत महिलाहरूलाई आर्थिक शसक्तीकरणमा जोड्नका लागि राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत राष्ट्रपति महिला समुन्नति पुरस्कार प्रदान गर्ने गरिएको छ । जसअनुसार सात प्रदेशबाट एक एक जनाका दरले कुल ७ जना महिलाहरूलाई रु १ लाख राशिको पुरस्कार र कदरपत्र प्रदान गर्ने गरिन्छ ।

**६. दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरीहरूका लागि हवाई उद्धार कार्यक्रम**

उद्दयमशीलतासँग प्रत्यक्षरूपमा नजोडिए तापनि महिलाको आधारभूत स्वास्थ्य सेवाको अधिकारलाई सुनिश्चित गर्नका लागि राष्ट्रपति महिला उत्थान कार्यक्रममार्फत दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूका लागि हवाई उद्धार कार्यक्रम लागु गरिएको छ । जसअनुसार १९ जिल्लामा पूर्णरूपमा र २९ जिल्लामा आंशिकरूपमा गरी कुल ४८ जिल्लामा यो कार्यक्रम लागु गरिएकोछ । तोकिएका जिल्ला र पालिकाहरूका गर्भवती तथा सुत्केरी महिलाहरूको निःशुल्क हवाई उद्धार गरी उनीहरूलाई रु.२०००० बीस हजार यातायात खर्चसमेत दिने गरी यो कार्यक्रम लागु गरिएको छ । यसबाट हालसम्म ३०० जनाभन्दा बढी महिलाहरूको उद्धार भइसकेको छ ।

**७. कुरीतिविरुद्धको अभियान**

महिलामाथि हुने हिंसाको अन्त्यका लागि कुरीति र हानिकारक अभ्यासविरुद्धका अभियानहरू पनि यस कार्यक्रममार्फत निरन्तररूपमा सञ्चालन भइरहेका छन् । जसबाट महिलालाई र कुरीतिविरुद्ध आवाज उठाउइ आफै सक्षम बन्न प्रेरणा मिल्नेछ ।

**८. हातैमा उद्यम एप्स**

उद्यमी महिलाहरूको उत्पादनलाई बजारीकरणमा टेवा पुर्याउने उद्देश्यले हातैमा उद्यम एपको निर्माण गरिएको छ । उद्यमी महिलाहरूले आफ्ना उत्पादनहरूलाई उक्त एपमा राखी उत्पादनको प्रवर्धन र बजारीकरण गर्दछन् भने ग्राहकहरूले समेत आफुलाई आवश्यक सामग्रीहरू उक्त एपमार्फत खोजी अनलाइनबाटै खरिद गर्न सक्नेछन् । यसबाट महिला उद्यमशीलतामा टेवा पुग्ने विश्वास गरिएको छ ।

यसप्रकार यी विविध कार्यक्रमहरूमार्फत महिलाको जीविकोपार्जन उद्यमशीलता र रोजगारीमा टेवा पुर्‍याउनका लागि राष्ट्रपति महिला उत्थान कार्यक्रमले निकै महत्त्वपूर्ण भूमिका खेलेको छ । जसले एकातर्फ लैंगिक हिंसा तथा मानव बेचबिखनजस्ता जघन्य अपराधहरूलाई नियन्त्रण गर्न सघाउ पुर्याउने छ भने अर्कोतर्फ गरिबी र सीमान्तकृत वर्गलाई उत्थान र महिला उद्यमशीलतालाई प्रवर्धन गर्दै समग्र देशको विकासमा टेवा पुर्‍याउने छ । आगामी दिनमा यस्ता कार्यक्रमहरूलाई ग्रामीणस्तरसम्म विस्तार गरी आम महिलालाई सक्षम र सशक्त बनाउँदै आर्थिक सशक्तीकरणमा जोड दिनुपर्नेछ ।

○○○

**सन्दर्भ सामग्रीहरू**


- राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ ।
- दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सूत्केरी महिलाहरूको हवाई उद्धार कार्यविधि २०७७ ।
- राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि २०७७ ।
- महिला उद्यमशीलता विकास, वित्तीय पँहुच, टेवा पुँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ।
- राष्ट्रपति महिला उद्यमी समुन्नति पुरस्कार वितरण कार्यविधि, २०७८ ।
- महिला उद्यमशीलता सहजीकरण केन्द्र सञ्चालन कार्यविधि, २०७७ ।
- बहुआयामिक नमुनाग्राम अवधारणापत्र ।
- वार्षिक प्रगति प्रतिवेदन, २०७७, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
- https://www.hamropatro.com/posts/articles-HamroLekh/articles-HamroLekh-entrepreneurship-economical-growth

# सामाजिक सुरक्षा र संरक्षणका लागि भएका प्रयास

विष्णुकुमारी लामिछाने*


## सारांश

नेपालजस्तो विकसोन्मुख मुलुकमा सामाजिक सुरक्षा र संरक्षणका कार्यहरूले अत्यन्तै लोकप्रियता पाइरहेका छन् । आर्थिकरूपमा विपन्न र जोखिमपूर्ण अवस्थामा रहेका नागरिकका लागि राज्यले सम्मानपूर्वक तरिकाले बाँच्नका लागि गर्ने सहायता नै सामाजिक सुरक्षा र संरक्षण हो । विश्वमा सामाजिक सुरक्षा अवधारणाको अनौपचारिक सुरुआत बेलायतबाट १५ औं शताब्दीतिर Donate and Help Poor भन्ने नाराबाट भएको पाइन्छ । अहिले विश्वका सबै मुलुकले सामाजिक सुरक्षाका कुनै न कुनै कार्यक्रमबाट आफ्ना नागरिकहरूलाई मर्यादित जीवन जिउनका लागि सहयोग प्रदान गरिरहेका छन् । नेपालमा यसको सुरुआत प्रथम विश्वयुद्धपश्चात् वि.सं. १९९१ मा सैनिक द्रव्यकोषको स्थापना गरी विश्वयुद्धबाट फर्किएका घाइतेहरूलाई वार्षिकरूपमा सहयोग गर्ने प्रयाससँगै भएको थियो । सामाजिक सुरक्षा र संरक्षणको दायरा क्रमिकरूपमा विकास र विस्तार हुँदै हाल आएर यो बहुआयामिक बहुविषयक क्षेत्र बनिसकेको छ ।हाल राज्यले नागरिकलाई न्यूनतमरूपमा आवश्यकता पूर्ति गर्नका लागि नगद वा वस्तु सहायता, सेवामा छुट वा सहुलियत, जोखिम न्यूनीकरणका लागि विशेष सुरक्षा, जीविकासम्बन्धी अनुदान, विशेष हेरचाह कार्यक्रमलगायतका कार्यहरू गरिरहेको छ । सामाजिक सुरक्षा र संरक्षणलाई मुख्यतः सामाजिक सहायता, सामाजिक बिमा र श्रमबजार हस्तक्षेप गरी तीन समूहमा बाँड्न सकिन्छ ।यसलाई वस्तुगत र व्यावहारिक बनाउँदै आवश्यकता र उत्पादनसँग जोड्न सक्ने हो भने राज्यलाई पर्ने आर्थिकभारलाई न्यूनीकरण गर्न सम्भव हुन्छ ।सामाजिक सुरक्षाको दायरा व्यापक र फराकिलो रहेकोमा यस लेखमा विशेष गरी सामाजिक सुरक्षा र संरक्षणमा गरिएका अन्तर्राष्ट्रिय एवं राष्ट्रियस्तरमा गरिएका मुख्यमुख्य प्रयासहरू र सुधारका क्षेत्रहरूका बारेमा उल्लेख गर्ने जमर्को गरिएको छ ।


## विषयप्रवेश

सामाजिक, आर्थिक, भौगोलिक, शारीरिक एवं मानसिक दृष्टिमा सबै नागरिक समान अवस्थामा छैनन् ।मानिसको पेसा, उमेर, पोषण, शैक्षिक अवस्था, मूल्यमान्यता एवं संस्कार र भौगोलिक अवस्थाले जीवन निर्वाहमा प्रत्यक्ष र परोक्षरूपमा प्रभाव पारिरहेको हुन्छ । आर्थिक न्यूनताले कुपोषण, अशिक्षा, अस्वस्थता, हिंसा, बेरोजगारी, भोकमरी जस्ता जोखिमहरूको सिर्जना गर्दछ ।यस्ता जीवनयापनका जोखिमहरूको न्यूनीकरण गर्न र नागरिकलाई समाजमा आत्मसम्मानपूर्वक जीवननिर्वाह गर्न राज्यले प्रदान गर्ने सहुलियत, अनुदान, आर्थिक र वस्तुगत सहायता, विशेष अवसर, बिमालगायत सङ्कट निवारणका प्रयासहरू नै सामाजिक सुरक्षा र संरक्षण हो ।

* *प्रमुख महिला विकास अधिकृत, हेटौंडा उपमहानगरपालिका।*

सामाजिक सुरक्षा बहुआयामिक विषय हो ।आधारभूत आवश्यकता आँफै पूरा गर्न नसक्ने नागरिकहरूलाई नकरात्मक असर पर्न सक्ने स्थितिको रोकथाम गर्नका लागि मानवीय आवश्यकता पूरा गर्न सघाउ पुर्‍याउने कार्यहरूको समष्टिगतरूप हो ।यसलाई सामाजिक न्याय प्रदान गर्ने एउटा औजारका रूपमा लिइन्छ ।गरिबी न्यूनीकरण, मर्यादित जीवन र सुरक्षित भविष्यका लागि कमजोर, विपन्न र विभिन्न जोखिममा रहेका नागरिकको जीवनयापनलाई सहज बनाउन र सबै नागरिकको जीवन सुरक्षित, संरक्षित र गुणस्तरीय बनाउन सामाजिक सुरक्षा उपलब्ध गराउनु राज्यको दायित्व हो ।

सामाजिक सुरक्षाको क्षेत्रमा राज्यले छुट्याउने बजेट वर्षेनी बढ्दै गइरहेको छ । आ.व. २०७७/७८ मा सामाजिक सुरक्षा भत्ताका लागि रु.६७ अर्ब ५० करोड विनियोजन भएकोमा आ.व. २०७८/७९ मा भत्ता ३३ प्रतिशत वृद्धि भई १ खर्ब विनियोजन भएको छ । जीवनचक्रमा आधारित सामाजिक सुरक्षा र संरक्षणको अवधारणाअनुरूप गर्भावस्थामा स्वास्थ्य जाँच र पोषण, बाल्यावस्थामा नि:शुल्क खोप, पोषण, आधारभूत शिक्षा र छात्रवृत्तिको व्यवस्था; युवावस्थामा शिक्षा, स्वास्थ्य र रोजगारीको प्रत्याभूति; वृद्धावस्थामा नि:शुल्क उपचार र मर्यादित जीवन सुनिश्चित गर्न सरकार प्रतिबद्ध रहेको बजेट वक्तव्यमा उल्लेख गरिएको छ ।

## सामाजिक सुरक्षा र संरक्षणका लागि गरिएका प्रयास

### अन्तर्राष्ट्रिय प्रयास

विश्वका हरेक मुलुकले कुनै न कुनैरूपमा सामाजिक सुरक्षा र संरक्षणका कार्यहरू गर्दै आएका छन् ।१५ औं शताब्दीमा बेलायतमा डोनेट एन्ड हेल्प पुअर भन्ने नाराबाट अनौपचारिकरूपमा सामाजिक सुरक्षाको अवधारणाको सुरुआत भएको मानिन्छ ।कमजोर र विपन्न नागरिकहरूलाई राज्य, गैरसरकारी संस्था र धार्मिक तथा निजी संस्थाहरूमार्फत सहयोग गर्ने परिपाटीको क्रमिक विकास हुँदै आएको थियो ।तर पनि गरिबीको अवस्थामा अपेक्षित सुधार नआएपछि काम लगाऊ र अनिवार्य कर लगाऊ भन्ने नाराको विकास भएको पाइन्छ ।

औपचारिकरूपमा सबैभन्दा पहिला जर्मनीले सन् १८८० को दशकदेखि बिरामी कामदारको स्वास्थ्य बिमाबाट सामाजिक सुरक्षा कार्यक्रम अगाडि बढाएको थियो । त्यसैगरी फ्रान्सले सन् १९०५ देखि बेरोजगारी भत्ताको व्यवस्था गरेर; बेलायतले सन् १९११ देखि स्वास्थ्य बिमा, ज्येष्ठ नागरिकको बिमा तथा भत्ताको कार्यक्रमबाट र सन् १९२२ देखि तत्कालीन सोभियत सङ्घले बृहत् सामाजिक सुरक्षाको कार्यक्रम सुरुआत गरेको पाइन्छ । त्यसपछि सन् १९३० को विश्व आर्थिक मन्दीबाट युरोपमा बढेको परनिर्भरता कम गर्न सामाजिक सुरक्षाको थालनी भएको थियो । अमेरिकाले सन् १९३५ मा बेरोजगार, वृद्धवृद्धा र सेवानिवृत्त कर्मचारीका लागि भत्ता र बिमाको व्यवस्था गरेको थियो ।

अन्तर्राष्ट्रियस्तरमा संयुक्त राष्ट्रसङ्घीय महासन्धि एवं अन्य विभिन्न घोषणाहरूमा पनि सामाजिक सुरक्षा र संरक्षणको विषय सम्बोधन भएको पाइन्छ ।

#### १. मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, सन् १९४८

विश्वव्यापीरूपमा सामाजिक संरक्षणका आधारभूत मान्यताहरूको कार्यान्वयन गर्न संयुक्त राष्ट्रसङ्घबाट घोषित मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ मा सम्बोधन गरिएको छ।घोषणापत्रको धारा २२ मा प्रत्येक व्यक्तिलाई समाजको एक सदस्यको हैसियतले सामाजिक सुरक्षाको अधिकार हुने र राष्ट्रिय प्रयत्न र अन्तर्राष्ट्रिय सहयोगमार्फत प्रत्येक राष्ट्रको संगठन र स्रोतअनुरूप निजको प्रतिष्ठाका लागि अपरिहार्य आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार प्राप्तिको अधिकार हुने विषय उल्लेख गरिएको छ।धारा २३ मा बेरोजगारी विरुद्धको संरक्षणको अधिकार हुने, काम गर्ने प्रत्येक व्यक्तिलाई आफू र आफ्नो परिवारका लागि मानवीय

प्रतिष्ठाअनुकूलको स्थितिको विद्यमानता सुनिश्चत गर्ने कामका उपयुक्त र अनुकूल अवस्थाहरूको अधिकार छ र आवश्यक भएमा यस्तो अधिकारलाई सामाजिक संरक्षणका अन्य साधनबाट परिपूरण गरिनेछ भन्ने उल्लेख गरिएको छ ।

त्यसैगरी धारा २५ ले प्रत्येक व्यक्तिलाई स्वास्थ्य, खाद्यान्न, आवास, कपडालगायत सामाजिक सेवाहरू साथै बेरोजगारी, बिरामी, अशक्तता, विधवा वा बुढेशकाल वा काबुबाहिरको परिस्थितिमा सुरक्षा पाउने अधिकारको व्यवस्था गरेको छ ।यसरी यस घोषणापत्रले सामाजिक सुरक्षालाई मानव अधिकारको अङ्गकारूपमा लिएको छ ।

**२. संयुक्त राष्ट्रसङ्घीय नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६**

अन्तर्राष्ट्रियस्तरमै सामाजिक संरक्षणलाई व्यवस्थापन गर्नका लागि संयुक्त राष्ट्रसङ्घीय नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिमा बालबालिका र गर्भावस्थाका महिलाहरूलाई अपराधमा मृत्युदण्ड नगरिने, कसैलाई पनि बलजफत श्रममा लगाउन नपाइनेलगायत वैयक्तिक स्वतन्त्रता र न्यायमा सबैको पहुँचको विषयलाई केन्द्रित गरेको छ । यो परिवार समाजको प्राकृतिक तथा मौलिक एकाइ भएकाले परिवारले समाज तथा राष्ट्रबाट संरक्षण पाउने व्यवस्था यसमा गरिएको छ ।

**३. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अभिसन्धि, १९६६**

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अभिसन्धिले अझ थप स्पष्ट व्यवस्था गरेको छ। बालबालिकाको हेरचाह र शिक्षाका लागि सम्भव भएसम्म व्यापक सुरक्षा तथा सहायता दिइनुपर्ने, शिशु जन्मनुअघि र जन्मेपछिको उचित अवधिभर आमाहरूलाई विशेष संरक्षणसहित सामाजिक सुरक्षा प्रदान गरिनुपर्ने, सबैका लागि निःशुल्क शिक्षा र स्वास्थ्यको प्रबन्ध गरिनुपर्नेलगायतका व्यवस्था उल्लेख गरेको छ ।

**४. महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९**

मानव अधिकारको विश्वव्यापी घोषणापत्रको बावजुत केही व्यावहारिक अनि केही रणनीतिक आवश्यकताहरूका कारण महिलाको मानव अधिकार संरक्षण र प्रवर्द्धन गर्नुपर्ने महसुस गरी महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ संयुक्त राष्ट्रसङ्घबाट पारित भएको थियो । यो महासन्धिले सारभूतरूपमा लैङ्गिक समानता प्रवर्द्धन गर्नका लागि १७ वटा कार्यगत सिफारिसहरू साथै समतामूलक ढङ्गबाट व्यावहारिक आवश्यकताहरूका बारेमा उल्लेख गरेको छ ।

**५. बाल अधिकारसम्बन्धी महासन्धि, १९८९**

समाजको मूलभूत समूहको र यसका सबै सदस्यहरू र खासगरी बालबालिकाको विकास तथा कल्याणका लागि प्राकृतिक वातावरणकारूपमा रहेको परिवारलाई आवश्यक संरक्षण तथा सहयोग प्रदान गरिनुपर्ने विषयलाई केन्द्रित गर्दै बाल बचाउ, बालसंरक्षण, बालविकास र बालसहभागिताको क्षेत्रमा गरिनुपर्ने विशेष पहलको बारेमा यो महासन्धिले व्यवस्था गरेको छ ।

**६. अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६**

अपाङ्गता भएका व्यक्तिहरूलाई धारणागत एवं वातावरणीय अवरोधहरूले गर्दा अन्य व्यक्तहरूसरह समान आधारमा समाजमा पूर्ण र प्रभावकारी ढङ्गमा सहभागी हुन बाधा पुर्‍याउने भएकोले कानुन निर्माणदेखि लिएर मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको उपभोगमा सक्षम तुल्याउन भौतिक, सामाजिक, आर्थिक तथा

सांस्कृतिक वातावरण, स्वास्थ्य, शिक्षा एवं सूचना र सञ्चारमा पहुँचको महत्त्वलाई स्वीकार गरेको छ ।यसले अपाङ्गता भएका व्यक्तिहरूको गम्भीर सामाजिक असुविधालाई पुनः सम्बोधन गर्न तथा हरेक क्षेत्रमा उनीहरूको सहभागितालाई प्रवर्द्धन गर्नका लागि पहल गरिनुपर्ने विषय उल्लेख गरेको छ ।

यीलगायत अन्य थुप्रै अन्तर्राष्ट्रिय कानुनहरूमा समेत भएका यस्ता समतामूलक प्रयासहरूले नागरिकहरूको सामाजिक सुरक्षा र संरक्षणको सवाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहको मुद्दा रहेको प्रष्ट हुन्छ।

**राष्ट्रिय प्रयासहरू**

नेपालमा निवृत्तिभरण, उपदान तथा सञ्चयकोष हुँदै सामाजिक सुरक्षा तथा संरक्षणका क्षेत्रमा क्रमिकरूपमा विकास र विस्तार हुँदै आएको छ । सेवारत या सेवानिवृत्त कर्मचारीको सुरक्षामा मात्र सीमित नभई हाल सामाजिक सुरक्षाले ज्येष्ठ नागरिक, अपाङ्गता, बालबालिका, गरिब विपन्न, लोपोन्मुख, अस्वस्थता, दुर्घटना, बेरोजगारीलगायतका व्यापक दायरा समावेश गरेको छ ।सुरुआतमा प्रथम विश्वयुद्धबाट फर्किएका नेपाली सैनिकहरूलाई वार्षिकरूपमा एकमुष्ट सहायता उपलब्ध गराउनका लागि सैनिक द्रव्यकोषको स्थापना भएको थियो । सो कोषको स्थापनादेखि हालसम्म नेपालमा भएका प्रयासहरूलाई बुँदागतरूपमा निम्नानुसार उल्लेख गरिएको छ :

- वि.सं. १९९१ मा सैनिक द्रव्यकोषको स्थापना (घाइते सैनिकलाई वार्षिकरूपमा सहायता उपलब्ध गराउन) ।
- वि.सं. १९९८ मा नेपाली सेनालाई राज्यकोषबाट पेन्सनको सुरुआत ।
- वि.सं. १९९९ मा निजामती सेवाबाट निवृत्त कर्मचारीलाई पेन्सन प्रदान ।
- वि.सं. २०१९ मा कर्मचारी सञ्चयकोषको स्थापना ।
- वि.सं. २०४७ मा नागरिक लगानी कोषको स्थापना ।
- वि.सं. २०४८ मा श्रम ऐन र वि.सं. २०५० मा श्रम नियमावली जारी भएको ।
- वि.सं. २०५१ सालदेखि ज्येष्ठ नागरिक भत्ताको प्रारम्भ ।
- वि.सं. २०६३ देखि एक परिवार एक रोजगार कार्यक्रम (कर्णाली स्वरोजगार कार्यक्रम) ।
- वि.सं. २०६६ देखि सामाजिक सरक्षा करको सुरुआत ।
- वि.सं. २०६७ मा सामाजिक सुरक्षा कोषको स्थापना ।
- वि.सं. २०७२ सालदेखि स्वास्थ्य सेवाको सुनिश्चितताको लागि स्वास्थ्य बिमाको सुरुआत ।
- वि.सं. २०७३ फागुन २४ मा राष्ट्रपति महिला उत्थान कार्यक्रमको शुभारम्भ ।
- वि.सं. २०७४ मा योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम ।
- वि.सं. २०७५ मंसिर ११ मा सामाजिक सुरक्षा योजनाको प्रारम्भ ।
- वि.सं. २०७५ साल फागुन १ देखि 'सबैका लागि रोजगार:संवैधानिक अधिकार' भन्ने नाराका साथ प्रधानमन्त्री रोजगार कार्यक्रमको सुरुआत ।
- वि.सं. २०७८ साल चैत्र १३ मा मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचारबापत मासिक रु ५ हजारका दरले त्रैमासिकरूपमा खर्च उपलब्ध गराउन कार्यविधि स्वीकृत

**सामाजिक सुरक्षा तथा संरक्षणसम्बन्धी विद्यमान कानुनी व्यवस्था**

सामाजिक न्याय प्रदान गर्न राज्यले संवैधानिक, नीतिगत एवं कानुनीरूपमा थुप्रै व्यवस्था गरेको छ । सामाजिक सुरक्षा र संरक्षण प्रदान गर्न गरिब, अशक्त, असहाय, अपाङ्ग, बालबालिका, एकल महिलाहरूको लागि आर्थिक सहायता, बिमा, स्वास्थ्योपचार, सीप तथा रोजगारी, बिउपुँजी, संरक्षण केन्द्र आदिको व्यवस्था गरिएको छ । नेपालमा हाल कार्यान्वयनमा रहेका यस सम्बन्धी संवैधानिक एवं कानुनी व्यवस्थाहरू निम्नानुसार सङ्क्षिप्तरूपमा उल्लेख गरिएको छ :

१. **नेपालको संविधान**

संविधानले प्रस्तावनामा नै आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरेको छ । सामाजिक सुरक्षा र संरक्षणलाई मौलिक हकका रूपमा संविधानले उल्लेख गरेको छ । संविधानमा उल्लिखित मुख्य प्रावधानहरू यसप्रकार रहेका छन् -

- समानताको हकमा महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पछाडि परेका वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिकलगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्न सकिने ।
- प्रत्येक नागरिकलाई रोजगारीको हक, उचित श्रम अभ्यास गर्ने, उचित पारिश्रमिक तथा सुविधा र योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुने ।
- प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने ।
- प्रत्येक नागरिकलाई खाद्य सम्प्रभुता तथा आवासको र महिलालाई सकरात्मक विभेदका आधारमा सामाजिक सुरक्षामा विशेष अवसर प्राप्त गर्ने, हक हुने ।
- असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने ।
- ज्येष्ठ नागरिक, दलित, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, जनआन्दोलनमा जीवन उत्सर्ग गर्ने सहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित, घाइते तथा विस्थापितलाई न्याय एवं उचित सम्मानसहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानुनबमोजिम प्राथमिकताका साथ अवसर पाउने ।

माथि उल्लिखित मौलिक हकको अतिरिक्त राज्यले मर्यादित श्रमको अवधारणाअनुरूप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै साममाजिक सुरक्षा प्रत्याभूत गर्ने तथा सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिकरूपले विपन्न वर्गलाई प्राथमिकता दिने नीति लिएको छ । सामाजिक सुरक्षा र गरिबी निवारण सङ्घको एकल अधिकार र सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारका सूचीलाई अनुसूचीमा उल्लेख गरिएको छ । सङ्घ र प्रदेशको साझा अधिकारको सूचीमा सामाजिक सुरक्षा र रोजगारी रहेको र स्थानीय तहको अधिकारको सूचीमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन साथै बेरोजगारको तथ्याङ्क सङ्कलन रहेको छ ।

**२.पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१)**

पन्ध्रौं योजनाले सामाजिक सुरक्षा र संरक्षणलाई दिगो, सर्वव्यापी र पहुँचयोग्य बनाई नागरिक हकको कार्यान्वयन गर्ने र राज्यप्रति नागरिकको विश्वास सुदृढ गर्ने साथै आ.व. २०८०/८१ मा आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या ६० प्रतिशत पुर्याउने जसमा राष्ट्रिय बजेटमा सामाजिक सुरक्षा खर्च १३.७ प्रतिशत पुर्याइने लक्ष्य राखेको छ ।नागरिकलाई अनिवार्य र सर्वव्यापी सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्ने, आर्थिक सामाजिक वञ्चितीकरण र जोखिममा परेका समुदायलाई सामाजिक संरक्षण प्रदान गर्ने र आर्थिक, समाजिक, पर्यावरणीय र अन्य जोखिम न्यूनीकरण गर्ने उद्देश्य यस योजनाले लिएको छ ।

**३. सामाजिक सुरक्षा ऐन २०७५ र नियमावली २०७६**

नेपालको संविधानबमोजिम आर्थिकरूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आँफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकको सामाजिक सुरक्षाको अधिकार सुनिश्चत गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न यो ऐन बनाइएको छ ।सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न र सामाजिक सुरक्षा भत्ता लिन नचाहने व्यक्तिले स्वेच्छिक घोषणा गरी सम्बन्धित स्थानीय तहमा निवेदन दिनुपर्ने, एक व्यक्तिले एकभन्दा बढी प्रकारको सामाजिक सुरक्षा भत्ता नपाउने, सामाजिक सुरक्षा भत्ता बैङ्किङ्ग प्रणालीबाट मात्र गरिनेलगायतका प्रावधानहरू यस ऐनमा रहेका छन् ।

नेपाल सरकारले ऐनबमोजिम साथै राजपत्रमा सूचना प्रकाशन गरी तोकेका लोपोन्मुख जातिको व्यक्तिलाई परिचयपत्रका आधारमा त्यस्तो व्यक्तिले चाहेको स्थानीय तहबाट भत्ता उपलब्ध गराइने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न पेस गर्नुपर्ने कागजात, विधि र प्रक्रिया, परिचयपत्र एवं नवीकरण सम्बन्धमा व्यवस्था गरेको छ ।

**४. निजामती सेवा ऐन, २०४९ र नियमावली**

निजामती सेवा ऐन र नियमावलीमा निजामती कर्मचारीले काम गरेको समयको आधारमा उपदान, निवृत्तीभरण, पारिवारिक निवृत्तिभरणसम्बन्धी व्यवस्था, विशेष आर्थिक सुविधाका साथै स्वास्थ्योपचार खर्चको व्यवस्था गरेको छ । निजामती कर्मचारीको बिमाबापत नेपाल सरकारले एउटा सावधिक जीवन बिमा कोष स्थापना गर्ने व्यवस्था रहेको छ । यसरी राज्यले निजामती कर्मचारीलाई सेवारत हुँदा र सेवानिवृत्त हुँदा समेत सुरक्षा प्रदान गरेको छ ।

**५. स्थानीय सरकार सञ्चालन ऐन, २०७४**

संविधानमा साझा र एकल अधिकारको सूचीमा उल्लेख भएबमोजिम स्थानीय तहले गर्नुपर्ने सामाजिक सुरक्षा तथा संरक्षणसम्बन्धी व्यवस्था स्थानीय सरकार सञ्चालन ऐनले गरेको छ ।केही महत्त्वपूर्ण प्रावधानहरू यसप्रकार छन् :

**१. ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन**

- सङ्घ र प्रदेश कानुनको अधीनमा रही सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन, सञ्चालन तथा व्यवस्थापन ।
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण ।
- ज्येष्ठ नागरिक क्लब, दिवा सेवाकेन्द्र, भेटघाटस्थल, आश्रयकेन्द्रको सञ्चालन तथा व्यवस्थापन ।
- सङ्घ र प्रदेशसँगको समन्वयमा अपाङ्गता पुनर्स्थापनाकेन्द्र, ज्येष्ठ नागरिककेन्द्र तथा अशक्त स्याहारकेन्द्रको सञ्चालन र व्यवस्थापन ।

- सडक बालबालिका, अनाथ, असहाय, अशक्त र मानसिक असन्तुलन भएका व्यक्तिहरूको पुनर्स्थापना केन्द्रको सञ्चालन, व्यवस्थापन, अनुगमन र नियमन ।
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापनसम्बन्धी अन्य कार्य ।

**२. बेरोजगारको तथ्याङ्क सङ्कलन**

- रोजगार तथा बेरोजगार श्रमशक्तिको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचना प्रणालीको स्थापना ।
- स्थानीयस्तरमा रहेका स्वदेशी तथा विदेशी श्रमिकको लगत सङ्कलन तथा सूचना व्यवस्थापन ।
- विभिन्न क्षेत्र तथा विषयका दक्ष जनशक्तिको तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन ।
- सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेको श्रमशक्तिको सूचना तथा तथ्याङ्कको सङ्कलन तथा व्यवस्थापन ।
- रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालन ।
- वैदेशिक रोजगारीमा जाने श्रम शक्तिको लागि वित्तीय साक्षरता र सीपमूलक तालिमको सञ्चालन ।
- वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको सामाजिक पुनरएकीकरण ।.
- वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र उद्यमशीलताको उपयोग ।
- बेरोजगारको तथ्याङ्क सङ्कलनसम्बन्धी अन्य कार्यहरू ।

**३. सामाजिक सुरक्षा र गरिबी निवारण**

- सामाजिक सुरक्षा तथा गरिबी निवारणसम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान
- लक्षितसमूहसम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन
- सामाजिक सुरक्षाको कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय सङ्घ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य
- सामाजिक सुरक्षासम्बन्धी स्थानीय तथ्याङ्क र सूचना व्यवस्थापन
- गरिब घर परिवार पहिचानसम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन
- स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन ।

यीगायत स्वास्थ्य सेवा प्रदान गर्ने, सुकुम्बासी समस्या समाधान, सचेतनामूलक कार्यक्रम, विभिन्न वर्गका लागि आर्थिक उत्थानका कार्यक्रम, विपद् व्यवस्थापन आदि थुप्रै जिम्मेवारी वडाको रहेको समेत यस ऐनमा उल्लेख गरिएको छ ।

**६. जनस्वास्थ्य सेवा ऐन, २०७५**

जनस्वास्थ्य सेवा ऐनको दफा २८ मा स्वास्थ्य वित्त र सामाजिक सुरक्षा सम्बन्धमा व्यवस्था गरिएको छ ।जसमा जनस्वास्थ्यलाई प्रभाव पार्ने वस्तु उत्पादन तथा क्रियाकलाप नियन्त्रणका लागि लगाइने करबाट सङ्कलन भएको रकम राख्ने गरी एउटा छुट्टै स्वास्थ्य कोष खडा गरिने र यसमा सङ्घ, प्रदेश र स्थानीय सरकारबाट, गैरसरकारी तथा निजी सङ्घ संस्थाबाट र विदेशी सङ्घ संस्थाबाट प्राप्त रकम जम्मा गरिने व्यवस्था गरेको छ ।

यसै ऐनको दफा ३३ मा गरिब तथा विपन्न, घर ठेगाना पत्ता नलागेका व्यक्ति, जनआन्दोलन, सशस्त्र सङ्घर्ष र

क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने सहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित र विस्थापित, अपाङ्गता भएका व्यक्ति, घाइते तथा पीडितलाई उपचार गर्दा लागेको खर्च व्यहोर्न नसकेको अवस्थामा त्यस्ता व्यक्तिलाई उपचार गर्न आकस्मिक स्वास्थ्य उपचार कोषको स्थापना गर्नुपर्ने उल्लेख गरिएको छ । जोखिमयुक्त क्षेत्रमा काम गर्ने कामदारको स्वास्थ्य सुरक्षा सम्बन्धमा रोजगारदाताले स्वास्थ्य बिमा गरिदिनुपर्ने, घाइते वा बिरामी भएमा स्वास्थ्योपचार तथा उपयुक्त क्षतिपूर्तिको व्यवस्था साथै जोखिमभत्ता उपलब्ध गराउनुपर्ने पर्नेछ ।

लक्षित समूहका लागि विशेष सामाजिक सुरक्षा तथा कार्यक्रमहरूमा महिला, बालबालिका, किशोर, किशोरी, दलित, सहिद परिवार र नेपाल सरकारले तोकेका अन्य लक्षित समूहका लागि विशेष सामाजिक स्वास्थ्य सुरक्षाका कार्यक्रमहरू कार्यान्वयन गर्न स्थानीय तह तथा प्रदेश सरकारले आवश्यक व्यवस्था मिलाउनुपर्ने भनिएको छ ।

### ७. रोजगारीको हकसम्बन्धी ऐन, २०७५ र नियमावली २०७५

बेरोजगार व्यक्ति भन्नाले एक आर्थिक वर्षमा न्यूनतम एक सय दिन रोजगारमा संलग्न नभएको वा कम्तीमा तोकिएबमोजिमको आयआर्जन हुने स्वरोजगारमा संलग्न नभएको १८ देखि ५९ वर्ष उमेर समूहको नागरिकलाई बुझाउँछ । यस्ता बेरोजगार व्यक्तिलाई यस ऐनबमोजिम बेरोजगार सहायता पाउने अधिकार हुने उल्लेख गरिएको छ ।

स्थानीय तहमा रहेको रोजगार सेवाकेन्द्रले स्थानीय तहमा भएका बेरोजगार व्यक्तिहरूको सूची तयार गर्नुपर्ने, रोजगारदाताबाट श्रमिक माग भएपश्चात् रोजगार सेवा केन्द्रले सूचीकृत व्यक्तिको योग्यता, सीप र अनुभवका आधारमा रोजगारीका लागि रोजगारदातासमक्ष लेखी पठाउनुपर्ने व्यवस्था छ । रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिले वार्षिक न्यूनतम एक सय दिन पनि रोजगारी नपाएमा नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिकको एक सय दिन बराबरको रकमको पचास प्रतिशत रकम निर्वाह भत्ता प्रदान गरिनेछ । १ सय दिनभन्दा कम अवधि रोजगारी पाएकाको हकमा १ सय दिन पुग्न बाँकी अवधिको रकमको पचास प्रतिशत रकम प्रदान गर्ने व्यवस्था छ ।

### ८. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ र नियमावली, २०७५

संवैधानिकरूपमा उल्लेख भएका महिलाको हकअन्तर्गत सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार प्रदान गर्न यो ऐन र नियमावली तर्जुमा भएको छ । यसले प्रत्येक महिला, किशोर किशोरीलाई यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी शिक्षा, सूचना, परामर्श तथा सेवा प्राप्त गर्ने अधिकार हुने कुरा उल्लेख गरेको छ । गर्भवती सेवा, प्रसूति सेवा, आकस्मिक प्रसूति तथा नवजात शिशुको स्याहार, सुरक्षित गर्भपतन साथै परिवार नियोजनका सेवाहरू प्राप्त गर्नेलगायतका अधिकारको व्यवस्था गरेको छ ।

सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार नियमावली, २०७५ मा अति विपन्न सुत्केरी महिलालाई नेपाल सरकारले तोकेबमोजिम सुत्केरी भत्ता उपलब्ध गराइने व्यवस्था गरिएको छ ।

### ९. बालबालिकासम्बन्धी ऐन, २०७५

बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्ति गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्न आएको यो ऐनमा विभिन्न परिस्थिति र जोखिममा परेका वा पर्न सक्ने बालबालिकालाई विशेष संरक्षणको अधिकार, अपाङ्गता भएका बालबालिकालाई सार्वजनिक सेवा सुविधामा समान पहुँच र अधिकार, आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्करूपमा बालमैत्री वातावरणमा

पाउने, दलित बालबालिकालाई छात्रवृत्तिसहित नि:शुल्क शिक्षा पाउने अधिकार हुने व्यवस्था गरेको छ ।

दफा १८ मा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पालनपोषण, संरक्षण, स्वास्थ्य र शिक्षालगायतका आधारभूत आवश्यकताको व्यवस्था गर्न राज्यले उपलब्ध स्रोत साधनका आधारमा आवश्यक व्यवस्था मिलाउने उल्लेख गरेको छ । विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन, पुनर्स्थापना, वैकल्पिक हेरचाह, परिवार सहयोग, सामाजिक सुरक्षा, सामाजिकीकरणलगायत अन्य सेवा तथा सहयोग तोकिएबमोजिम हुनेछ ।

### १०. विपन्न नागरिक औषधी उपचार कोष निर्देशिका, २०७५

यस निर्देशिकामा आर्थिकरूपले विपन्न नागरिकलाई कडा रोग (मुटुरोग, मृगौलारोग, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर्स, स्पाइनल इन्जुरी, हेडइन्जुरी तथा सिकलसेल एनिमिया) लागेमा नेपालभित्र उपचार गराउँदा तोकिएबमोजिम उपचार सहुलियत रकम अस्पतालबाट पाउने व्यवस्था गरेको छ ।

### ११. सामाजिक सेवा एकाइ (स्थापना तथा सञ्चालन) कार्यविधि, २०७८

यस कार्यविधिले लक्षितसमूह (अतिगरिब, असहाय, अपाङ्गता भएका परिचयपत्रवाहक व्यक्ति, ज्येष्ठ नागरिक, लैङ्गिक हिंसापीडित, विपद् एवं प्राकृतिक प्रकोपबाट पीडित, गरिब तथा विपन्न आकस्मिक बिरामी, सीमान्तकृत तथा लोपोन्मुख आदिवासी जनजाति आदि) लाई सामाजिक सुरक्षा एकाइमार्फत निःशुल्क वा आंशिक छुटमा स्वास्थ्य सेवा उपलब्ध गराउने उल्लेख छ ।

यीलगायत नेपालमा सामाजिक सुरक्षा र संरक्षणको सम्बोधन गर्ने अरू थुप्रै ऐन कानुनहरू पनि छन् ।

- ज्येष्ठ नागरिक ऐन, २०६३ र नियमावली, २०६५ ।
- स्वास्थ्य बिमा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४, नियमावली, २०७५ ।
- विद्यालय छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७४ ।
- अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ र नियमावली, २०७५ ।
- अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ र नियमावली २०७७ ।
- सामाजिक सेवा एकाइ कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७७/७८ ।
- मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचारबापत खर्च उपलब्ध गराउनेसम्बन्धी कार्यविधि, २०७८ आदि ।

यसरी सरकारले लक्षित वर्ग र समुदायका लागि शिक्षा, स्वास्थ्य, जीविकोपार्जन, रोजगारीलगायतका क्षेत्रमा छुट, सहुलियत, बिमा, जीवन निर्वाहभत्ता, आदिका माध्यमबाट सामाजिक सुरक्षा र संरक्षण प्रदान गरेको छ ।नेपाल न्यूनआय भएको मुलुक भए तापनि धेरै क्षेत्रलाई समावेश गरी नागरिकलाई सामाजिक सुरक्षाको छत्रछाँयामा राख्न सक्षम भएको देखिन्छ । गरिबी न्यूनीकरणमा पनि यसले प्रत्यक्ष र परोक्ष भूमिका खेलेको छ । सामाजिकरूपमा लक्षितवर्गका व्यक्तिलाई आत्मसम्मानपूर्वक बाँच्न यसले सघाउ पुर्याएको छ ।

### सामाजिक सुरक्षा र संरक्षणका लागि गरिएका व्यवस्था

सरकारले नीति, ऐन, कानुन, कार्यविधि, मापदण्ड तथा निर्देशिका जारी गरी सामाजिक सुरक्षा र संरक्षणमा विवध पहलहरू गर्दै आएको छ । ज्येष्ठ नागरिक, अपाङ्गता, असहाय व्यक्ति, विस्थापित, विपत्तिमा परेका, बेरोजगार,

गरिब, श्रमिक तथा कामदारको लागि गरिएका पहललाई वर्गीकरण गरी निम्नानुसार उल्लेख गरिएको छ :

**१. नगदमा आधारित सहायता**

- वृद्ध भत्ता, आर्थिकरूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका व्यक्ति, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आँफै गर्न नसक्ने र लोपोन्मुख जातिका लागि समाजिक सुरक्षाभत्ता (सामाजिक सुरक्षा ऐन, २०७५) ।
- मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचारबापत खर्च ।
- निवृत्तिभरण तथा उपदान ।
- छात्रवृत्ति।

**२. वस्तुगत सहायता**

दुर्गममा खाद्यान्न वितरण, आयोडिन नुनको वितरण, विद्यालयमा दिवा खाजा वितरण ।

**३. सेवागत सहायता**

- लैङ्गिक हिंसापीडित प्रभावित, आर्थिकरूपमा विपन्न, वेबारिस अवस्थामा रहेका मानिसलगायतका लक्षितवर्गका लागि एकद्वार सङ्कटव्यवस्थापन केन्द्र तथा सामाजिक सुरक्षा एकाइमार्फत उपचार सेवा नि:शुल्क वा छुट ।
- आर्थिकरूपले विपन्न नागरिकलाई कडा रोग लागेमा अस्पतालबाट सहुलियत पाउने ।
- डायलाइसिस र क्यान्सरको उपचार ।
- नि:शुल्क प्रसूति सेवा ।
- नि:शुल्क शिक्षा ।
- नि:शुल्क आधारभूत स्वास्थ्य उपचार सेवा आदि ।

**४. सामाजिक बिमा**

- नागरिक लगानी कोष, सावधिक जीवन बिमा, कर्मचारी सञ्चय कोष, दुर्घटना बिमा साथै स्वास्थ्य बिमा ।

**५. रोजगार तथा सीप विकास**

- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम ।
- प्रदेश वा स्थानीयस्तरका स्वरोजगार कार्यक्रमहरू ।

**६. ऋण सहायता**

- युवा तथा साना व्यवसायी स्वरोजगार कोष ।
- सहुलियतपूर्ण कर्जा ।
- व्यावसायिक कर्जा ।
- उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा कर्जा आदि ।

## ७. हेरचाहसम्बन्धी सेवाहरू

- कठिन परिस्थितिमा रहेका बालबालिका, ज्येष्ठ नागरिक एवं अपाङ्गता भएका व्यक्ति र हिंसापीडित तथा प्रभावित महिला एवं किशोरीको लागि आश्रयस्थल, शिक्षा, कानुनी उपचार, पारिवारिक पुनर्स्थापना साथै उपचार ।

## सामाजिक सुरक्षा तथा संरक्षणको क्षेत्रमा देखिएका समस्या तथा चुनौती

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्नुका साथै  गरिबी न्यूनीकरण, सुरक्षित भविष्य र मर्यादित जीवनका लागि सामाजिक सुरक्षा र संरक्षणको महत्त्वपूर्ण भूमिका रहेको छ ।सरकारले पनि यस क्षेत्रमा क्रमिकरूपमा विभिन्न स्किमहरू ल्याउँदै यस क्षेत्रको क्रमिक सुधार गर्दै आएको छ, यद्यपि यस क्षेत्रमा केही समस्याहरू छन् ।जुन निम्नानुसार प्रस्तुत गरिएको छ :

- विभिन्न निकाय र तहबाट प्रदान गरिने सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रमहरूमा एकीकृत ढाँचा नहुँदा खण्डीकृत, दोहोरो र असामञ्जस्य हुनु ।
- लक्षितवर्गका सबै व्यक्तिलाई राज्यले प्रदान गर्ने सामाजिक सुरक्षा र संरक्षणका योजनाहरूमा समेट्न नसकिनु ।
- कानुनी मान्यता प्राप्त गरेका स्वीकृत सामाजिक संरक्षणका योजनाहरूको व्यावहारिक कार्यान्वयन हुन नसक्नु, जस्तै बेरोजगार व्यक्तिलाई निर्वाहभत्ता, अपाङ्गता भएका व्यक्तिलाई उनीहरू अनुकूलको शिक्षाको पर्याप्त अवसर । अपाङ्गता  भएका ग र घ वर्गका व्यक्तिलाई स्वास्थ्यमा छुट साथै मोफसलमा यातायातमा छुट आदि ।
- सामाजिक सुरक्षा भत्तालाई गरिब वा विपन्नतासँग जोड्न नसक्दा मुलुकलाई बढी आर्थिक भार पर्नु ।
- निजी, सामुदायिक र सहकारी क्षेत्रले सामाजिक सुरक्षा र संरक्षणको सवालमा दायित्वबोध गर्न नसक्नु ।
- लोकप्रियताका लागि सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रमहरू ल्याउनु ।
- सरकारी तवरमा गरिएका बेसहारा नागरिकको दीर्घकालिन संरक्षणका योजनाहरू प्रभावकारी बन्न नसक्नु,
- सामाजिक सुरक्षाका योजना तर्जुमाको लागि सहयोग पुर्‍याउने खण्डीकृत तथ्याङ्कको कमी हुनु ।

## सुधारका लागि गर्नुपर्ने उपायहरू

सामाजिक सुरक्षा एवं संरक्षणका कार्यहरूले नागरिकलाई राज्यको अनुभूति दिलाएको छ। लक्षित वर्गका विपन्न मानिसहरू जो सामाजिक सुरक्षासँग आबद्ध भएका छन्, उनीहरू राज्यलाई अभिभावक ठानिरहेका हुन्छन् । आफ्नो जीवन निर्वाहको सहाराका रूपमा ग्रहण गरिरहेका हुन्छन् ।यस्ता कार्यक्रमले राज्यको नागरिकप्रतिको दायित्व पूरा गर्न र नागरिकको सम्मानित जीवन जिउनमा अहम् भूमिका खेलेको छ ।यसर्थ सामाजिक सुरक्षा र संरक्षणलाई व्यवस्थित, सर्वव्यापी र पहुँचयोग्य बनाउन यस क्षेत्रमा समयानुकूल सुधारको खाँचो छ, जसलाई निम्नानुसार उल्लेख गरिएको छ:

- गरिब घरपरिवार पहिचान कार्यक्रम यथाशीघ्र सम्पन्न गरी सामाजिक सुरक्षा र संरक्षणका

कार्यक्रमलाई विपन्नतासँग जोड्नुपर्ने ।

- स्रोतसाधनको उपलब्धताअनुरूप कानुन तर्जुमा र तिनको व्यावहारिक कार्यान्वयन गर्नुपर्ने ।
- राज्यले प्रदान गर्ने लक्षित वर्गको स्वास्थ्य सेवालाई सहज, सरल, सर्वव्यापी एवं पारदर्शी बनाउनुपर्ने ।
- सबै अपाङ्गता भएका व्यक्तिहरूलाई प्रतिशतका आधारमा स्वास्थ्यमा छुट दिने व्यवस्थाका साथै नि:शुल्क र अनिवार्य व्यक्ति अनुकूलको शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने ।
- रोजगारका कार्यक्रमहरूलाई पर्याप्त मात्रामा विस्तार गरी स्थानीय उत्पादनसँग जोड्नुपर्ने,
- सामाजिक सुरक्षा सबै नागरिकसँग जोडिएको विषय भएको हुँदा सङ्घीय सरकारले अपनत्व ग्रहण गरी एकीकृत ढाँचामा सबै पालिकामा विस्तार गर्नुपर्ने ।
- तथ्यमा आधारित योजना तर्जुमा गर्नका लागि खण्डीकृत तथ्याङ्कका साथै सूचनाको पर्याप्तामा विशेष जोड दिनुपर्ने, यसको लागि स्थानीय तहहरूलाई जिम्मेवार बनाउनुपर्ने ।
- नयाँनयाँ कार्यक्रमहरू ल्याइरहनुभन्दा घोषणा गरिएका तर आंशिकरूपमा कार्यान्वयनमा ल्याइएका प्रभावकारी कार्यक्रमहरूको कार्यान्वयनमा जोड दिनुपर्ने ।
- सामाजिक सुरक्षा र संरक्षणको क्षेत्रमा निजी तथा अनौपचारिक क्षेत्रको दायित्वलाई कडाइका साथ कार्यान्वयनमा ल्याउनुपर्ने ।
- सेवा सुविधाको दोहोरोपना हटाउनुका साथै कार्यप्रक्रियालाई सरलीकृत गर्नुपर्ने ।
- सक्षम नागरिकलाई सामाजिक सुरक्षा भत्ता तथा सेवा सुविधा इन्कार गर्न प्रोत्साहन गर्ने वा स्वघोषणाका लागि अभिप्रेरित गर्ने ।

यसरी राज्यमाथि बढ्दै गएको आर्थिक भारलाई कम गरी आवश्यकताको आधारमा सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालन गर्न सकेमा वास्तविक लक्षित वर्गले लाभ लिने सुनिश्चित गर्न सकिन्छ । बर्षेनी बढ्दै गएको बजेटको ठूलो हिस्सालाई व्यवस्थित, पारदर्शी, व्यावहारिक, एकीकृत एवं मितव्ययी बनाउन नसक्ने हो भने हाम्रो जस्तो अर्थतन्त्र भएको मुलुकलाई यस्ता कार्यक्रमहरू बोझ बन्न सक्छन् । त्यसैले समयमै यस क्षेत्रमा सुधारको खाँचो देखिन्छ ।

## निष्कर्ष

नागरिकको हितमा सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रमहरू सञ्चालन गर्नु लोककल्याणकारी राज्यको जिम्मेवारीभित्र पर्दछ । बसोबास गर्ने नागरिकको संवेदनशीलतालाई ध्यान दिँदै आवश्यकतानुसार सामाजिक सुरक्षा र संरक्षणका नीति तथा कार्यक्रमहरू अद्यावधिक गर्दै जानुपर्दछ । सरकारले तोकेको भन्दा न्यून आय भएका, श्रम गर्न नसक्ने अशक्त र असहाय, जीवनयापन गर्न आयस्रोत नभएका, एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकको पहिचान गरी संरक्षणको व्यवस्था मिलाउनुपर्छ ।

राज्यले सामाजिक सुरक्षा र संरक्षणलाई योगदान अथवा सेवासँग जोड्न सकेमा अझै प्रभावकारी बन्नेमा दुईमत नहोला । सेवा गर्न सक्ने विपन्न, बेरोजगार, ज्येष्ठ नागरिक तथा अन्य लक्षित वर्गका व्यक्तिबाट राज्यले चाहेका बखत क्षमताअनुरूपको सेवामा आबद्ध गराउन सक्दा राज्यलाई कम भार पर्न सक्छ । अनौपचारिक

क्षेत्रका सबै श्रमिक तथा वैदेशिक रोजगारमा गएका कामदारलाई समेत योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध गर्न सक्ने हो भने सामाजिक सुरक्षाको दायरा व्यापक बन्न सक्छ । साथै राज्यका तीनै तहका सरकारको जिम्मेवारीमा सामाजिक सुरक्षा र संरक्षण रहेको हुँदा एकीकृत सूचना प्रणालीको विकास गरी अन्तर्राष्ट्रिय अभ्यासहरूको अध्ययन अनुसन्धानमा जोड दिँदै अन्तरसरकार समन्वयलाई प्रभावकारी बनाउँदै जानुपर्ने देखिन्छ ।

OOO

**सन्दर्भ सामाग्री**


१. नेपालको संविधान, नेपाल सरकार, कानुन किताब व्यवस्था समिति

२. स्थानिय सरकार सञ्चालन ऐन, २०७४ नेपाल सरकार, कानुन किताब व्यवस्था समिति

३. पन्ध्रौं योजना, आ.व. (२०७६/७७-२०८०/८१), नेपाल सरकार राष्ट्रिय योजना आयोग

४. सामाजिक सुरक्षा ऐन, २०७५ र नियमावली २०७६, नेपाल सरकार, कानुन किताब व्यवस्था समिति

५. सामाजिक सुरक्षा कार्यक्रमसम्बन्धी हाते पुस्तिका, २०७६, सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल

६. https://www.google.com/ मार्फत विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय विषयवस्तुहरू ।

# गर्भपतनसम्बन्धी कानुनः विश्लेषणात्मक अध्ययन

सम्झना फुयाल*

## १. पृष्ठभूमि

प्रसवभन्दा पहिला नै गर्भको अन्त्य हुनुलाई गर्भपतन भनिन्छ । कानुनबमोजिम बाहेकका गर्भपतनलाई नेपाली कानुनले अपराधको रूपमा लिँदैआएको छ । गर्भपतन नियोजितरूपमा गराउनु मानवताभन्दा बाहिरको कुरा हो । त्यसैले विभिन्न धर्मशास्त्रहरू पनि गर्भपतनको विरुद्धमा छन् । धर्मशास्त्रअनुसार ब्रह्महत्या गरेको पापभन्दा दुई गुणा बढी पाप गर्भपतन गराउँदा लाग्छ । वशिष्ट ब्राह्मणले भ्रुणहत्या भनेको ब्रह्म हत्या नै हो भनेका छन् ।[१] मनुले गर्भपतन गर्ने व्यक्ति असामाजिक, अमानवीय र क्रूर हुन्छ भन्ने ठहर गरेका छन् । त्यसैगरी अथर्व वेदले भ्रुण हत्या वा बालघातिलाई कडा दण्ड दिनुपर्छ भन्ने उद्‌घोष गरेको छ ।[२] प्राचीन कालदेखि नै गर्भपतनसम्बन्धी कानुन तथा नियमहरू बन्नु पछाडिको कारणनै गर्भको सुरक्षितता हो ।[३]

आमाको गर्भमा रहेको शिशुलाई जिउँदै जन्मन नदिई गर्भमै मारिदिनु वा मरेको जन्मन दिनुजस्ता कार्य भएमा गर्भपतन अपराध भएको मानिन्छ । तसर्थ गर्भपतन ज्यान मार्नेभन्दा पृथक अपराध हो । यसमा आमाको हक अधिकार पनि गासिएको हुन्छ ।[३] तर सबै अवस्थामा गर्भपतन दोषयुक्त र सजायभोगी मात्र सकिँदैन । केवल अप्राकृतिक एवं कानुनद्वारा निषेध गरिएको गर्भपतनलाई मात्र दोषयुक्त वा आपराधिक गर्भपतन मानी सजाय गरिन्छ ।[४] गर्भपतनलाई अहिले पनि कानुनले छुट दिएको र कानुनले निर्धारित प्रक्रिया पूरा गरी गरिएको अवस्थामा मात्र कानुनी मान्यता दिएको छ ।त्यसदेखि बाहेक अन्य अवस्थामा गर्भपतनलाई अहिले पनि अपराधकै रूपमा लिई सजायको समेत व्यवस्था गरेको छ ।

नेपालमा गर्भपतनको विषयलाई पहिलो पटक मुलुकी ऐन ज्यानसम्बन्धी महलले समेटेको थियो । मुलुकी ऐनमा २०५८ मा एघारौं संशोधन हुनुअघि गर्भपतन गर्न पाउने व्यवस्था थिएन । उपकारका लागि केही गर्दा गर्भ तुहिन गएमा बात लाग्दैन भन्ने व्यवस्था थियो ।[५] महिलावादी आन्दोलनको परिणामस्वरूप यो संशोधनले निश्चित अवस्थामा महिलाको आफ्नो स्वेच्छामा गर्भपतन गर्न पाउने अधिकारलाई व्यवस्थित गर्‍यो । सुरक्षित गर्भपतन

१ डिल्लीराम गौतम, पूर्वीय सोच र स्रोत ,भाग १, काठमाडौ स्कुल अफ ल, २०६६, पृ. २०६

२ पूर्ववत्, पृ. ३०७

३ पूर्ववत्

४ मधव प्रसाद आचार्य र बद्रि प्रसाद भण्डारी, फौजदारी कानुनको समीक्षत्मक विवेचना, भृकुटी एकेडेमिक पब्लिकेशन्स, प्रथम संस्करण २०६३, पृ. १८३

५ सुरेन्द्र भण्डारी, फौजदारी कानुन, तेस्रो संस्करण, २०५५, पैरवी प्रकाशन, पृ. ३६२

* *उपप्राध्यापक हुनुहुन्छ ।*

सेवालाई व्यवस्थित गर्न सुरक्षित गर्भपतन सेवा प्रक्रिया, २०६० ले केही निश्चित अवस्था र परिस्थितिमा गर्भपतन गराउन कानुनी मान्यता प्रदान गरेको हो । यसैगरी मुलुकी अपराध संहिता २०७४ ले पनि गर्भपतनसम्बन्धी कानुनलाई निरन्तरता दिएको छ । नेपालको संविधान २०७२ को धारा ३८ को (२) मा प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक हुने भनी प्रजनन स्वास्थ्यलाई महिलाको अधिकारको रूपमा लिएको छ । साथै उक्त मौलिक हक तथा महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धी हकको सम्मान र संरक्षणसम्बन्धी छुट्टै सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ तथा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार नियमावली, २०७७ कार्यान्वयनमा आएको छ । तर नेपालमा अहिले पनि धेरै महिलाहरूले सुरक्षित तथा कानुनी मान्यता प्राप्त गर्भपतन सेवा लिनका लागि विभिन्न किसिमका बाधाहरूको सामना गर्नु परिरहेको छ । ती बाधाहरूमा गर्भपतनसम्बन्धी कानुनी व्यवस्थाको बारेमा जानकारी नहुनु, सबैका लागि सहज तथा पहुँचयोग्य सेवा हुन नसक्नु, लैङ्गिक असमानताको कारणले महिला आफैले निर्णय लिन नसक्नु,गर्भपतनप्रतिको समाजको नकारात्मक धारणा र गर्भपतन गर्ने महिलाहरूमाथि लाग्ने लान्छना आदि हुन् ।[६]

भ्रुणको जीवनको अधिकार, महिलाको शरीरमाथिको अधिकार, प्रजनन अधिकार र यस सम्बन्धमा विभिन्न धार्मिक अवधारणासमेतले गर्भपतन विषयलाई विवादास्पद बनाएको छ । मूलतः भ्रुणको रक्षा हुनुपर्दछ भन्ने जीवनदायी (Pro-life) र स्वेच्छामा गर्भपतन गर्न पाउनुपर्दछ भन्ने इच्छावादीहरू (pro-choice) का बीचको द्वन्द्वात्मक बहसको अवस्था हाल पनि कायमै रहेको पाइन्छ । मानव जीवनको प्रारम्भिक चरण भएकाले भ्रुण वा गर्भलाई संरक्षण गर्नुपर्ने विषय कसैले बदनियत, जबरजस्ती, गैरकानुनी वा अन्य कुनै किसिमले आमाको इच्छा विपरीत गर्भपतन गराएको अवस्थामा उक्त कार्यलाई कसुरका रूपमा परिभाषित गरी यसको संरक्षण गर्ने दायित्व राज्यको हो र यही दायित्व पूरा गर्नका लागि फौजदारी कानुनको विषयको रूपमा गर्भपतन रहन गएको हो ।

गर्भपतन अन्य ज्यानसम्बन्धी अपराधभन्दा पृथक प्रकृतिको अपराध हो । महिलालाई आफ्नो शरीरमाथिको अधिकार तथा प्रजनन अधिकारसमेत हुने भएकाले निजले आफ्नो स्वेच्छामा गर्भपतन गराउन पाउने अधिकार हुनुपर्छ भन्ने महिलावादी विधिशास्त्रले स्थापित गरेको मान्यता हो । यस्तो अधिकारलाई स्वीकार गरी संविधान तथा कानुनले समेत व्यवस्था गरिएको अवस्थामा महिलाको इच्छा विपरीत वा झुक्याई, गैरकानुनी तथा अन्य कुनै प्रकारले गर्भपतन गराएमा सो कार्यलाई फौजदारी कानुनले निषेध गर्नु आवश्यक हुन्छ । यसकारण गर्भपतनको विषय फौजदारी कानुनको विषयभित्र पर्दछ । तसर्थ यो लेखमा गर्भ संरक्षणसम्बन्धी कसुरलाई नेपालको फौजदारी कानुनले कसरी अपराधीकरण गरेको छ र यससम्बन्धी के कस्ता कानुनहरू रहेका छन् ती कानुनको विश्लेषण गरिएको छ ।

## २. परिभाषा

प्राकृतिक वा कृत्रिम तवरले गर्भको बच्चा आफै स्वतन्त्ररूपले बाच्न सक्ने हुनुभन्दा पहिलेनै गर्भको अन्त्य हुनु गर्भपतन हो ।'नेपालको कानुनले गर्भपतनलाई गर्भमा रहेको भ्रुण स्वाभाविकरूपमा जन्मन सक्ने हुनुभन्दा अगावै गर्भाशयबाट भ्रुण बाहिर निस्कने वा निकाल्ने कार्य सम्झनु पर्छ भनी परिभाषित गरेको छ । साथै गर्भपतन गर्ने काम गर्दा तत्काल गर्भपतन नभई बच्चा जिउँदो जन्मिई त्यस्तो कामको परिणामस्वरूप जन्मिएको बच्चा तत्काल मरेमा पनि कानुनबमोजिम यसलाई गर्भपतन भनिन्छ ।[७] तसर्थ गर्भवती महिलाको गर्भाशयमा रहेको

६ रजितभक्त प्रधानाङ्ग, र सोमाकान्त भण्डारी, फौजदारी कानुनको परिचय, चौथो संस्करण, २०७७, पृ. ४०५

७ नेपालमा हुने अनिच्छित गर्भ र गर्भपतनको स्थिति, available at https://crehpa.org.np/wp-content/uploads /२०१७/०५ / Fact-Sheet-on-abortion-and-unintended-pregnancy-in-Nepal-Nepali-version-final.pdf date २०७८/११/१४

भ्रुणलाई स्वाभाविक एवं प्राकृतिकरूपमा जन्मन नदिई कुनै अप्राकृतिक वा बल प्रयोग गरी तुहाउने, नाश गर्ने वा गिराउने कार्यलाई गर्भपतन भनिन्छ ।

## ३. गर्भपतनका प्रकार

क. प्राकृतिक गर्भपतन

कुनै पनि गर्भवती महिलाको स्वास्थ्यसम्बन्धी समस्या वा शारीरिक रोग वा दुर्घटनाको कारणबाट गर्भमा भएको भ्रुण आफै प्राकृतिकरूपमा तुहिनुलाई प्राकृतिक गर्भपतन भनिन्छ । अर्को अर्थमा भन्नुपर्दा कुनै पनि बाह्य शक्ति वा बल प्रयोग नगरी प्राकृतिकरूपमा गर्भ तुहिनुलाई प्राकृतिक गर्भपतन भनिन्छ । प्राकृतिक गर्भपतन आफैमा अपराध होइन ।

## ख. कृत्रिम गर्भपतन

मानवीय शक्ति प्रयोग गरी गर्भपतन गराउनुलाई कृत्रिम गर्भपतन भनिन्छ । अर्को अर्थमा भन्नुपर्दा कुनैपनि गर्भवती महिलाको गर्भमा रहेको भ्रुणलाई कुनै बाहिरी बल वा कुनै साधन प्रयोग गरी गर्भ नष्ट गर्नुलाई कृत्रिम गर्भपतन भनिन्छ । कृत्रिम गर्भपतन २ प्रकारको हुन्छ ।

### १. स्वेच्छिक गर्भपतन

स्वेच्छिक गर्भपतनलाई कानुनसम्मत गर्भपतन पनि भनिन्छ । कानुनले निश्चित अवस्थामा गर्भपतन गर्न पाउने वा गराउने छुट दिएको छ । यदि कानुनले त्यसरी दिएको छुटको सीमाभित्र रहेर कसैले गर्भपतन गर्दछ भने त्यस्तो गर्भपतनलाई दोषयुक्त मानिँदैन र सजाय पनि गरिँदैन । तर कानुनले दिएको छुटको सीमाको उल्लघन गरी गर्भपतन गरिएमा त्यस्तो गर्भपतनलाई गैरकानुनी गर्भपतन मानी सजायसमेत गरिन्छ । मुलुकी अपराध संहिता, २०७४ र सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ ले महिलाले गर्भपतन गराउन पाउने अधिकारको व्यवस्था गरी निश्चित अवस्था र परिस्थितिमा मात्र गर्भवती महिलाको इच्छा र मञ्जुरीले गर्भपतन गराउन पाउने कानुनी व्यवस्था गरेको छ । यसले गर्भवती महिलाको स्वीकृति र मञ्जुरीलाई गर्भपतन गराउँदा अनिवार्य तत्त्वका रूपमा लिएको छ । तोकिएको मापदण्ड पूरा गरेको स्वास्थ्य संस्थाले मात्र सुरक्षित गर्भपतन सेवा उपलव्ध गराउन सक्छ । सुरक्षित गर्भपतन सेवा सञ्चालन गर्न पाउने गरी प्रचलित कानुनबमोजिम इजजातपत्र प्राप्त स्वास्थ्य संस्था र सुरक्षित गर्भपतन गराउन इजाजत प्राप्त स्वास्थ्यकर्मीले 'मात्र कानुनी प्रक्रिया' पूरा गरी गर्भपतन गर्न पाउँदछन् ।

### २. अस्वेच्छिक गर्भपतन

कानुनले छुट दिएको अवस्थाबाहेक अन्य कुनै गैरकानुनी उद्देश्य, तरिका, अवस्था, परिस्थिति तथा कानुनले निर्धारण गरेको प्रक्रिया 'भन्दा अन्य तौरतरिकाबाट गर्भपतन गरेमा त्यस्तो गर्भपतनलाई गैरकानुनी अर्थात् अस्वेच्छिक गर्भपतन भनिन्छ ।[८] यस्ता किसिमका गर्भपतनलाई मुलुकी अपराध संहिता २०७४ ले अपराधीकरण समेत गरेको छ ।'

## ४. भ्रुणको जीवन र स्वेच्छिक गर्भपतन

भ्रुणको जीवन

जीवनवादी (Pro-life) भन्नाले गर्भमा भ्रुणको विकास हुनेवित्तिकै त्यसको जीवनरक्षाका बारेमा सोच्नु पर्छ ।

८ रजितभक्त प्रधानाङ्ग, र सोमाकान्त भण्डारी, फौजदारी कानुनको परिचय, चौथो संस्करण, २०७७, पृ. ४०५

यदि गर्भको भ्रूणलाई पतन गराएमा त्यसलाई हत्या, हिंसा मानिन्छ । भ्रूण प्राकृतिक व्यक्ति हो तर गर्भमा भएको भ्रूणलाई प्रदान गर्ने हकअधिकार अपवादका रूपमा रहने गरेको छ । साल्मण्डको विश्लेषण अनुसार मृत व्यक्तिको व्यक्तित्व हुँदैन, तर जन्मिई नसकेको व्यक्तिको हकमा भने व्यक्तित्व नहुने भन्ने हुँदैन । अतः गर्भमा रहेको बालकको कानुनी हैसियत हुन्छ भन्ने बुझिन्छ ।'गर्भभित्रको भ्रूणको सम्पत्तिमा हक,[९] सुरक्षित जन्म लिन पाउने हक र कानुनमा उल्लेख गरिएको बाहेक अन्य गर्भपतन अपराध हुने जस्ता कानुनी व्यवस्थाहरूले गर्भभित्रको बालकको अधिकार संरक्षण गरेको भन्न सकिन्छ । कानुनी व्यवस्थाहरूमा पनि सो कुरा उल्लेख गरिएको छ उदाहरणका लागि अपराध संहिताको परीच्छेद १३ मा गर्भ संरक्षण विरुद्धको कसुर भनेर उल्लेख गरिएको छ । कानुनविपरीत भ्रुण हत्या आपराधिककार्य मानिन्छ । तर केही अपवाद अवस्था जस्तै जबरजस्ती करणी, हाडनाताकरणी, आमाको स्वास्थ्यलाई हानि पुर्याउने स्थिति आदि भएमा उल्लेख गरिएको समय सीमामा गर्भपतन गर्न नेपालको कानुनले रोक लगाएको छैन । नेपाली कानुनमा बच्चा गर्भमा भएपनि अंशबन्डा गर्दा सो बच्चाको हक लाग्ने कुरा उल्लेख गरेको पाइन्छ ।' बच्चा जन्मेपछि उसले त्यो बण्डा भएको सम्पत्ति पाउँछ र निजलाई चाहिएको अवस्थामा उत्तराधिकारित्व पनि प्रदान गरिन्छ । तसर्थ उक्त कुराहरू हेर्दा गर्भमा रहेको बालकको कानुनी व्यक्तित्व हुने पुष्टि हुन्छ ।

## स्वेच्छिक गर्भपतन

महिलाको प्रजनन अधिकारसम्बन्धी विश्वव्यापी मान्यताअनुसार गर्भधारण गर्ने अथवा नगर्ने र गर्भधारण गरिसकेपछि पनि सन्तान जन्माउने वा नजन्माउने भन्ने सम्बन्धमा निर्णय गर्ने सम्पूर्ण अधिकार महिला स्वयंको हुन्छ । तसर्थ कानुनले निर्दिष्ट गरेको सीमाभित्र रहेर गर्भपतन गर्न पाउनु पनि महिलाको प्रजनन अधिकारभित्रै पर्दछ । त्यसैगरी सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ दफा ३ (३) ले प्रत्येक महिलालाई सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य हक हुनेछ र प्रत्येक महिलालाई गर्भान्तर वा सन्तानको सङ्ख्या निर्धारण गर्ने अधिकार हुनेछ भनी यस अधिकारलाई सुनिश्चित गरेको छ । यसअन्तर्गत गर्भमा रहेको बच्चालाई जन्म दिने कि नदिने भन्ने कुरा महिलाको इच्छामा भर पर्ने कुरा हो । नेपालको संविधान, २०७२ ले प्रत्येक महिलाको प्रजनन स्वास्थ्यसम्बन्धी हकलाई मौलिक अधिकारको रूपमा सुनिश्चित गरेको छ । त्यसैगरी सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ ले पनि कानुनको परिधिभित्र रही गर्भवती महिलाले सुरक्षित गर्भपत गराउन पाउने व्यवस्था गरेको छ । लक्ष्मीदेवी धिक्त समेत विरुद्ध नेपाल सरकार २०६७ निर्णय नं. ८४६४, को मुद्दामा सम्मानित सर्वोच्च अदालतले भुणको स्वतन्त्र अस्तित्व हुँदैन र त्यसको अस्तित्व भनेको आमाको गर्भभित्र मात्रै हुन्छ । आमाको कारण अस्तित्वमा रहने हुनाले भ्रूणलाई आमाको भन्दा फरक व्यक्तित्व को मान्यता दिएको पाइँदैन भन्ने सिद्धान्त समेत प्रतिपादन गरेको छ ।

## ५. नेपालमा गर्भपतनसम्बन्धी कानुनी व्यवस्थाहरू

मुलुकी अपराध संहिता, २०७४ र सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ ले निश्चित अवस्थामा गर्भपतन गर्न पाउने अधिकारलाई सुनिश्चित गरेको छ । तर कानुनको उल्लङ्घन गरी गर्भपतन गरेमा त्यसलाई अपराधीकरण गरी सजायको समेत व्यवस्था गरेको छ । यससम्बन्धी कसुर भएको छ भने कसुर भएको थाहा पाएको मितिले ६ महिनाभित्र सम्बन्धित निकाएमा उजुर गर्नुपर्दछ ।'यो गर्भपतनसम्बन्धी कसुर अनुसुची १ भित्रको कसुर भएकाले यो मुद्दा सरकारवादी भई चल्दछ ।' गर्भपतनसम्बन्धी नेपालमा भएका कानुनी व्यवस्थाहरूलाई निम्नानुसार उल्लेख गरिएको छ ।

---

९ रजितभक्त प्रधानाङ्ग, र सोमाकान्त भण्डारी, फौजदारी कानुनको परिचय, चौथो संस्करण, २०७७, पृ. ४०५

**क. गर्भपतन गर्न पाउने अवस्था**

गर्भवती महिलाको मञ्जुरीले देहायका अवस्थामा निर्धारित योग्यता पुगी गर्भपतन गराउन इजाजत प्राप्त गरेका स्वास्थ्यकर्मीले देहायको अवस्थाहरूमा मात्र सुरक्षित गर्भपतन गराउन पाउने व्यवस्था गरेको छ ।[१०]

| क्र. सं. | गर्भपतन गर्न पाउने अवस्था | मुलुकी अपराध संहिताले गरेको व्यवस्था [१] | सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ ले गरेको व्यवस्था [२] |
|---|---|---|---|
| १. | गर्भवती महिलाको मञ्जुरीले | १२ हप्तासम्मको गर्भ | १२ हप्तासम्मको गर्भ |
| २. | गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा हुन जान्छ वा निजको शारीरिक र मानसिक स्वास्थ्यमा खराव हुन सक्छ भन्ने चिकित्सकको राय भई गर्भवती महिलाको मञ्जुरी भएमा | समय नतोकिएको | २८ हप्ता सम्मको गर्भ |
| ३. | विकलाङ्ग बच्चा जन्मन्छ भन्ने चिकित्सकको राय भई गर्भवती महिलाको मञ्जुरी भएमा | समय नतोकिएको | २८ हप्ता सम्मको गर्भ |
| ४. | रोग प्रतिरोध क्षमता उन्मुक्ति गर्ने जीवाणु —एच.आई. भी.) वा निको नहुने रोग लागेको महिलाको मञ्जुरी | स्पष्ट नभएको | २८ हप्ता सम्मको गर्भ |
| ५. | गर्भमा रहेको भ्रुणको अशक्तता रहेको वा भ्रुणमा कमिकमजोरी भएको कारणले गर्भमै नष्ट हुन सक्ने वा जन्मेर पनि बाच्न नसक्ने अवस्था रहेको भन्ने चिकित्सकको राय भई गर्भवती महिलाको मञ्जुरी भएमा | व्यवस्था नै नभएको | २८ हप्ता सम्मको गर्भ |
| ६. | जबरजस्ती करणी र हाडनाता करणीबाट रहन गएको गर्भ गर्भवती महिलाको मञ्जुरी भएमा | १८ हप्तासम्मको गर्भ | २८ हप्ता सम्मको गर्भ |

**ख. दण्डनीय हुने गर्भपतन**

कानुनले तोकेको परिधिभित्र गर्भपतन गराएको अवस्थाबाहेक अन्य अवस्थामा भएको गर्भपतन दण्डनीय हुन्छ । कानुनी अवस्थाबाहेक कसैले गर्भपतन गर्न वा गर्भपतन गराउने नियतले वा गर्भ पतन हुन सक्छ भन्ने जानी जानी वा विश्वास गर्नुपर्ने कुनै काम गरी गर्भपतन गराउनु हुँदैन[११] भनी मुलुकी अपराध संहिताले गर्भपतनलाई अपराधीकरण गरेको छ ।

**१. महिलालाई करकाप, धम्की, ललाइफकाइ, प्रलोभनमा पारी वा बलपूर्वक गर्भपतन गराएमा**

कसैले गर्भवती महिलालाई करकाप गरी, वा धम्की दिई वा ललाइफकाइ वा प्रलोभनमा पारी[१२] र बल प्रयोग गरी गर्भपतन गराउनु हुँदैन । यदि महिलालाई करकाप, धम्की दिई, ललाइफकाइ, प्रलोभनमा पारी वा

१० ज्ञाइन्द्र बहादुर श्रेष्ठ र केशरी राज पण्डित, फौजदारी कानुनको परिचय, दोस्रो संस्करण, २०५०, नेपाल कानुन किताब कम्पनी प्रा. लि., पृ. २५८

११ मुलुकी अपराध संहिता २०७४ को दफा १८८(१) र सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ को दफा १६(१)

१२ मुलुकी अपराध संहिता २०७४ को दफा १८८(२) र सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ को दफा १६(२)

बलपूर्वक[१३] गर्भपतन गराएमा निम्नबमोजिमको सजाय हुन्छ ।[१४]

| क्र. सं. | गर्भ संरक्षण विरुद्धको कसुर | सजाय |
|---|---|---|
| १. | १२ हप्तासम्मको गर्भ भएमा | १ वर्षसम्म कैद र १० हजार रूपियाँसम्म जरिवाना |
| २. | १२ हप्ताभन्दा बढी पच्चीस हप्तासम्मको गर्भ भएमा | ३ वर्षसम्म कैद र ३० हजार रूपियाँसम्म जरिवाना |
| ३. | पच्चीस हप्ताभन्दा बढीको गर्भ भएमा | ५ वर्षसम्म कैद र ५० हजार रूपियाँसम्म जरिवाना |

**२. कसैले कुनै गर्भवती महिला माथि कुनै रिसइवीले कुनै कार्य गर्दा गर्भपतन हुन गएमा हुने सजाय**[१५]

| क्र. सं. | गर्भ संरक्षण विरुद्धको कसुर | सजाय |
|---|---|---|
| १. | १२ हप्तासम्मको गर्भ भएमा | १ वर्षसम्म कैद |
| २. | १२ हप्ताभन्दा बढी पच्चीस हप्तासम्मको गर्भ भएमा | ३ वर्षसम्म कैद |
| ३. | पच्चीस हप्ताभन्दा बढिको गर्भ भएमा | ५ वर्षसम्म कैद |

**३. गर्भमा भएको भ्रुणको लिङ्ग पहिचान गरी गर्भपतन गरेमा हुने सजाय**

गर्भपतन गराउने उद्देश्यले गर्भमा भएको भ्रुणको लिङ्ग पहिचान हुने कुनै काम गर्न वा गराउन र त्यसरी लिङ्ग पहिचान हुने कुनै काम गर्न वा गराउन र त्यसरी लिङ्ग पहिचान भएपछि गर्भपतन गर्न वा गराउनु हुँदैन ।[१६] यदि यस्तो कार्य गरेमा निम्नबमोजिमको सजाय हुन्छ ।

| क्र. सं. | कसुर | सजाय |
|---|---|---|
| १. | गर्भपतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान गर्ने वा गराउनेलाई | ३ महिनादेखि ६ महिनासम्म कैद |
| २. | लिङ्ग पहिचान गरी गर्भपतन गर्ने वा गराउनेलाई | गर्भपतन गराउँदा हुने सजायमा थप १ वर्ष कैद |

**४. गर्भवती महिलाको ज्यान लिने उद्योग गर्दा त्यस्ती महिला नमरी निजको गर्भपतन भएमा**

कसैले कुनै गर्भवती महिलाको ज्यान लिने उद्योग गर्दा त्यस्ती महिला नमरी निजको गर्भमा रहेको पच्चीस हप्ता वा पच्चिस हप्ता भन्दा बढी अवधिको गर्भ पतन हुन गएमा सो काम गर्ने कसुरदारलाई कानुनबमोजिमको सजायमा थप ५ वर्षसम्म कैद हुनेछ ।

## ६. विश्लेषण (Analysis)

मुलुकी ऐन, २०२० को एघारौं संशोधनपछि गर्भपतनले कानुनी मान्यता प्राप्त गरेको हो । नारीवादीहरूको आन्दोलनको परिणामस्वरूप यस गर्भपतनसम्बन्धी महिलाको अधिकारको सुनिश्चितता भएको हो । नेपालको गर्भपतनसम्बन्धी कानुनलाई हेर्दा कानुनीरूपमा गर्भवती महिलाले गर्भपतन गराउन पाउने व्यवस्था एकातिर छ भने गैरकानुनीरूपमा गर्भपतन गराएमा सजाय हुने व्यवस्था अर्कोतिर रहेको छ । गर्भवती महिलाले अनिच्छित

१३ सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ को दफा १६

१४ मुलुकी अपराध संहिता २०७४ को दफा १८८(३)

१५ मुलुकी अपराध संहिता २०७४ को दफा १८८(६)

१६ मुलुकी अपराध संहिता २०७४ को दफा १८८(८)

गर्भ १२ हप्तासम्मको, हाडनाता करणी तथा जबरजस्ती करणीमा १८ हप्ताको गर्भ र महिलालाई शारीरिक तथा मानसिक असर पर्न सक्ने अवस्थाममा गर्भपतन गर्न पाउने कानुनी व्यवस्था मुलुकी अपराध संहिताले गरेको छ भने सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धी ऐन, २०७५ ले निश्चित अवस्थामा २८ हप्तासम्मको गर्भ सूचीकृत स्वास्थ्य संस्थामा गएर गर्भपतन गराउन सक्ने व्यवस्था गरेको छ । यो व्यवस्था हेदा कानुनीरूपमा गर्भपतन गराउँदा महिलाको मञ्जुरीलाई नै मुख्य प्राथमिकता दिएको देखिन्छ । यो व्यवस्था हेर्दा गर्भपतन गर्ने वा नगर्ने कुरा गर्भवती महिलाको इच्छामा भर पर्ने हुँदा यो अधिकार कानुनले महिलाको अधिकार मात्र हो भनी सुनिश्चित गरेको देखिन्छ ।

यसैगरी नेपालको गर्भपतनसम्बन्धी विद्यमान कानुनको अध्यायन गर्दा मुलुकी अपराध संहिता, २०७४ ले गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा हुन जान्छ वा निजको शारीरिक र मानसिक स्वास्थ्यमा खराब हुन सक्छ वा विकलाङ्ग बच्चा जन्मन्छ भन्ने चिकित्सकको राय भई गर्भवती महिलाको मञ्जुरी भएमा जहिलेसुकै पनि गर्भपतन गराउन पाउने अवस्थामा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ ले अधिकतम २८ हप्तासम्मको मात्र गर्भ पतन गर्न पाउने अधिकार दिएको छ । २८ हप्तापछि बच्चालाई जीवित नै जन्म दिन सकिन्छ भन्ने मान्यतालाई आत्मसात गरेको भन्ने बुझ्न सकिन्छ । यसमा अधिकतम २८ हप्तासम्म गर्भ पतन गराउन सक्ने कुराको हकमा यसले के कसरी महिलाको हक अधिकारलाई सुनिश्चित गर्छ भन्ने कुरामा स्पष्टता छैन । यसरी कानुनको अध्यायन गर्दा गर्भमा रहेको भ्रुणको बाच्न पाउने अधिकारको सम्बन्धमा कानुन निर्माताहरूले ख्याल नगरेको देखिन्छ ।

यसै परिप्रेक्ष्यमा गर्भपतनसम्बन्धी कानुन मुलुकी अपराध संहिता र सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ बीचनै सामञ्जस्यता रहेको छैन । मुलुकी अपराध संहिताले गर्भवती महिलाले अनिच्छित गर्भ १२ हप्ता सम्मको, हाडनाता करणी तथा जबरजस्ती करणीमा १८ हप्ताको गर्भ र महिलालाई शारीरिक तथा मानसिक असर पर्न सक्ने अवस्थामा गर्भपतन गर्न पाउने कानुनी व्यवस्था गरेकोमा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धी ऐन, २०७५ ले निश्चित अवस्थामा २८ हप्ता सम्मको गर्भ सूचीकृत स्वास्थ्य संस्थामा गएर गर्भपतन गराउन सक्ने व्यवस्था उल्लेख गरेबाट यी दुबै कानुन एक अर्कामा बाझिएका छन् । यसैगरी मौजुदा कानुनले एक अर्कासँग बाझिएको हुँदा सुविधा तथा अधिकार प्रदान गर्नका लागि बनेका कानुनी व्यवस्थाको मारमा सर्वसाधारण पर्ने जोखिम रहेकाले त्यस्ता कानुन संशोधन गरी एकरूपता कायम गर्नुपर्ने देखिन्छ ।

नेपालको गर्भपतनसम्बन्धी कानुनलाई नियाल्नुपर्दा नेपाली कानुनले गर्भपतनको सम्बन्धमा स्वेच्छावाद (Pro choice) सम्बन्धी सिद्धान्तलाई अँगालेको देखिन्छ । तसर्थ नेपाली कानुनले गर्भपतन गर्दा बाबुको इच्छाको व्यवस्था गरेको अवस्था छैन ।

महिलालाई आफ्नो शरीरमाथिको अधिकार तथा प्रजनन अधिकारसमेत हुने भएकाले निजले आफ्नो स्वेच्छामा गर्भपतन गराउन पाउने अधिकार भए तापनि गैरकानुनी तरिकाले गर्भपतन गरेमा त्यो कसुर हुन जान्छ । त्यसैगरी मुलुकी अपराध संहिताले गैरकानुनी रूपमा गरिएको गर्भपतनलाई कसुर मानी यस्तो कसुर गर्ने वा गराउने व्यक्तिलाई सजायको समेत व्यवस्था गरेको छ । यस्ता किसिमका कसुर सरकारवादी फौजदारी मुद्दा हुन् । कुनै पनि गर्भलाई गर्भपतन गराउँदा कानुनअनुरूप गर्नुपर्ने र कानुनले तोकेको मापदण्ड पूरा नगरी गराएमा त्यो कार्य सजाययोग्य हुन्छ ।

आर्थिक वर्ष २०७५/०७६ देखि २०७७/०७८ सम्ममा नेपाल प्रहरीका कार्यालयमा दर्ता भएका गर्भ संरक्षण विरुद्धको कसुरको विवरण निम्नलिखित रहेको छ ।

| आर्थिक वर्ष | उपत्यका | प्रदेश १ | प्रदेश २ | प्रदेश ३ | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश ५ | कर्णाली प्रदेश | सुदुरपश्चिम प्रदेश | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| २०७५/०७६ | ४ | ५ | १० | ४ | ० | ३ | ० | १ | २७ |
| २०७६/०७७ | २ | ३ | १२ | १ | ४ | २ | ४ | ३ | ३१ |
| २०७७/०७८ | ३ | ५ | १० | १ | ३ | ४ | १ | १ | २८ |

*(स्रोत : महान्यायधिवक्ताको वार्षिक प्रतिवेदन २०७५/०७६ पृ १६, महान्यायधिवक्ताको वार्षिक प्रतिवेदन २०७६/०७७,पृ. २०, महान्यायधिवक्ताको वार्षिक प्रतिवेदन २०७७/०७८ ,पृ. १३)*

माथिको तथ्याङ्कले आर्थिक वर्ष २०७५/०७६ देखि २०७७/०७८ सम्ममा गर्भपतनसम्बन्धी अपराधको सङ्ख्या वृद्धि भएको देखाउँछ । आर्थिक वर्ष २०७५/०७६ मा नेपालको प्रहरी कार्यालयमा जम्मा २७ वटा गर्भपतनसम्बन्धी अपराध दर्ता भएका थिए भने २०७६/०७७ मा ३१ वटा र २०७७/०७८ मा २८ वटा गर्भपतनसम्बन्धी अपराधहरू दर्ता भएका थिए । यसबाट के देखिन्छ भने आर्थिक वर्ष २०७६/०७७ मा गर्भपतनसम्बन्धी अपराध को सङ्ख्या बढी देखिन्छ । यसैगरी प्रदेशअनुसार यस अपराधको विश्लेषण गर्ने हो भने प्रदेश नं. २ मा यससम्बन्धी अपराध धेरै भएको पाइन्छ । आर्थिक वर्ष २०७५/०७६ मा प्रदेश नं . २ मा गर्भपतनसम्बन्धी कसुरको सङ्ख्या १० देखिन्छ भने त्यो सङ्ख्या बढेर आर्थिक वर्ष २०७६/०७७ मा १२ पुगेको र आर्थिक वर्ष २०७७/०७८ मा कसुर सङ्ख्या १० देखिन्छ । यसबाट के स्पष्ट हुन्छ भने गर्भपतनसम्बन्धी कसुर सबै भन्दा धेरै प्रदेश नं. २ मा हुने गरेको देखियो । यसबाट अध्यायनबाट के स्पष्ट हुन्छ भने गर्भपतन गर्न पाउने अधिकार कानुनले सुनिश्चित गर्दा गर्दै पनि विविध कारणले गर्भ संरक्षण विरुद्धको कसुर नेपाली समाजमा भई नै रहेको छ ।

यसै गरी आर्थिक वर्ष २०७७/०७८ मा गर्भ संरक्षण विरुद्धको कसुरमा सबैभन्दा धेरै १९ देखि २५ वर्षसम्म उमेर समूहका व्यक्तिहरू संलग्न रहेको छन् भने पीडित र पीडक दुबै सङ्ख्या १९ देखि २५ वर्षसम्म उमेर समूहका धेरै रहेको छ । त्यसैगरी यस किसिमका धेरैजसो अपराधमा तुलनात्मकरूपमा कम शैक्षिक योग्यता तथा साधारण लेखपढ गर्ने वर्ग बढी पीडित र पीडक भएको देखिन्छ । यस तथ्याङ्कबाट के स्पष्ट हुन्छ भने सुरक्षित गर्भपतन गर्न पाउने अधिकार तथा गर्भ संरक्षण विरुद्धको कसुरको बारेमा जनचेतना फैलाउनु आवश्यक देखिन्छ ।

गर्भपतनसम्बन्धी अपराध सरकारवादी फौजदारी मुद्दा हो[१७] र यसको अभियोजनसम्बन्धी काम सरकारी वकिलबाट हुन्छ ।आर्थिक वर्ष २०७५/०७६ देखि २०७७/०७८ सम्ममा महान्यायधिवक्ताको कार्यलय, उच्च सरकारी वकिल कार्यालय तथा जिल्ला सरकारी वकिल कार्यलयमा रहेका गर्भ संरक्षण विरुद्धको कसुरको विवरण निम्नप्रकार रहेको छ ।

| आर्थिक वर्ष | महान्यायधिवक्ताको कार्यालय | उच्च सरकारी वकिल कार्यालय | जिल्ला सरकारी वकिल कार्यालय |
|---|---|---|---|
| २०७५/०७६ | ५ | ३७ | ४४ |
| २०७६/०७७ | ४ | १६ | ५६ |
| २०७७/०७८ | ४ | २३ | ६९ |

***(स्रोत : महान्यायधिवक्ताको वार्षिक प्रतिवेदन २०७५/०७६, महान्यायधिवक्ताको वार्षिक प्रतिवेदन २०७६/०७७ र महान्यायधिवक्ताको वार्षिक प्रतिवेदन २०७७/०७८)।***

१७ **लैङ्गिक हिंसाको बार्षिक तथ्यपत्र, आ.व. २०७७/०७८, प्रहरी प्रधान कार्यालय,** available at https://www.nepalpolice.gov.np/media/filer_public/bf/ef/bfef77fd-ceed-453e-ac17-20e901b35024/final_-_fy_2077-78_annual_infographics.pdf, date 2078/11/14

माथिको तथ्याङ्क हेर्दा माहान्यायधिवक्ताको कार्यालयमा आर्थिक वर्ष २०७५/०७६ मा गर्भ संरक्षण विरुद्धको कसुरको सङ्ख्या ५ रहेको छ । त्यसैगरी २०७६/०७७ मा ४ रहेको छ भने २०७७/०७८ मा ४ रहेको छ । त्यसैगरी उच्च सरकारी वकिल कार्यालयको तथ्याङ्क हेर्ने हो भने आर्थिक वर्ष २०७५/०७६ मा गर्भ संरक्षण विरुद्धको कसुरको सङ्ख्या ३७ रहेको छ । त्यसैगरी २०७६/०७७ मा १६ रहेको छ भने २०७७/०७८ मा २३ रहेको छ । नेपालको जिल्ला सरकारी वकिल कार्यालयमा आर्थिक वर्ष २०७५/०७६ मा गर्भ संरक्षण विरुद्धको कसुरको सङ्ख्या ४४ रहेको छ । त्यसैगरी २०७६/०७७ मा ५६ रहेको छ भने २०७७/०७८ मा ६९ रहेको छ । यस तथ्याङ्कबाट के स्पष्ट हुन्छ भने महान्यायधिवक्ताको कार्यालयको तुलनामा उच्च सरकारी वकिल कार्यालयमा गर्भ संरक्षण विरुद्धको कसुरको सङ्ख्या धेरै रहेको छ भने उच्च सरकारी वकिल कार्यलयको तुलनामा जिल्ला सरकारी वकिल कार्यालयमा यससम्बन्धी कसुरको सङ्ख्या धेरै रहेको छ ।

जिल्ला सरकारी वकिल कार्यालयको तथ्याङ्कमा हेर्ने हो भने आर्थिक वर्ष २०७५/०७६ मा गर्भ संरक्षणसम्बन्धी कसुरको सङ्ख्या ४४ रहेकोमा त्यो सङ्ख्या बढेर आर्थिक वर्ष २०७६/०७७ मा ५६ पुगेको छ भने त्यो सङ्ख्या बढेर आर्थिक वर्ष २०७७/०७८ मा ६९ मा पुगेको छ । यसबाट के स्पष्ट हुन्छ भने गर्भ संरक्षण विरुद्धको कसुरमा वृद्धि भएको कुरामा कुनै द्विविधा छैन ।

गर्भपतन कसुर चिकित्सक र बुबालाई कैद 'भन्ने पत्रिकामा खवर निस्किएको छ र यो खवर अनुसार म्याग्दी जिल्ला अदालतले गर्भपतन गराउने चिकित्सक र साक्षी बस्ने महिलाको बाबुलाई कैद तथा जरीवाना तिराउने फैसला गरेको छ । त्यसैगरी सुरक्षित तरिकाबाट गर्भपतन गराउने कानुन हुँदाहुँदै पनि असुरक्षित तरिकाले गर्भपतन गर्नेको सङ्ख्या धेरै छ ।अस्पताल जाँदा झन्झट हुन सक्ने, चिनेजानेका मान्छे भेट हुन सक्ने, सरकारी अभिलेखमा नाम दर्ता हुन सक्ने डरका कारण निजी क्लिनिक तथा जिल्लाबाहिर पुगेर गर्भपतन गराउने तथा घरमै लगेर औषधि सेवन गर्नेहरूको सङ्ख्या पनि भैरै छ' असुरक्षित गर्भपतन गराउँदा महिलाको ज्यानसमेत जाने खतरा हुन्छ ।[१८]

नेपाली समाज पुरुष प्रधान समाज हो । धर्म, परम्परा र रीतिरिवाज सबै कुराबाट महिलालाई पुरुषभन्दा कमजोर र दोस्रो वर्ग बनाइएको पाइन्छ । वंश धान्न छोरा चाहिन्छ भन्ने सामाजिक मान्यताले गर्दा छोराको जन्मलाई प्राथमिकता दिने र छोरी भए गर्भपतन गराउने प्रवृत्ति बढेको[१९] छ जुन कानुनअनुसार दण्डनीय रहेको छ । यौन शिक्षाको कमी, छोरा पाउने चाहनाका कारण गर्भपतन गर्नेको सङ्ख्या बढेको छ ।

## ७. निष्कर्ष (Conclusion)

नेपालको कानुन अनुसार सुरक्षित गर्भपतन तथा प्रजनन स्वास्थ्य नितान्त महिलामुखी अधिकार हुन् । गर्भ संरक्षणसम्बन्धी कानुन महिलाको प्रजनन अधिकारसँग जोडिएर आएको छ । यसअन्तर्गत गर्भमा रहेको बच्चालाई जन्म दिने कि नदिने भन्ने कुरा महिलाको इच्छामा भर पर्ने कुरा हो । महिलाको स्वीकृतिलाई गर्भपतन गराउनका लागि अनिवार्य तत्त्वको रूपमा लिएको छ । तर महिलाको आफ्नो शरीरप्रतिको स्वतन्त्रता बचाउन दिइएको अधिकारले महिलाहरू नै पीडित हुन पुगेका छन् । गर्भपतनसम्बन्धी कानुनले निश्चित अवस्थामा मात्र गर्भपतन गर्न पाउने व्यवस्था गरेको छ । यसरी सुरक्षित गर्भपतनलाई कानुनले मान्यता दिंदादिंदै पनि कानुनको आखा छली गैरकानुनी तरिकाले गर्भपतन गराउने परिपाटी बढ्दै आएको छ । साथै महिलाकै इच्छामा गर्भपतन

१८ सुत्केरी हुने भन्दा गर्भपतन गराउने बढी, नेपाल समाचारपत्र २०७७/१२/१५

१९ गर्भपतनले लियो ज्यान, अन्नपूर्ण पोष्ट, २०७६/०८/२४ ,असुरक्षित गर्भपतन ज्यानै जोखिममा, गोरखापत्र, मिति २०७६/०५/०८, अझै असुरक्षित गर्भपतन कान्तिपुर, मिति २०७६/०१/२७

गरे पनि यदि त्यो असुरक्षित गराएको छ भने त्यो गैरकानुनी हो । गैरकानुनीरूपमा गरेको गर्भपतन फौजदारी कानुनअनुसार सजायभागी छ । यसरी कानुनमा सजायको व्यवस्था हुँदाहुँदै पनि अवैध गर्भपतन बढ्दैगएको छ । सरकारले सुरक्षित गर्भपतनसम्बन्धी साह्रै राम्रो व्यवस्था ल्याउदा पनि गर्भपतन सुरक्षित हुन सकेको छैन । त्यसैले यस्ता अवैध गर्भपतनको समस्यालाई समाधान गर्न स्थानीयस्तरमबाट नै सुरक्षित गर्भपतन सेवा, यौन शिक्षा तथा गर्भ संरक्षण विरुद्धको कसुरका बारेमा जनचेतना जगाउनुपर्ने आवश्यकता देखिन्छ ।

OOO

१ मुलुकी अपराध संहिता २०७४ को दफा १८९

२ सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ को दफा १५

# जलवायू परिवर्तन तथा यस्को प्रभाव: एक संक्षिप्त जानकारी

डा. प्रेमबहादुर थापा*

**प्रयोगका केही शव्दवलि** : जलवायू परिवर्तन तथा यस्को प्रभावका सन्दर्भमा बढि मात्रामा प्रयोग हुने गरेका केही शव्दवलिहरू मध्ये केही यस प्रकारका छन । Weather (मौसम) Climate (जलवायू), Green House Gase (हरित गृह ग्यास), REDD, UNFCCC, Conference of Parties/CoP (कन्फरेन्स अफ पार्टिज), Vulnerability (सङ्कटासन्नता), IPPC (हरित गृह ग्यास), Carbon Trade (कार्वन व्यपार):, Mitigation (हरित गृह ग्यास), Adaptation (हरित गृह ग्यास), Global Warming, Resilience (समानुकूलन), Carbon Foot Print (मानवीय क्रियाकलापवाट उर्त्सजन हुने कार्वन), Carbon Sequestration (कार्वन शोषण), Adaptive Capacity (अनुकुलन क्षमता), आदि ।

**परिचय**

जलवायू परिवर्तन एक प्रक्रिया हो जसलाई प्राय जसो मानिसहरूले मौसममा हुने परिवर्तनलाई भन्ने तथा बुझ्ने गरेको पाईन्छ । तर यसलाई यति सरल तथा हल्का किसिमले बुझ्नु गलत हुन जान्छ । तसर्थ जलवायू परिवर्तन सँग जोडिएका विषयबस्तुहरू विशेष गरि मौसम, हावापानी, हरित गृह ग्यास, आदी आदी जस्ता विषय वस्तुहरूको सन्दर्भमा यथोचित गहिराईमा बुझ्नु पर्ने हुन्छ । यस परिबेशमा यहाँ जलवायू परिवर्तनका सन्दर्भमा छोटो जानकारिमुलक लेख प्रस्तुत गरिएको छ ।




पृथ्वीको वायुमण्डलमा हरेक दिन परिवर्तन भई रहने तापक्रम, वर्षा, वायूको चाप, आर्दता, हावा, आदिको अवस्थालाई **मौसम (Weather)** भनिन्छ । यो प्रत्येक दिन, हप्ता र महिनामा परिवर्तन भईरहेको हुन्छ । यसैगरि हावापानि वा जलवायू (Climate) भनेको माथि उल्लेखित क्षेत्रहरू सहितको लामो अवधिको मौसमको सरदर अवस्थालाई **जलवायू अर्थात हावापानि (Climate)** भन्ने बुझिन्छ । सामान्यतया जलवायु स्थान र ऋतु विशेष अनुसार स्थिर रहन्छ । यसैगरि जलवायू मेटेरोलोजिकल (Meteorological) अवस्थाको झुण्ड-हावा, वर्षा, हिउ,

** समाज शास्त्र तथा वातावरण विद् हुनुहुन्छ ।*

घाम, तापक्रमको कुनै एक स्थान तथा समय विशेषमा हुने गरेको अन्तरक्रियाबाट प्राप्त अवस्था भन्ने बुझिन्छ । यस क्रममा विभिन्न तत्वहरू तथा प्रक्रियाको अबलम्बन सहित अन्तरक्रियाबाट हरित गृह ग्यासको उत्सर्जन हुन पुग्दछ ।



Source: Encarta Encyclopaedia, Modified by N.P. Yadav

हरित गृह ग्यास (Green House Gas) भन्नाले कार्वनडाई अक्साईड मिथेन, नाईट्रोजन अक्साईड, आदि जस्ता ग्यासलाई जनाउँदछ जुन विभिन्न् प्रक्रियाबाट उत्सर्जन हुने गर्द्धछ । वायुमण्डलमा अन्य हरित गृह ग्यास भन्दा कार्वन डाई अक्साईडको मात्रा धेरै छ तर यस सङ्गै चित्र/ग्राफमा देखाईए जस्तै मिथेन र नाईट्रस अक्साईड जस्ता ग्यासको मात्रा थोरै भएता पनि यिनको प्रभाव कार्वन डाईअक्साईडको तुलनामा क्रमश: २५ र २०० गुणा बढि हुन्छ । पृथ्वीको वरिपरि वायुमण्डलमा प्राकृतिक रूपमै यि हरित गृह ग्यासहरू फैलिरहेको हुन्छ जस्ले पृथ्वीलाई कम्बल ओढेको जस्तो गरि न्यानो बनाई राख्न मदत गर्दछ । बढदो जनसङख्या वृद्धि दर, वातावरण प्रतिको चासो, विकास निर्माण र पानिको आपूर्तिमा बढ्दो परिवर्तनले पानि तथा अन्य विविध स्रोतहरू प्रतिको प्रतिस्पर्धा दिनानु दिन बढिरहेको अवस्था छ । यस्ता मानवीय खालका प्रतिस्पर्धा एवम् अन्य नियमित क्रियाकलापहरूका कारण हरित गृह ग्यासमा निरन्तर वृद्धि हुन पुग्दछ र पुगि राखेको अवस्था छ । यस किसिमले पृथ्वीको वायुमण्डलमा यस अघिनै प्रशस्त हरित गृह ग्यासको सञ्चिति बढदो स्थितिले पृथ्वीको तापक्रम बढनु तथा परिवर्तन भईरहेको छ ।

तसर्थ जलवायू परिवर्तन लामो समयको अन्तरालमा मौसमको औसत अवस्थामा हुने परिवर्तन प्राकृतिक प्रक्रिया हो तर हरित गृह ग्यासको बढ्दो उर्त्सजनले परिवर्तनको गति बढेको छ । यसैबाट Ecological System मा अनिश्चितता ल्याएको छ र पृथ्वीको तापकममा वृद्धि भईरहेको छ र तात्ने क्रममा पुग्दछ ।




**<u>पृथ्वी किन तातिरहेको छ</u>** : यस सन्दर्भमा माथि केही मात्रामा उल्लेख गरिएको छ र यसरि नै हामीले नर्सरीमा प्लाष्टिकको टनेलबाट हरित गृह बनाए जस्तै वायुमण्डलमा हरित गृह ग्यासहरू उत्सर्जन भई ढाकि पृथ्वीको तापक्रममा सन्तुलित अवस्था कायम गर्न महत्वपूर्ण भुमिका निर्वाहा गरेको हुन्छ, तर वन विनास, औद्योगिकीकरण, यातायात साधनको अत्यधिक प्रयोग, आदि आदि जस्ता मानवीय क्रियाकलापहरूका कारणले यी ग्यासहरूको उत्सर्जनमा वृद्धि हुन पुग्दछ र यस हरित गृह ग्यास बढ्नाले पुथ्विको तह बाक्लो भई सूर्यबाट पृथ्वीमा आई फर्केको तापलाई पुन:पृथ्वीमा फर्काउनाले पुथ्विको अवस्था तात्दछ जसलाई Global

Warming भनिन्छ र यसरि पृथ्वी तात्ने क्रम दिनानु दिन बढ्दो अवस्था छ ।



**बिश्वव्यापि उर्त्सजनको अवस्था**

**<u>हरित गृह उत्सर्जनका स्रोत :</u>** हरित गृह ग्यास उत्सर्जन विभिन्न् कारणबाट हुने गर्दछ र उत्सर्जनका प्रमुख श्रोतहरूमा सामान्यतय उर्जा आपूति (२६%), औद्यागिकरण (१९%), वनजंगल (१७%), कृषि (१४%), यातायात (१३%), तथा विल्डिङ निर्माण (११%) पर्द्धछन् । विभिन्न देशका १६७ शहर हरूको अवस्था बिश्लेषण गर्द्ध औसत हरित गृह ग्यासको उर्त्सजन ३.५ Kt Co2-eg र १९९ Mt CO2-eg सम्म पाईएको छ । जस मध्ये २५ (१५%) वटा शहरले ५२% हरित गृह ग्यास उत्सर्जन गर्ने गरेका छन । नेपालको हरित गृह ग्यास उत्सर्जन सम्बन्धित तथ्याङ्क प्राप्त नभए तापनि अन्य देशको दाँजोमा अत्यन्त न्यून उत्सर्जन रहेको छ । तथापि जलवायू परिवर्तनको प्रभाव सम्पुर्ण बिश्व जगत ठुलो देश होस वा सानो देश, बिकशित होस वा अबिकशित तथा अत्यधिक उत्सर्जन गर्ने होस वा नगर्ने होस सबैले असरको भागेदारि रहन्छन् (Ramay et al. 2011) र यसको प्रभाव समग्र प्रणालिमा पर्दछ भने प्रमुखःत उच्च तापक्रम, आत्यधिक तथा उतारचढाव वर्षा, अस्थिर मौसमको अवस्थामा, असिनाको वर्षा, सुख्खा, समुन्द्र सतह बढ्नु, नौला रोग व्याधिमा वृद्धि, आदि आदी हुन । जलवायू परिवर्तनबाट हुने यस किसिमको परिवर्तित अवस्थाले मानवीय तथा पर्याबरणिय स्वास्थ्यका क्षेत्रमा असर गर्द्धछ । यस क्रममा विशेष गरि Vector born disease / Destruction of Food and Water System एवं विभिन्न किसिमका प्रभाव जस्तै हामीले खाने खाना तथा पानीमा, लिने हावामा तथा वरिपरिको वातावरणमा नकरात्मक प्रभाव गर्दछ । यसैगरि जलवायुमा आएका परिवर्तनले हाम्रो समग्र खेती तथा पर्यावरण (Farming and Eco System) मा प्रभाव पार्दछ जसको कारण मानवीय तथा वताबरणिय स्वास्थ्य एवम् हाम्रो आर्थिक सामाजिक व्यवहार तथा अन्य क्षेत्रहरूमा समेत असर पुग्दछ । यसका सन्दर्भमा केही मिल्दाजुल्दा विभिन्न समाचारहरू हामी पत्रपत्रिकामा पनि पढन पाउदछौ उदाहरणका लागि १) **माछापुच्छ्रे कालो देखिन थाल्यो, २) मुस्ताङ्गको स्याउ अमिलो हुन थाल्यो, ३) मुस्ताङ्गमा धान फल्न थाल्यो, ४) नदि र पानीका मूल सुक्दै छन्, ५) तराईमा शितलहर घटदोछ, ६) लु ले गर्दा तराईको जनजिवन प्रभावित, ७) पहाड तिर पनि लामखुट्टेले सतायो, ८) सुख्खा तथा खडेरिले जिवन तहसनहस, आदि आदि ।**

जलवायू परिवर्तन एक निरन्तर प्रक्रिया हो र यसको प्रभावबाट कोहि कतै पनि अछुतो रहन सक्दैन् त्यस मध्ये पनि महिला बालबालिका तथा संकटासन्न अवस्थामा रहेका व्यक्ति तथा परिवारमा अझ बढि जोखिमको अवस्था सृजित गर्द्धछ । उनीहरूको शिक्षा, स्वास्थ्य एवम् दैनिकीमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा प्रभाव परिरहेको छ जस्ले गर्द्धा उनीहरू यसै त सँकटासन्न अवस्थामा रहेका हुन्छन् भने यसले अवस्था झन बिकराल रूपमा सृजित हुने देखिन्छ। जलवायू परिवर्तनको कारण मानिसलाई चाहिने मानवीय सहायता २०३० सम्ममा दोब्बर आवश्यकता पर्ने देखिन्छ (OCHA, 2018)।

यस क्रममा महिला, बालबालिका तथा संकटासन्न समूदायका व्यक्ति तथा परिवार स्थानीय तथा प्रक्रितिक श्रोत जस्तै बन जङ्गल तथा प्राक्रितिक श्रोत आदिमा निर्भर छन उनीहरूको दैनिकि तथा जीविकोपार्जनका कार्यहरू अझ बढि दुखदायी हुन पुग्दछ । जलबायू परिवर्तनका कारण उनीहरूमा still birth, मात्तृ स्वास्थ्यमा

कठिन, mis-carriage, pre-mature birth, नँया तथा पुराना रोग व्याधि जस्तै मलेरिया आदिको व्यापकता लगायत मानसिक असन्तुलन आदि आदिहरू प्रत्यक्ष असर पर्ने बिषयबस्तु हुन ।

यस परिप्रेक्ष्यमा नेपालमा क) सामुदायिक जलवायु अनुकूलन तथा न्यूनीकरणको उपायहरूको पहिचान, कार्यक्रम तर्जुमा तथा कार्यान्वयनले राष्ट्रिय तथा स्थानीयस्तरमा प्राथमिकता नपाउनु । ख) भरपर्दो जानकारी र सूचना लगायत क्षेत्रगत तथा विषयगत सूचना उपलब्ध गराउने संयन्त्र नहुनु । ग) नीति तथा कार्यक्रमको कार्यान्वयनको लागि समन्वयको अभाव हुनुको साथै आवश्यक प्राविधिक तथा आर्थिक स्रोत जुटाउन नसक्नु, प्रविधि विकास र उपयोग तथा आवश्यक जनशक्तिको क्षमता बढाउन प्राथमिकता नपाउनु । घ) नीति कार्यान्वयनको लागि आवश्यक कानुनी व्यवस्था हुन नसक्नु । ङ) कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा सम्बन्धित राष्ट्रिय तथा स्थानीय सरकार, निजी क्षेत्र, गैर सरकारी संघ-संस्था एवं उपभोक्ता समूहहरूको तत्परता, सहयोग र संलग्नता नरहनु । च) जलवायु अनुकूलन तथा क्षमता अभिवृद्धिका कार्यहरू लक्षित समूहमा पुग्न नसक्नु । छ) जलवायु परिवर्तन सम्बन्धी महासन्धिको केन्द्र विन्दु तथ सम्बन्धित निकायहरूको क्षमता वृद्धि नहुनु । ज) वर्तमान सम्बन्धित संस्थाहरूबीच आवश्यक समन्वय हुन नसक्नु जस्ता चुनौती हाम्रा सामु छन् ।

जलवायू परिवर्तनले नकारात्मक प्रभाव परिराखेको अवस्थामा हामीले विशेष गरि अनुकुलन (Adaptation) एवं न्यूनिकरण (Mitigation) को रणनीति एवम् कार्यक्रम सञ्चालन गर्नु पर्दछ । यस सन्दर्भमा अन्तर्राष्ट्रिय स्तरको १९९२मा रियो दि जेनेरियोमा भएको पृथ्वी सम्मेलनवाट स्थापना भएको एक संयन्त्र जसलाई United Nation Framework Convention on Climate Change (UNFCCC) भनिन्छको स्थापना भयो । यसमा १५४ सदस्य देशहरूले अनुकुलन तथा न्यूनिकरणको प्रतिबद्धता सहितको हस्ताक्षर गरेका थिए । यस किसिमको प्रतिबद्धताका साथ अनुकुलन र न्यूनिकरणको बिषय जुन माराक्य एर्कड अनुसार National Adaptation Programme for Action (NAPA) को विषय आएको हो र ४९ कम विकसित मूलुकहरूले NAPA वनाएको खण्डमा विकसित मूलुकहरूले सहयोग गर्ने प्रतिवद्धता जनाए र सोहि अनुसार तत् क्षेत्रमा NAPA एवम् LAPA (Local Adaptation Plan of Action) बन्ने कार्य चलिरहेको छ । नेपालमा यि कार्यका लागि विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयको नेतृत्वमा तयार गरि कार्यन्वयन भई रहेको अवस्था छ । एवम् रितले जुन २००७ मा इण्डोनेसिया को बालीमा भएको CoP-13 बाट हरित गृह ग्यासको न्यूनिकरण गर्नका लागी आएको Reduced Emissions from Deforestation and Forest Degradation (REDD) संयन्त्रको व्यबस्था भएको छ जस्को मुख्य लक्ष्य भनेको विशेष गरि वनमा भएको कार्वनलाई शोषण गर्ने र वनको संरक्षणबाट कार्वनको सँचिति गर्ने र सँचिती बढाउदा पाईने सुविधा सुनिश्चित गर्दछ । यस तरिकाबाट आवश्यकता सम्भावनाका आधारमा कार्वन व्यापार (Carbon trade)समेत गर्न सक्ने व्यबस्था गरेकोछ ।

**अनुकुलन तथा न्यूनिकरण रणनीति**

जलवायु परिवर्तन र त्यसका चुनौतीहरू हाल टडकारो रूपमा देखा पर्न थालेको र यसबाट विभिन्न क्षेत्रहरू जस्तै जलस्रोत, कृषि तथा खाद्यान्न, वन तथा जैविक विविधता, भौतिक पूर्वाधार, जनस्वास्थ्य र पर्यटन लगायत जीविकोपार्जनका संसाधनहरू अत्यधिक मात्रामा प्रभावित हुँदै गइरहेकाछन् । जलवायू परिवर्तनका समस्याका सन्दर्भमा विभिन्न तौरतरिकाका साथ अनुकुलन (Adaptation) तथा न्यूनिकरण (Mitigation) को रणनीति अबलम्बन गर्नु पर्द्धछ । जलवायू परिवर्तनका विध्यमान र सम्भावित असरहरू सँग जुध्न तथा यसको अवस्थामा रहनका लागि गरिने उपायहरू नै अनुकुलन हो जुन अपरिहार्य छ । यसका केही उदाहरणमा स्याउ

हुने क्षेत्रमा सुन्तला बालि हुने, उच्च पहाडि क्षेत्रमा धान खेति हुनु, आदि आदि कार्यलाई अबलम्बन गर्ने । यसैगरि गर्मी बढेको अवस्थामा पातलो कपडा लगाउनु, बाढिबाट बच्च घरको जग अगलो बनाउने, उपयूक्त जातको बालि लगाउनु, परिबर्तित मौसममा हुने खालका बालि बिरूवा लगाउनु, आदी आदीको अभ्यास तथा प्रयोग जसलाई अनुकुलन भनिन्छ र स्थान एवम् समय विशेष यस किसिमका अभ्यासहरूको विकास र बिस्तार गर्नु पर्द्धछ ।




**सशक्तिकरणका क्षेत्र तथा अन्तर-सम्बन्ध**

यसै गरि वायूमण्डलमा भएका हरित गृह ग्यासहरूलाई शोषण (Absorb) गर्नु र वायूमण्डलमा भएका यि ग्यासहरूलाई बढ्न नदिन विभिन्न किसिमका उपाय तथा प्रबिधि प्रयोग गर्नु पर्दछ जस्लाई जलवायू परिवर्तन न्यूनिकरण (Mitigation) भनेर बुझिन्छ । यस क्रममा मानवीय क्रियाकलापहरूबाट उत्सर्जन हुने कार्वन (Carbon Foot Print) को मात्रा विभिन्न तौरतरिका अबलम्बनबाट घटाउनु पर्दछ । यसमा विशेष गरि रूख बोट बिरूवा लगाउने, उर्जाशिल पदार्थको प्रयोगमा कमि गर्नु, खेतिपाति प्रणालिलाई व्यबस्थित गर्ने, आदि आदि जस्ता बिषयबस्तुहरू पर्द्धछन् । रुख विरुवाहरू वृक्षारोपण गरेर Vegetative Coverage वढाउने जसबाट कार्वनलाई शोषण गरेर लामो समय सम्म राख्ने काम गरिन्छ जसलाई Carbon Sequestration (कार्वन शोषण) भनिन्छ । रुख विरुवाहरू वृक्षारोषण गरेर Vegetation Cover वढाउने जसबैाट कार्वनलाई शोषण गरेर लामो समय सम्म राख्नु ।

जलवायू परिवर्तन र यसको प्रभावका क्षेत्रहरूलाई विश्लेषण गर्दा यसलाई समग्र मानवीय, बातावरणिय, सामाजिक तथा विभिन्न विकासका क्षेत्रमा प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव पारेको र पर्न सक्ने देखिन्छ । तसर्थ जलवायू परिवर्तनलाई हामीले विकासकका सबै क्षेत्रहरू सँग जोडिएको साझा सबाल (Cross-cutting issues)को विषय बस्तुको रूपमा लिनु र ध्यान दिनु पर्दछ र विकास क्रियकलापहरूको योजना निर्माण तथा कार्यान्वयन गर्दा जलवायू परिवर्तन अनुकुलन तथा न्यूनिकरणका उपायहरूलाई विकास र बिस्तार गर्द्रै जानु पर्द्धछ ।

मानव स्वास्थ्य सेवा/प्रथा, खेती प्रणाली एवं समग्र विकासका क्रममा जललवायू परिवर्तनको न्यूनिकरण तथा अनुकुलनमा हुने खालका नीति नियम, योजना तथा क्रियाकलाप लाई विशेष किसिमले जोड दिनुपर्दछ ।

महिला, बालबालिका तथा संकटासन्न वर्गको हित विशेष जोडका साथ यिनिहरूको सबलिकरण तथा शसक्तिकरणको प्रक्रियालाई विशेष जोड दिनु पर्द्धछ । महिला, बालबालिका तथा संकटासन्न परिवार तथा समूदायलाई सशक्त/सशक्तिकरण गर्नुपर्ने हुन्छ । सशक्तिकरण एक यस्तो प्रक्रिया हो जसमा व्यक्ति/परिवार/समुदायको सूचना र श्रोतमा पहुच एवम् सम्बन्ध तथा निर्णय प्रक्रियामा सहभागिताको सुनिश्चितता तथा क्षमताको महत्वपुर्ण भूमिका रहन्छ । सशक्तिकरणका विभिन्न नमुनाहरू मध्ये शिक्षाविद् पाउलोफेरिको व्यख्यानुसार चित्र मा प्रस्तुत चार क्षेत्र सहितको बिलेषण भएको पाईन्छ । यि चारै पक्षहरूका बिच अन्तर-सम्बन्ध

रहन्छ र एक पक्षको वृद्धि तथा सुनिश्चितताले अर्को पक्षका क्षेत्रमा समेत विशेष योगदान पु-याउदछ । विशेष गरि महिला, बालबालिका तथा संकटासन्न अवस्थामा रहेका सदस्य/परिवार तथा समूदायलाई सशक्तिकरणको प्रक्रियाले सूचना र श्रोतमा पहुँच एवम् सम्बन्ध तथा निर्णय प्रक्रियामा सहभागिताको सुनिश्चितता गर्न महत्वपुर्ण भूमिका खेल्दछ । तसर्थ गरिब, महिला, बालबालिका तथा संकटासन्न अवस्थामा रहेका व्यक्ति, परिवार तथा समूदायलाई विभिन्न उपयुक्त बिधि मार्फत सुचना तथा श्रोतमा पहुँच एवम् अन्तर-सम्बन्ध र निर्णय प्रक्रियमा सहभागिताको सुनिश्चितता गर्न गराउने खालका क्रियाकलापहरू निर्माण तथा कार्यान्वयन गर्नु पर्द्धछ । यसले उनीहरू आफ्ना अवस्था र चाहाना अनुसार अघि बढ्न सक्दछन् ।

यसैगरि NAPAले पहिचान गरेको कार्यक्रमहरूलाई समुदाय तह सम्म पुऱ्याँउनका लागि तयार भएको एक सम्यन्त्र LAPA हो । नेपाले केही जिल्ला (१२)मा परिक्षण  पश्चात स्थानीय अनुकुलन कार्य योजनाको राष्ट्रिय संरचना नेपाल सरकार अनुमोदन गरि कार्यान्यन भईरहेको छ र यसलाई विशेष जोडका साथ कार्यान्वयन गर्नु पर्द्धछ । सामुदायिक अनुकुलन योजनाका लागि समुदाय स्तरको तयार अनुकुलन योजना निर्माण तथा कार्यान्वयन गर्ने ।

क्योटो अभिसन्धी अनुरूप हरितगृह ग्यासको उत्सर्जन न्युनिकरण गर्ने कार्यक्रम तथा संयन्त्र जसलाई Clean Development Mechanism (स्वच्छ विकास संयन्त्र) भनिन्छ जस्तैः गोबरग्यास, जलबिद्युत्त आदिहरूलाई सहयोग गर्ने व्यवस्थामा विशेष जोड दिनु पर्द्धछ  ।

जनचेतना अभिवृद्धि, मौसम पुर्बअनुमान तथा घोषणा, उपयुक्त प्रबिधिको विकास तथा बिस्तार, निरन्तर अनुसन्धान प्रसार प्रसार आदि जस्ता कार्यक्रम सञ्चालन गर्नु पर्द्धछ ।

❍❍❍

## सन्दर्भ सामग्री


- World Bank Database chart.jpeg.map.jpg
- Wei, T.,Wu. J., &Chen, S. (2021), Keeping track of greenhouse gas emission reduction progress and targets in 167 cities worldwide. Frontiers in Sustainable Cities, 64
- Shrestha R. M. Ahmed, M. Suphachalasai, S., & Lasco, R. (2012): Economics of Reducing Greenhouse Gas Emissions in South Asia; Options and Costs, Asian Development Bank
- Websites: i) http://www.ipcc.ch ii) http://www.forestaction.org iii) http://www.climate.org  iv) http://www.grida.no; iv) http://www.climatefrontlines.org; v) http://www.fao.org; vi) http://practicalactionpublishing.org vii) http://www.isrsindia.org viii) http://www.napanepal.gov.np ix) http://www.grida.no; x) http://www.ipcc-wg2.gov xi) http://unfccc.int, xii) http://www.cru.uea.ac.uk; xiii) http://www.moac.gov.np
- ISET, 2008: *From Research to Capacity, Policy and Action*: *Enabling Adaptation on Climate Change for Poor Populations in Asia Through Research, Capacity Building and Innovation*, Report from the Adaptation Study Team to IDRC Coordinated by ISET, July, ISET and ISET-Nepal.
- Shrestha, A. B., Wake, C, P.,  Mayewski, P. A., and Dibb, J. E.,  1999: Maximum Temperature Trends in the Himalaya and its Vicinity: An Analysis Based on Temperature Records from Nepal for the Period 1971"“94, *Journal of Climate*, Vol. 12, pp. 2775-2786, September.
- "Integrating Climate Change Adaptation with Local Development: Exploring Institutional Options" (http://www.nepjol.info/index.php/JFL/article/view/8606). www.nepjol.info. Retrieved 2016-03-22.
- FAO. 2009. Climate change impacts on agriculture and food security and disaster risk management as entry point for climate change adaptation.http://www.fao. org/docs/up/easypol/778/

# लैङ्गिक सामाजिकीकरण

उर्मिला ढकाल*

## १. पृष्ठभूमि

मानिस सभ्यताको आदिम कालदेखि नै निश्चित समूहमा रहँदै आएको पाइन्छ । समाजमा नै रहने, समाजबाटै दैनिक व्यवहार चलाउने, समाजमा अनेक गतिविधि सञ्चालन गर्ने र समाजबाटै आफ्ना आवश्यकता परिपूर्ति गर्ने भएकाले मानिसलाई सामाजिक प्राणीका रूपमा लिने गरिन्छ । मानिस सामाजिक प्राणी भएको हुँदा उसले विकसित हुने क्रममा परिवार, साथीसमूह, समाज, विद्यालय, विभिन्न संघसंस्था आदिका मूल्य, मान्यता, प्रथा, प्रचलन, व्यवहार आदिलाई ग्रहण गरी सोहीअनुरूप आफूलाई विकसित गर्दै जान्छ । समाजमा लिङ्गका आधारमा गरिने फरक व्यवहारकै कारण लैङ्गिकताको जन्म हुन्छ । लैङ्गिकता र सामाजिकीकरणले एकअर्कालाई प्रभावित तुल्याउने गर्दछन् । लैङ्गिकता सामाजिक, सांस्कृतिक मान्यताका आधारमा फरक लिङ्गका बीच गरिने फरक व्यवहार हो । लिङ्ग प्राकृतिक र स्वाभाविक विभाजन हो, यद्यपि लिङ्गका आधारमा विभेदपूर्ण व्यवहार गर्नु अनुपयुक्त एवम् असान्दर्भिक देखिए पनि व्यवहारतः समाजमा त्यस्तो स्थिति विद्यमान देखिन्छ किनकि लैङ्गिकता र सामाजिकीकरणका बीच घनिष्ठ सम्बन्ध रहेको हुन्छ ।

## २. लिङ्ग र लैङ्गिकता

लिङ्गले स्त्री र पुरुषका बीचमा रहेको प्राकृतिक भिन्नतालाई बुझाउँछ । स्त्री र पुरुष जैविकरूपमा नै भिन्न हुन्छन् । यो बाह्य स्वरूपमा देखिने फरकपन हो । यसले व्यक्तिको शरीरको आकारप्रकार निर्धारण गर्ने भएकाले व्यक्तिपिच्छे भिन्नता रहन्छ । निश्चित उमेरमा प्रवेश गरेपछि पुरुषहरूमा दारी, जुँगा आउने, र महिलामा स्तनको आकार बढ्ने, रजस्वला हुने आदि विशेषता देखिन्छ । लिङ्ग जिन र हर्मोनबाट निर्धारित हुन्छ । यसरी लिङ्ग व्यक्तिका प्राथमिक तथा द्वितीयक विशेषताहरूसँग सम्बन्धित रहन्छ भने लैङ्गिकता शब्दले लिङ्गका आधारमा हुने गरेका सामाजिक, सांस्कृतिक एवम् व्यवहारगत विभेदलाई जनाउँछ । यो स्थान विशेष, जाति विशेष, धर्म विशेषका मूल्यमान्यता एवम् धारणाअनुसार फरक हुने गर्दछ । लैङ्गिक अवधारणाको सुरुआत सन् १९७० बाट भएको हो । यसलाई सर्वप्रथम मनोविज्ञानवेत्ता एन्ने ओक्लेले प्रयोगमा ल्याएका हुन् (कोइराला र बुढा, २०६८: १४) । मानव निर्मित अवधारणा भएको हुनाले यो समयक्रमसँगै परिवर्तनशील हुन्छ । लैङ्गिकताले महिला र पुरुषको जिम्मेवारी निर्धारण गर्दछ भने लैङ्गिकताको निर्धारण सामाजिकीकरणको प्रक्रियाबाट हुने गर्दछ । लिङ्गका आधारमा परिवार, समाज, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा व्यक्तिले निभाउने भूमिका, जिम्मेवारी, अधिकार र सम्बन्धहरूमा हुने विभेद वा फरकपन लैङ्गिकताभित्र पर्दछन् ।

---

** महालक्ष्मी नगरपालिकामा महिला विकास अधिकृत हुनुहुन्छ ।*

## ३. सामाजिकीकरण

सामाजिकीकरण जैविक प्राणीलाई सामाजिक प्राणी बनाउने एक प्रक्रिया हो । सामाजिकीकरणले व्यक्तिलाई सामाजिक, सांस्कृतिक मूल्य, मान्यता र विश्वासअनुरूप व्यवहार गर्न सिकाउनुका साथै समाजप्रति उत्तरदायी बन्न सिकाउँछ । सामाजिक दृष्टिले हेर्दा एक पुस्ताबाट अर्को पुस्तामा संस्कृतिको हस्तान्तरण गर्ने कार्यमा सामाजिकीकरणको भूमिका महत्त्वपूर्ण हुन्छ भने व्यक्तिगत तवरबाट हेर्दा व्यक्तिले सामाजिक व्यवहार सिक्ने र सोहीअनुरूप आफूलाई विकसित गर्ने प्रक्रियाका रूपमा सामाजिकीकरणलाई बुझ्न सकिन्छ ।

व्यक्ति जुनसुकै उमेरमा सामाजिकीकरणको प्रक्रियामा रहेको हुन्छ । बालक जन्मिएपछि आफ्नो परिवारसँग प्रत्यक्ष सम्पर्कमा रहन्छ, जसबाट उसले अनौपचारिकरूपमै भाषा, प्रथा, परम्परा, मानक एवम् मूल्यहरू सिक्दछ भने साथीसमूह र विद्यालयबाट सामाजिक आचरणहरू सिक्ने गर्दछ । त्यसैले सामाजिकीकरण सामाजिक अन्तर्क्रियाको महत्त्वपूर्ण तत्त्व हो । सामाजिकीकरणले गर्दा नै व्यक्तिले सामाजिक प्रणालीको एक अङ्गका रूपमा भूमिका निर्वाह गर्ने आवश्यक सीप र शिक्षा सिक्दछ र समाजका अन्य व्यक्तिहरूको अपेक्षानुरूप व्यवहार गर्दछ । यो निरन्तर चलिरहने प्रक्रिया हो । सामाजिकीकरणका क्रममा औपचारिक एवम् अनौपचारिकरूपमा विभिन्न निकायहरूले भूमिका खेलिरहेका हुन्छन् । त्यस्तै सामाजिकीकरणको प्रक्रिया स्वीकारात्मक एवम् दमनात्मक प्रकृतिको हुन्छ ।

## ४. लैङ्गिक सामाजिकीकरण

सामाजिक मूल्य, मान्यता, चालचलन, समाजका कार्यपद्धति, कार्य विभाजन, शक्ति सम्बन्धअनुसार स्त्री र पुरुषले व्यवहार गर्नु र सोहीअनुरूप व्यक्तित्व निर्माण गर्नु लैङ्गिक सामाजिकीकरण हो । एउटा जैविक प्राणीका रूपमा जन्म लिएको व्यक्ति हुर्कंदै जाने क्रममा लिङ्गगतरूपमा भिन्न व्यवहार गर्न सिक्दछ । घरपरिवार, साथीसमूह, समुदाय, विद्यालयलगायत विभिन्न आमसञ्चारका माध्यमहरूबाट समेत हुने सामाजिकीकरणको प्रक्रियाले व्यक्तिको व्यक्तित्व विकासमा अहम् भूमिका खेलेको हुन्छ । जसमा समाजका मूल्य, मान्यता, संस्कार, प्रचलन, परम्पराको प्रभाव रहेको हुन्छ । लैङ्गिकता समाज र सामाजिक मूल्यसापेक्ष हुन्छ । यो सामाजिक व्यवहारको संरचना पनि हो । त्यसैले सामाजिक संरचना र सामाजिक परम्पराअनुसार लैङ्गिक सामजिकीकरणको स्तर पनि बेग्लाबेग्लै हुन्छ । लैङ्गिक सामाजिकीकरण सामाजिक सिकाइ सिद्धान्तसँग निकट देखिन्छ । सामाजिक सिकाइ सिद्धान्तका प्रतिपादक अल्बर्ट बान्डुरा हुन् । उनका अनुसार बालकले उपयुक्त एवम् अनुपयुक्त व्यवहारका लागि सकारात्मक एवम् नकारात्मक दुवै किसिमले पुनर्बल प्राप्त गर्दछ । यस सिद्धान्तअनुसार बालबालिकाले समान लिङ्गका व्यक्तिहरूको व्यवहारको अवलोकन एवम् अनुकरण गरेर सिक्दछन् । त्यसमा पनि बालकको सिकाइ बाबुका क्रियाकलापबाट र बालिकाको सिकाइ आमाका क्रियाकलापबाट बढी प्रभावित हुने गर्दछ । यसरी आमाबाबुले छोरा र छोरी फरक किसिमले व्यवहार गर्न उत्प्रेरित गर्ने गर्दछन् ।

समाजमा महिला र पुरुषका लागि अघोषितरूपमा अलगअलग कामको जिम्मेवारी तोकिएको हुन्छ । अधिकांश समाजमा सानै उमेरदेखि लिङ्गगत आधारमा भिन्न व्यवहार गरिन्छ र गर्न सिकाइन्छ । बालबालिकाले खेल्ने खेलमा, उनीहरूले लगाउने कपडामा, घरभित्र गर्ने ससाना कामहरूमा समेत विभेद गरी उनीहरूलाई भिन्नरूपमा प्रस्तुत हुन सिकाइन्छ । हाम्रो समाजमा बालकले बहादुरीपूर्ण खेल खेल्दै गर्दा बालिकाले पुतलीसँग खेल्नु पर्दछ । केटालाई सर्ट पाइन्ट, दौरासुरुवाल किनिदिँदा केटीका लागि जामा, स्कर्ट किनिन्छ । अबोध बालकले खेल्ने क्रममै कुचो समाइहाले छोरा मान्छे भएर छोरीजस्तो काम गर्छ भनेर जिस्काइन्छ तर बालिकालाई

सानैदेखि बढार्न सिकाइन्छ । यस्ता उदाहरण खोज्दै जाने हो भने प्रशस्त फेला पर्दछन् । स्त्री जातिलाई सानैदेखि घरभित्रका काममा लगाइन्छ भने पुरुषहरूलाई घरबाहिरका काम गर्नुपर्ने बताइन्छ । यसरी अभिभावक र समाजले स्त्री र पुरुषप्रति नजानिँदो तरिकाले भिन्न व्यवहार गरिरहेको हुन्छ । लैङ्गिक सामाजिकीकरणले लैङ्गिक विभेदको सिर्जना हुने गर्दछ ।

## ५. लैङ्गिक सामाजिकीकरणका निकायहरू र तिनको प्रभाव

बालकले आफ्ना अभिभावक, साथीसमूह, विद्यालय आदिबाट सामाजिक आचरणहरू सिक्दछन् । सामाजिकीकरणका क्रममा प्रत्यक्षरूपले दोहोरो अन्तर्क्रियाद्वारा सामाजिकीकरणमा सहयोग पुर्‍याउने निकायहरू (घरपरिवार, विद्यालय, समुदाय, साथीसमूह, सङ्घसंस्था आदि) सक्रिय निकायहरू हुन् भने एकोहोरोरूपमा सामाजिकीकरणमा सहयोग पुर्‍याउने निकायहरू (चलचित्र, पत्रपत्रिकाहरू, रेडियो, टेलिभिजनलगायतका आमसञ्चारका माध्यमहरू) निष्क्रिय निकायका रूपमा रहेका हुन्छन् । लैङ्गिक सामाजिकीकरणका निकायहरूको संक्षिप्त चर्चा निम्नानुसार गरिन्छः

### ५.१ परिवार

हरेक बालबालिकाका लागि घर नै पहिलो पाठशाला हो । परिवारका सदस्यले गर्ने कुराकानी र क्रियाकलापबाट बालबालिकाले व्यवहार गर्न सिक्दछन् । लैङ्गिक सामाजिकीकरणको अत्यन्तै महत्त्वपूर्ण स्रोतका रूपमा अभिभावक रहेका हुन्छन् । बालबालिकाको सिकाइका क्रममा आमाबाबुले गर्ने कुराकानी र व्यवहार लैङ्गिक विभेदरहित हुनुपर्दछ । नवजात अवस्थामा छोरा र छोरी समान हुन्छन् तर धेरैजसो वयस्कहरू उनीहरूलाई भिन्न बनाउन लागिपर्दछन् (वार्टन, २००५ : १२३) । उनीहरूका लागि अभिभावकहरूले लैङ्गिकरूपमा भिन्न भाषिक प्रयोग गर्दछन् । बालकहरूलाई बलियो, सक्रिय, सचेत, सहयोगीरूपमा परिचित गराइन्छ भने बालिकाहरूलाई कोमल, निष्क्रिय, सुन्दर, नाजुक भनेर परिचित गराइन्छ । बालकका तुलनामा बालिकाका लागि सुन्दर विशेषणहरू प्रयोग गर्ने गरिन्छ । त्यस्तै बाबुआमाले आफ्ना छोरा र छोरीका लागि छनोट गर्ने खेल, खेलौना र क्रियाकलापहरूसमेत अलगअलग हुने गर्दछन् । जस्तैः छोराका लागि फुटबल, बन्दुक, गाडीहरूको छनोट गर्दा छोरीका लागि पुतलीहरूको छनोट गर्दछन् । छोराहरूलाई घरबाहिरका क्रियाकलापमा र छोरीहरूलाई घरभित्रका क्रियाकलापहरूमा संलग्न हुन सिकाइन्छ । त्यस्तो विभेद उनीहरूको कपडाका सम्बन्धमा समेत लागु हुन्छ । बालकहरूका लागि धेरैजसो निलो एवम् कालो रङका कपडाहरू किनिन्छन् भने बालिकाहरूका लागि गुलाबी एवम् रातो रङका कपडाहरू किनिन्छन् । हाल केटाहरूले खेल्ने फुटबल केटीहरूले खेल्नुलाई स्वाभाविकै मानिए पनि केटीहरूले खेल्ने गरेका पुतली वा खेलौनाहरू केटाहरूले खेले भने त्यसलाई आलोचना गरिन्छ वा जिस्काइन्छ । यसबाट लैङ्गिक भूमिका स्त्रीहरूका लागि फराकिलो र पुरुषहरूका लागि साँघुरो बन्दै गएको देखिन्छ । जसले गर्दा बालबालिकाहरू परम्परागत व्यवहारभन्दा भिन्नरूपमा व्यवहार गर्न हिचकिचाउँछन् । यसरी सानैदेखि बालबालिकाहरूमा स्त्रीत्व र पुरुषत्वका गुणहरू प्रबल भएर विकसित हुन थाल्दछन् । सोही अनुसार उनीहरूको व्यक्तित्व विकास हुने गर्दछ ।

### ५.२ साथीसमूह

सामाजिकीकरणको दोस्रो महत्त्वपूर्ण निकायका रूपमा साथीसमूह रहेको हुन्छ । बालबालिकाहरू साथीसमूहमा घुलमिल हुने क्रममा एकअर्कालाई प्रभाव पारिरहेका हुन्छन् । ३ वर्षको उमेरदेखि नै बालक र बालिकाले समान लिङ्गका साथी बनाउने गर्दछन् (वार्टन, २००५) । उनीहरूले खेल्ने खेलमा समेत भिन्नता पाइन्छ । एकआपसमा अन्तर्क्रिया गरेर नै बालबालिकाले क्रियाप्रतिक्रिया गर्न सिक्दछन् । प्रारम्भमा बालबालिकाले खेलसमूह निर्माण गर्दछन् । सुरुआतमा त्यस्तो समूह असङ्गठित भए पनि उत्तरबाल्यावस्थामा सो समूह बढी

सङ्गठित हुन्छ । यस्तो समूहका साथीहरूबीच आत्मीयता, सहयोग र मित्रता हुन्छ । यसरी समूहद्वारा बालबालिकाले सामाजिक नियमको उल्लङ्घन गरेमा यसबाट पर्ने प्रभावबारे प्रत्यक्षरूपमा सिक्दछन र सामाजिक नियमको पालना गर्न आवश्यक अभ्यास गर्दछन् । त्यसैगरी किशोरावस्थामा सामाजिक स्वीकृति र अस्वीकृतिको मापदण्ड दौंतरी समूहमार्फत नै सिक्दछन् (ज.ब.रा. र पौडेल, २०६७ : १०९) । व्यावहारिकरूपमा समाजमा स्त्री र पुरुषको भूमिका भिन्न भएको अनुभूति बालबालिकाले गरिसकेका हुन्छन् । दौंतरीहरूसँग रहँदा सोअनुसार नै लैङ्गिक भूमिका निभाउने प्रयास गर्दछन् ।

### ५.३ विद्यालय

बालबालिकाहरूको सामाजिकीकरणको औपचारिक सुरुआत विद्यालयबाटै हुने गर्दछ । विद्यालयले बालबालिकाको व्यक्तित्व विकासका सबै पक्षहरूमा ध्यान दिँदै समाजका लागि उपयोगी नागरिक बनाउने उद्देश्य लिएको हुन्छ । यस क्रममा विद्यालयले बालबालिकालाई विभिन्न ज्ञान, सीप, प्रविधिका साथै संस्कृतिको संरक्षण र हस्तान्तरण गर्नसमेत सिकाउँछ तर विद्यालयले समेत पूर्णरूपमा लैङ्गिक समानतामा जोड दिन सकेको पाइँदैन । बालबालिकालाई प्रार्थनाका लागि उभ्याइने लाइन, खेलाइने खेल, कक्षाको बसाइ सबै ठाउँमा नियालेर हेर्दा बालक र बालिकालाई भिन्न लिङ्गका आधारमा भिन्न व्यवहार गरेको पाइन्छ । जसले गर्दा उनीहरूको सिकाइ र व्यक्तित्व विकासमा प्रत्यक्षतः स्त्रीत्व र पुरुषत्वको भावनाले असर पार्ने गरेको देखिन्छ ।

### ५.४ समाज एवम् सङ्घसंस्थाहरू

लैङ्गिक सामाजिकीकरणको अर्को महत्त्वपूर्ण निकायका रूपमा समाज एवम् सङ्घसंस्थाहरू रहेका हुन्छन् । एकातर्फ समाजको आफ्नै मूल्य, मान्यता, विश्वास र संस्कृति हुन्छ भने व्यक्तिले सम्पूर्ण क्रियाकलाप सामाजिक मान्यताअनुरूप समाजभित्रै गर्ने भएको हुनाले तिनका बीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । सामाजिक, धार्मिक, राजनीतिक, सांस्कृतिक सङ्घसंस्थाहरूले आफ्नो उद्देश्य र विचारधाराअनुरूप सदस्यहरूलाई परिचालन गर्न खोज्दछन् । समाज र विभिन्न संस्थाहरूका लैङ्गिक मान्यता र विश्वासअनुसार सामाजिकीकरण हुने भएकाले स्त्री र पुरुषले भिन्नरूपमा व्यवहार गर्ने गर्दछन् ।

### ५.५ आमसञ्चारका माध्यमहरू

रेडियो, टेलिभिजन, पत्रपत्रिकालगायत मोबाइल, कम्प्युटर आदि आमसञ्चारका माध्यमहरूले समेत लैङ्गिक सामाजिकीकरणमा प्रभाव पार्ने गरी स्त्री र पुरुषका लैङ्गिक व्यवहारका सम्बन्धमा रहेका विचार एवम् धारणा सम्प्रेषण गरिरहेका हुन्छन् । बर्न (सन् १९९६) का अनुसार टेलिभिजनमा देखाइने अधिकांश कार्यक्रमहरूमा पुरुषको नेतृत्वदायी भूमिका रहने, महिलाले पुरुषको सहयोग लिनुपर्ने गरेको देखाइन्छ । त्यति मात्र होइन बालबालिकाले पढ्ने पुस्तकले समेत लैङ्गिक सामाजिकीकरणमा महत्त्वपूर्ण भूमिका खेल्ने गर्दछ । परम्परागत पुस्तकहरूले स्त्रीहरूलाई परम्परागत भूमिकामा नै देखाउने गर्दछन् । जहाँ पुरुषहरूले घरबाहिरका विभिन्न गतिविधि गरिरहँदा स्त्रीहरूलाई गृहिणीका रूपमा घरभित्रकै खाना पकाउने, सरसफाइ गर्ने काममा संलग्न भएको देखाइन्छ । यसरी आमसञ्चारका माध्यमबाट प्रेषित हुने सामग्रीहरूले मानिसको मनमष्तिस्कमा कुनै न कुनैरूपमा प्रभाव पारिरहेका हुन्छन् । जसले व्यक्तिको जीवनप्रतिको दृष्टिकोण र सामाजिक मूल्य, मान्यताको स्थापना र परिमार्जनमा समेत भिन्नता ल्याउन सक्दछ ।

## ६. निष्कर्ष

सामाजिकीकरणका क्रममा सिकेका व्यवहार, विश्वास, समाजका मूल्यमान्यता, संस्कृतिको प्रभावस्वरूप व्यक्तिको ज्ञान, बोध, धारणा र व्यक्तित्व आदिको निर्धारण हुने गर्दछ । त्यति मात्र नभई सामाजिक सांस्कृतिक रूपान्तरणमा समेत लैङ्गिक सामाजिकीकरणको महत्त्वपूर्ण भूमिका रहन्छ । हाम्रो समाजमा गलत लैङ्गिक सामाजिकीकरणको परिणामस्वरूप छोरा र छोरीलाई गरिने विभेदपूर्ण व्यवहारका कारण छोरीहरू आमाको गर्भमा रहँदादेखि नै विभेदको सिकार हुनेगरेका छन् । विभेदपूर्ण सामाजिकीकरणका कारण लैङ्गिक विभेदले सांस्कृतिक स्वरूप ग्रहण गर्न पुगेको छ । यसले गर्दा हाम्रो चेतनाले विभेदलाई विभेदका रूपमा नलिरइ प्राकृतिक रूपमा बुझ्ने गरेको देखिन्छ । समाजलाई नियाल्दा सूर्योदय अघिबाट सुरु भएको महिलाहरूको काम सूर्यास्तपछि पनि निरन्तर चलिरहन्छ तैपनि यसलाई सहजरूपमा लिने गरिन्छ । घरका काममा मात्र सीमित नभई घरबाहिर विभिन्न संघसंस्था एवम् कार्यालयमा कार्यरत महिलाहरू पनि विभेदपूर्ण व्यवहार भोग्न बाध्य छन् । हाम्रो जस्तो पछौटे समाजमा महिलाहरूमा बौद्धिक, शारीरिक, सामाजिक एवम् पेसागत सम्भावना रहेको तथ्यबोध गर्दागर्दै पनि उनीहरूको क्षमतालाई सीमित गर्न खोजिन्छ । गलत लैङ्गिक सामाजिकीकरणको परिणामस्वरूप एक्काइसौं शताब्दीको तेस्रो दशकमा प्रवेश गरिसक्दा पनि महिलाहरूले निरन्तर पहिचानको लडाइँ लडिरहनुपरेको छ । त्यसैले परिवार र समाजले बालबालिकाहरूमा स्त्रीत्व र पुरुषत्वको विभेदजन्य भावना विकसित हुन नदिन उनीहरूलाई लैङ्गिक विभेदरहित वातावरणमा हुर्काउनु पर्दछ । बालबालिकाकालाई सामाजिकीकरणकै प्रक्रियामा लैङ्गिकमैत्री हुन सिकाउने उत्तरदायित्व सामाजिकीकरणमा प्रभाव पार्ने सबै निकायहरूको रहेको हुन्छ । घरभित्रका जिम्मेवारी महिलाका र घरबाहिरका जिम्मेवारी पुरुषका हुन् भन्ने सोच र बुझाइमा परिवर्तन गर्न सक्नुपर्दछ । समान परिस्थितिमा उस्तै प्रतिक्रिया दिन सक्ने, हरेक चुनौती एवम् सङ्कटको सहजरूपमा समाधान गर्न सक्ने र स्त्री र पुरुषले एकअर्कालाई सहजै स्वीकार गर्न सक्ने गरी सामाजिकीकरण गर्न जोड दिनुपर्दछ; जसले लैङ्गिक समानताको सुनिश्चितता गर्न सकोस् ।

ooo

## सन्दर्भ सामग्री


क्रेज्मर, जेनिफर (सन् २०११), "जेन्डर सोसियलाइजेसन", जेन्डर रोल्स एन्ड इक्वालिटी (सम्पा.) सलिम प्रेस, अमेरिकाः क्यालिफोर्निया ।

कोइराला, यादवप्रसाद र चक्रबहादुर बुढा.-२०६८), लैङ्गिकता र विकास. काठमाडौं : विकल्प पब्लिकेसन प्रा. लि. ।

ज.ब.रा, स्वयं प्रकाश र गिरिराज पौडेल (२०६७), शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार, काठमाडौंः हेरिटेज प्रकाशक तथा वितरक प्रा.लि. ।

बर्न, एस.एम (सन् १९९६), द सोसल साइकोलजी अफ जेन्डर, न्युयोर्कः म्याकग्र हिल ।

वार्टन, ए. एस.(सन्२००५), द सोसियोलोजी अफ जेन्डरः एन इन्ट्रडक्सन टु थियरी एन्ड रिर्सच. माल्डनः ब्ल्याकवेल पब्लिसिङ ।

# नेपालमा महिला सशक्तीकरणको महत्त्व - समस्या तथा सुझाव

गम्भीर बहादुर हाडा*

## परिचय

नेपालमा निर्वाहमुखी अर्थव्यवस्थामा घरको आम्दानीमा महिलाहरूको योगदान ५० प्रतिशत, पुरुषको ४४ प्रतिशत र बालबालिकाहरूको ६ प्रतिशत रहेको छ । घरको काम र खेतीपातीको काम सबैजसो महिलाहरूको सहभागिता दक्षिण एसियाली मुलुकहरूमा नै उच्च छ । तर यी परिश्रमी महिलाहरू सधैं परमुखापेक्षी र आश्रित बनाइएका छन् । आर्थिक कारोबार र आर्थिक अधिकारमा निर्णयमा छैनन् । ऋण लिएर आय आर्जनका लागि काम गर्न समूह जमानीमा मात्र ऋण लिन सक्दछन् । सामाजिक कुसंस्कारका कारण पनि महिला पछि परेका छन् भने आर्थिक कारोबार गर्न कमाएको कमाइमा पनि अधिकार छैन । निर्णायक तहमा र राजनीतिमा सीमित महिलाहरू मात्र पुगेका छन् ।

आधुनिक विकासवादी अर्थशास्त्रीहरूको विचारलाई हेर्ने हो भने उनीहरूले पुरुषका मानवीय विकासमा लगानीभन्दा महिलाका मानवीय पुँजीमा गरिएको लगानी बढी उपलब्धिमूलक हुन्छ भनेका छन् । यसले श्रमिकको उत्पादन तथा उत्पादकत्व वृद्धि गराउँदछ । बालबच्चाहरू कुपोषणबाट बँच्दछन् । स्वास्थ्यमा सुधार आउँदछ । पारिवारिक दक्षतामा वृद्धि हुन पुग्दछ । यसबाट परिवार, समाज-समुदाय एवं राष्ट्रले ठूलो प्रतिफल प्राप्त गर्न सक्दछ । -स्रोतः सुदर्शन सिलवाल, समसामयिक विकास अर्थशास्त्र र नेपालको अर्थव्यवस्था, रत्न पुस्तक भण्डार, काठमाडौं, नेपाल ।) विकासशील मुलुकका महिलाका सन्दर्भमा Ester Boserup ले के उल्लेख गरेका छन् भने "केही सीमित पेसागत महिलाहरूले विकास उद्योगको मूलधारमा कम गरिरहेका भए पनि दक्षिणका एसियाका महिलाहरूमा विकासको नकारात्मक प्रभाव नै परिरहेको हुँदा यसबारेमा बोल्न र लेख्न तथा सङ्गठित प्रत्युत्तर खोजी गर्न सुरु गरियो" लैङ्गिक विकाससम्बन्धी पहुँचका सन्दर्भमा Canadian Council for International Cooperation ले निम्नलिखित विषयहरू अघि सारेको छः

**(क) लक्ष्यः** समानता तथा दिगोपनमा आधारित सहभागितामूलक विकास ।

**(ख) सामुदायिक स्थितिः**

- महिला तथा पुरुषको समान अस्तित्व । - जटिल तथा मिश्रित समुदाय । - महिलाको सहायक स्थिति । - लिङ्गभेद -पुरुषलाई भन्दा कम पारिश्रमिक । - सामुदायिक, उत्पादक र अनुत्पादक कार्य । - साधन, स्रोत र लाभबाट महिला वञ्चित रहनु । - निर्णयप्रक्रियामा महिलालाई सहभागी नगराउनु ।

* *सह-प्राध्यापक, भक्तपुर बहुमुखी क्याम्पस*

**(ग) विकास रणनीति**

-विकास निर्णयतहमा महिलालाई सहभागी तुल्याउने । -साधन, स्रोत एवं राजनीतिमा महिलाको पहुँच बढाउने । -लैङ्गिक सम्बन्धको रूपान्तरण । -आत्मविकासका निम्ति महिला तथा पुरुषलाई सशक्तीकरण गर्ने । - लाभमा समान पहुँच ।

**(घ) विकास क्रियाः**

- महिला तथा पुरुषबीच परामर्शको माध्यम स्थापित गर्ने । -महिलाको रणनीतिक चाखको स्थिति पहिचान गर्ने ।

- लैङ्गिक तथा सामुदायिक सम्बन्धको विश्लेषण गर्ने । -आर्थिक तथा राजनीतिक सुदृढीकरणका निम्ति समुदायको रणनीतिक चाख पहिचान गर्ने ।

यसप्रकार, Boserup ले विकासशील मुलुकमा महिला विकासका बारेमा गहनतम तथ्य प्रकाश पारेका छन् भने CCIC ले लैङ्गिक विकासलाई विकासात्मक गतिविधिको सञ्चालनमा अपरिहार्य कारक मानेर विभिन्न रणनीतिक पहुँच प्रस्तुत गरेका छन् । यसले आधुनिक युगमा लैङ्गिक विकासलाई मुलुकको समग्र विकाससँग आबद्ध गर्नका साथै महिला तथा पुरुषको समान सहभागिताको आवश्यकता प्रस्तुत गर्दछ ।

समयअनुसार प्रतिस्पर्धामा सफलता प्राप्त गर्न सक्ने क्षमताको विकास गर्नु नै सशक्तीकरण (Empowerment) हो । आफु विचारधारा वा सिद्धान्तमाथि नियन्त्रण हासिल गर्ने प्रक्रिया नै सशक्तीकरण हो, त्यसैले अशक्त वा शक्तिहीनलाई सशक्त तथा सक्षम बनाउनु नै सशक्तीकरण हो । महिला सशक्तीकरण, दलित सशक्तीकरण तथा अपाङ्ग सशक्तीकरण भन्नाले तिनीहरूमा अन्तर्निहित शक्तिको बोध गराउनु हो । अथवा तिनीहरूभित्र लुकेको सीप, क्षमता, ज्ञान आदिलाई उजागर गर्नु नै वास्तवमा सशक्तीकरण हो । स्रोत र साधनमा पहुँच तथा नियन्त्रण गर्न सक्ने क्षमता नै सशक्तीकरण हो । जस्तै महिला सशक्तीकरणको चर्चा गर्दा स्रोतहरूमाथिको नियन्त्रणले महिलाको जीवनमा पार्ने प्रभावलाई सशक्तीकरण भनिन्छ । यसरी समग्रमा उल्लेख गर्नुपर्दा सशक्तीकरण भन्नाले आर्थिक, सामाजिक तथा राजनीतिक पक्षमा सहभागिता पहुँच तथा नियन्त्रण, उपभोग गर्न सक्ने, ज्ञान, सीप क्षमताको अभिवृद्धि तथा विकास गर्ने भनेर बुझ्न सकिन्छ । आफूविरुद्ध हुने सबै प्रकारका भेदभाव र अन्यायाको अध्ययन अनुसन्धान एवम् विश्लेषण गरी त्यसबाट उत्पन्न समस्याको पहिचान गरी सो समस्या समाधान गर्न आफ्नो योगदान र जिम्मेवारी के हुनुपर्दछ भनि उचित निकास पत्ता लगाउने र त्यसतर्फ प्रयास गर्ने क्षमताको विकास गर्नु नै सशक्तीकरण हो । सशक्तीकरणले मुख्यतः आफ्नो चाहना अभिव्यक्त गर्न सक्ने क्षमताको विकास गर्दछ । साधनमा पहुँच बढाउनुका साथै निर्णयगर्ने क्षमता तथा आत्मविश्वास प्रदान गर्दछ ।

सशक्तीकरणको अवधारणा अत्यन्त महत्त्वपूर्ण रहेको छ । प्रायः तेस्रो विश्व (Third World) का ग्रामीण समाजमा समान खालका वर्गहरू पाइँदैनन् । विकासका कार्यक्रम सबैलाई भनेर सञ्चालन गरिन्छ । तर हुन्छ के भने सम्पूर्णरूपमा धनी र शक्तिशाली व्यक्तिले अधिकांश फाइदा हत्याएका हुन्छन् । सशक्तीकरणको अवधारणाअन्तर्गत विशेष गरी विविधता भएको समाजका पिछडिएका वर्गहरूलाई ध्यानकेन्द्रित गर्नुसँग सम्बन्धित छ । पिछडिएका तत्त्वहरू भन्नाले खास गरी महिला, भूमिहीन र सीमान्तकृत जनताका साथै पिछडिएका जाति र जनजातिहरू पर्छन् । त्यस्ता पिछडिएका वर्गहरूलाई योजना, निर्णयप्रक्रिया, कार्यान्वयन र मूल्याङ्कनप्रक्रियामा प्रत्यक्ष सहभागी गराउने अवधारणा नै सशक्तीकरण हो ।

विकासप्रक्रियामा महिलाहरूलाई समेटेर तथा महिला र विकासप्रक्रियाबीचको सम्बन्धलाई व्यवस्थित गरेर मात्रै साँचो अर्थमा महिलाको विकास हुन नसक्ने र महिलाको विकासमा पुरुषलाई पनि सहभागी गराउनुपर्ने

कुरामा विशेष जोड दिँदै सन् १९८० को दशकपछाडि जेन्डर र विकास (gender and development) अवधारणा देखापरेको हो । जेन्डर र विकास (GAD) अवधारणामा महिला र पुरुष दुबैको निर्णयप्रक्रियालाई आत्मसात् गर्दै दिगो र समतामूलक (Equitable) विकासमा जोड दिइन्छ । जेन्डर र विकास (GAD) अवधारणा समाजवादी नारीवादबाट प्रभावित छ । (GAD) अवधारणाले मुख्य समस्याको रूपमा संसारको आधा भाग ओगटेका महिलालाई विकासप्रक्रियामा नसमेटिनुलाई लिएको छ भने GAD अवधारणाले असमान लैङ्गिक सम्बन्ध (unequal gender relations) लाई समस्याको रूपमा लिएको छ किनभने यस्तो असमान लैङ्गिक सम्बन्धले विकासकार्यमा महिलाको पूर्ण सहभागिता र समतामूलक विकास (equitable development) लाई असम्भव तुल्याउँछ । यसले समाजमा नारी र पुरुषका लागि भनी तोकिएका भूमिकाहरूमाथि प्रश्न उठाउँछ र किन महिलाहरूलाई सधैं समाज र संस्कृतिले कमसल भूमिकामा सीमित गरेको छ भनी अध्ययन गर्दछ ।

लैङ्गिक अवधारणा कसरी विकासको मुद्दा बन्न पुग्यो त भन्ने कुरालाई अझ बढी प्रष्टाउन सन् १९५० पछि अवलम्बन गरिएको विकासका प्रक्रियालाई उल्लेख गर्नु उपयुक्त हुन्छ । त्यसो त १९५० अघि समाजमा लैङ्गिक असमानता, दमन र शोषण थिएन भन्ने प्रश्न उठ्न सक्दछ । सन् १९५० भन्दाअघि समाजमा लैङ्गिक असमानता थियो । तर व्यवस्थित विकासको प्रयास अवलम्बन गरिएको थिएन । सन् १९५० पछि आधुनिकीकरणको सिद्धान्तअनुरूप विकासप्रक्रिया अवलम्बन गरियो तर ७० को दशकमा आइपुग्दा समाजमा धनी र गरिबको गहिरो खाडल सिर्जना भयो । आधुनिकीकरणले सामाजिक प्रजातन्त्र ल्याउन सकेन। विकासमा प्रजातन्त्र ल्याउन सकेन। समानता कायम गर्न सकेन बरु अझ बढी स्तरीकरण र असमानता सिर्जना गर्यो । वास्तवमा आधुनिकीकरणको सिद्धान्तबमोजिम अवलम्बन गरिएको विकासले समाजमा सकारात्मक प्रभाव पार्न सकेन । आफ्नो असमान वितरण भयो । आधारभूत आवश्यकताबाट थुप्रै जनता वञ्चित भए । दमन र शोषणका धब्बाहरू सामाजिक-सांस्कृतिक तथा आर्थिक आकासमा नराम्ररी मडारिए । प्राकृतिक वातावरण बिग्रँदै आयो ।

सशक्तीकरण भनेको गरिब जनताको जीवनमाथि प्रभाव पार्ने विभिन्न संस्थाहरूमा सहभागी हुनु, व्यक्ति संस्थासँग सम्झौता गर्न, तिनलाई प्रभावित पार्न नियन्त्रण गर्न र जवाफदेही बनाउनका लागि गरिबहरूको सम्पत्ति र क्षमताको विस्तार हो ।-World Bank-२००२

सशक्तीकरणले वैयक्तिक तथा सामूहिकरूपमा कार्य गर्नका लागि व्यक्तिगत, सामाजिक, आर्थिक तथा रानजीतिक शक्तिलाई ठम्याउन तथा तिनको नियन्त्रण गर्नका लागि जनताको भौतिक सम्पत्ति तथा क्षमताको निर्माण गर्दछ । यसले जनतालाई आफूले रोजेको बाटो चयन गर्न र आफ्नो जीवनका परिवेशको विकासका लागि आ-आफ्ना चाहनाअनुसार कार्य गर्ने अवसरहरू प्रदान गर्दछ । UNDP Report-२००३

सशक्तीकरण बाहिरी स्रोत तथा साधनहरूमाथि नियन्त्रण गर्न सक्ने र आन्तरिकरूपमा आत्मविश्वास र क्षमता अभिवृद्धिका लागि शक्ति आर्जन गर्ने प्रक्रिया हो – A Sen –१९९७

साधन-स्रोत, नीति-निर्णय र आफ्नै क्षमतामाथिको पहुँच बढाउन सक्ने, आफ्नो समुदायका क्रियाकलापमा सहभागी बन्ने, सचेतना अभिवृद्धि गर्न सक्ने र आफ्नो परिवेशमाथि आफै नियन्त्रण कायम राख्न सक्ने क्षमता बढाउन समर्थ हुन्छन् । –Jonson–१९९९

यसप्रकार सशक्तीकरण एउटा त्यस्तो संयन्त्र हो, जसले असमान शक्ति संरचनाका कारण पछाडि परेका र कमजोर अवस्थामा रहेका व्यक्ति, समूह, वर्ग र समुदायलाई सशक्त र गतिशील बन्न सघाउँछ । मूलतः सामाजिक सशक्तीकरण (शिक्षा, स्वास्थ्य, सीप, खानेपानी, मर्यादा, सामाजिकस्तर, सामाजिक सबलता, सामाजिक सहभागिता), आर्थिक सशक्तीकरण (रोजगारी, बजार, उत्पादनशील सम्पत्ति, वित्तीय क्षमता प्राविधिक) र

राजनीतिक सशक्तीकरण (मताधिकार, आवाजहरूको सुनुवाइ, अभिमत, सामूहिक कार्य, कानुनी सशक्तीकरण, सहभागिता, जागरुक तथा परिचालन क्षमता) को संयोजनलाई दिगो सशक्तीकरण भनिन्छ ।

सामान्यतः सशक्तीकरणले मानिस रहेको क्षमताको गतिशीलता तथा परिचालनलाई बुझाउँछ । मानिसमा अन्तर्निहित शक्तिलाई सशक्त बनाई प्रस्तुत गर्ने प्रक्रिया नै सशक्तीकरण हो । यसले शक्तिको रूपान्तरणलाई पनि बुझाउँछ । विभिन्न स्रोत र साधनको परिचालन तथा त्यसमाथि अधिकार प्राप्त गर्न असमर्थ भएकाहरूलाई सामर्थ्य बनाउने प्रक्रियालाई जोड दिन्छ । यो स्रोत र साधन छनौट गर्ने स्वतन्त्रता र त्यसमाथि रहने अधिकारको प्रवर्धन हो । साथै जीवनका विकल्पहरूको छनौट गर्ने जनताको योग्यता/क्षमताको विस्तारलाई पनि सशक्तीकरणले प्रष्टाउँछ । केही गर्न मानिसलाई शक्ति प्रदान गर्नु हो । मानिसमा रहेको क्षमतालाई विभिन्न उपायका माध्यमबाट सशक्त बनाउनु हो ।

वास्तवमा सशक्तीकरण (Empowerment) एउटा त्यस्तो साधन (Means) हो । जसले व्यक्ति, समूह, समुदायहरूबीचमा रहेको असमान शक्ति संरचनालाई समान शक्ति संरचनामा रूपान्तरण गर्दछ । कमजोर र अशक्त अवस्थामा रहेकाहरूलाई सीप, तालिम चेतनाका माध्यमबाट सशक्त र बलियो बनाउँदै स्रोत परिचालन गर्ने अवस्थामा पुर्याउँछ । स्रोत, साधनमाथि नियन्त्रण छनौट प्रक्रियाबाट वञ्चित भउकाहरूलाई स्रोत साधनमाथि नियन्ण्त्रा गर्ने वातावरण सिर्जना गर्दै स्वतन्त्रताको प्रत्याभूति गर्दछ । वर्तमान समयमा सशक्तीकरण विकासका रूपमा देखापरेको छ । मानवीय क्षमता वृद्धि, चेतना वृद्धि । सूचनाको पहुँच, जबाफदेहिता, समावेशीकरण, सहभागिता, सांगठनिक क्षमताको वृद्धि, लगायत आर्थिक, सामाजिक-सांस्कृतिक राजनीतिक विकासका कुराहरू सशक्तीकरणमा समावेश भएका हुन्छन् ।

परम्परादेखि असमान अवस्थामा रहेको महिलाहरू सर्वप्रथम सन् १९०८ मा दासताको विरुद्ध सङ्घर्षमा उत्रेको पाइन्छ । सन् १९६० को दशकमा देखा परेको नारी आन्दोलनले विश्वमा प्रभाव पार्दै गयो । विकास कार्यमा महिलाहरूको विकास हुन नसकेको सन्दर्भलाई नियाल्दै १९७० को दशकको प्रारम्भदेखि नै विकासमा महिला रणनीति (WID) देखा पर्यो । यो रणनीति WID ले समाजमा हरेक क्षेत्रमा महिला समानता हुनुपर्दछ भनी महिलाहरूसम्बन्धी नीति बनाउने र महिला क्रियाकलापमा जोड दिएको पाइन्छ ।

सन् १९७० को उत्तरार्धमा महिला र विकास (WAD) को सिद्धान्त देखा पर्‍यो । परनिर्भरताको सिद्धान्तलाई आधार मानेर WAD को निर्माण भएको हो । पुरुष र महिलाबीचको सिद्धान्तलाई शोषक र शोषित अर्थात् Core and periphery को रूपमा आधार मानेर WAD धारणाको विकास भएको हो । महिलाहरू सधैं विकासप्रक्रियाका अङ्ग रहँदै आएको हुँदा उनीहरूलाई विकासमा एकीकृत गराउनुपर्दछ भन्ने कुरा केवल भनाइ मात्र भएकाले महिला र विकास प्रक्रियाबीचको सम्बन्धलाई सुव्यवस्थित बनाउनुपर्दछ भन्ने धारणामा WID ले जोड दिएको पाइन्छ । WID र WAD ले एकपक्षीय ढङ्गमा मात्र जोड दिएको हुँदा महिलाको मात्र विकास हुन सकेन । महिलाको विकास गर्दा पुरुषलाई पनि जोड दिनुपर्दछ र दुबैको पारस्परिक ढङ्गबाट विकास गर्न सके अवश्य पनि समतामूलक विकास हुन्छ भन्ने मान्यता राखी सन् १९८० को दशकमा जेन्डर र विकास (GAD) को उत्पत्ति भयो । समाजमा लिङ्गको आधारमा तयार गरिएको पक्षपात वा असमान व्यवहार भूमिकालाई अस्वीकार गर्दै महिला र पुरुष दुबैको समानतामूलक विकास हुनुपर्दछ भन्ने कुरा नै GAD को धारणा हो । विकास गतिविधिको उपयुक्तताअनुसार महिला पुरुष दुबैको संयुक्त संलग्नता र सहभागिताको भूमिका निर्क्योल गरी मूल प्रवाहमा समेटिनु लैङ्गिक समानताको विकास हो ।

## महिला सशक्तीकरणको आवश्यकता

देशको सामाजिक, आर्थिक, राजनितिकलगायत सबै क्षेत्रको विकास गर्नका लागि महिला सशक्तीकरणको आवश्यकता पर्दछ । देशको समग्र विकासका लागि महिला सशक्तीकरण अनिवार्य र आवश्यक रहेको छ । महिला सशक्तीकरणको आवश्यकतालाई निम्नानुसार बुँदागतरूपमा प्रस्तुत गरिएको छः

१) सामाजिक विकास गर्न ।

२) सामाजिक, धार्मिक, परम्परा र अवरोध हटाएर महिला अधिकार प्राप्त गराउन ।

३) बालबालिकालाई राम्रो बानी र बालकल्याणमा वृद्धि गर्न ।

४) आर्थिक विकासको लागि ।

५) देशको उत्पादकत्वमा वृद्धि गर्न ।

६) पारिवारिक व्यवस्थापन गर्न ।

७) साधनस्रोतको पहुँचमा वृद्धि गर्न ।

८) समाजमा विद्यमान महिलाहरूमाथिको असमानता हटाएर चेतनाको विकास गर्न आदि ।

यसरी महिला सशक्तीकरण भन्नाले देशको समग्र क्षेत्रमा महिलाको सहभागिता जनाउनु हो । महिलालाई समान अवसर र पहुँच बढाउन सके देशको आर्थिक विकास हुन्छ । महिला सशक्तीकरणले आर्थिक विकासमा महत्त्वपूर्ण भूमिका खेल्दछ । समग्रमा आर्थिक विकासका लागि देशमा विद्यमान विभिन्न असमानता हटाउनका लागि महिला सशक्तीकरणको आवश्यकता र भूमिका रहेको छ ।

**विकास प्रक्रियामा महिलालाई सशक्त र सक्रिय तुल्याइनुपर्दछ भन्ने अवधारणालाई निम्नलिखित तथ्यले पुष्टि गर्दछः**

(क) महिला शिक्षाले बालबालिकाको शिक्षादीक्षा तथा स्वास्थ्य र सरसफाइमा ज्यादा सहयोग पुग्छ ।

(ख) महिलामा गरिने पुँजी लगानीबाट पुरुषको भन्दा ज्यादा आर्थिक प्रतिफल प्राप्त हुन सकेको तथ्य अर्थशास्त्रीहरूले प्रस्तुत गरेका छन् ।

(ग) पारिवारिक कल्याणको अभिवृद्धिमा पुरुषको भन्दा महिलाकै अहम् भूमिका रहन्छ ।

(घ) सामाजिक पछौटेपनबाट महिलालाई उत्थान गरेर पुरुषसरह तुल्याइएमा उनीहरूको आत्मविश्वास तथा आत्मसम्मान बढ्न गई समतामूलक समाज निर्माण हुन्छ ।

(ङ) विकासशील मुलुकहरूमा महिलाहरूलाई कम फुर्सद हुनुका साथै अल्प वा नगन्य आय प्राप्त हुने गरेकाले उनीहरू कुण्ठित हुन पुगेका छन् । महिलाहरूलाई फुर्सदको व्यवस्था एवं आयआर्जनको व्यवस्था हुन सकेमा उनीहरू पनि आत्मविकासका लागि सक्षम हुनेछन् ।

(च) उच्चशिक्षा, प्राविधिक ज्ञान र सीप एवं तालिमको अवसर प्राप्त हुन सकेमा महिलाहरूबाट पनि मुलुकका लागि आवश्यक विशेषज्ञ, दक्ष प्राविधिक तथा वैज्ञानिकजस्ता मानवीय संशाधनको आपूर्ति हुन सक्छ ।

(छ) महिलाको दक्षता एवं क्षमताको वृद्धिले देशमा क्षमतावान जनशक्तिको आपूर्ति बढाउन सकिन्छ ।

(ज) लैङ्गिक समानताले देशमा भेदभावरहित तथा समतामूलक समाजको सिर्जना हुन्छ । न्यायपूर्ण समाजको स्थापना गर्ने दृष्टिबाट यो अत्यावश्यक नै ठहरिन्छ । (स्रोतः भोजराज ओझा, समकालीन विकास अर्थशास्त्र एवं नेपालको अर्थव्यवस्था, तलेजु प्रकाशन, भोटाहिटी, काठमाडौं, पेज नं. १५०-१५१, पहिलो संस्करण २०५९) ।

सशक्तीकरणलाई विद्यमान शक्ति सन्तुलनलाई रूपान्तरण गर्ने तथा शक्तिको स्रोतमाथि बृहत् नियन्त्रण प्राप्त गर्ने प्रक्रियाका रूपमा लिन सकिन्छ । सशक्तीकरणले व्यक्तिगत तथा सामाजिकरूपमा क्रियाशील हुनका लागि वैयक्तिक, सामाजिक, आर्थिक तथा राजनीतिक शक्तिलाई बुझ्नसक्ने तथा तिनलाई नियन्त्रण गर्नसक्ने क्षमता वृद्धि गर्दछ । विभिन्न पक्षमा आफ्नो पहुँच प्राप्त गर्न नसकेकाहरूलाई विकल्पहरूको चयन गर्न सक्ने क्षमता प्रदान गर्दछ । सशक्तीकरणले त्यस्तो वातावरणको सिर्जना गर्दछ जसमा जनताले आफ्ना समग्र सम्भावनाहरूको विकास गर्नुका साथै आफ्ना आवश्यकता र चाहनाअनुसार समुदायको जीवनमा सहभागी बन्न सक्ने हुनका लागि आफ्नो जीवनलाई उत्पादनशीलता र सिर्जनशीलतालाई अग्रसर गराउन सक्दछन् । प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ र मृत्युदण्डको सजाय हुने गरी कुनै कानुन बनाइने छैन, कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता हनन हुनेछैन । प्रत्येक नागरिकलाई देहायको स्वतन्त्रता हुनेछः

(क) विचार र अभिव्यक्तिको स्वतन्त्रता ।

(ख) विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता हुनेछ ।

(ग) राजनीतिक दल वा सङ्गठन खोल्ने स्वतन्त्रता ।

(घ) सङ्घ र संस्था खोल्ने स्वतन्त्रता ।

(ङ) नेपालको कुनै पनि भागमा आवतजावत र बसोवास गर्ने स्वतन्त्रता ।

(च) कुनै पेसा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता ।

बेइजिङमा भएको चौथो विश्व महिला सम्मेलनले विकासका १२ वटा सरोकारका क्षेत्रहरूलाई १८७ वटा सरकारको प्रतिबद्धतासहित कार्यान्वयनमा ल्याएको हो । यसरी हेर्दा लैङ्गिक सबाल र विकासमा महिला सहभागिता मूलतः सन् १९८० को दशकपछि विकासको समग्र पक्षसँग जोडिएर आएको हो । लैङ्गिक सबालका सन्दर्भमा भएका केही मुख्य अन्तर्राष्ट्रिय प्रयासहरूः

- महिला स्थितिसम्बन्धी आयोग, १९४६, मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८, महिलाको राजनीतिक अधिकार सम्बन्धी महासन्धि, १९५२
- नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तरराष्ट्रिय प्रतिज्ञापत्र, १९६६, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तरराष्ट्रिय प्रतिज्ञापत्र, १९६६
- महिलाविरुद्धका भेदभावविरुद्ध राष्टसङ्घीय घोषणा पत्र, १९६७, अन्तरराष्ट्रिय नारी वर्ष १९७५, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९
- नैरोवी अग्रगामी रणनीति, १९८५, बेइजिङ घोषणा पत्र, १९९५, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभावविरुद्धको अभिसन्धि इच्छाधीन आलेख, १९९९, सहस्राब्दी विकास लक्ष्य, २०००, दिगो विकासको लक्ष्य, २०१५ ।

## नेपालको राष्ट्रिय सन्दर्भ

नेपालको संविधान, २०१९ मा समानताको हक र त्यसपछि आउने घटनाक्रमसँगै लैङ्गिक विषयहरूले प्राथमिकता पाउँदै गएको देखिन्छ । त्यसैगरी विभिन्न कार्यक्रममार्फत पनि लैङ्गिक समानता र विकासका क्षेत्रमा काम हुँदै आएको देखिन्छ । नेपालको अन्तरिम संविधान, २०६३ ले लैङ्गिक विषयहरूलाई व्यापकरूपमा उठाएको हो । छैटौं योजनादेखि १५ औं आवधिक योजनासम्म आइपुग्दासम्म लैङ्गिकताका सबालहरू स्पष्टरूपमा समावेश हुँदै विकासमा महिला सहभागिताले उच्च महत्त्व पाएको देखिन्छ । त्यस्तै नेपालको

संविधान, २०७२ ले लैङ्गिक समानता र सबालका क्षेत्रमा ठूलो तरङ्ग नै सिर्जना गरिदिएको छ । संविधानको धारा १२ मा वंशीय र लैङ्गिक पहिचानसहितको नागरिकता प्रदान गर्ने कुरालाई जोड दिएको छ । धारा १८ मा समानताको हकमार्फत विभेदरहित र पैत्रिक सम्पत्तिको हकलाई मौलिक हकका रूपमा उठाएको छ । धारा ३८ मा महिलाको हकलाई संवैधानिक मौलिकहकको मान्यता दिएको छ । धारा ४२ मा सामाजिक न्यायको हकको व्यवस्था गरेको छ । धारा ४३ मा सामाजिक सुरक्षाको हकमार्फत लैङ्गिक सबालको सम्बोधन गर्ने प्रयास गरिएको छ । त्यस्तै राज्यका निर्देशक सिद्धान्त र नीतिहरूमा पनि लैङ्गिक समानता र महिला सशक्तीकरणलाई उच्च महत्त्व दिएको देखिन्छ । धारा ८४ मा सङ्घीय संसद्मा कम्तीमा एकतिहाइ महिला उपस्थितिलाई अनिवार्य गरिएको छ । धारा १७६ मा प्रदेशको प्रादेशिक संसद्मा पनि कम्तिमा एकतिहाइ महिला उपस्थितिलाई अनिवार्य गरिएको छ । धारा २२३ ले स्थानीय तहमा पनि महिला प्रतिनिधित्वलाई अनिवार्य गरेको छ । त्यस्तै धारा २५२ मा राष्ट्रिय महिला आयोगको व्यवस्थामार्फत महिला समानता र सशक्तीकरणलाई जोड दिइएको छ । आवधिक पन्ध्रौं योजनाले पनि लैङ्गिक समानता र महिला सशक्तीकरणलाई सामाजिक क्षेत्रअन्तर्गत समावेश गरी योजनाको अन्त्यसम्ममा लैङ्गिक विकास सूचकाङ्क ०.९२५ बाट ०.९६३ पुर्याउने लक्ष्य लिएको छ । साथै राज्य संयन्त्रका तीनै तहमा लैङ्गिकमैत्री ऐन, कानुन, रणनीति तथा नियमहरू तर्जुमा र कार्यान्वयन गर्ने कुरालाई योजनाको अपेक्षित उपलब्धिका रूपमा पनि लिएको छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय महिला आयोगलगायतका दर्जनौं निकायहरू पनि महिला समानता तथा सशक्तीकरणका क्षेत्रमा अनवरतरूपमा लागिरहेको देखिन्छ । लैङ्गिक समानता र महिला सशक्तीकरणका सबालमा नेपालमा भएका केही प्रयासहरू देहायअनुसार उल्लेख गरिन्छ ।

परम्परादेखि असमान अवस्थामा रहेको महिलाहरू सर्वप्रथम सन् १९०८ मा दासताको विरुद्ध सङ्घर्षमा उत्रेको पाइन्छ । सन् १९६० को दशकमा देखा परेको नारी आन्दोलनले विश्वमा प्रभाव पार्दै गयो । विकास कार्यमा महिलाहरूको विकास हुन नसकेको सन्दर्भलाई नियाल्दै १९७० को दशकको प्रारम्भदेखि नै विकासमा महिला रणनीति (WID) देखा पर्यो । यो रणनीति (WID) ले समाजमा हरेक क्षेत्रमा महिला समानता हुनुपर्दछ भनी महिलासम्बन्धी नीति बनाउने र महिला क्रियाकलापमा जोड दिएको पाइन्छ ।

**लैङ्गिक असमानताको सिद्धान्तले जोड दिने विभिन्न पक्षहरूलाई निम्नानुसार प्रस्ट पार्न सकिन्छ**

- सामाजिक परिवेशका विभिन्न पक्षहरू जस्तैः भौतिक स्रोत, सामाजिक स्थिति, शक्ति, अवसरहरू आदिमा महिलाहरूको पहुँच कम र पुरुषहरूको बढी छ ।
- महिला पुरुषबीचको असमान सम्बन्ध ल्याउने कारकतत्त्व सामाजिक सङ्गठन एवम् संरचना हो ।
- महिलाहरूको स्रोतमाथि कम पहुँच रहेको छ ।
- महिलाहरूको सामाजिक हैसियत र भूमिका कमजोर छ ।
- महिलाहरूलाई विभिन्न अवसर र अधिकार आदिबाट वञ्चित गरिएको अवस्था छ ।
- सामाजिक असमानताहरू समाजका जात, वर्ण, लिङ्ग, धर्म, पेसा आदिमा देख्न र जान्न सकिन्छ ।
- समाजको प्रत्यके तहमा असमानताको स्थिति देख्न सकिन्छ ।
- महिलाहरूको भौतिक एवम् अभौतिक स्रोतहरूमा पहुँच कम छ ।
- महिलाहरूमा कम विशेषाधिकार भएकोले सन्तोषजनक रूपमा उनीहरू बाँच्न नपाएको तथ्यलाई यसले प्रस्ट पार्दछ ।
- समाजमा विद्यमान विभिन्न किमिसका असमानताहरू जस्तै, महिलाको, सामाजिक, आर्थिक, राजनीतिक

अवस्थाहरू, अनुभवहरू, गतिविधिहरू पुरुषको भन्दा असमान किसिमको छ । विभिन्न स्रोत, साधन, अवसरहरूमा पुरुष र महिलाको पहुँच असमान किसिमको छ । सामाजिक संरचनाले यस किसिमको स्थितिको सिर्जना गरेको हो । समाजमा पुरुषभन्दा महिलाहरूले निम्न भौतिक स्रोत, सामाजिक स्थिति, शक्ति, विभिन्न अवसरहरूमा कम अवसर पाउँछन् । यस्तो असमानता समाजको विभिन्न अन्य सामाजिकरूपले महत्त्वपूर्ण पक्षहरूमा रहेको हुन्छ । त्यस्तो असमानता सामाजिक सङ्गठनको परिणाम भने महिला र पुरुषको महत्त्वपूर्ण जैविक एवम् व्यक्तिगत भिन्नताहरूको होइन । सबै समानताका सिद्धान्तहरूले समतामूलक सामाजिक संरचना र अवस्थाको लागि महिला र पुरुषलाई सहजरूपमा शुद्ध र प्राकृतिक व्यवहार गर्नुपर्ने कुरामा जोड दिएका छन् । महिला पुरुषको अवस्थामा परिवर्तन गर्न सकिन्छ भन्ने मान्यतामा यो सिद्धान्त अगाडि बढेको छ । यस सिद्धान्तले महिला र पुरुषको अवस्थालाई परिवर्तन गर्न सकिने मुद्दालाई अगाडि सारेको पाइन्छ ।

**महिला सशक्तीकरण कसरी गर्ने**

महिला सशक्तीकरण गर्ने कार्यहरूलाई निम्न बुँदाहरूबाट प्रष्ट पार्न सकिन्छः

- स्रोत, अवसर शिक्षा, स्वास्थ्य, रोजगारी, क्षमता, अधिकार, आदिमा पहुँच बढाउँदै सक्षम र आत्मनिर्भर बनाउने, स्रोत र साधन माथिको पहुँचलाई वृद्धि गर्दै त्यसमाथिको नियन्त्रणलाई वृद्धि गर्ने ।
- महिलाहरूलाई सम्पूर्ण विकासका कार्यहरूमा सहभागी गराउँदै सहकार्य गर्दै अगाडि बढाउने, महिला सशक्तीकरणका लागि उनीहरूको पहुँच, चेतना, आत्मविश्वास तथा नियन्त्रण बढाउन नागरिक समाज, परिवार र सरकारी तथा गैरसरकारी संस्थाले समन्वयात्मक भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिने ।
- महिलाहरूबीच अनुभव, ज्ञान, सीप, क्षमता आदिको आदानप्रदान गरी त्यसलाई एकीकृत कार्यमा परिणत गर्नुपर्नेमा जोड दिने, समाजका सबै वर्ग, तह र समुदायको सकारात्मक दृष्टि र सहयोगद्वारा महिला सबलीकरणका लागि शिक्षा, स्वास्थ्य तालिम, उद्यम विकासका लागि सुविधा पुर्‍याउने र त्यस्ता कार्यक्रमलाई नागरिक समाज, सरकार, गैरसरकारी संस्थाहरूले एकीकृतरूपमा अघि सार्न सकेमा महिला सशक्तीकरणमा सहयोग मिल्ने ।
- महिलाहरूले पुरुषसरह कार्यहरू गर्न सक्दैनन् भन्ने मान्यताहरूलाई झुटो साबित गर्दै महिलाप्रतिको दृष्टिकोणमा सकारात्मक सोच र विचारको विकास गर्ने; महिलाहरू स्वयंले केही गर्न सकिन्छ भन्ने भावनाको सचेतनाको विकास महिला आफैंले गर्ने,
- समता र समानताको आधारमा महिलालक्षित व्यवहार गर्नुपर्ने, परम्परागतरूपमा महिलाविरुद्ध लगाइँदै आएका आरोप प्रत्यारोपहरूलाई समाजले बहिष्कार गर्नुपर्ने ।
- शिक्षा, रोजगारी, राजनीति, अर्थव्यवस्था, स्वास्थ्य र पेसालगायतका क्षेत्रहरूमा महिलाहरूलाई विशेष प्राथमिकता दिनुपर्दछ र यसका लागि उनीहरूको क्षमता अभिवृद्धि गर्नुपर्ने ।
- आर्थिकरूपमा आयआर्जन हुने कार्य, समान कानुनी अधिकार एवम् राजनीति तहमा उल्लेख्य पहुँच हुने कार्यमा महिलाहरूलाई विशेष व्यवस्था गर्नुपर्ने ।
- आर्थिक, शैक्षिक, सामाजिक, सांस्कृतिक, राजनीतिकलगायतका विविध क्षेत्रहरूमा महिलाको सहभागिता, पहुँच एवम् नियन्त्रण बढाउँदै लैजानुपर्ने, समुदायको समग्र विकासमा महिलाको अवस्थालाई महत्त्वपूर्ण पक्षको रूपमा हेरिनुपर्ने ।
- महिला सशक्तीकरणका लागि परिवारभित्रबाटै सहयोग र समर्थनको खाँचो पर्ने; महिलाहरूलाई आत्मनिर्भर बनाउन विविध कार्यक्रमहरूको तर्जुमा गर्नुपर्ने ।

- महिलाहरूको कार्यलाई अभिप्रेरित गर्दै उनीहरूमा आत्मविश्वास बढाउनुपर्ने; घरायसी कार्यदेखि घर बाहिरका कार्यसम्म उनीहरूको अभिवृद्धि गर्नुपर्ने ।

**महिला सशक्तीकरण किन गर्ने -**

महिला सशक्तीकरण किन गर्ने वा यसको महत्त्वलाई निम्न बुँदाहरूबाट प्रष्ट पार्न सकिन्छ ।

- पहुँच अभिवृद्धि, सहभागिता, आत्मविश्वास, चेतना आदिको लागि सशक्तीकरण आवश्यक छ ।
- विभिन्न पेसा, व्यवसाय, रोजगारी आदि कार्यहरूमा सशक्तीकरणपश्चात् महिलाहरू सहभागी हुन सक्दछन् ।
- महिलाहरूको मनोवैज्ञानिक क्षमताको अभिवृद्धि गर्न सहयोग गर्दछ ।
- महिलाहरूमा भएको क्षमताको प्रयोग भई विकासको प्रक्रियामा प्रत्यक्ष सहयोग पुर्‍याउँदछ ।
- महिलाको विकासले परिवारको समृद्धिमा प्रत्यक्ष सहयोग पुर्‍याउन मद्दत गर्दछ ।
- स्रोतमाथिको पहुँच अभिवृद्धि र त्यसमाथि नियन्त्रण राख्न सहयोग गर्दछ ।

समाजमा महिलाविरुद्धमा विकास गरिएका गलत मूल्य मान्यताहरू, व्यवहारहरू, सोचाइहरू एवम् गलत सामाजिकीकरणका प्रक्रियाहरूलाई नियन्त्रण गर्न सहयोग मिल्दछ । -स्रोत: शिवहरी अर्याल, लैङ्गिक समाजशास्त्र (Socilology of Gender),, एम.ए. द्वितीय वर्ष (So 509A), शिव पब्लिकेशन प्रा.लि., बागबजार, काठमाडौं, नेपाल, परिमार्जित नयाँ संस्करण) ।

चौधौं योजना -२०७३/७४-०७५/७६) अनुसार नेपालमा महिला घरमूली २५.७ प्रतिशत, सम्पत्तिमाथि महिलाको स्वामित्व २६.० प्रतिशत, निजामती प्रशासनमा महिलाको प्रतिनिधित्व १७.० प्रतिशत, संसद्मा महिला सहभागिता २९.९ प्रतिशत र महिला साक्षरता ५७.४ प्रतिशत र समग्रमा लैङ्गिक विकास सूचकाङ्क ०.९२५ रहेको छ । नेपालमा महिलाको सामाजिक र आर्थिक विकासमा देखिएका उल्लिखित सूचकहरू सकारात्मक देखिए पनि पर्याप्त नभएको प्रमाण लैङ्गिक हिंसा २६.० प्रतिशत र बालविवाह २९.० प्रतिशत रहेको अवस्थाले देखाउँछ । देशको समावेशी विकासमा यी सवालहरू गम्भीररूपमा सम्बोधन गर्नु आवश्यक रहेको छ । पन्ध्रौं योजना २०७६/२०७७-२०८०/२०८१ मा उल्लेख गरिएअनुसार केही तथ्यहरू यसप्रकार रहेका छन्:

**तालिका नं. १**

| सि.नं. | सूचक | पन्ध्रौं योजना -२०७६/७७-२०८०/८१ | लक्ष्य |
|---|---|---|---|
| १. | आर्थिक वृद्धिदर | ५.९ | १०.५ |
| २. | प्रतिव्यक्ति कुल राष्ट्रिय आय | १,०१२ | १२,१२० |
| ३. | गरिबी (निरपेक्ष) | १८.७ | ० |
| ४. | लैङ्गिक विकास सूचकाङ्क | ०.९६३ | १ |
| ५. | मानव विकास सूचकाङ्क | ०.५७४ | ०.७६० |
| ६. | बहुआयामिक गरिबी | २८.६ | ५ |
| ७. | मातृमृत्युदर | प्रतिलाख २३९ | प्रतिलाख २० |
| ८. | श्रम सहभागिता -१५ वर्षमाथि) | ३८.६ | ७२ |

| सि.नं. | सूचक | पन्ध्रौँ योजना -२०७६/७७-२०८०/८१ | लक्ष्य |
|---|---|---|---|
| ९. | बेरोजगारी दर | ११.४ | ३ |
| १०. | अपेक्षित आयु | ६९.७ | ८० |
| ११. | शारीरिक तथा मानसिक हिंसा पीडित महिला | २६.३ | १३ |
| १२. | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | ३६.५ | ७० |
| १३. | निजामती सेवामा महिला | २३.४७ | |
| १४. | व्यवस्थापिका संसदमा महिला सहभागिता | २९.२१ | |

*स्रोतः राष्ट्रिय योजना आयोग, २०७६*

माथिको तालिकाको तथ्याङ्कलाई हेर्दा नेपालमा १८.७ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनि रहेको छ । त्यस्तै आर्थिकरूपले सक्रिय जनशक्ति ५७ प्रतिशत रहेको छ । मातृमृत्युदर २३९ (प्रतिलाख जीवित जन्ममा) रहेको छ । बेरोजगारीको दर ११.४ प्रतिशत रहेको छ । औपचारिक क्षेत्रको रोजगारी ३६.५ प्रतिशत रहेको छ, जसमा बढी पुरुषहरू नै कार्यरत रहेका छन् । अनौपचारिक क्षेत्रमा कार्य गरी बेरोजगारका रूपमा गणना गरिने महिलाहरू नै पर्ने गर्दछन् । यी सबै सामाजिक तथा आर्थिक परिसूचकहरूका साथै विश्व मानव विकास सूचकाङ्क सन् २०१८ मा १ सय ८९ देशमध्ये नेपाल १ सय ४९ औं स्थानमा रहेको छ, तर गत वर्ष नेपालको स्थान १ सय ४८ औं थियो । चौधौं योजना नेपालको मानव विकास सूचकाङ्क ०.५७४ रहेको छ । आर्थिक सर्वेक्षण २०७४/०७५ अनुसार आ.व. २०६४/२०६५ देखि कार्यान्वयनमा आएको लैङ्गिक उत्तरदायी बजेट कुल बजेटको ११.३ रहेकोमा आ.व. २०७४/०७५ मा ३७.४ प्रतिशत पुगेको छ ।

नेपालको संविधान, २०७२ अनुसार सङ्घीय संसद्मा एकतिहाइ र स्थानीयतहमा कम्तीमा ४० प्रतिशत महिलाको प्रतिनिधित्व हुनुपर्नेमा वि.सं. २०७४ सालमा सम्पन्न सङ्घीय संसद्को निर्वाचनमा प्रतिनिधिसभामा ३२.७ प्रतिशत, राष्ट्रियसभामा ३७.३ प्रतिशत र समग्र सङ्घीय संसद्मा ३३.५ महिलाको प्रतिनिधित्व रहेको छ । त्यस्तै प्रदेशसभामा ३४.४ प्रतिशत र स्थानीयतहमा ४०.८ प्रतिशत महिलाको प्रतिनिधित्व रहेको छ । राजनीतिमा महिलासम्बन्धी प्रतिवेदन (Women in politics २०१७) अनुसार विश्वमा १५२ देशमध्ये ११ वटा देशमा मात्र राष्ट्रप्रमुख रहेकोमा नेपालसमेत परेको छ । निजामती किताबखानाको २०७५ जेठसम्मको तथ्याङ्क हेर्दा निजामती सेवामा जम्मा ८९ हजार ४०६ कर्मचारी सेवारत रहेकामध्ये ६८,४२० (७६.५३ प्रतिशत) पुरुष र बाँकी २०,९८६ (२३.४७ प्रतिशत) महिला कर्मचारी कार्यरत रहेका छन् । निजामती सेवामा महिलाको प्रतिनिधित्व जम्मा २३.४७ प्रतिशत देखिए तापनि श्रेणीतर्फ १३ दशमलव ७२ प्रतिशत र तहगततर्फ ४६ दशमलव २२ प्रतिशत रहेको छ (भट्ट प्रा.डा.भीमदेव, २०७५ गोरखापत्र) ।

**तालिका नं. २**

श्रमशक्ति सर्वेक्षण, २०७४ अनुसार महिला पुरुषका बीचको श्रम सहभागितासम्बन्धी सूचक यसरी प्रस्तुत गरेको छ :

| सूचक (प्रतिशत) | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| रोजगारी र जनसङ्ख्याको अनुपात | २.९ | ४८.३ | ३४.३ |
| श्रमशक्ति र सहभागिता दर | २६.३ | ५३.८ | ३८.५ |
| बेरोजगारी दर | १३.१ | १०.३ | ११.४ |
| श्रमको अल्प उपयोग दर | ४८.७ | ३१.८ | ३९.२ |

| सूचक (प्रतिशत) | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| अनौपचारिक क्षेत्रमा रहेको रोजगारी दर | ३२.३ | ३९ | ३६.५ |
| मुख्य पेसामा औसत कार्य समय (घन्टा/हप्ता) | ३९ | ४८ | |
| अनौपचारिक क्षेत्रको रोजगारी | ३२.९ | ४५.८ | ४१ |

*स्रोतः आर्थिक सर्वेक्षण, २०७५*

अक्सफामले गरेको अध्ययनले विश्वमा गरिबमध्ये दुईतिहाइ महिला रहेका, ५० देखि ८५ प्रतिशतसम्म मात्र आय पाउने र सरकारमा महिलाको प्रतिनिधित्व १० प्रतिशतमात्र रहेको देखाएको छ ।

## लैङ्गिकता र दीगो विकास लक्ष्य (SDGs) २०१६-२०३०

संयुक्त राष्ट्रसङ्घले सन् २०३० सम्म दिगो विकासका लक्ष्य हासिल गर्ने उद्देश्यले १७ वटा लक्ष्यहरूमा प्रतिबद्धता जाहेर गरेको छ । यसको लक्ष्य नं. ५ ले महिला र बालिका समानता र सशक्तीकरणमा जोड दिएको छ । यसले सबै प्रकारका विभेद तथा महिला हिंसा अन्त्य गर्ने महिलाका नाममा हुने खतराजनक अभ्यासहरू हटाउने घरेलु र सबै प्रकारका श्रमको मूल्य पहिचान गर्ने, राजनीतिक तथा प्रशासनिक नेतृत्व तहमा महिला सहभागिता बढाउने, महिला र स्वास्थ्यमा पहुँच पुर्‍याउने, प्राकृतिकलगायत सबैप्रकारका आर्थिक स्रोतसाधनमा महिलाको पहुँच बढाउने, सम्पत्तिमा महिलाको समान स्वामित्व स्थापित गर्ने, महिला सशक्तीकरणका लागि विभिन्न प्रविधिहरूको प्रयोग गर्नेलगायतका विषयलाई जोड दिएको छ । यसले महिलाको साथै बालिकाको पहिचान, संरक्षण र विकासका लागि समेत समान महत्त्व रहेको देखिन्छ ।

लैङ्गिक समानताको सम्बन्धमा पूर्वीय दर्शनले पनि विविध व्यवस्थाहरू रहेको पाइन्छ । यसमा मानव अधिकार र समानतालगायतका विषयलाई आत्मसात् गरिएको छ । केबल मानव अधिकार शब्द उल्लेख नभएको अवस्था छ । तर यस दर्शन वा धर्मले आत्मसात् गरेका मूल्य र मान्यताहरूमाथि विगतदेखि नै प्रहार हुँदै आएको अवस्था छ । अयं निजः परो वेति गणना लघु चेतनाम् ! उदारचरितानां तु वसुधैव कुटुम्बकम ! अर्थात् सङ्कुचित वा सानो चित्त भएकाहरू यो मेरो र यो तेरो हो भन्ने भावनाबाट ग्रसित हुन्छन् । उदार वा ठूला हृदय भएकाहरूका लागि संसारमा सबै समान छन् । ऋग्वेदमा उल्लिखित श्री गणेशाय नमः श्री सरस्वताय नमः ! मा गणेश र सरस्वती दुबैलाई सम्मानसूचक "श्री" प्रयोग गरिएको छ । दुबैलाई नमस्कार भनिएको छ । यो महिला पुरुषबीचको समानताको उच्चतमरूप हो । त्यसैगरी समानं वां सजात्यं समानो बन्धु रस्विनाः ! अन्ति षदयुतु वामवः ! अर्थात् 'न्याय सबैलाई समान हुनुपर्दछ, कसैमाथि भेदभाव गर्नुहुँदैन । राजाका अगाडि सबै समान वा बराबर हुन् ।' माथि समावेश पक्षहरूलाई हेर्दा यस दर्शनले मानवबीचमा "समानता, मर्यादा र पहिचान" को वकालत गरेको पाइन्छ । लिङ्ग, भाषा, रङ, धर्म वर्णसम्प्रदाय, जातजाति वा कुनै पनि आधारमा भेदभाव र असमानतालाई स्थान दिएको पाइँदैन । कानुनमा पनि राजा र प्रजा, ठूलासाना सबैलाई समानरूपमा लागु हुने व्यवस्था गरेको देखिन्छ ।

राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ अनुसार लैङ्गिक समानतायुक्त राष्ट्र निर्माण गर्ने दीर्घकालीन सोच राखिएको छ । सबै क्षेत्रमा महिलाको सारभूत र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै आर्थिक र सामाजिक रूपान्तरणद्वारा लैङ्गिक समानता कायम गर्ने सोचको परिदृश्य रहेको छ । महिलाको आर्थिक, सामाजिक र राजनीतिकरूपमा सशक्तीकरण सहित कानुनी तथा व्यावहारिकरूपमा महिला र पुरुष, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकबीच समानता स्थापित गर्ने लक्ष्य राखिएको छ । महिला, किशोरी तथा बालिकाको सामाजिक आर्थिक विकासका लागि नीतिगत र संरचनात्मक व्यवस्था गर्नु, लैङ्गिक भेदभाव, हिंसा र शोषणको अन्त्य गरी समानता र लैङ्गिक

मूल्य र मान्यतामा आधारित समाज स्थापित गर्नु, लैङ्गिक उत्तरदायी शासन पद्धति अवलम्बन गर्नु, महिलाको आर्थिक सशक्तीकरण गर्नु जस्ता उद्देश्य राखिएको छ ।

विद्यमान र नयाँ तर्जुमा हुने कानुनलाई लैङ्गिकमैत्री बनाउने र सकारात्मक विभेदको नीति तर्जुमा र कार्यान्वयनलाई निरन्तरता दिने । (उद्देश्य १), निरोधात्मक, उपचारात्मक तथा नियमनकारी उपायद्वारा सामाजिक मूल्य र मान्यतामा परिवर्तन गर्दै लैङ्गिक विभेदजन्य हिंसाको अन्त्य गर्ने । (उद्देश्य २), कानुनी प्रबन्ध, संस्थागत सुधार तथा क्षमता विकासका माध्यमबाट तीनवटै शासकीय तहमा लैङ्गिक उत्तरदायी शासनप्रणालीको विकास गर्ने ।(उद्देश्य ३), लैङ्गिकतामा आधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरी श्रम बजारमा महिलाको सहभागिता वृद्धि गर्दै अर्थतन्त्रमा महिलाको योगदानको मूल्याङ्कन गर्ने । (उद्देश्य ४), स्वरोजगार, रोजगारी र उद्यमशीलताको एकीकृत कार्यक्रमका माध्यमबाट महिलाको आर्थिक सशक्रिकरण गर्ने । (उद्देश्य ४), स्रोत साधनमाथि महिलाको समान पहुँच, नियन्त्रण र निर्णयप्रक्रियामा अर्थपूर्ण सहभागिता हुन सक्ने गरी आर्थिक सशक्तीकरणको माध्यमबाट महिलालाई आत्मनिर्भर बनाउने । (उद्देश्य ४)

## नीति तथा कार्यनीति

रणनीति १: विद्यमान र नयाँ तर्जुमा हुने कानुनलाई लैङ्गिकमैत्री बनाउने र सकारात्मक विभेदको नीति तर्जुमा र कार्यान्वयनलाई निरन्तरता दिने ।

## नीति तथा कार्यनीति

(क) लैङ्गिक समानता कायम गर्न आवश्यकताअनुसार नेपाल कानुनलाई परिमार्जन गर्दै लैङ्गिक समानतायुक्त बनाइनेछ ।

(ख) महिला, किशोरी तथा बालिकालाई संविधानप्रदत्त मौलिकहक तथा सम्बन्धित कानुनको प्रभावकारी कार्यान्वयनका लागि संस्थागत सुदृढीकरण, सामाजिक जागरण र सचेतना अभियान सञ्चालन गरिनेछ ।

(ग) महिलालाई राज्यका सबै क्षेत्रमा समानुपातिक प्रतिनिधित्व र समान अवसरको संवैधानिक हकलाई स्थापित गर्ने विद्यमान कानुनको कार्यान्वयन गरिनेछ । साथै, कानुनी सुधारलाई निरन्तरता दिइनेछ ।

(घ) विभिन्न कार्यक्रमका माध्यमबाट विभेदमा परेकाको विशेष संरक्षण गरिनेछ ।

(ङ) महिलाको सहभागितालाई अर्थपूर्ण बनाउन क्षमता अभिवृद्धि गरी सकारात्मक विभेदको कार्यक्रम कार्यान्वयनलाई थप प्रभावकारी ढङ्गले सञ्चालन गरिनेछ ।

(च) सबै क्षेत्रको नेतृत्व तहमा महिलाको प्रतिनिधित्व अभिवृद्धि गर्न समानुपातिक सहभागिताका लागि नीतिगत र कानुनी व्यवस्था गरिनेछ ।

(छ) समाजमा लैङ्गिकमैत्री दृष्टिकोण निर्माण गर्न विद्यालय शिक्षादेखि नै लैङ्गिकमैत्री पाठ्य सामग्री र पठनपाठन पद्धतिको विकास गरी पाठ्य सामग्रीमा लैङ्गिक समानता झल्किने चिह्न, चित्र, कार्टुनलगायतका विषयलाई समावेश गरिनेछ । (स्रोतः राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७, नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार, काठमाडौं,नेपाल) ।

**सशक्तीकरणका सूचकहरू**

- आत्म जागरण (आफ्नो लक्ष्य र योजना), समूहमा संलग्नता र सामूहिक काममा सक्रियता । नीतिनिर्माण तहमा सक्रिय सहभागिता ।

- घुमफिर र गतिशीलता, आर्थिक सुरक्षा, रोजगार तथा आयआर्जन र आत्मनिर्भरता, ठूलोसानो वस्तु किनमेल र खरिदबिक्री गर्न सक्ने ।
- मुख्य निर्णय प्रक्रियामा सक्रिय र अर्थपूर्ण भूमिका । हिंसाविरुद्धको आवाज, शून्य सहनशीलता ।
- शिक्षा, स्वास्थ्य, यौनिक, आफ्नो हक, अधिकार र अवस्थाको बारेमा सचेतना ।
- क्रियाकलापमा आधारित सशक्तीकरण गर्न सक्ने साथै गरेर सिक्ने प्रक्रियाहरू हुन्छन् । सामाजिक आर्थिक सशक्तीकरणलाई सशक्तीकरणका सामाजिक आर्थिक पक्षहरूसँगै राखिन्छ ।

सशक्तीकरणका ३ वटा कार्यमूलक बुँदालाई तल प्रस्तुत गरिएको छः

- सामाजिक भूमिका विस्तार गरेर दैनिक जीवन फेर परिवर्तन आर्थिक गतिविधि बढाएर अभावको घेराबाट निकास लेऊ र सङ्गठित क्रियाकलापलाई बढावा दिएर विभेदविरोधी सामाजिक शक्ति सिर्जना गर । (वार्षिक प्रगति प्रतिवेदन, आ.व.२०७३/०७४) ।
- महिला विकासको लक्षित समूहको खुद आकार ४१ लाख ५७ हजारको हाराहारी छ जसमध्ये हालसम्म २० प्रतिशतमा मात्र पुग्न सकिएको छ (महिला विकासका विधिविधा, २०७४ असार, महिला तथा बालबालिका विभाग) ।

**एक शताब्दीको अवधिमा नेपालको प्रशासनमा महिलाको अवस्था र यसको प्रभावलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छः**

१. सार्वजनिक प्रशासनका विभिन्न क्षेत्रमा विविधता देखिएको, सार्वजनिक सेवा क्रमशः समावेशी हुँदै गएको छ । महिलाको आर्थिक सामाजिक सशक्तीकरण सूचकमा वृद्धि भएको छ । नीति निर्माण तथा निर्णय प्रक्रियामा महिलाको सहभागिता वृद्धि भई सेवाप्रवाह प्रभावकारी बनाउन मद्दत पुगेको छ ।

२. सार्वजनिक प्रशासनमा सारभूत समानताको सिद्धान्त अवलम्बन भएको छ । महिला तथा वञ्चित समूहको प्रतिनिधित्व सुनिश्चितता लागि अवसरको सिर्जना भएको छ । पुस्तौंदेखि समाजमा रहेको बहिष्करण, विभेद र असमानताको अन्त्य गर्न सहयोग पुगेको छ । सामाजिक न्यायको प्रवर्द्धनका लागि समान अवसरको सिर्जना भएको छ ।

३. आर्थिक र सामाजिकरूपमा पिछडिएका र कमजोर वर्गको स्तरोन्नतिका लागि सघाउ पुग्ने वातावरण तयार भएको छ । समावेशी र सहभागितामूलक शासन व्यवस्था स्थापित गर्नका लागि वातावरण सिर्जना भएको छ । महिलामैत्री पूर्वाधारहरू निर्माण भएका छन् । सार्वजनिक निकायमा महिलाका लागि छुट्टै शौचालयको निर्माण भएको छ । कतिपय सरकारी कार्यालयमा स्तनपानकक्ष तथा शिशुस्याहार केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइएको छ ।

४. शासन पद्धतिमा अपनत्वको भावनाको विकासमा सहयोग पुगेको छ । (स्रोतः राधिका अर्याल, नेपालको सार्वजनिक प्रशासनमा महिलाको अवस्था र उपलब्धिको एक शताब्दी, सशक्तीकरण (महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँग सम्बन्धित), वर्ष १७, पूर्णाङ्क २४, २०७८ असार, नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल पेज नं. ५२)।

**महिला सशक्तीकरणका लागि आवश्यक पक्षहरू**

- समस्याको मूल जड अशिक्षा हो । त्यसैले सबैलाई (पुरुष/महिला) समान शिक्षा दिने व्यवस्थालाई प्रभावकारी बनाउनु पर्ने छ।

- लैङ्गिक चेतना अभिवृद्धि गरिनुपर्ने ।
- राजनीतिक, सामाजिक क्षेत्रमा संलग्नता गर्नुपर्ने ।
- आयमूलक रोजगारीका अवसर उपलब्ध हुनुपर्ने ।
- महिलालाई प्राविधिक, ज्ञान र सीपमा दक्ष बनाउनुपर्ने ।
- सम्पत्तिमा महिला अधिकारको व्यवस्था गर्नुपर्ने ।
- महिलाहरूविरुद्ध हुने भेदभावपूर्ण कानुनहरूलाई संशोधन गरी महिलाहरूलाई समानता प्रदान गर्न किसिमका कानुनहरूको निर्माण गरी कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउनुपर्ने ।
- नीति निर्माण तहमा लैङ्गिक समानताको चेतना अभिवृद्धि गर्नुपर्ने ।
- स्थानीय प्राकृतिक स्रोतको समुचित उपयोग र स्रोत तथा वातावरण संरक्षण कार्यमा महिला सहभागिता अनिवार्य गर्नुपर्ने आदि ।
- नेपालले यो स्वीकार गरेको छ कि महिलाहरूका लागि खासरूपमा समानता प्राप्त गर्न केवल उनीहरूप्रतिको भेदभावलाई हटाउनु होइन बरु अनुकूल व्यवहारद्वारा समानता अभिवृद्धि गर्नुपर्दछ ।

**सशक्तीकरणका पक्षहरू (Aspects of Empowerment)**

सफल सशक्तीकरणका लागि विभिन्न पक्षहरूले महत्त्वपूर्ण भूमिका खेल्दछन् । जसको सङ्क्षिप्त परिचय यसप्रकार छः

**(१) सूचनामा पहुँच (Access in information)**

सूचनाको पहुँचले नागरिकलाई अवसरबाट फाइदा लिन, सेवा प्राप्त गर्न, अधिकार उपभोग गर्न, सरकारी तथा गैरसरकारी निकायलाई जिम्मेवार बनाउन सघाउँछ । सार्वजनिक संस्थानहरूको कार्य सम्पादनलाई सार्वजनिक गरी पारदर्शिता प्रवर्धन गर्न एवं नागरिकलाई सुसूचित बन्न सूचनाको अधिकार र प्रेससम्बन्धी कानुनले सघाउँछ ।

**(२) जवाफदेहिता (Answerability)**

जबाफदेहिताले राजनीतिक दलका प्रतिनिधिहरूले जनताप्रति जवाफदेही हुनुपर्ने कुरालाई जनाउँछ । सार्वजनिक कामहरूको पारदर्शी प्रतिवेदन एवं सरकारी निकायले नागरिकप्रतिको आफ्ना प्रशासनिक तथा सामाजिक प्रतिबद्धताहरू पूरा गर्नुपर्ने कार्यलाई बुझाउँछ । नागरिक क्रियाकलापले पनि शासन व्यवस्थामा सुधार र पारदर्शिताका लागि दबाब सिर्जना गर्न भूमिका खेल्दछ ।

**(३) समावेशीकरण/सहभागिता (Inclusion/participation)**

विपन्न, पिछडिएका, सीमान्तकृत समूह तथा समुदायलाई नीति-निर्णयका प्रक्रियामा सहभागी हुने अवसर प्रदान गर्नुपर्दछ । साथै-स्थानीय स्रोत र साधन तथा ज्ञानको प्रयोगले स्थानीय तहमा परिवर्तन ल्याउन भूमिका खेल्दछ । जनसरोकारका विषयमा बहस गर्न, आधारभूत सेवाहरूको वितरणमा सहभागी हुन, विकासका प्राथमिकता निर्धारण गर्ने कुराहरू यस पक्षमा समावेश भएका हुन्छन् ।

महिलाहरू आत्मनिर्भरताबाट स्वयं सशक्त हुन्छन् भन्ने सशक्तीकरण पहुँच (Empowerment Approach)को मान्यता हो । महिला सशक्तीकरणबाट महिलाहरूको प्रजनन, उत्पादनशील र सामुदायिक भूमिकाको विश्लेषण गरी व्यावहारिक आवश्यकताको परिपूर्ति एवं रणनीतिक हित भई उनीहरूको अवस्थाका साथै स्तरमा समेत सुधार आउने विश्वास गरिन्छ । महिला विकासको नवीनतम पहुँच पनि सशक्तीकरण नै हो ।

लैङ्गिक भूमिका (Gender Role) भनेको महिला र पुरुषबीचको सामाजिक सम्बन्धअनुसारको भूमिका हो । यो प्रकृति-प्रदत्त भूमिका होइन-बरु यस्ता कामहरू महिलाले गर्ने र यस्ता चाहिँ पुरुषले गर्ने भनी परम्पराले निर्धारण गरेको भूमिका हो । उदाहरणका लागि घरायसी कामलाई लिन सकिन्छ । जैविकरूपमा घरायसी काम महिलाले नै गर्नुपर्ने होइन तर चलनचल्तीमा प्रायः महिलाले गरेका हुन्छन् ।

**महिला सशक्तीकरणका समस्याहरू**

१. संविधान प्रदत्त अधिकारहरूको संरक्षण गर्ने कानुन बनाउन नसक्नु ।
२. अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरूप राष्ट्रिय कानुनमा सुधार गर्न नसक्नु ।
३. महिलालाई शसक्तीकरण गर्ने कार्यक्रम नगण्यरूपमा रहनु ।
४. लैङ्गिक विभेद कायमै रहनु ।
५. घरेलु तथा यौनजन्य हिंसा व्यापकरूपमा विद्यमान रहनु र यस्ता हिंसालाई स्वाभाविक रूपमा लिइनु ।
६. महिला हक अधिकारबारे चेतनाको कमी हुनु ।
७. नीतिनिर्माण तथा राजनीतिक एवं सरकारी प्रक्रियामा महिलाहरूको न्यून सहभागिता रहनु ।
८. महिला जनप्रतिनिधिहरूलाई लक्ष्य गरी क्षमता विकास हुने किसिमका क्रियाकलापहरू अपर्याप्त हुनु ।
९. समानुपातिक आधारमा सार्वजनिक जीवनका धेरै क्षेत्रहरूमा महिलाहरूको प्रतिनिधित्व नहुनु ।
१०. सरकारमा दलित तथा जनजाति महिलाको प्रतिनिधित्व गराउने नीति नहुनु ।
११. समान काममा विशेष गरी अनौपचारिक क्षेत्रमा महिला र पुरुषबीच असमान ज्याला कायम हुनु ।
१२. महिलाको उत्पादनमूलक कार्यको मूल्याङ्कन नगरिनु ।
१३. निजामती, सेना, प्रहरी लगायत अन्य सरकारी/गैरसरकारी संस्थामा महिलाको सहभागिता न्यून रहनु र यसको सुधारका लागि सकारात्मक प्रयास नथालिनु ।
१४. महिलाविरुद्ध शिक्षामा पारिवारिक भेदभाव रहनु र महिलाको शिक्षामा पहुँच कम हुनु ।
१५. पारिवारिक अदालतको व्यवस्था नहुनु ।
१६. अनुपयुक्त ढङ्गबाट महिलालाई विज्ञापनमा प्रयोग गरिनु ।
१७. मानव बेचबिखनसम्बन्धी समस्या व्यापकरूपमा रहनु र सोको रोकथाम र नियन्त्रणका लागि प्रभावकारी कानुनको अभाव हुनु ।
१८. महिलाको प्रजनन स्वास्थ्यको अधिकार संरक्षित हुन नसक्नु र महिलाको स्वास्थ्यप्रति पर्याप्त ध्यान नदिइनु ।
१९. कार्यस्थानमा महिलाका लागि शिशुस्याहार र स्तनपानको पर्याप्त व्यवस्था नहुनु ।
२०. वैदेशिक रोजगारी तथा भ्रमणमा जाँदा महिलाका लागि पुरुषको अभिभावकत्व आवश्यक बनाइनु ।
२१. महिला कैदीका लागि छुट्टै जेलको व्यवस्था नहुनु साथै गर्भवती महिला कैदीको लागि पर्याप्त सुविधा उपलब्ध नगराइनु ।
२२. आर्थिक स्रोतसाधनमा महिलाको पहुँच र नियन्त्रण कम रहनु, अनुत्पादनशील कार्यमा महिलाको अत्यधिक सहभागिता रहनु र आफ्नो परिश्रमबाट प्राप्त आयमा समेत आफूखुसी गर्न नपाउने स्थिति रहनु ।
२३. हानिकारक सांस्कृतिक प्रथाहरू जस्तै बोक्सी, तिलक, पर्दा, देवकी प्रथा विद्यमान रहनु ।
२४. सामाजिक समस्याहरू जस्तै महिलामाथि बोक्सी, डायन चण्डाल्नी, कुलक्षिणी भनी आक्षेप लगाउने प्रवृत्तिको

अन्त्य नहुनु ।

२५. सामाजिक निर्णयमा सहभागिता कम हुनु ।

२६. विवाहमा आत्मनिर्णयो अवसर प्राप्त नहुनु ।

२७. बालविवाह, यौन दुरूपयोग तथा शोषण गरिनु ।

**नेपालमा महिला सशक्तीकरणसम्बन्धी निम्नलिखित समस्या तथा चुनौतीहरू देखिएका छन्ः**

- अधिकार विभाजन र निर्णयप्रक्रियामा महिला र पुरुषबीचको असमानता यथावत रहनु, सबै तहमा लैङ्गिक समानताका लागि पर्याप्त संस्थागत संरचनाको व्यवस्था नहुनु, लैङ्गिक समानतासम्बन्धी गरिएका प्रतिबद्धताहरूको कार्यान्वयन पक्ष फितलो हुनु ।
- लैङ्गिक समानतासम्बन्धी नीति, योजना र कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक शासकीय क्षमताको कमी हुनु, महिला हिंसाका घटनाहरू दिनप्रतिदिन बढ्दै जानु, लैङ्गिक समानता प्राप्तिको विषयलाई महिलाका लागि मात्र गरिएको भनी महिलामुखी आन्दोलनका रूपमा लिनु ।
- सामाजिक सांस्कृतिक ऐक्यबद्धता नहुँदा र पितृसत्तात्मक सोच हावी हुँदा लैङ्गिक सुधारका कार्यक्रमहरूले अपेक्षित गति लिन नसक्नु, राज्यका सबै तहमा लैङ्गिक उत्तरदायी शासनपद्धति संस्थागत गर्नु ।
- सङ्घ, प्रदेश र स्थानीय तहबीच लैङ्गिक समानतासम्बन्धी नीति, योजना तथा कार्यक्रमहरूमा सामञ्जस्य कायम गर्नु । पारिवारिक र सामाजिक मूल्यमान्यता र लैङ्गिक भूमिकामा परिवर्तन ल्याउनु, महिलाको घरेलु श्रमको मूल्य कायम गरी राष्ट्रिय आर्थिक आयमा गणना गर्नु, महिलामाथि हुने सबै किसिमका हिंसा, विभेद र शोषणको अन्त्य गर्नु ।

**महिला सशक्तीकरणका समस्या समाधानका लागि सुझावहरू**

- शिक्षामा महिला सहभागिता वृद्धि गराउनका लागि विभिन्न शैक्षिक अवसरहरू प्रदान गर्ने । गरिबी निवारण गर्नका लागि पनि पहिले निरक्षरता नै हटाउनु पर्छ र यसका लागि ब्यापक र प्रभावकारी रूपमा साक्षरता अभियान सञ्चालन गरिनुपर्छ । छोराछोरीमा फरक छैन भन्ने भावनात्मक चेतना जगाउने र कम सन्तान जन्माउने प्रेरणा दिने कार्यक्रमहरू सञ्चालन गर्नु पर्दछ ।
- महिला शिक्षा र रोजगारी उपलब्ध गराउने कार्यक्रमलाई बढी प्राथमिकता दिनु पर्छ तथा महिलाहरूलाई सशक्तीकरण गरी पुरुषसरह अधिकार दिलाउन विकास गर्ने वातावरण तयार गराउनु पर्छ ।
- शिक्षामा नारी सहभागिता वृद्धि गराउनका लागि विभिन्न शैक्षिक अवसरहरू प्रदान गर्ने र प्रभावकारीरूपमा साक्षरता अभियान सञ्चालन गरिनुपर्छ ।
- छोराछोरीमा फरक छैन भन्ने भावनात्मक चेतना जगाउने र कम सन्तान जन्माउने प्रेरणा दिने कार्यक्रमहरू सञ्चालन गर्नु पर्दछ । जनसङ्ख्या वृद्धिबाट वातावरणमा पर्ने असरबारे प्रचार प्रसार गरिनु पर्दछ ।
- घरायसी काममा छोरीलाई बढी मात्रामा संलग्न गराइने छोरीको पढाइलाई अनुत्पादक मान्ने प्रवृत्ति रहेको छ । ग्रामीण महिलाहरूलाई जनसङ्ख्या विषयमा तालिम दिई रोजगारको अवसर दिलाउने प्रयत्न गरिनुका साथै निरीक्षण, आर्थिक व्यवस्थापन र मूल्याङ्कन प्रक्रियामा प्रभावकारिता ल्याउनु पर्दछ ।
- वास्तवमा महिलाहरू आर्थिक, सामाजिक रूपमा कुण्ठित हुनु भनेको भविष्यका सन्ततिहरू समेत

कुण्ठित बन्नु समान हो । अतः महिलाहरूलाई सशक्तीकरण (empowerment) गरिएन भने भविष्यका सन्ततिको भविष्य समेत अन्धकारमय बन्दै जान सक्ने देखिन्छ । त्यसकारण महिलाहरूलाई पुरुषसरह अधिकार दिलाउने वातावरण तयार गराउनु पर्छ ।

- महिला र पुरुषबीचको असमानता अन्त्य गर्न विकास निर्माणका हरेक तहमा महलिलाई समान अवसर, अधिकार र जिम्मेवारी दिइनुपर्दछ । साथै, नीति निर्माण तथा निर्णयप्रक्रियामा समान सहभागिता गराइनुपर्दछ । लैङ्गिक समानताका लागि सङ्घ, प्रदेश र स्थानीय तहबीच पर्याप्त संस्थागत संरचनाको व्यवस्था गरिनुका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा गरिएका प्रतिबद्धताहरूको प्रभावकारी रूपमा कार्यान्वयन गरिनुपर्दछ ।
- लैङ्गिक समानतासम्बन्धी नीति, योजना र कार्यक्रमलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्न सङ्घ, प्रदेश र स्थानीय तहमा क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ ।
- लैङ्गिक समानताका लागि सङ्घ, प्रदेश र स्थानीय तहबिच पर्याप्त संस्थागत संरचनाको व्यवस्था गरिनुका साथै राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा गरिएका प्रतिबद्धताहरूको प्रभावकारी रूपमा कार्यान्वयन गरिनुपर्दछ ।
- महिला हिंसामा संलग्न दोषीहरूलाई कडा कानुनको व्यवस्था गरी कारबाही गरिनुपर्दछ ।

## सहायक ग्रन्थहरू


- सविता दङ्गाल, नेपालमा लैङ्गिक समानताको अवधारणा र अभ्यास, शैक्षिक स्मारिका, २०७८ असार, अङ्क-३, नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर ।
- बाबुकाजी कार्की, नेपालमा साक्षरता र महिला सशक्तीकरणको अभ्यास र अवस्था, शैक्षिक स्मारिका २०७८, भदौ अंक १, नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर, नेपाल ।
- भोजेन्द्र अर्याल, 'लैङ्गिक अध्ययन' (Gender Studies) दीक्षान्त पुस्तक प्रकाशन, काठमाडौं, प्रथम संस्करण भाद्र २०६२
- बलराम आचार्य, 'लैङ्गिक अध्ययन (Gender Studies) समाजशास्त्रीय विश्लेषण (Association Analysis) नेशनल बुक सेन्टर, काठमाडौं, संस्करण २०६१ (सन् २००४)
- तुल्सी राम पौडेल, 'लैङ्गिक अध्ययनको रूपरेखा' (An Outline of Gender Studies) निमा पुस्तक प्रकाशन, काठमाडौं, प्रथम संस्करण २०५८ ।
- लैङ्गिक आधारमा विभाजित तथ्याङ्क २०६६, राष्ट्रिय महिला आयोग ।
- शिवहरी अर्याल, ' लैङ्गिक र महिलावादी अध्ययन (General and Feminist Study) लुम्बिनी प्रकाशन, प्रदर्शनी मार्ग, काठमाडौ, (प्रश्नोत्तर), संस्करण २०६८
- Tulsi Ram Paudel, लैङ्गिक अध्ययनको रूपरेखा', (An outline of Gender Studies), MA sociology SecondYear निमा पुस्तक प्रकाशन, प्रदर्शनी मार्ग, काठमाडौ, प्रथम संस्करण २०५८
- Women's Participation and presentation in Multilevel Governance voice of cities special edition,

Vol-12 issue-4,2017 Municipal Association of Nepal, Kathmandu, MOAN, 18th December 2013(3 poush 2070)

- लैङ्गिक न्याय सम्बन्धी मुद्दाहरूको संगालो युनिफेम, प्रा.पब्लिक, २०६०, सम्पादन अधिवक्ता प्रकाशमणि शर्मा, अधिवक्ता प्रिती थापा, अधिवक्ता शिवप्रसाद पौडेल,
- घनानाथ ओझा, 'नेपालमा महिला पैखी बुक्स एण्ड स्टेशनरी सेन्टर, प्रथम संस्करण २०५६, पुतलीसडक, काठमाडौं
- घनानाथ ओझा, 'नेपालमा महिला पैखी बुक्स एण्ड स्टेशनरी सेन्टर, दोश्रो संस्करण २०६४
- मोजेन्द्र अर्याल, 'लैङ्गिक अध्ययन' (Gender Studies) दीशान्त पुस्तक प्रकाशन, कीर्तिपुर, काठमाडौ, प्रथम संस्करण २०६२ भाद्र
- भोजेन्द्र अर्याल -लैङ्गिक अध्ययन (Gender Studies), समाजशास्त्री विश्लेषण (A Sociological Analysis), National Book Centre, भोटाहिटी, काठमाडौ, संस्करण २०६१ -सन् २००४)
- सिद्धराज जोशी, किरण जोशी, ' लैङ्गिकता र विकास' पैखी प्रकाशन, काठमाडौ, प्रथम संस्करण २०६८ माघ
- वलराम आचार्य लैङ्गिक र महिलावादी अध्ययन (Gender and Feminist Studies), National Book Centre, Kathmandu प्रथम संस्करण २०६७
- Dr. Mangala Shrestha, 'Women and Development in Nepal, 2008
- डा. चन्द्रा भद्रा -सम्पादन) लैङ्गिक अध्ययन (Gender Studies), अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन प्रा.लि., अनामनगर, काठमाडौ, प्रथम संस्करण २०६७ वैसाख
- प्रतिभा शर्मा, 'लैङ्गिक अध्ययन-सिद्धान्त र व्यवहार, ...(Gender Studies-Principle and Theory) - उत्सव वुक्स प्रकाशन, पुतली सडक, काठमाडौ, संस्करण २००८ ।
- भोजेन्द्र अर्याल, लैङ्गिक अध्ययन (Gender Studies) (प्रश्नोत्तरको रूपमा), समाजशास्त्र प्रकाशन, काठमाडौं, संस्करण २०५९ ।
- विभिन्न मन्त्रालयहरूका कार्यक्रम र बजेटमा लैङ्गिक लेखाजोखा/विश्लेषण, अध्ययनहरूको निष्कर्ष तथा सुझावहरूको संकलन, नेपाल सरकार, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, UNIFEM, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, पहिलो पटक प्रकाशन, वि.स.. २०६४ ।
- सुशीला कार्की, लैङ्गिक समानता, पैरवी प्रकाशन, काठमाडौं, नेपाल, प्रथम संस्करण २०६८ ।
- सामाजिक तथ्याङ्क (Social Statistics) २०७३, नेपाल सरकार, राष्ट्रिय योजना आयोगको सचिवालय, केन्द्रीय तथ्याङ्क विभाग, रामशाहपथ, थापाथली, काठमाडौ, नेपाल
- हरिप्रसाद मैनाली, लैङ्गिक उत्तरदायी बजेट प्रणालीः अवधारणा र विकास, सशक्तीकरण (Empowerment), वर्ष ५, अङ्क २, पूर्णाङ्क ९, २०६३ असार, नेपाल सरकार, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, सिंहदरबार, काठमाडौं, पेज नं. १) ।
- सशक्तीकरण (Empowerment), वर्ष ५, अंक १, पूर्णाङ्क ८, २०६३, बैशाख, नेपाल सरकार, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

- ९६ औं अन्तरराष्ट्रिय नारी दिवस, मार्च ८, २००६, (फागुन २४ २०६२), नेपाल सरकार, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय ।
- शशी अधिकारी, संविधानसभा र महिलाको सहभागिता, न्यायदूत, वर्ष३७, पूर्णाङ्क १६२, अङ्क ४, असोज/कार्तिक २०६३, (त्रैमासिक), नेपाल बार एशोसियन, काठमाडौं, नेपाल ।
- गम्भीर बहादुर हाडा, नेपालमा महिला शिक्षाको महत्त्व र आवश्यकता -एक चर्चा, शिक्षा, आषाढ, वर्ष२०५७, वार्षिक शैक्षिक पत्रिका, नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।
- नेपालको शैक्षिक क्षेत्रमा लैङ्गिक असमानताः एक चर्चा, शैक्षिक उन्नयन, अर्धवार्षिक, वर्ष२, २०५६, पूर्णाङ्क ३, शैक्षिक प्रवर्द्धन केन्द्र, नेपाल, -सेडिन काठमाडौं, नेपाल ।
- मानव बेचबिखन नियन्त्रणका सन्दर्भमा सञ्चारकर्मीका लागि जानकारीमूलक पुस्तिका, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, सिंहदरबार, काठमाडौं, २०६४ ।
- महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, नेपाल सरकार, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, सिंहदरबार, काठमाडौं, प्रकाशन मिति २०६३ ।
- चेलीबेटी बेचबिखन नियन्त्रण सम्बन्धी कानुनी संस्थागत तथा नीतिगत व्यवस्था, नेपाल सरकार, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
- आरजु राणा देउवा, पिंकी सिंह राणा, साथी, महिला तथा बालिका विरुद्ध हुने हिंसाको मानसिक-सामाजिक प्रभावको बलात्कार, हाडनाता करणी र बहुविवाहमा केन्द्रित अध्ययनको निष्कर्ष तथा सुझावहरू, SNV Nepal ।
- डा.शिव शर्मा, नेपाली कृषि श्रमिक -स्थिति परिचय, राष्ट्रिय श्रम प्रतिष्ठान, नेपाल, २०५३ साल ।


❍❍❍

# अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र सशक्तीकरणमा मन्त्रालयको भूमिका

गणेश के.सी.*

## पृष्ठभूमि

नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको व्यक्तित्व विकासका लागि सुरु गरिएका कामको खोजी गर्दा सर्वप्रथम वि.सं २०२१ सालबाट कीर्तिपुरमा रहेको लेबोरेटोरी मा.वि.मा दृष्टिविहीन बालबालिकाहरूका पढाउने कार्यको थालनी भएको पाइन्छ । त्यसपछि लगत्तै वीर अस्पतालको नाक, कान, घाँटी विभागबाट केही बहिरा व्यक्तिहरूलाई साङ्केतिक भाषा सिकाउँदै अध्यापन गराउने कार्यको सुरुआत भएको पाइन्छ । यिनै कार्यलाई नेपालमा अपाङ्गता भएका व्यक्तिहरूका लागि भएका सुरुआती कार्य मान्न सकिन्छ ।

वि.सं. २०२६ सालमा अशक्त अपाङ्गता भएका व्यक्ति स्व.खगेन्द्र बहादुर बस्नेतको अगुवाइमा जोरपाटीमा नेपाल अपाङ्ग सङ्घ, खगेन्द्र नवजीवन केन्द्रको स्थापना गरी अपाङ्गता भएका व्यक्तिहरूलाई आवासीय सुविधासहित बस्ने व्यवस्था गरिनुलाई नेपालमा अपाङ्गताको क्षेत्रमा संस्थागत सुरुआत भएको मानिन्छ ।

"हाम्रो लागि हामी नै" भन्ने नाराका साथ संयुक्त राष्ट्रसङ्घले सन् १९८१ को डिसेम्बर ३ लाई "अन्तर्राष्ट्रिय अपाङ्ग दिवस" घोषणा गर्नु र अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी प्रामाणिक नियमहरू जारी गर्ने कार्यलाई अन्तर्राष्ट्रियरूपमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका लागि एउटा महत्त्वपूर्ण उपलब्धि मानिन्छ ।

## अपाङ्गताका क्षेत्रमा भएका कार्यहरू

नेपालमा पनि यिनै कुरालाई मध्येनजर गरी अपाङ्गता भएका व्यक्तिहरूको हक हित सुरक्षा गर्नका लागि अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्ग संरक्षण नियमावली, २०५१ जारी गरी अपाङ्गता भएका व्यक्तिहरूका लागि कानुनीरूपमै सेवा र सुविधा दिन थालिएको हो ।

वि.सं. २०४६ सालको राजनैतिक परिवर्तन र बहुदलीय व्यवस्थाको सुरुआत भएपश्चात् सङ्घसंस्था खोल्न पाउने अधिकारको सुनिश्चित भएपछि वि.सं. २०५० सालमा अपाङ्गताको क्षेत्रमा काम गर्ने केही संस्थाहरूको पहलमा राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालको गठन भएपश्चात् नेपालमा अपाङ्गताको क्षेत्रमा अधिकारमुखी अभियानको सुरुआत भएको हो । वि.सं. २०५२ साल असोज ६ गते महिला तथा समाजकल्याण मन्त्रालयको स्थापना भई अपाङ्गता भएका व्यक्तिहरूका लागि नीतिगत सबाललाई सम्बोधन गर्न विषयगत मन्त्रालय तोकिनु अपाङ्गता भएका व्यक्तिहरूले अभिभावकीय मन्त्रालय प्राप्त गर्नु थियो । नेपाल सरकारको कार्यविभाजन नियमावली, २०७४

** अपांगता अधिकारकर्मी।*

अनुसार हाल यस मन्त्रालयको नाम महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय रहेको छ । यस मन्त्रालयले अपाङ्गता विषयको अभिभावकिय भूमिका निर्वाह गर्दैआएको छ ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका लागि यस मन्त्रालयले नीतिगत व्यवस्था गर्नुका साथै कार्यक्रम तथा बजेटको विनियोजन गर्न र अपाङ्गताको क्षेत्रमा कार्यरत संस्थाहरूसँग सहकार्य गर्ने गरेको छ । अपाङ्ग अधिकार संरक्षण नियमावली, २०५१ ले गरेको व्यवस्थाअनुसार अपाङ्गतासम्बन्धी राष्ट्रिय समन्वय समिति गठन, अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरणको नीतिगत व्यवस्था गर्नु मन्त्रालयबाट भएका असल कार्यका थालनी हुन् । संयुक्त राष्ट्रसङ्घले जारी गरेर सदस्य राष्ट्रहरूलाई अनुमोदनका लागि खुला गरेको अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि, २००६ र स्वेच्छिक आलेख, २००६ नेपालको संसद्बाट अनुमोदन हुनु अपाङ्गता अधिकारको क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि हो । यसलाई अनुमोदन गराउन विषयगत मन्त्रालयबाट भएको पहल अत्यन्तै सराहनीय रहेको छ।

त्यसैगरी महासन्धिको भावना र मर्मलाई आत्मसात् गरी कल्याणकारी अवधारणामा जारी गरिएको २०३९ सालको अपाङ्ग संरक्षण तथा कल्याण ऐन र २०५१ को नियवमालीलाई समयसापेक्ष बनाउन पुनर्लेखन गरी २०७४ सालमा ऐन र २०७७ मा नियमावली जारी हुनु अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका क्षेत्रमा एउटा कोसेढुङ्गो साबित भएको छ । अपाङ्गतामैत्री वातावरण निर्माणमा योगदान गर्ने उद्देश्यले अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त भौतिक संरचना तथा सेवा सुविधा निर्देशिका, २०६९ जारी हुनु मन्त्रालयबाट भएको अर्को ठूलो उपलब्धि हो । अपाङ्गता भएका व्यक्तिहरूको सबाललाई राष्ट्रिय सबालका रूपमा उठाई उनीहरूको सर्वाङ्गीण विकास तथा समावेशीकरणका लागि मन्त्रालयले अपाङ्गतासम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना तयार गर्नु निकै सकारात्मक कार्य गरेको छ । यसलाई नेपाल सरकारबाट पारित गराई कार्यान्वयनमा लैजानु पर्ने जिम्मेवारी मन्त्रालयको रहेको छ ।

मन्त्रालयले अपाङ्गता भएका व्यक्तिहरूका अधिकार सुनिश्चित र सेवा तथा सुविधा प्राप्तिका लागि आफैले नीतिगत व्यवस्थाहरू गर्ने कार्य एकातिर रहेको छ भने अन्य मन्त्रालयबाट अपाङ्गताका विषयमा बन्ने शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, रोजगारलगायत अन्य नीतिगत व्यवस्थाहरूमा सहयोगी एवं समन्वयकारीको भूमिका निर्वाहसमेत गर्ने गरेको छ । अपाङ्गतासम्बन्धी सबालहरूलाई लिएर मन्त्रालय आफैले कार्यक्रमहरू निर्माण गरी बजेट विनियोजन पनि गरिरहेको छ । त्यसैगरी अपाङ्गताको क्षेत्रमा कार्यरत देशभर रहेका विभिन्न संस्थाहरूलाई बजेटबाट अनुदान रकम दिइ साझेदारीका कार्यक्रम सञ्चालन हुनु अपाङ्गताको अभियानमा मन्त्रालयको साथ, सहयोग र सहकार्य रहेको छ ।

## अपाङ्गताका क्षेत्रमा दातृ निकायको भूमिका

विदेशी दातृ निकायहरूको प्राथिमकतामा अपाङ्गताको क्षेत्र पर्न सकेको छैन । केही सीमित संस्थाहरूमात्रै दातृ निकायहरूको बजेट प्राप्त गर्न सफल भएका छन् । नेपालजस्तो अपाङ्गता अभियानको छोटो इतिहास भएको देशमा दातृ निकायहरूलाई ध्यानाकर्षण गराउन चुनौतीपूर्ण अवस्था रहेकोछ । अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूले सञ्चालन गरेका संस्थाहरूको क्षमता अभिवृद्धि हुन सकेको छैन । समाजमा रहेका विभिन्न अवरोधहरूका कारण, शारीरिक अवस्था, भैगोलिक अवस्था, गुणस्तरीय शिक्षा प्राप्त गर्न नसक्नु, प्रस्ताव लेखनमा प्रयोग हुने प्रायजसो अंग्रेजी भाषा तथा प्राविधिक पक्षको ज्ञानको कमी आदि जस्ता कारणले अपाङ्गता भएका व्यक्तिहरूबाट सञ्चालन भएका संस्थाहरूले दातृ निकायको बजेटमा पहुँच राख्न सकेका छैनन् ।

यस्तो अवस्थामा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट प्रदान गरिने अनुदान रकमले मोफसलमा रहेका संस्थाहरूको क्षमता एवं संस्थागत विकास, अपाङ्गता भएका व्यक्तिहरूको नेतृत्व विकास र अपाङ्गता अभियानको वृद्धिमा सहयोग पुर्‍याउने काम गरेको छ ।

## अपाङ्गताका क्षेत्रमा भएको संवैधानिक व्यवस्थाको कार्यान्वयन

नेपालको संविधान, २०७२ को मुख्य विशेषता भनेको समावेशी को र धारा ४१ (क) ले समाजमा रहेका सबै वर्ग र समुदायको राज्यका हरेक निकाय र तहमा प्रतिनिधित्व सुनिश्चित गरेको छ । तर, सरकारी कामकाज, बजेट, कार्यक्रम र सेवा तथा सुविधाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको अझै पनि पहुँच हुन सकेको छैन । अन्य मन्त्रालय र निकायहरूमा अपाङ्गताको सबाल उठ्दैन, यदि सबालहरू उठिहालेमा यो महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सबाल हो भनेर मन्त्रालयतिरै फर्काउने काम हुन्छ । यस्तो अवस्थामा मन्त्रालयको भूमिका अझ बढी देखिन्छ ।

## चुनौतीहरू

अन्य मन्त्रालयको तुलनामा बजेट कम हुनु, सरकारले संरक्षण र संवर्धन गर्नु पर्ने लक्षित वर्गको अधिक सङ्ख्या यस मन्त्रालयको कार्यक्षेत्रमा पर्नु, सामाजिक विकासमा सरकारको ध्यान कम हुनु, मन्त्रालयमा उपल्लो तहका कर्मचारीहरूको फेरिने क्रम धेरै हुनु, मन्त्रालयभित्रै पनि महिला, ज्येष्ठ नागरिक र बालबालिकाको तुलनामा अपाङ्गताको सबाल ओझेलमा पर्नु, अपाङ्गता विषय प्राविधिक हुनु, मन्त्रालयमा सरूवा भई आउने कर्मचारीहरूले यसमा बुझ्न र जान्न समय लाग्नु हालका चुनैतीहरू हुन् ।

## अबको बाटो

अबका दिनमा मन्त्रालयबाट सबालका आधारमा सबैभन्दा पछाडि रहेको र जोखिममा रहेका वर्ग र समुदायलाई प्राथमिकता दिने नीति अङ्गीकार गर्नु आवश्यक छ, सोहीअनुसार बजेट तथा कार्यक्रमहरू निर्माण गर्नु अहिलेको प्रमुख आवश्यकता हो । मन्त्रालयमा पदस्थापना भई वा सरुवा भै आउने कर्मचारी, नयाँ मन्त्री, सचिव र कर्मचारीहरूलाई जोखिममा रहेका वर्ग, समुदायका समस्या र अधिकारका बारेमा अभिमुखीकरणको आवश्यकता रहेको छ । लक्षित वर्ग र समुदायसँगको सहकार्यको दायरालाई फराकिलो बनाउनुका साथै हातेमालो गर्नु आवश्यक छ ।

नेपाल सङ्घीय संरचनामा गइसकेको अवस्थामा प्रदेशमा रहेका सरोकारवाला मन्त्रालयहरूलाई नीतिगत र कार्यक्रम तथा बजेटका कुराहरूमा सहजीकरण गर्नु र ती निकायहरूले बनाउने प्रदेशस्तरीय नीतिहरूमा अपाङ्गताको सबाललाई प्राथमिकतामा पार्न सुझावहरू दिनु अत्यन्त आवश्यक छ । प्रदेशको अधिकार क्षेत्रभित्रका विषयहरू जस्तै यातायात, सञ्चार, भौतिक पूर्वाधार, स्वास्थ्य, शिक्षा, रोजगार आदि विषयहरूमा अपाङ्गता समावेशी हुन नसकेको खण्डमा समावेशी नेपाल हुने कुरामा बाधा पुगेको मानिनेछ ।

नेपालको संविधानले स्थानीय तहलाई अपाङ्गता भएका व्यक्तिहरूलाई सेवा तथा सुविधा प्रदान गर्ने; परिचयपत्र वितरण गरी सामाजिक सुरक्षा रकम उपलब्ध गराउने; उनीहरूको तथ्याङ्क राख्ने र प्रोफाइल बनाउन, क्षमता अभिवृद्धि तथा सशक्तीकरण गर्ने; समुदायमै समावेशी शिक्षा र स्वास्थ्य सेवा उपलब्ध गराउने; सामुदायिक सहायता सेवा उपलब्ध गराउने र उनीहरूलाई आवश्यक पर्ने सहायक सामग्री तथा सहयोगीको व्यवस्था गर्ने लगायतका जिम्मेवारीहरू प्रदान गरेको छ ।

भर्खरै नयाँ संरचना भएको र सङ्घीयताको अभ्यास गर्दै गरेका स्थानीय तहहरूको प्राथमिकताका विषयहरू सडक,

बाटोलगायत भैतिक पूर्वाधारहरू मात्रै पर्ने गरेका छन । सामाजिक, संस्कृति र मानव विकासविना भैतिक विकास अपुरो हुन्छ भन्ने कुराको मनन स्थानीय निकायहरूलाई गराउन आवश्यक छ । स्थानीय तहहरू आफैमा स्वायत्त निकाय पनि भएको हुनाले उनीहरूले नीति नियम बनाउन पाउने र कार्यान्वयन गर्न पाउने अधिकार संविधानले दिएको छ । त्यस्ता निकायहरूले बनाउने नीति तथा नियमहरू, विकासका पूर्वाधारहरू, योजना तथा समितिहरूमा अपाङ्गताको सबाल छुट्ने गरेको धेरै पाइएको छ ।

सङ्घीय मन्त्रालयको नाताले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन, नियमावली र संयुक्त राष्ट्रसङ्घीय महासन्धि तथा अन्य अन्तर्राष्ट्रिय दस्तावेजहरूको कार्यान्वयनका लागि हरेक स्थानीय तहहरूलाई दिशानिर्देश गर्नु र पछाडि परेका वर्ग र समुदायका अधिकारका बारेमा सचेत गराउनु तथा आवश्यकताअनुसार बनाउनु पर्ने नीति नियमहरूको नमुना कानुन, कार्यविधि वा निर्देशिकाहरू बनाई सहजीकरण गर्नु पनि अर्को प्रमुख कार्य हुन आउँछ ।

अपाङ्गता भएका व्यक्तिहरूले अपाङ्गताकै कारण दृष्टिकोणजन्य समस्याहरू भोग्नु परेको छ, उनीहरूलाई गरिने विद्यमान दुर्व्यवहार र हतोत्साहित गरिने कार्यहरू अझै पनि उस्तै छन । मानवनिर्मित भैतिक संरचना अपाङ्गतामैत्री नहुँदा आर्थिक, सामाजिक सहभागितामा छुट्नु परेको अवस्था छ । आफ्नो समुदायमै समावेशी शिक्षा लिनबाट वञ्चित हुनु, उपयुक्त र अपाङ्गताको अनुकूल पाठ्यक्रम र पाठ्यपुस्तक प्राप्त नहुनु, शिक्षक तथा कर्मचारीहरूले अपाङ्गताको विषयमा जानकारी नराख्नु शिक्षा क्षेत्रका समस्याहरू हुन । सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा नपाउनु, समुदायस्तरमै अपाङ्गताको अवस्था अनुसार उपलब्ध हुनु पर्ने गुणस्तरीय स्वास्थ्य सामग्रीको अभाव, उपयुक्त र गुणस्तरीय सहायक सामग्रीको अभावमा घरभित्रै रहन बाध्य पारिनु विडम्बनापूर्ण कार्य हो । पूर्णअशक्त र अतिअशक्त अपाङ्गता, बौद्धिक अपाङ्गता र मनोसामाजिक अपाङ्गता भएका व्यक्ति सहयोगीको अभावमा पशुसरह व्यवहार भोग्नु जस्ता समस्याहरू आदि अझै पनि जिउँका तिउँ छन । ती समस्याहरूको समाधान गर्नु तीन तहका सरकारको जिम्मेवारी हो, यी समस्याहरूलाई समाधान गर्न नेतृत्वदायी भूमिका निभाउनु सङ्घीय तहमा रहेको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको दायित्व हो ।

## निष्कर्ष

अबका दिनमा मन्त्रालयले अपाङ्गताको विषयलाई राष्ट्रिय मुद्दाका रूपमा उठाइ सरकारको ध्यानाकर्षण गराउनु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीतिगत कुरा र दस्तावेजहरूको कार्यान्वयन गराउन आवश्यक छ । अन्तर्राष्ट्रिय दातृ तथा साझेदारी संस्थाहरूलाई अपाङ्गताको विषयलाई प्राथिमकतामा राखेर नीति तथा कार्यक्रम तय गर्न, नियमन गर्न आवश्यक छ । सहयोग र सहकार्यको सिद्धान्तअनुसार सबैभन्दा जोखिममा परेका वर्ग र समुदायहरू लक्षित वर्गको पहिलो हकदार पनि हुन् ।

अपाङ्गता भएका व्यक्तिहरूले सञ्चालन गरेका संस्थाहरू, अपाङ्गता भएका व्यक्तिहरूको विषयमा विज्ञता हासिल गरेका व्यक्तिहरू, अपाङ्गताको क्षेत्रमा काम गर्ने निकायहरूसँगको बलियो सहकार्य र सहयात्रा पनि त्यतिकै महत्त्वपूर्ण छ । सबैको सहयोग र हातेमालो भएमा मात्र अपाङ्गता भएका व्यक्तिहरूको चौतर्फी विकास सम्भव छ । यसबाट मन्त्रालयको लक्ष एवं समावेशी चरित्रको सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले अङ्गीकार गरेका कुराहरू कार्यान्वयन भएको हुनेछ ।

ооо

# अपाङ्‌गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को समीक्षात्मक टिप्पणी

श्याम सून्दर श्रेष्ठ/शिल्पा श्रेष्ठ*

## १. पृष्ठभूमि

नेपालको संविधानको धारा १८[1] मा समानताको हकमा सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन्, कोही कसैलाई पनि सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक अवस्था वा त्यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन भनी उल्लेख गरिएको छ ।

## २. अपाङ्‌गताको परिचय

अपाङ्गता भनेको शारीरिक वा मानसिकरूपमा अशक्तता हुनु हो । यस्तो अवस्था भएका व्यक्तिलाई निश्चित गतिविधिहरू (गतिविधि सीमितता) गर्न र वरपरको संसारसँग अन्तरक्रिया गर्न अझ गाह्रो बनाउँछ। असक्षमताहरू धेरै प्रकारका छन् । जस्तैः दृष्टि नभएको, आफै एक ठाउँबाट अर्को ठाउँमा जान वा सर्न नसक्ने, सोच्ने शक्ति नभएको, के गलत हो के सही हो छुट्टयाउन नसक्ने, सूक्ष्मशक्ति आदि । "अपाङ्गता भएका व्यक्ति" भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रियसम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता (फङ्सनल इम्पेरिमेन्ट) वा विद्यमान अवरोधका कारण अन्य व्यक्तिसरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनु पर्छ 'भनी अपाङ्गता भएको व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ ले परिभाषित गरेको छ । साथै "अपाङ्गता भएका असहाय व्यक्ति" भन्नाले आफ्नो सम्पत्ति नभएका, स्याहार सुसार गर्ने परिवारका सदस्य वा संरक्षक नभएका वा आफै रोजगार गरी जीवनयापन गर्न नसक्ने अपाङ्गता भएका व्यक्ति सम्झनु पर्छ' भनी अपाङ्गता भएको व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ ले परिभाषित गरेको छ ।

विश्व स्वास्थ्य संस्थाका अनुसार अपाङ्गताका तीनवटा आयाम छन्, ती हुन्ः

१. व्यक्तिको शारीरिक संरचना वा कार्य, वा मानसिक कार्यमा हानि; उदाहरणका लागि दृष्टि गुम्ने वा स्मरणशक्तिको कमी

२. गतिविधि सीमितता; जस्तै हेर्न, सुन्न, हिंड्न, वा समस्या समाधान गर्न कठिनाइ।

३. सामान्य दैनिक गतिविधिहरूमा सहभागिताका लागि प्रतिबन्ध; जस्तै काम गर्ने, सामाजिक कार्य र मनोरञ्जन गतिविधिहरूमा संलग्न हुने, र स्वास्थ्य हेरचाह र निवारक सेवाहरू प्राप्त गर्ने।

१ धारा १८, नेपालको संविधान

* *शिल्पा श्रेष्ठ समाजसेवीका रूपमा कार्यरत हुनुहुन्छ। श्यामसुन्दर श्रेष्ठ कानुनका विद्यार्थी हुनुहुन्छ।*

## ३. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को मूलभूत विषयबस्तु

सङ्घीय संसद्बाट पारित अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनमा १३ वटा परिच्छेद र ६३ वटा दफाहरू छन् । सामान्यतया यस ऐनको संरचनामा लामो नाम, प्रस्तावना, परिभाषा, अपाङ्गताको वर्गीकरण, परिचयपत्र तथा अभिलेख, अपाङ्गता भएका व्यक्तिको अधिकार, अपाङ्गता भएका महिला तथा बालबालिकाका थप अधिकार, अपाङ्गता भएका व्यक्तिको शिक्षा, सीप विकास तथा रोजगारी, स्वास्थ्य, पुनर्स्थापना, सामाजिक सुरक्षा तथा मनोरञ्जन, अपाङ्गता भएका व्यक्तिलाई सहुलियत र सुविधा, निर्देशन समिति तथा समन्वय समिति, अपाङ्गता भएका व्यक्तिप्रतिको दायित्व, अपाङ्गता भएका व्यक्तिको अधिकार तथा निजप्रतिको दायित्वको संरक्षण र प्रचलन, कसुर र सजाय र विविध शीर्षकअन्तर्गत व्यवस्थाहरू गरिएको छ । अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चित गर्न, सुरक्षा गर्न, उनीहरूप्रतिको दायित्व संरक्षण, पुनर्स्थापना गर्न, मनोरंजन साथै अभिलेख राख्ने जस्ता अधिकारहरू सुनिश्चित गर्नका लागि साथै आवश्यक कानुनी व्यवस्था गर्न यो ऐनको निर्माण र कार्यान्वयन गरिएको हो ।

हाल यस ऐन कार्यन्वयन भइसकेको अवस्थामा अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो हक आधिकारहरू र सेवा सुविधाबाट वञ्चित हुनु परेको अवस्थाबाट मुक्त हुने अपेक्षा गरिएको छ।

## ४. ऐनमा समावेश गरिएको प्रभावकारी प्रावधानहरू र समीक्षात्मक टिप्पणी

**अपाङ्गताको वर्गीकरण, परिचय तथा अभिलेख:**

यस कानुनमा अपाङ्गता भएका व्यक्तिहरूको सुनिश्चितताका लागि निम्नबमोजिम अपाङ्गताको वर्गीकरण गरिएको छ।

क) शारीरिक अङ्ग वा प्रणालीमा भएको समस्या तथा कठिनाइको आधारमा अपाङ्गता भएका व्यक्तिः

१. शारीरिक अपाङ्गताः स्नायु मासंपेशी र जोर्नी तथा हड्डीको बनावट एवम् सञ्चालनमा समस्या भएको कारणबाट कुनै व्यक्तिको अङ्गको सञ्चालन, प्रयोग र हिँडडुलमा समस्या (जस्तैः बाल पक्षघात (पोलियो), शारीरिक अङ्गविहीन, कुष्ठ प्रभाव, मासंपेशी विचलन (मस्कुलर डिस्ट्रोफी), जोर्नी र मेरुदण्डसम्बन्धी स्थायी समस्या, क्लवफीट पैंताला फर्केको, रिकेट्स (हड्डी सम्बन्धी समस्याका कारण उत्पन्न अशक्तता) तथा सोह्र बर्ष उमेर पुगेको व्यक्तिमा उमेरबमोजिम हुनुपर्ने औसत उचाइभन्दा ज्यादै कम उचाइ भएको व्यक्ति ।

२. दृष्टिसम्बन्धी अपाङ्गताः दृष्टिसम्बन्धी देहायको समस्याबाट कुनै व्यक्तिमा कुनै पनि वस्तुको आकृति, आकार, रूप र रङको ज्ञान नहुने,

- दृष्टिविहीनताः औषधी, शल्यचिकित्सा, चस्मा वा लेन्सको प्रयोगबाट पनि दुबै आँखाले हातको औंला दश फिटको दुरीबाट छुट्याउन नसक्ने वा स्नेलेन चार्टको पहिलो लाइनको अक्षर (३/६०) मा पढ्न नसक्ने व्यक्ति ।
- न्यूनदृष्टियुक्तः औषधी, शल्यचिकित्सा, चस्मा वा लेन्सको प्रयोगबाट पनि बीस फिटको दुरीबाट हातको औंला छुट्याउन नसक्ने वा स्नेलेन चार्टको चौथो लाइनको अक्षर (६/१८) मा पढ्न नसक्ने ।
- पूर्णदृष्टिविहीनः पूर्णरूपमा उज्यालो वा अँध्यारो छुट्याउन नसक्ने व्यक्ति ।

३. सुनाइसम्बन्धी अपाङ्गताः सुनाइका अङ्गको बनावट एवं स्वरको पहिचान, स्थान, उतारचढाव तथा

स्वरको मात्र र गुण छुट्याउन नसक्ने,

- बहिराः असी डेसिबलभन्दा माथिको ध्वनि सुन्न नसक्ने वा सञ्चारका लागि साङ्केतिक भाषा प्रयोग गर्नुपर्ने व्यक्ति ।
- सुस्तश्रवणः सुन्नलाई श्रवण यन्त्र राख्नुपर्ने वा पैसठ्ठीदेखि असी डेसिबलसम्मको ध्वनि सुन्न सक्ने व्यक्ति ।

४. श्रवण-दृष्टिविहीन अपाङ्गताः सुनाइसम्बन्धी र दृष्टिसम्बन्धी दुबै अपाङ्गता भएको वा दुईवटा इन्द्रियसम्बन्धी अपाङ्गताको संयुक्त अन्तरक्रिया रहेको व्यक्ति ।

५. स्वर र बोलाइसम्बन्धी अपाङ्गताः स्वर र बोलाइसम्बधी अङ्गमा उत्पन्न कार्यगत सीमितताका कारण तथा बोल्दा स्वर को उतार चढावमा कठिनाइ, बोली स्पष्ट नहुने, बोल्दा शब्द वा अक्षर दोहोर्‍याउने व्यक्ति ।

६. मानसिक वा मनोसामाजिक अपाङ्गताः मस्तिष्क र मानसिक अङ्गमा आएको समस्या तथा सचेतना, अभिमुखीकरण, स्फूर्ति, स्मरणशक्ति, भाषा, गणनाजस्ता बौद्धिक कार्य सम्पादनका सन्दर्भमा आउने समस्याको कारणले उमेर र परिस्थितिअनुसार व्यवहार गर्न समस्या हुने अवस्थाको व्यक्ति ।

७. बौद्धिक अपाङ्गताः उमेरको वृद्धिसँगै बौद्धिक सचेतनाको विकास हुन नसकी बौद्धिक विकास नभएका कारणले उमेर वा वातावरणसापेक्ष क्रियाकलाप गर्न समस्या हुने अवस्थाको व्यक्ति । (जस्तोः दौंस सिन्ड्रोम समेत)

८. अनुवंशीय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गताः अनुवंशीय असरका कारण रगतमा हुने फ्याक्टरमा विचलन आई रगत जम्ने कार्यमा समस्या उत्पन्न हुने शारीरिक अवस्थाको व्यक्ति ।

९. अटिज्म सम्बन्धी अपाङ्गताः जन्मजात नशा वा तन्तुको विकास र सोको कार्यमा आएको समस्या भएको व्यक्ति । (जस्तैः सञ्चार गर्न, सामान्य सामाजिक नियम बुझ्न र प्रयोग गर्न कठिनाइ हुने तथा उमेरको विकाससँगै सामान्य व्यवहार नदेखाउनु, अस्वाभाविक प्रतिक्रिया देखाउनु, एउटै क्रिया लगातार दोहोर्‍याइरहनु, अरूसँग घुलमिल नहुनु वा तीव्र प्रतिक्रिया गर्ने व्यक्ति)

१०. बहुअपाङ्गताः एउटै व्यक्तिमा माथि उल्लिखित दुई वा दुईभन्दा बढी प्रकारका अपाङ्गताको समस्या भएको व्यक्ति । (जस्तैः मस्तिष्क पक्षघात आदि)

ख. अशक्तताको गम्भीरताका आधारमा अपाङ्गताको वर्गीकरणः

१. पूर्ण अशक्त अपाङ्गताः आफ्नो दैनिक क्रियाकलाप सम्पादन गर्न निरन्तररूपमा अरूको सहयोग लिंदा पनि कठिनाइ हुने अवस्थाको व्यक्ति ।

२. अति अशक्त अपाङ्गताः वैयक्तिक क्रियाकलाप सम्पादन गर्न तथा सामाजिक क्रियाकलापमा संलग्न हुन निरन्तररूपमा अरूको सहयोग लिनुपर्ने अवस्थाको व्यक्ति ।

३. मध्यम अपाङ्गताः भौतिक सुविधा, वातावरणीय अवरोधको अन्त्य, शिक्षा वा तालिम भएमा अरूको सहयोग लिई वा नलिई नियमितरूपमा आफ्नो दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने अवस्थाको व्यक्ति ।

४. सामान्य अपाङ्गताः सामाजिक तथा वातावरणीय अवरोध नभएमा नियमितरूपमा आफ्नो दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने अवस्थाको व्यक्ति ।

अपाङ्गता भएका व्यक्तिहरूको आधिकारको रक्षा गरी, ती व्यक्तिहरूको अभिलेख संरक्षण र सुरक्षा, पुनर्स्थापना, सीप तथा रोजगारीको अवसरलगायत अन्य कुराहरूमा पहुँच सुनिश्चित गर्ने कुरा सराहनीय छ । माथि उल्लिखित अपाङ्गताको वर्गीकरणअनुरूप अनुशन्धान गरी व्यक्तिमा कस्तो प्रकारको अपाङ्गता छ प्रमाणित गरी अपाङ्गताको अभिलेख राखेर मात्र परिचयपत्र वितरण गराउनु पर्दछ । जसका कारण वास्तवमै अपाङ्गता भएको व्यक्तिले राहत, सुरक्षा, सेवा सुविधाबाट लाभ पाउन सक्दछन् । साथै समाजमा यस्ता विषय वस्तुहरू सुनिरहेका हुन्छौं र त्यस्ता पीडितको नाममा आफ्नो फाइदा लिनेजस्ता गतिबिधिलाई पर्दाफास र न्यून गर्नाका निम्ति मद्दत गर्दछ ।

प्रकृतिले सबैलाई एकै खालको बनाएको हुँदैन कोही भिन्न तरिकाले सक्षम हुने गर्दछ र त्यस्ता व्यक्तिहरूको हेरचाह गर्नु राष्ट्रको दायित्व हो । त्यसै कारणले गर्दा संरक्षण, सेवा सुविधा जस्ता कुराहरू उपलब्ध गराउनका निम्ति आफ्नो क्षेत्रको स्थानीय निकायमा राष्ट्रले तोकिदिएबमोजिम वार्षिकरूपमा विवरणसहित अभिलेख तयार गरी अद्यावधिक गर्नुपर्दछ ।

## अपाङ्गता भएका व्यक्तिको अधिकार

नेपालको संविधान, २०७२ को घारा १८ मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाच्न पाउने हक रहेको छ भनी उल्लेख गरिएको छ । त्यसैले यस ऐनअन्तर्गत अपाङ्गता भएको व्यक्तिले पनि अन्य व्यक्तिले सरह आफ्नो अधिकार उपभोग गर्न सक्छन् र अपाङ्गताका आधारमा कुनै भेदभाव गर्नु हुँदैन भनी उल्लेख गरिएको छ । जस्तै; शैक्षिक संस्थामा भर्ना गर्दा, बैंक तथा वित्तीय संस्थाबाट धितो राखी वा नराखी ऋण लिंदा वा कारोबार गर्दा रोजगारका लागि छनौट गर्दा वा सुविधा प्रदान गर्दा कुनै पनि प्रकारको भेदभावको गर्नु हुँदैन । घरबाहिर मात्र नभई आफ्नै परिवारमा पनि अपाङ्गता भएकै कारणले पालनपोषण, खानपान, हेरचार, सम्पत्ति बाँडफाँडजस्ता कुराहरूमा पूर्वाग्रह भई भेदभाव गर्नु हुँदैन । साथै सामुदायिक जीवनयापन गर्ने अधिकार दिनुपर्दछ ।

अपाङ्गता भएका व्यक्तिहरू साधारण मानिसहरूभन्दा अलिक फरक र भिन्न भएकाले उनीहरूलाई आफ्नो समान अधिकारको अनुभूति प्राप्त गर्न सहयोग चाहिने भएकाले कानुनअन्तर्गत संरक्षणको हक अधिकार उल्लेख गरिएको छ । जसमा यस्ता व्यक्तिहरूलाई परिवार, संरक्षक वा अन्य व्यक्तिबाट हुने हरेक किसिमका अमानवीय वा अपमानजनक व्यवहार, शारीरिक वा मानसिक हिंसा, लैङ्गिक हिंसा, घरेलु हिंसा, यौनजन्य दुर्व्यवहार र शोषणविरुद्ध सुरक्षा प्राप्त हुने अधिकार समावेश गरिएको छ । साथै यस्ता व्यक्तिहरूलाई सशस्त्र सङ्घर्ष, सङ्कटकाल वा विपत् परेको अवस्थामा प्राथमिकताका साथ सुरक्षा, उद्धार तथा संरक्षण पाउने कुरामा पनि जोड दिइएको छ ।

नेपाल सरकारले उक्त ऐनको दफा १० (३)[२] बमोजिम अपाङ्गता भएका व्यक्तिलाई लैङ्गिक हिंसालगायत सबै प्रकारका शोषण, हिंसा र दुर्व्यवहारबाट संरक्षण गर्नको लागि देहाय बमोजिम व्यवस्था गर्नेछः

- अपाङ्गता भएका व्यक्तिविरुद्ध भएका शोषण, हिंसा र दुर्व्यवहारजन्य, लैङ्गिक तथा यौनजन्य हिंसाका घटनाको जानकारी लिने तथा अभिलेख राखे, ।
- शोषण, हिंसा तथा घटनाका विरुद्धमा यस ऐन तथा प्रचलित कानुनबमोजिम प्रभावकारी कानुनी कारबाही गर्ने ।
- त्यस्ता घटनाबाट पीडितको तत्काल र प्रभावकारीरूपमा सुरक्षा, उद्धार, संरक्षण तथा पुनर्स्थापना गर्ने ।
- त्यस्ता घटना हुन नदिनका लागि उपर्युक्त व्यवस्था गर्ने,
- त्यस्तो घटनाविरुद्धमा सामुदायिकस्तरमा सचेतना तथा परामर्श कार्यक्रम सञ्चालन गर्ने ।

साथै अपाङ्गता भएका व्यक्तिहरूले पनि अन्य व्यक्तिहरू समान निर्वाचनमा उमेदवार हुन सक्छन् र स्वेच्छिकरूपमा,

---

२ दफा २ (ख), अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४

सहायता वा बिनासहयोग काम गर्न सक्छन्। अपाङ्गता भएका व्यक्तिहरूलाई असर पर्ने प्रकृतिका महत्त्वपूर्ण नीति निर्माण प्रक्रियाहरूमा स्वयं संलग्न हुन पाउने अधिकार छ । प्रचलित कानुनबमोजिम सङ्घ वा संस्था स्थापना गर्न, टेलिभजन कार्यक्रम, चलचित्र, नाटक, नाटक्यशाला, सिनेमा हल, पुस्तकालय, पर्यटकीय सेवा, कला, साहित्य, सङ्गीतलगायतका सांस्कृतिक कार्यक्रममा सहभागी हुन, सञ्चालन र व्यवस्थाप गर्न अधिकार दिइएको छ ।

उनीहरूलाई आफ्नो सिर्जनशील, कलात्मक, बौद्धिक, व्यावसायिक, प्राविधिक र आन्तरिक क्षमताको विकास र उपयोग गर्न, साङ्केतिक भाषा, बहिरा संस्कृतिलगायत विशिष्ट सांस्कृतिक तथा भाषिक पहिचानको मान्यता र समर्थन गर्ने अधिकार हुनेछ । साथै उनीहरूलाई शैक्षिक संस्था, आवास, कार्यस्थल, भवन, सडक, यातायात र विद्युतीय सञ्चार सेवालगायत सर्वसाधारणलाई खुला भएका वा प्रदान गरिएका अन्य सेवा र सुविधाहरूमा सहज पहुँच साथै न्यायमा पहुँचको समेत अधिकार रहेको छ ।

अपाङ्गता भएका व्यक्तिहरूलाई सरकारले अपाङ्गताको वर्गीकरणको आधारमा तोकिएबमोजिमको आर्थिक सहयोग वा सामाजिक सुरक्षा भत्ता प्रदान गर्न सक्छ । यसका साथै सार्वजनिक सञ्चारका माध्यमबाट अपाङ्गमैत्री तथा पहुँच योग्यको आधारमा सूचना तथा जानकारीसमेत प्राप्त गर्ने र अरू व्यक्तिसरह आफ्ना सहायक सामग्री तथा आफूले रोजेको सहयोगीका साथ आवतजावत गर्ने अधिकार रहनेकुरा उल्लेख गरिएको छ।

## अपाङ्गता भएका महिला तथा बालबालिकाको थप अधिकार

नेपालको कानुनले अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष अधिकारहरू प्रदान गरेको छ र उक्त कानुनले अपाङ्गता भएका महिला तथा बालबालिकाहरूलाई थप अधिकार प्रदान गरेको छ । अपाङ्गता भएका महिलाहरूको संरक्षण र उनीहरूको ज्ञान, सीप, र क्षमताको उच्चतम उपयोग गर्नका लागि उपयुक्त वातावरण सिर्जना गरी तोकिएबमोजिम आवश्यक व्यवस्था मिलाउनुपर्छ । महिलाहरूको उक्त विशेष अवस्थालाई ध्यानमा राखी उनीहरूको स्वास्थ्य तथा प्रजनन अधिकारको संरक्षण गरेको छ । साथै अपाङ्गता भएका बालबालिकालाई आफ्नो मान, प्रतिष्ठा सुनिश्चित गर्ने, आत्मनिर्भरता प्रवर्धन गर्ने, समाजमा सक्रियरूपमा सहभागी हुने तथा सम्मानजनक तवरले जीवन व्यतीत गर्ने अधिकारहरू सुनिश्चित गरेको छ । यस्ता बालबालिकाहरूलाई समाजमा घुलमिल हुन तथा आफ्नो व्यक्तिगत विकासका लागि शिक्षा, तालिम, स्वास्थ्य, स्याहार सेवा, पुनर्स्थापना सेवा, रोजगारीको तयारी तथा मनोरञ्जनको अवसर प्राप्त गर्नेछ । उनीहरूले अन्य बालबालिकासरह आफूलाई प्रभाव पर्ने विषयमा आफ्नो धारणा व्यक्त गर्ने र विशेष कारणहरू नभएसम्म निज बालबालिकाहरूलाई घर परिवारबाट अलग राख्न पाउने छैन ।

## अपाङ्गता भएका व्यक्तिको शिक्षा

नेपालको संविधान २०७२ को धारा ३१[३] मा शिक्षा सम्बन्धी हक भनी उल्लेख गरिएको छ, जसमा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ कुरा गरिएको छ । तर सोही धारा ३१ को उपधारा ३ ले भने, अपाङ्गता भएका र आर्थिकरूपमा विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ भनी उल्लेख गरिएको छ । साथै उपधारा ४[४] मा दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ । यहि मौलिक हकको सुनिश्चित गरी अपाङ्गता भएका व्यक्तिहरूको अधिकार कार्यान्वयन गर्न शिक्षाको अधिकारको स्थापना र कार्यान्वयन लागु गरिएको हो ।

३ दफा २ (क), पूर्ववत्

४ विश्व स्वास्थ्य संस्थाः असक्षमता र स्वास्थ्य अवलोकन, अपाङ्गता भनेको के हो?, https://www.cdc.gov/ncbddd/disabilityandhealth/disability.html हेरिएको मिति २०७८/११/१०

यसअन्तर्गत अपाङ्गता भएका व्यक्तिहरूलाई नेपाल सरकार वा स्थानीय तहबाट सञ्चालन वा नेपालबाट अनुदान प्राप्त शैक्षिक संस्थाद्वारा निःशुल्क रूपमा उच्च शिक्षा उपलब्ध गराउने, र तोकिए बमोजिम व्यावसायिक तथा प्राविधिक शिक्षा निःशुल्क रूपमा उपलब्ध गराइने भनी उल्लेख गरिएको छ । साथै शिक्षण संस्थाले शैक्षिक सामग्री वितरण गर्दा भेदभाव नगर्ने, शिक्षा हासिल गर्न आवश्यकताबमोजिम ब्रेल वा वैकल्पिक साङ्केतिक भाषा, सूचना प्रविधिको प्रयोग, एकभन्दा बढी माध्यमबाट शिक्षा प्रदान गर्ने र दृष्टिविहीन, बहिरा, सुस्तश्रवण तथा श्रवण दृष्टिविहीन जस्ता व्यक्तिलाई उपयुक्त भाषा तरिका, लिपि, पाठ्यक्रम, पाठ्यपुस्तक, लगायतका पहुचयुक्त सूचना प्रविधिको माध्यमबाट तोकिएबमोजिम शिक्षा प्रदान गर्नु पर्ने भनी उल्लेख गरिएको छ । परिस्थिति हेरेर आवासको सुविधा, अपाङ्गताको वर्गीकरणअनुसार विद्यार्थीको परीक्षा तथा मूल्याङ्कन प्रणालीमा छुट्टै व्यवस्था, अपाङ्गमैत्री शैक्षिक सामग्रीको व्यवस्था, निर्धारित मापदण्डअनुसार विद्यालय भवन तथा अन्य भौतिक संरचनाको निर्माण साथै निःशुल्क अध्ययनको सुविधा उपलब्ध गराउने कुरा समावेश गरिएको छ । माथि उल्लेख भएबाहेक निःशुल्क नगरेको शिक्षाको लागि नेपाल सरकारले शैक्षिक छात्रवृत्ति उपलब्ध गर्नेछ भने सरकारले नै यस्ता व्यक्तिहरूको अध्ययनलाई निरन्तरता र प्रवर्धन गर्ने व्यवस्था मिलाउने गर्दछ ।

## सीप विकास तथा रोजगारी

यस ऐनको परिच्छेद-६ ले अपाङ्गता भएका व्यक्तिहरूका लागि भनेर सीप विकास तथा रोजगारीको समेत सुनिश्चित गरेको छ । राष्ट्रको मुख्य काम भनेकै नागरिकको हितका लागि काम गर्ने, हित हुने वातावारण सिर्जना गर्नेलगायतका कुरा हुन् । जसमध्ये अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण गर्नु र सेवा सुविधा उपलब्ध गराउने मुख्य दायित्व रहेको छ । साथै अपाङ्गता भएका व्यक्तिको सीप अभिवृद्धि गरी व्यावसायिकता विकास तथा स्वरोजगारको अवस्था सिर्जना गर्न, व्यावसायिक तालिम उपलब्ध गराउनु पर्छ । अपाङ्गता भएका व्यक्तिसँग रहेको सीप र क्षमताको आधारमा रोजगारीको व्यवस्था गर्नुपर्छ तर शारीरिक बनावटकै आधारमा बढुवाको अवसरबाट वञ्चित गर्नु हुँदैन । अपाङ्गता भएका व्यक्तिलाई व्यवसायका लागि निजले तयार गरेको प्रस्तावका आधारमा तोकिएबमोजिम सहुलियत दरमा ऋण प्रदान गर्ने र भेदभाव नगरी रोजगारको अवसर सिर्जना गरी सहजीकरण गर्नु पर्दछ । यदि कुनै सङ्घ संस्थामा अपाङ्गता भएका व्यक्तिको शारीरिक क्षमता, तालिम, योग्यता र अनुभवका आधारमा उपयुक्त हुने काम भएसम्म अपाङ्गता भएका व्यक्तिलाई नियुक्त गर्ने वा प्राथमिकता दिन सक्ने कुरालाई व्याख्या गर्दछ । यसो गर्दा सङ्घ संस्थाले आफ्नो प्रतिष्ठानमा कार्यरत अपाङ्गता भएका व्यक्तिहरूका साथै उनीहरूलाई प्रदान गरिने सेवा सुविधाहरूको समेत अभिलेख राख्नु पर्नेछ । तर त्यस्तो सुविधा प्राप्त नगरेको वा अपाङ्गता भएका व्यक्तिहरू मर्कामा परेको खण्डमा त्यस्तो सङ्घ संस्थाको व्यवस्थापक समक्ष उजुरी गर्न सकिनेछ ।

## स्वास्थ्य, पुनस्स्थापना, सामाजिक सुरक्षा तथा मनोरञ्जन

कानुनबमोजिम तोकिएको आम्दानीभन्दा कम वार्षिक आम्दानी भएका वा तोकिएका रोगको उपचारका लागि सरकारी अस्पतालमा भर्ना भएका अपाङ्गता भएका व्यक्तिलाई निःशुल्क स्वास्थ्य तथा स्पीच थेरापी, अकोपेशनल थेरापीलगायतका अवश्यक थेरापी सेवा उपलब्ध गराउनु पर्नेछ । अपाङ्गता भएका कारणले खानुपर्ने औषधी तथा अनुवंशीय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने फ्याक्टर तोकिएको आधारमा निःशुल्क उपलब्ध गराउनु पर्दछ ।

यसका साथै सरकारी वा निजी क्षेत्रबाट सञ्चालित पच्चीस शय्या (खाट) भन्दा बढि शय्या भएका अस्पतालमा कम्तीमा दुई शय्या अपाङ्गता भएका व्यक्तिलाई सुरक्षित गर्नु पर्दछ ।

नेपाल सरकारले पूर्णआशक्त, अतिअशक्त, सहाराविहीन वा बौद्धिक अपाङ्गता भएका र मानसिक वा मनोसामाजिक अपाङ्गता व्यक्तिलाई पुनर्स्थापना गर्नु पर्दछ। 'यस्ता व्यक्तिलाई उपयुक्त आवासको व्यवस्था गर्न तथा सशक्तीकरण गरी समाजमा पुनर्स्थापना गर्ने प्रयोजनका लागि नेपाल सरकारले आवश्यकतानुसार पुनर्स्थापना केन्द्र स्थापना र सञ्चालन गर्नुका साथै उक्त केन्द्र सञ्चालनका लागि पुनर्स्थापना कोष' स्थापना गर्दछ र कोषमा देहायका रकमहरू रहनेछन्:

- नेपाल सरकारबाट प्राप्त रकम;
- प्रदेश सरकारबाट प्राप्त रकम;
- व्यक्ति वा संस्थाबाट सहयोग स्वरूपमा प्राप्त रकम;
- विदेशी व्यक्ति, सङ्घ वा संस्थाबाट प्राप्त रकम र
- स्थानीय तहबाट प्राप्त रकम ।

अपाङ्गता भएका व्यक्तिको सशक्तीकरण र सेवा सुविधामा पहुँच अभिवृद्धि गर्न तथा अपाङ्गमैत्री सेवा सुविधा र प्रविधिको विकासको लागि आवश्यक अनुसन्धान गर्दछ ।[५] अपाङ्गता भएका व्यक्तिहरूलाई समाजमा स्वतन्त्र र स्वावलम्बनपूर्वक जीवनयापन गर्न सक्ने गरी सक्षम बनाउन अपाङ्गता भएका व्यक्तिको योगदान रहने गरी वा तोकिएको अवस्थामा निःशुल्करूपमा समाजिक सुरक्षा 'कार्यक्रम कार्यन्वयनमा ल्याएको छ । साथै यस्ता व्यक्तिलाई अन्य व्यक्तिसरह मनोरन्जन' तथा सांस्कृतिक अधिकार हुनेछ । मानसिक वा मनोसामाजिक (साइको-सोसियल)[६] अपाङ्गता भएका व्यक्तिहरूलाई सामुदायिक अस्पताल वा स्वास्थ्य केन्द्रमा राखी उपचार गर्ने व्यवस्था मिलाउनेछ र आवश्यक पर्ने औषधी र परामर्श सेवा निःशुल्क उपलब्ध गराउँदछ भने उपचार वा संरक्षणको नाममा कारागारमा राख्न भने पाइँदैन ।

## अपाङ्गता भएका व्यक्तिलाई सहुलियत र सुविधा

नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई कृषि र स्वरोजगारमूलक व्यवसाय वा उद्यमशीलताका लागि अनुदान वा सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउने व्यवस्था गर्दछ । अपाङ्गता भएका व्यक्तिलाई बस, रेल हवाईजहाज जस्ता सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा यात्रु भाडामा पचास प्रतिशत छुट हुने र उनीहरूले प्रयोग गर्ने सहायक साधन, उपकरण वा औजार, अपाङ्गमैत्री सवारी साधन तथा अपाङ्गता भएका व्यक्तिको शिक्षा, तालिम वा स्वरोजगारका लागि प्रयोग हुने मालसामान, यन्त्र, पाटपुर्जा तथा कच्चा पदार्थमा समेत प्रचलित कानुनबमोजिम भन्सार, अन्तःशुल्क, स्थानीय कर वा अन्य दस्तुर सम्पूर्ण वा आंशिकरूपमा छुट दिन सक्नेछ ।

अपाङ्गता भएका व्यक्तिलाई रोजगारी वा तालिम दिने उद्देश्यले स्थापना भएका वा तोकिएको भन्दा बढी सङ्ख्यामा अपाङ्गता भएका व्यक्तिलाई रोजगारी दिने प्रतिष्ठानलाई नेपाल सरकारले विशेष सहुलियत दरमा ऋण उपलब्ध गराउन सक्नेछ । प्रचलित कानुनबमोजिम कर छुट दिन वा अपाङ्गता भएका व्यक्तिलाई कार्यस्थलमा सुरक्षाका लागि आवश्यक पर्ने उपकरण आयात गर्दा, कच्चा पदार्थ उपलब्ध गराउँदा वा बजार व्यवस्थापन कार्यका लागि छुट तथा सहुलियत प्रदान गर्न सक्नेछ ।

## निर्देशन समिति तथा समन्वय समिति

अपाङ्गता भएका व्यक्तिको अधिकार, सेवा सुविधा र संरक्षणसम्बन्धी कार्यहरूको समन्वय, सुपरिवेक्षण, प्रवर्धन गर्ने तथा सोसम्बन्धी काममा निर्देशन दिने एक अपाङ्गता राष्ट्रिय निर्देशन समिति रहनेछ, जसमा अध्यक्ष, उपाध्यक्ष र

५ धारा ३१(४), नेपालको संविधान
६ दफा ३०, पूर्ववत्

सदस्यहरू गरी जम्मा २२ जनाको पदाधिकारी हुनेछ । यो समितिको काम, कर्तब्य र अधिकारहरू निम्न छन्:[७]

१. अपाङ्गतासम्बन्धी दीर्घकालीन नीति तर्जुमा गर्न नेपाल सरकारलाई सिफारिस गर्ने;

२. नेपाल सरकारबाट स्वीकृत नीतिको अधीनमा रही अपाङ्गतासम्बन्धी योजना तथा कार्यक्रम बनाई लागु गर्ने;

३. अपाङ्गता भएका व्यक्तिको अधिकार, सेवा सुविधा र अवसरको उपभोग, संरक्षण र प्रवर्धन गरी अपाङ्गता भएका व्यक्तिलाई बिना भेदभाव मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको पूर्ण उपयोग गर्न उपयुक्त उपाय अवलम्बन गर्ने, गराउने;

४. अपाङ्गतासम्बन्धी काम कारबाहीमा विभिन्न सरकारी निकाय वा गैरसरकारी संस्थाहरूबीच समन्वय गर्ने;

५. अपाङ्गता सम्बन्धी प्रचलित कानुनमा आवश्यक सुधार गर्नु पर्ने भएमा नेपाल सरकारलाई सुझाव दिने;

६. अपाङ्गता भएका व्यक्तिको सेवा सुविधाका लागि प्रयोग हुने उपकरण वा वस्तुको नवीनतम प्रविधिको अनुसन्धान गराई थप सुधार तथा विकास गर्न तथा यस क्षेत्रमा त्यस्ता उपकरणको उपलब्धता र प्रयोगलाई प्रवर्धन गर्ने, गराउने;

७. अपाङ्गता भएका व्यक्तिको अधिकारका विषयमा विभिन्न निकायको भूमिकाका बारेमा सम्बन्धित व्यक्ति तथा कर्मचारीलाई प्रशिक्षण प्रदान गर्ने, गराउने;

८. अपाङ्गता हुन सक्ने अवस्था, त्यसको रोकथामका लागि अपनाउनु पर्ने सजगता तथा अपाङ्गता भएका व्यक्तिका अधिकारको सम्मानका लागि गर्नुपर्ने व्यवहार र सहयोगका बारेमा जनचेतना अभिवृद्धि गर्ने, गराउने;

९. बहिरा तथा श्रवण दृष्टिविहीन अपाङ्गता भएका व्यक्तिका लागि दोभाषेको सेवा उपलब्ध गराउने, नेपाली साङ्केतिक भाषाको अनुसन्धान, विकास र प्रवर्धन गर्ने तथा त्यसका लागि आवश्यक शब्दकोश र स्पर्शसञ्चारको विकास गर्ने, गराउने;

१०. भौतिक संरचनालाई अपाङ्गता भएका व्यक्तिको पहुँचयुक्त तुल्याउन आवश्यक नीति स्वीकृति गर्ने;

११. अस्पताल, खेल मैदान, सडक, सार्वजनिक यातायातका साधन, सडक, शौचालय, बसपार्क, पार्कलगायतका सार्वजनिकस्थलमा अपाङ्गता भएका व्यक्तिको पहुँचलाई सहज तुल्याउन समयावधि निर्धारण गरी आवश्यक कार्यक्रम बनाई लागु गर्ने;

१२. अपाङ्गता भएका व्यक्तिहरूको हकहित, प्रवर्धन तथा अधिकारको संरक्षण र सेवा सुविधाका लागि काम गर्ने संस्थाको कार्यमा सहयोग गर्ने तथा त्यस्ता संस्थासँग सहकार्य गर्ने;

१३. अपाङ्गता भएका व्यक्तिका लागि सञ्चालित विभिन्न कार्यक्रमको अनुगमन, सुपरिवेक्षण र मूल्याङ्कन गर्ने;

१४. अपाङ्गता सम्बन्धमा अध्ययन, अनुसन्धान, सूचना सङ्कलन, प्रशोधन र प्रकाशन गर्ने, गराउने;

१५. अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय महासन्धिका प्रावधानहरू कार्यान्वयन गर्न सम्बन्धित निकायका कार्यक्रममा उपयुक्त व्यवस्था समावेश गर्न लगाउने;

१६. अपाङ्गता भएका व्यक्तिको हक, हित वा अधिकार विपरीत कुनै काम कारबाही कसैद्वारा भएगरेको पाइएमा आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने;

१७. अपाङ्गताका सम्बन्धमा नेपाल सरकारले अन्तर्राष्ट्रियस्तरमा व्यक्त गरेका प्रतिबद्धता कार्यान्वयन गर्न उपयुक्त नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने, गराउने र

---

७ दफा ३१, पूर्ववत्

१८. तोकिएबमोजिमका अन्य कार्य गर्ने, गराउने ।

अपाङ्गता भएका व्यक्तिहरूको हकहित संरक्षणसम्बन्धी 'विषयमा समन्वय गर्ने काम समेतको लागि प्रत्येक गाउँपालिका र नगरपालिकामा स्थानीय समन्वय समिति हुनेछ जसमा संयोजक र सदस्यहरू गरी ९ जना पदाधिकारीहरू हुनेछन् । यो समतिको काम, कर्तव्य र अधिकार' देहायबमोजम हुनेछः

१. अपाङ्गता भएका व्यक्तिको हकहित तथा संरक्षणको विषयमा स्थानीयस्तरमा काम गर्ने विभिन्न निकाय, सङ्घ वा संस्थासँग समन्वय गरी विभिन्न कार्यक्रम सञ्चालन गर्ने तथा त्यस्तो काम सञ्चालन गर्न कुनै निकायलाई निर्देशन दिने;

२. अपाङ्गताको वर्गीकरण स्पष्ट नभएका र अपाङ्गता भए नभएको सम्बन्धमा द्विविधा भएका व्यक्तिको निवेदन उपर जाँचबुझ गरी परिचयपत्र प्रदान गर्न स्थानीय तहलाई सिफारिस गर्ने;

३. स्थानीय तहभित्र अस्पताल, विद्यालय लगायत अन्य सरकारी तथा सार्वजनिक भौतिक संरचना तथा स्थलमा अपाङ्गता भएका व्यक्तिको पहुँच सहज गराउन अपाङ्गमैत्री संरचना विकास वा निर्माण गर्ने, गराउने;

४. स्थानीय तहभित्र रहेका अपाङ्गता भएका व्यक्तिको अभिलेख सङ्कलन तथा अद्यावधिक गर्न लगाउने;

५. अपाङ्गता भएका व्यक्तिका सम्बन्धमा स्थानीय तहमा सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने र

६. तोकिएबमोजिमका अन्य काम गर्ने ।

## अपाङ्गता भएका व्यक्तिप्रतिको दायित्व

अपाङ्गता भएका व्यक्तिको अधिकार सुनिश्चित गरी कार्यान्वयन गर्ने, गराउने दायित्व नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहमा निहित[८] हुनेछ । शिक्षण संस्थाले शिक्षासम्बन्धी व्यवस्था प्रभावकारीरूपमा कार्यान्वयन गर्नेछ । यस ऐनमा परिवारका सदस्य वा संरक्षणको दायित्व र चिकित्सकको दायित्व[९] बारे सप्रेषण गरिएको छ भने वर्गीकारणको आधारमा सेवा, सुविधामा अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकता दिने कुरालाई मूलभूत कुराकारूपमा राखिएको छ ।

## अपाङ्गता भएका व्यक्तिको अधिकार तथा निजप्रतिको दायित्वको संरक्षण र प्रचलन

कुनै पनि व्यक्तिको अधिकार हनन भएको खण्डमा आफ्नो हकहित सुनिश्चित गर्नका लागि सम्बन्धित निकायमा उजुरी, निवेदन दिन पाउने 'कानुनी प्रावधान रहेको छ । यस ऐनमा यदि अपाङ्गता भएका व्यक्तिहरूको केही कानुनत हिसाबले सुनिश्चित गरिएको हक अधिकार हनन भएको अवस्थामा पीडित स्वयंले आफ्नो हकहितका लागि निवेदन दिन सक्ने उल्लेख गरिएको छ । साथै आफ्नो हकहित प्राप्त गर्नका लागि सम्बन्धित जिल्ला अदालतमा निवेदन दिन सकिने' कुरालाई कानुनमा उल्लेख गरिएको छ ।

## कसुर र सजाय

कानुनले गर भनेको कुरालाई गर्नु र कानुनले नगर भनेको कुरालाई नगर्नु कानुनीरूपमा आफूलाई ढाल्नु हो । यदि कसैले कानुनको विपरीत कार्य गरेको अवस्था छ र उक्त कार्य अपराध ठहरिन्छ भने कुन कानुनले

---

८ दफा ४२, पूर्ववत्

९ दफा ४३, पूर्ववत्

निर्धारण गरेको सजाय भोग्ने वा मान्ने साथै सोहीअनुरूप परिचालन गर्नु कानुनन कुरा हो । यसै क्रममा यस ऐनमा पनि कसुर र सजायको कुरालाई महत्त्व दिई उल्लेख गरिएको छ । जसमा अपाङ्गता भएका व्यक्तिहरूलाई कुनै प्रकारको घृणा, हेला वा तिरस्कार गर्न नहुने, जानी जानी निजको आत्मसम्मानमा चोट पुग्ने कार्य गर्न नहुने, उनीहरूले प्रयोग गर्ने स्रोत साधनमा हस्तक्षेप गर्न, खोस्न, वा बिगार्न नहुने साथै यस्ता व्यक्तिलाई भिक्षा माग्न समेत लगाउन नहुने भनी उल्लेख गरिएको छ । यदि कोही कसैले यस्तो कार्य गरेको थाहा पाएमा तीन महिनादेखि नौ महिनासम्म कैद वा तीस हजारदेखि नब्बे हजार रूपियाँसम्म जरिवाना सजाय हुन सक्नेछ भने भिक्षाको हकमा पचास प्रतिशत थप गरी सजाय गरिने प्रावधान उल्लेख गरिएको छ । यसको हदम्याद भनेको भएगरेको मितिले तीन महिनाभित्र उजुरी गरिसक्नु पर्नेछ; जसमा नेपाल सरकार वादी रहने छ ।

## विविध

अपाङ्गता भएका व्यक्तिहरूको हकहित संरक्षण गर्नका लागि कर्मचारी संरक्षण अधिकृत तोकिनेछ भने कानुनमा उल्लिखित कुराहरूको कार्यान्वय गर्न र संरक्षण गर्न मन्त्रालयले नै घुम्ती सेवा को सुविधा उपलब्ध गराउँदछ । कुनै कानुन बनाउने संशोधन गर्ने जस्ता कुराहरूमा नेपाल सरकार नै तदारुकताका साथ अगाडि बढी नीति नियमहरू निर्माण गर्ने गराउन सक्नेछ । साथै अनुसूचीमा[१०] उल्लिखित कुराहरू समसामयिकरूपमा हेरफेर गर्न सक्ने प्रावधान समेत राखिएको छ । यसै ऐनबाट अपाङ्गता संरक्षण तथा कल्याण ऐन, २०३९ खारेज भई उक्त ऐन अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ लागु गरेको छ ।

## ५. निस्कर्ष

कानुन निर्माण गर्दा सामान्यतः समाजमा भइरहेको व्यवस्थालाई नियन्त्रणमा ल्याउन वा सही मार्गमा ल्याउन वा व्यवस्थित गर्ने मूलभूत उद्देश्यले निर्माण गर्दछ । अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ अपाङ्गता भएका व्यक्तिको अधिकारका कुराहरूलाई सुनिश्चित गर्ने उद्देश्यका साथ निर्माण गरी लागु गरिएको हो । जन्मपूर्व देखि जन्मपश्चात् हुने यस्तो अपाङ्गताका कुराहरू बुझ्नु र बुझाउनु अनि आफ्नो अधिकार आफैले सुनिश्चित गर्न यो ऐन एक ठूलो कडी हो । अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण गर्नका लागि उत्पन्न हुन सक्ने सम्पूर्ण समस्या, भेदभावलगायतका कुरालाई उन्मूलन गरी सामान्य व्यक्ति जसरी अपाङ्गता भएका व्यक्तिले पनि सामान्य जीवनयापन गर्न पाउने उद्देश्यले कानुनको मध्यमबाट दुरुस्त सम्बोधन गर्नका लागि बनेको यो ऐन नेपालको एउटा उत्कृष्ट दस्तावेजको रूपमा लिन सकिन्छ ।

अपाङ्गता भएका व्यक्तिहरूलाई पनि समाजमा सामान्य मानिससरह सम्मान गरुन्, अधिकार दिउन् र सबैलाई समानरूपले हेरुन् भन्ने उद्देश्यले प्रस् रूपमा परिभाषित गर्नुका साथै कसुर र कसुरदारलाई समेत सजायको व्यवस्था गरेकाले राज्यले यस विषयलाई गम्भीररूपमा लिएको भन्ने बुझ्न सकिन्छ । यो ऐ लागु भएपछि अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, स्थानीय तहले गरेको बर्गीकरणअनुसारको परिचयपत्र र प्रदान गरिएको सामाजिक सुरक्षा भत्ताले यस्ता व्यक्तिहरूको संरक्षण भइरहेको र राष्ट्र र राज्यले अपाङ्गता भएका व्यक्तिहरूको पूर्णरूपमा चासो लिइरहेको भन्ने कुरा पुष्टि हुन्छ ।

OOO

१० दफा ४५(१), पूर्ववत्

# Elderly Person's vulnerability to crime victimization: Context of Nepal

**Ms. Laxmi Bakhadyo**

## Abstract

*People who had attained that age of 60 are categorized as elderly person as per Nepalese legislation. Literature reveals that crime victimization of elderly person is not new arena of study. Different theories have been developed in relation to elderly abuse and victimization. Data also shows the presence of elderly victimization. There are ample of laws relating to rights enhancement of elderly person, there is separate law for the protection of victims of crime as well but since elderly are different from that of adult, there should be separate legal mechanism to address it. One thing, which is to be kept in mind is Elderly Person's vulnerability to crime victimization.*

***Key words***

Elderly people, crime, victimization, elderly abuse

## 1. Introduction

Whenever we are concerned with victimization and criminality, major focus is given to adults. Numerous researches could be found on adult criminals and juvenile delinquents. In the same way, researchers are found to be focused on the adult victims and minor victims of different crimes. Whereas, victimization of senior people above the age of 60 is also a matter of major concern. Moreover, when comparing the criminological research on "elderly age" to that of exploring others factors like gender, geography, ethnicity etc. one might think that old age as a variable is seen as of secondary importance. Rights of elderly people as a whole and as a victim of crime has not been in limelight. Focuses of study about elderly people is found to be in social security services like supplying allowances and their health security. Issues of elderly people ought to be seen from the lens of criminality and of victimization. They are to be area of major concern in academia, research, policies and legislations of the country. Katherine S. Williams in her book "Textbook on Criminology" vividly mentioned that like young victims the victimization of elderly is often overlooked because it largely occurs in private and elderly people are socially marginalized as well as they are often ignored by the political process.

Victims of crime may be of any gender, age, race, or ethnicity; individual, family, group, or community can go through Victimization; a person or property itself might fall prey to the crimes. The impact of crime on an individual victim, their dependents, and their community depends on a variety of factors, but often

* *Assistant Professor, Kathmandu School of Law*

crime victimization has significant emotional, psychological, physical, financial, and social consequences.[1] Whoever be the victim of crime they do suffer, the only difference is impact of victimization, it differs as per the person victimized as it is totally a subjective issue.

In this paper author tends to demonstrate that elderly people are not less vulnerable to victimization of crime. This paper explores old age as an important socio-legal dimension of analysis and dissects its relationship to victimization and contemporary crime. This paper includes the conceptual part of victimization, crime against elderly people, theoretical aspect of victimization along with laws relating to elderly victimization. Author had used secondary data for supporting the statements in this article. Descriptive and analytical research method was used for preparation of this paper.

## 2. Elderly People

Elderly people also known as senior citizens are generally those people who had attended certain age as per the legislation of the nation and are those who are retired from work. Further, they can also be defined as non-working population who are not active in economic earning. Age demarcation of elderly population varies from nation to nation. It is subjective as well as relative in nature. As per Senior Citizen Act 2063 of Nepal, senior citizens are defined as those citizens who had reached the age of 60 years[2]. Similarly, senior citizens are further categorized as below the age of 70, above the age of 70, helpless senior citizen, disable senior citizens and single senior citizens[3] for the purpose of supplying social security allowances. In the same way, as per Social Security Program Implementation Procedure 2075, sec. 3(d) also categorized elderly population as per the geographical region. Elderly citizens who had reached the age of 60 and are living in Karnali region (Humla, Jumla, Mugu, Kalikot and Dolpa) are provided with social security allowances while citizens living in other area will only get senior citizen allowances after attending the age of 70 years. Thus, it shows that along with age, geographical status and caste status is also considered to receive benefit of allowances.

Total population of Nepal, as per the preliminary report of CBS 2021 is 2,91,92,450[4] and among them population aged 65 years and above for Nepal was 5.9 %. Population aged 65 years and above of Nepal increased from 3.1 % in 1972 to 5.9 % in 2021 growing at an average annual rate of 1.36%. [5] Hence, it can be noted that the number of populations of senior citizen is increasing in Nepal.

## 3. Elderly abuse and Elderly victimization of Crime

Help age International stated that elder abuse is any form of violence or any other type of harm because of older age. It can be carried out by those who are close to older people, such as family and caregivers or by social structures and institutions.[6] Elderly abuse can be physical, emotional, sexual, neglect or financial. WHO defines Elderly abuse as "any type of action, series of actions, or lack of actions, which produce physical or psychological harm, and which is set within a relationship of trust or dependence. Elder abuse may be part of a cycle of family violence; it may be caused by caregivers, or may be the result of lack of

1 https://www.nepjol.info/index.php/JAAR/article/view/16620/13468
2 Senior Citizen Act 2063, sec. 2
3 Senior Citizen Regulation 2065, Rule 14 and Senior Citizen Identity Card Distribution Directives 2074, number 5
4 Preliminary Report of National Population 2021, https://censusnepal.cbs.gov.np/Home/Details?tpid=5&dcid=a82d0762-6f49-4752-a02d-19fdaddc55ed&tfsid=17
5 World Data Analyst, https://knoema.com/atlas/Nepal/Population-aged-65-years-and-above
6 https://www.helpage.org/what-we-do/elder-abuse/

training of social and health institutions, who cannot meet the needs of older person." In this definition made by WHO, the core feature focus is "expectation or trust" of older people toward their abuser. This definition connotes those elderly abuses often committed by the one who is close and known to the elderly people.

Elderly abuses currently have been the area of concern to the concern authority as well as public as well. Elderly abuse and crime victimization may sound and looks similar but they cannot be measured in same yardstick. Elder abuses do not include victimization by general criminal such as theft, homicide as people of any age group is prone to these offences. However, such act can be termed as elderly abuse if it occurs because of the special relationship of abuser with the victim who is 60 over.[7]

The study "Missing voice: views of older persons on elder abuse" published by WHO/INPEA in 2002, indicated that older people perceive abuse under three broad areas viz: Neglect, violation and deprivation. Neglect includes acts like abandonment, social exclusion and keep elderly people in isolation, violation means violation of human rights, legally assured legal rights and medical health treatment rights. In the same way deprivation means depriving senior citizens from decision making, deprivation of choices, of status, of financial freedom and disrespect them.

Societies varies and their culture, norms, values, ethics varies as well so parameters to define certain type of behaviour as elderly abuse may differ with a given set of socio-cultural values that changes over the time. Act considered to be abused in one society may not be abuse in another society. These cultural and societal differences make it difficult to ascertain particular behaviour as abuse or neglect. Elder abuse is a unique social crime that even victim would prefer not to report or do it so hesitatingly for obvious reasons such as fear of retaliation, family pride and self-neglect or forcing oneself to accept it yet other misgivings of old-age.[8] Cases of elderly abuses are often un-reported. WHO reveals that one in each six elderly people experience abuse[9] but they are hardly reported. Research conducted to study the prevalence of different forms of abuse among elderly people in Syangja stated that among 373 respondents,54.5% respondents share that they had experienced at least one from of abuse in their life time. The ordinary form of abuse among the elderly population was neglect (23.1%), psychological abuse (20.6%), physical abuse (6.5%), financial abuse (2.4%), and sexual abuse (1.9%). Elderly females were significantly more likely to experience physical and psychological abuse.[10] Similarly, research done in Jureli Village, Bakaiya[11] found that 46.6% elderly respondents were abused and this study also shows that female elderly are more subjected to the abuse.[12] In the same way, in a study made in Pokhara, researcher found that abuse of elderly is a hidden problem in Pokhara city and found that 65.6% of the elderly experienced at least one abuse in the last 6 months.[13] The most common forms of abuse were caregiver neglect which constitute 55.2% and

7 NHRC & Geriatric Center Nepal, *Baseline Study on Reported Cases of Elder Abuse in Nepali Press, July 2008-July 2010*, NHRC & Geriatric Center Nepal, 2011, p.5

8 NHRC, (2010) *Baseline Study on Reported Cases of Elder Abuse in Nepali Press*, July 2008-July 2010

9 https://www.who.int/news-room/fact-sheets/detail/elder-abuse

10 Shiva Rah Acharya, B.K Suman, Sandip Pahari, Yong Chul Shin & Deog Hwan Moon, *Prevalence of abuse among the elderly Population of Syangja, Nepal, https://bmcpublichealth.biomedcentral.com/articles/10.1186/s12889-021-11417-0*

11 Timalsina, Keshab Prasad (June 2021) *Prevalence and Factors Influencing Elderly Abuse: A descriptive Study of Jureli Village, Bakaiya,* International Research Journal of MMC *https://www.nepjol.info/index.php/irjmmc/article/download/38148/29361/110778*

12 Ibid, p. 42

13 Bhandari, P. (2020). Abuse Experienced by Elderly Residing in a Community of Pokhara, Nepal. *Europasian Journal*

psychological abuse constitute of 38.5%.[14] And as similarly to that of other research finding this research also shows that female elderly was more abused. Further as per the data of Nepal police, it was revealed that 1068 elderly people were abused violently within 6 years (2012-2017) and among them 800 lost their lives.[15]

Elderly abuses are not same everywhere, they are contextual and relative. Here, WHO determines physical, behavioural and emotional, sexual and financial indicators to figure out elderly abuse. They are briefly discussed as below:

